# उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन

२०५५

शिक्षा मन्त्रालय

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग

केसरमहल, काठमाडौं, नेपाल।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग

शिक्षा मन्त्रालय

केसरमहल, काठमाडौँ।

मितिः २०५५।३।१५

सम्माननीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यू,

प्रधानमन्त्री कार्यालय, सिँहदरबार, काठमाडौँ।

सम्माननीय प्रधानमन्त्रीज्यू

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगद्वारा तयार पारिएको यो प्रतिवेदन आयोगका तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूका सम्मुख प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त हर्ष लागेको छ।

वर्तमान शिक्षाको समीक्षा गरी नेपालको शिक्षालाई समयसापेक्ष र उपयुक्त मोड दिने उद्देश्यले गठित यस आयोगले सम्पूर्ण अवधि १ वर्ष १ महिना १९ दिन रहे तापनि वस्तुतः सो अवधिमध्ये विभिन्न कारणवश ९ महिना कार्यरत रही प्रस्तुत प्रतिवेदनलाई मूर्तरुप दिइएको हो।

यस आयोगले प्राप्त कार्यक्षेत्रलाई विशेष महत्व दिई आफ्नो कार्य पूरा गरेको छ। यसले शिक्षाका विभिन्न पक्षहरुको वर्तमान स्थिति केलाई तिनका प्रमुख समस्या तथा मुद्दाहरुको विश्लेषण गरेको छ र निराकरणका लागि आवश्यक सुझावहरु समेत पेस गरेको छ। यो प्रतिवेदन तयार पार्ने प्रक्रियामा देशभरका अनुभवी तथा विशिष्ट व्यक्तिहरुको सरसल्लाहलाई समेत पर्याप्त आधार बनाइएको छ।

यस प्रतिवेदनका उल्लेखनीय बुँदाहरु निम्नलिखति छन्–

(१) शिक्षाको उद्देश्य निर्धारण गर्दा संविधानका मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त र नीतिहरुलाई ध्यानमा राखी शिक्षाका सार्वभौम मूल्य र राष्ट्रिय विकास समेतलाई समाहित गरिएको छ।

(२) पूर्वप्राथमिक शिक्षा हालसम्म शिक्षा प्रणाली भन्दा बाहिर रहेको र ६ वर्ष मुनिका विद्यार्थीका निम्ति हाललाई १ वर्षे शिक्षाका रुपमा मुलुकको शैक्षिक संरचनाभित्र ल्याइएको छ।

(३) निरक्षरता उन्मूलनका निम्ति राष्ट्रिय अभियानका रुपमा अनौपचारिक शिक्षा सञ्चालन गर्ने नीति लिइएको छ।

(४) महिलाको शिक्षामा समान अवसर प्रदान गर्ने नीति स्पष्ट पारिएको छ।

(५) विशेष लक्षित समूह (विपन्नवर्ग, पिछडिएका जाति, दलित समुदाय र अपाङ्गहरु)का निम्ति शिक्षाको पहुँच पुग्न सक्ने कार्यनीतिमा जोड दिइएको छ।

(६) प्राथमिक शिक्षालाई अनिवार्य गर्दै जाने कार्यनीति अँगालिएको छ।

(७) उच्चमाध्यमिक शिक्षालाई विद्यालयीइ शिक्षाको अन्तिम बिन्दुका रुपमा एकीकृत गर्ने र प्रवीणता प्रमाणपत्रलाई समयबद्ध रुपमा विस्थापन गर्ने नीति निर्धारण गरिएको छ।

(८) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई यससँग सम्बद्ध सबै निकायलाई समन्वित गरी गरिबी उन्मूलन, रोजगारी र उत्पादकत्वमा वृद्धि गरी देशको आर्थिक विकासको आधारशिला खडा गर्ने गरी राष्ट्रिय सञ्जाल तयार गर्न यसलाई विशेष प्राथमिकता दिइएको छ।

(९) शिक्षाको विकासमा समाजसापेक्षता र राष्ट्रिय आवश्यकतालाई आबद्ध गर्दै आन्तरिक र बाह्य दक्षतामा अभिवृद्धि गरी शिक्षण संस्थालाई समाजप्रति उत्तरदायी बनाउन शैक्षिक व्यवस्थापनमा सुधार गरी यसलाई बढी प्रतिनिधित्वपूर्ण र अधिकारसम्पन्न तुल्याई बढी स्वायत्तता दिने र शैक्षिक प्रशासनलाई विकेन्द्रीकरण गर्ने नीति अँगालिएको छ।

(१०) गैरसरकारी क्षेत्रलाई प्रोत्साहन गर्दै यिनको संरक्षण गर्न र विकृति हटाउन स्पष्ट नीति निर्धारण गरिएको छ।उच्च प्राविधिक शिक्षातर्फ गैरसरकारी क्षेत्रलाई विशेष प्रोत्साहन दिने व्यवस्था गरिएको छ।

(११) उच्चशिक्षामा क्षेत्रीय सन्तुलन कायम गर्दै आउँदा दिनमा उच्च शिक्षण संस्था स्थापना गर्दा सरकारी र गैरसरकारी क्षेत्रको हिस्सेदारीका साथै र प्राज्ञिक भौतिक पूर्वाधारका आधारहरु प्रस्तुत गरिएको छ।

(१२) आवश्यक शैक्षिक संरचनामा सुधारका पक्षहरुलाई निर्धारण गरिएको छ।शिक्षाका महत्वपूर्ण पश्नहरुमा राष्ट्रिय सहमति ल्याउन र समष्टिगत नीति निर्देशन दिन राष्ट्रिय शिक्षा परिषदको व्यवस्था गरिएको छ।

(१३) शिक्षाको गुणस्तर वृद्धिका निम्ति शिक्षक तालिम, पाठ्यक्रम, परीक्षा र मूल्याङ्कनमा सुधार गर्ने सुझाव दिइएको छ।

(१४) शिक्षामा लगानी नीति तय गर्दा सरकारी दायित्व र प्राथमिकता क्षेत्रका साथै गैरसरकारी क्षेत्रको भूमिकामा समेत विशेष जोड दिइएको छ।

(१५) राष्ट्रिय संस्कृति, कला-कौशल एवम् शास्त्रीय भाषाको संरक्षण, सम्वर्द्धन तथा अध्ययनका साथै राष्ट्रभाषा र राष्ट्रियभाषाको विकास तथा प्राथमिक शिक्षा मातृभाषामा दिने कार्यनीति तय गरिएको छ।

यो प्रतिवेदन मुख्यमुख्य समस्याको समाधानको निम्ति नीतिगत पक्षमा मात्र केन्द्रित छ। यसका सिफारिसहरुलाई कार्ययोजना बनाई कार्यान्वयन गर्न यथाशीघ्र कदम चाल्नु पर्ने आवश्यकता छ।

मलाई यस्तो गहन प्रतिवेदन प्रस्तुत गर्ने उत्तरदायित्व सुम्पिएकोमा यस आयोगका तर्फबाट हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु।

अर्जुन नरसिँह केसी

शिक्षामन्त्री एवम्

अध्यक्ष

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग

शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालय

# श्री ५ को सरकार

## उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका पदाधिकारीहरु

| क्र सं | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | माननीय शिक्षा मन्त्री श्री अर्जुन नरसिंह केसी |
| २ | उपाध्यक्ष | डा. बल्लभमणि दाहाल |
| ३ | सदस्य | डा कमलकृष्ण जोशी, उपकुलपति, त्रिभुवन विश्वविद्यालय |
| ४ | सदस्य | श्री माधवप्रसाद गौतम, उपकुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय |
| ५ | सदस्य | डा सुरेशराज शर्मा, उपकुलपति, काठमाडौँ विश्वविद्यालय |
| ६ | सदस्य | डा विश्वनाथ अग्रवाल, |
| ७ | सदस्य | डा गणेशमान गुरुङ्ग |
| ८ | सदस्य | श्री बसन्तलाल श्रेष्ठ |
| ९ | सदस्य | श्री सुषमा आचार्य |
| १० | सदस्य | डा जयराज अवस्थी |
| ११ | सदस्य | डा मीनबहादुर विष्ट |
| १२ | सदस्य | श्री बाबुराम भट्टराई |
| १३ | सदस्य | श्री केशवानन्द गिरी, प्रतिनिधि, नेपाल प्राध्यापक संध |
| १४ | सदस्य | श्री अर्जुनप्रसाद पौडेल, प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक संगठन |
| १५ | सदस्य | श्री केशवप्रसाद भट्टराई, प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक संघ |
| १६ | सदस्य | श्री मृगेन्द्रराज सुवेदी, प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक परिषद् |
| १७ | सदस्य | श्री शोभाकान्त झा, प्रतिनिधि, नेपाल शिक्षक मञ्च |
| १८ | सदस्य | श्री रत्नबहादुर बज्राचार्य, निजि तथा आवि अर्गनाइजेसन |
| १९ | सदस्य | डा मदनप्रसाद उपाध्याय, त्रिविवि चिकित्साशास्त्र अध्ययन संस्थान |
| २० | सदस्य | श्री माधव भट्टराई, बाल्मीकि संस्कृत विद्यापीठ |
| २१ | सदस्य | श्री नवीनप्रकाशजंग शाह, अध्यक्ष त्रिवि सेवा आयोग |
| २२ | सदस्य | श्रीमती मनोरमा राणा, उच्चमाध्यमिक विद्यालय संघ |
| २३ | सदस्य | श्री प्रेमनारायण अर्याल, प्रतिनिधि नेपाल पब्लिक क्याम्पस संघ |
| २४ | सदस्य | डा केदारनाथ श्रेष्ठ |
| २५ | सदस्य सचिव | डा रामवतार यादव |
| २६ | आमन्त्रित सदस्य | माननीय शिक्षा राज्यमन्त्री |
| २७ | माननीय सदस्य, | डा निर्मल प्रसाद पाण्डे, रायोआ(शिक्षा हेर्ने) आमन्त्रित सदस्य |
| २८ | आमन्त्रित सदस्य | श्री खेमराज रेग्मी, सचिव, शिक्षा मन्त्रालय |
| २९ | आमन्त्रित सदस्य | प्रा डा कृष्णबहादुर थापा, अध्यक्ष, विश्वविद्याल अनुदान आयोग |
| ३० | आमन्त्रित सदस्य | डा तीर्थराज खनिया, उपाध्यक्ष, उच्चमाध्यमिक शिक्षा परिषद् |
| ३१ | आमन्त्रित सदस्य | श्री सरोज देवकोटा, उपाध्यक्ष, प्राशि तथा व्या ता परिषद् |
| ३२ | आमन्त्रित सदस्य | श्री आनन्दराज मुल्मी, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ |
| ३३ | आमन्त्रित सदस्य | श्री जयराम गिरी, विशेष सचिव, शिक्षा मन्त्रालय |
| ३४ | आमन्त्रित सदस्य | श्री सुप्रभात भण्डारी, अध्यक्ष, अभिभावक संघ |

शिक्षा मन्त्रालय

# विषयसूचि


भूमिका......15
शिक्षाको राष्ट्रिय उद्देश्य तथा नीति......19
शिक्षाको राष्ट्रिय नीति......20
राष्ट्रिय शिक्षा परिषदको गठन......29
पूर्वप्राथमिक शिक्षा......30
प्राथमिक शिक्षा......36
माध्यमिक शिक्षा......48
निजी तथा आवासीय विद्यालय......59
उच्च माध्यमिक शिक्षा......71
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम......90
अनुसूची –१......113
राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्......113
अनुसूची –२......114
कार्यकारी परिषद्को गठन......114
अनुसूची –३......115
राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् संरचना......115
विद्यालयको शैक्षिक व्यवस्थापनः......116
साधारण उच्चशिक्षा......121
प्राविधिक उच्चशिक्षा......128
संस्कृत शिक्षा......140
सम्बन्धन प्राप्त क्याम्पस......144
विशेष शिक्षा......148
अनौपचारिक शिक्षा......151
महिला शिक्षा......155
शिक्षामा पहुँच......159
शिक्षक शिक्षा......168
पाठ्यक्रम तथा पाठ्यपुस्तक......171
परीक्षा र मूल्यांकन......174
शिक्षामा लगानी......179


शिक्षा मन्त्रालय

## प्राक्कथन

राष्ट्रको वर्तमान शिक्षानीति, कार्यक्रम तथा सङ्गठनको अध्ययन एवम् विश्लेषणद्वारा राष्ट्रिय आवश्यकताअनुरुप स्वावलम्बी र दक्ष जनशक्ति निर्माण गर्नका निम्ति विद्यमान शिक्षानीति, कार्यक्रम र सङ्गठनात्मक स्वरुपको अझ बढी सुदृढीकरण गर्दै अधिराज्यभर सञ्चालित शिक्षाप्रणालीको पुनरावलोकन र अध्ययनका आधारमा एक्काइसौँ शताब्दीसँग प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति तयार गर्नका लागि समयसापेक्ष नीति तयार पारी प्रतिवेदन पेस गर्न श्री ५ को सरकारले मिति २०५४।१।१२ गतेको निर्णय अनुसार उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन गर्‍यो। यसको निर्णय २०५४।२।१५ गते सार्वजनिक गरियो।आयोगले कार्यालयको स्थापना पछि सोही सालको असार महिनादेखि कार्य प्रारम्भ गरी २०५५।२।३१ गते सम्म कार्यरत रहेर  नेपालको वर्तमान शिक्षाबारे यो प्रतिवेदन तयार पारी प्रस्तुत गरेको छ।

**आयोगको गठन र म्यादः**

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन तत्कालिन मन्त्रिपरिषद्को निर्णय अनुसार शिक्षा मन्त्रीमाननीय श्री देवीप्रसाद ओझाका अध्यक्षतामा भएको थियो। १९ सदस्यीय यस आयोगमा अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य–सचिव गरी निम्नलिखित पदाधिकारीहरु हुनुहुन्थ्योः–

| क्र.सं. | पद | नाम |
|---|---|---|
| (१) | अध्यक्ष | माननीय शिक्षा मन्त्री श्री देवीप्रसाद ओझा, |
| (२) | उपाध्यक्ष | डा. बल्लभमणि दाहाल, त्रिभुवन विश्वविद्यालय, |
| (३) | सदस्य | डा. कमलकृष्ण जोशी, उपकुलपति, त्रिभुवन विश्वविद्यालय, |
| (४) | सदस्य | डा. माधवप्रसाद गौतम, उपकुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय, |
| (५) | सदस्य | डा. सुरेशराज शर्मा, उपकुलपति, काठमाडौं विश्वविद्यालय, |
| (६) | सदस्य | डा. विश्वनाथ अग्रवाल, शिक्षाविद् |
| (७) | सदस्य | डा. गणेशमान गुरुङ, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, |
| (८) | सदस्य | श्री वसन्तलाल श्रेष्ठ, त्रिचन्द्र बहुमुखी क्याम्पस, |
| (९) | सदस्य | श्रीमती सुषमा आचार्य, शिक्षाशास्त्र, कीर्तिपुर, |
| (१०) | सदस्य | जयराज अवस्थी, शिक्षाशास्त्र, कीर्तिपुर, |
| (११) | सदस्य | डा. मीनबहादुर विष्ट, शिक्षाशास्त्र, कीर्तिपुर, |
| (१२) | सदस्य | श्री बाबुराम भट्टराई, इन्जिनियरिङ्ग अध्ययन संस्थान, ललितपुर क्याम्पस, |
| (१३) | सदस्य | श्री केशवानन्द गिरी, प्रतिनिधि, नेपाल प्राध्यापक संघ, |
| (१४) | सदस्य | श्री अर्जुनप्रसाद पौडेल, प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक संगठन, |
| (१५) | सदस्य | श्री केशवप्रसाद भट्टराई, प्रतिनिधि, नेपाल शिक्षक संघ, |
| (१६) | सदस्य | श्री मृगेन्द्रराज सुवेदी, प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक परिषद्, |
| (१७) | सदस्य | श्री शोभाकान्त झा, प्रतिनिधि, नेपाल शिक्षक मञ्च, |
| (१८) | सदस्य | श्री रत्नबहादुर बज्राचार्य, निजी तथा आवासीय विद्यालय संघ, |
| (१९) | सदस्य–सचिव | श्री जयराम गिरी, विशेष सचिव, शिक्षा मन्त्रालय। |

शिक्षा मन्त्रालय

यस आयोगमा निम्नलिखित आमन्त्रित सदस्यहरु हुनुहुन्थ्योः–

(१) माननीय शिक्षा राज्यमन्त्री श्री भोजराज जोशी,

(२) माननीय डा. देवेन्द्रप्रसाद चापागाई, राष्ट्रिय योजना आयोग,

(३) श्री शरदकुमार भट्टराई, शिक्षा मन्त्रालय,

(४) प्रा.डा. कृष्णबहादुर थापा, अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग,

(५) डा. तीर्थराज खनिया, उपाध्यक्ष, उच्च माध्यमिक शिक्षा परिषद्,

(६) श्री सरोज देवकोटा, उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,

(७) श्री आनन्दराज मुल्मी, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ।

अध्यक्ष, उपाध्यक्ष लगायत १९ जना सदस्य र ७ जना आमन्त्रित सदस्य रहेको यस आयोगको म्याद २०५४।८।१५ सम्म थियो। श्री ५ को सरकारको २०५४।९।२१ गतेको निर्णयानुसार यसको म्याद २०५४।८।१६ देखि ५ महिना थप गरी २०५५।१।१५ सम्म पुऱ्याइएको थियो। म्याद थप गर्दा माननीय शिक्षा मन्त्री श्री कुलबहादुर गुरुङको अध्यक्षतामा उक्त आयोग पुनर्गठित गरिएको थियो। त्यस आयोगमा केही सदस्य तथा आमन्त्रित सदस्य पनि थप भएका थिए र आयोगको सदस्य–सचिवलाई पूरा समय काम गर्ने गरी नियुक्त गरिएको थियो। आयोगका थप सदस्य तथा थप आमन्त्रित सदस्यहरुको नामावली निम्नानुसार छः–

**आयोगका थप सदस्यहरुः**

((१) प्रा. डा. मदनप्रसाद उपाध्याय, चिकित्साशास्त्र अध्ययन संस्थान,

(२) प्रा. डा. माधव भट्टराई, वाल्मिकी विद्यापीठ,

(३) श्री नवीनप्रकाशजंग शाह, अध्यक्ष, त्रिभुवन विश्वविद्यालय सेवा आयोग,

(४) श्रीमती मनोरमा राणा, अध्यक्ष, उच्च माध्यमिक विद्यालय संघ,

(५) श्री प्रेमनारायण अर्याल, अध्यक्ष, नेपाल पब्लिक क्याम्पस संघ,

(६) डा. केदारनाथ श्रेष्ठ, शिक्षाविद्,

(७) सदस्य–सचिव डा. रामावतार यादव, सहसचिव, शिक्षा मन्त्रालय।

**आमन्त्रित थप सदस्यहरुः**

(१) डा. निर्मलप्रसाद पाण्डे, माननीय सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने),

(२) श्री खेमराज रेग्मी, सचिव, शिक्षा मन्त्रालय,

(३) श्री जयराम गिरी, विशेष सचिव, शिक्षा मन्त्रालय,

(४) श्री सुप्रभात भण्डारी, अध्यक्ष, नेपाल अभिभावक संघ।

श्री ५ को सरकारको मिति २०५५।१।१४ गतेको निर्णयानुसार यस अघि प्रस्तुत राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ मा उल्लेख भएका सिफारिसहरुको कार्यान्वयन गर्ने क्रममा अहिलेसम्म के कति प्रगति भयो, के कति काम सम्पन्न हुन बाँकी छ, यसमा देखिएका समस्या र कमी कमजोरीहरु के के हुन्, तिनलाई सुधार गर्न के कसो गरियो र अब के कसो गर्नु पर्ने हुन्छ भन्ने कुराहरुका सम्बन्धमा समेत आयोगको आगामी प्रतिवेदनमा खुलाउने गरी यस आयोगको म्याद २०५५।१।१६ बाट २०५५ जेठ मसान्तसम्म पुनः थप गरिएको थियो।

**आयोगको कार्यक्षेत्रः**

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका निमित्त श्री ५ को सरकारबाट खास कार्यक्षेत्र निर्धारित गरिएको थियो। निर्धारित कार्यक्षेत्र यस प्रकारको रहेको थियोः–

उच्चस्तरीय शिक्षा आयोगको कार्यक्षेत्र राष्ट्रिय शिक्षा आयोग, २०४९ को प्रतिवेदन र शिक्षा सँग सम्बन्धित अध्ययन, अनुसन्धान र अन्य प्रतिवेदन तथा कार्यान्वयन स्थितिको समीक्षा गर्नुका साथै देहाय बमोजिम हुनेछः–

- शैक्षिक नीति तथा कार्यक्रम आदिको समीक्षा, सुदृढीकरण र वैकल्पिक व्यवस्था,
- निःशुल्क तथा अनिवार्य शिक्षा र मातृभाषामा शिक्षा,
- पूर्वप्राथमिकदेखि उच्च माध्यमिक विद्यालयसम्म संचालित कार्यक्रमहरुको गुणस्तरीयता र सुदृढीकरण,
- शैक्षिक परियोजनाहरुको संचालन र कार्यक्रमहरुको निरन्तरता,
- शैक्षिक व्यवस्थापनको सुदृढीकरणका लागि शिक्षासँग सम्बद्ध निकायको संगठनात्मक संरचना कार्यपद्धति तथा समन्वय,
- शैक्षिक कार्यक्रमहरुको निरीक्षण, अनुगमन र मूल्यांकन पद्धति,
- शिक्षामा जनसहभागिता, आर्थिक पक्ष र सरकारी लगानी,
- संस्कृत शिक्षा,
- सामाजिक, आर्थिक र भौगोलिक आदि दृष्टिकोणले पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर,
- विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम,
- शिक्षकहरुको सेवा, वृत्ति विकास र छनौट प्रक्रिया,

- निजी तथा आवासीय विद्यालय,
- परीक्षा तथा मूल्यांकन पद्धति,
- शिक्षक तालिम तथा शैक्षिक जनशक्ति विकास,
- उत्पादनशील, रोजगारमूलक र प्राविधिक तथा व्यावसायिक शिक्षा,
- बहुविश्वविद्यालय प्रणाली,
- विज्ञान तथा प्राविधिक शिक्षा,
- आयोगले उचित ठहराएका अन्य पक्ष।

## आयोगको कार्यविधि

प्राप्त कार्यक्षेत्रभित्र रही शिक्षाका विभिन्न पक्षहरुको अध्ययन विश्लेषण गर्न तथा समाधानका निम्ति सुझावहरु एकत्रित गर्न यस आयोगले विभिन्न क्रियाकलाप गऱ्यो। यस आयोगले मस्तिष्कमन्थन, सुझावसंकलन, अन्तर्वाता, कार्यटोलीको गठन, विषयगत गोष्ठी, क्षेत्रीय गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट शिक्षाका विभिन्न पक्ष एवम् समस्याहरुलाई गहिरो गरी खोतल्ने र उपयोगी एवम् सामयिक सुझावहरु प्राप्त गर्ने कार्य गऱ्यो।

### कार्यटोलीको गठन

यस आयोगले आफूलाई प्राप्त कार्यक्षत्रलाई दृष्टिगत गरी शिक्षाका विभिन्न पक्षहरुको अध्ययनका निमित्त भिन्नभिन्न विषयका ६ बटा कार्यटोलीहरु निम्नलिखित विषयअनुसार गठन गऱ्यो।

(क) आधारभूत तथा विद्यालय तह,
(ख) उच्च तह,
(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा,
(घ) शिक्षामा लगानी
(ङ) शैक्षणिक पद्धति
(च) नीति, उद्देश्य तथा शैक्षिक व्यवस्थापन।

माथिका ६ बटा कार्यटोलीमध्ये प्रथम ५ बटा ९ सदस्यीय र अन्तिम एउटा चाहिँ ८ सदस्यीय कार्यटोली थियो। प्रत्येक कार्यटोलीमा १ जना अध्यक्ष, १ जना संयोजक र शेष चाहिँ सदस्य थिए। यस कार्यटोलीलाई विषयअनुसार विभिन्न कार्यसमूहमा विभाजित गरिएको थियो।

### सुझावहरुको संकलन

यस आयोगलाई विभिन्न क्षेत्र तथा व्यक्तिहरुबाट शिक्षासम्बन्धी सुझावहरु प्राप्त भएका थिए। देशका विभिन्न विद्वान, शिक्षाविद तथा शिक्षाप्रेमीहरुले आयोगका कार्यालयहरुमा



शिक्षा मन्त्रालय

स्वयम् आएर मौखिक रुपमा अथवा हुलाकद्वारा लिखित रुपमा पठाएर बहुमुल्य सुझावहरु दिनु भएको थियो।त्यस्तै विभिन्न शिक्षण तथा अन्य सङ्घसंस्था, विद्यालय, महाविद्यालयबाट पनि उपयोगी सुझावहरु प्राप्त भएका थिए।यस बाहेक समयसमयमा पत्रपत्रिकाहरुमा प्रकाशित शिक्षासम्बन्धी विभिन्न लेखहरुबाट पनि सुझाव संकलन गरिएको थियो। यस आयोगले विभिन्न संघसंस्था तथा विद्यार्थीसमूहहरुसँग अन्तरक्रिया गरेर पनि सुझावहरुको संकलन गरेको थियो।

**क्षेत्रीय गोष्ठहरुको आयोजना**

यस आयोगले शिक्षाका विषयमा सुझाव सङ्कलन गर्न नेपालका चार भिन्नभिन्न क्षेत्रहरुमा क्षेत्रीय गोष्ठीहरुको आयोजना गऱ्यो। चारै क्षेत्रका गोष्ठीहरुमा सम्बद्ध क्षेत्रका बुद्धिजिवी, शिक्षक, समाजसेवी र राजनीतिज्ञहरुको प्रतिनिधित्व गराइएको थियो।क्षेत्रीय गोष्ठीहरुको आयोजना निम्नलिखित स्थान र मितिमा भएको थियोः

(१) विराटनगर २०५४ फागुन ३ गते
(२) पोखरा २०५४ फागुन ६ गते
(३) नेपालगञ्ज २०५४ फागुन १० गते
(४) धनगढी २०५४ फागुन १४ गते

**विषयगत गोष्ठीहरुको आयोजना**

शिक्षाका विभिन्न विषय एवम् पक्षहरुको विश्लेषणका निमित्त काठमाडौँमा विषयगत गोष्ठीको आयोजना गरियो। विभन्न विषयगत गोष्ठीहरुको आयोजना निम्नानुसार भयोः

| |
|---|
| १ शिक्षा नीति |
| उच्चशिक्षा डा कमलप्रकाश मल्ल |
| प्राविधिक शिक्षा डा राजेन्द्रध्वज जोशी |
| विद्यालयीय शिक्षा डा मीनबहादुर विष्ट |
| सरकारी भूमिका र निजी क्षेत्रको स्थान डा केदारनाथ श्रेष्ठ |
| २ माध्यमिक शिक्षा |
| डा केदारनाथ श्रेष्ठ २०५४ फागुन २१–२२ |
| ३ शैक्षिक व्यवस्थापन र शिक्षक तालिम डा केदारनाथ श्रेष्ठ २०५४ फागुन २५–२६ |
| डा मदनमान श्रेष्ठ |
| ४ शिक्षामा पहुँच, विशेष शिक्षा र महिला शिक्षा |
| डा विद्यानाथ कोइराला |
| जनकनन्दिनी पाण्डे |
| डा सुमन तुलाधार |

| |
|---|
| डा समीरा लुइँटेल |
| ५ उच्च माध्यमिक विद्यालयीय शिक्षा डा पन्नालाल प्रधान २०५४ चैत्र ८ |
| ६ संस्कृत र आयुर्वेद शिक्षा डा विद्यानाथ उपाध्याय २०५४ चैत्र ९ |
| डा रामवृक्ष साह र रतीश झा |
| ७ प्राविधिक शिक्षा डा मदनप्रसाद उपाध्याय तथा २०५४ चैत्र १० |
| डा राजेन्दध्वज जोशी |
| ८ उच्चशिक्षा डा होमनाथ भट्टराई २०५४ चैत्र ११ |

**राष्ट्रिय गोष्ठी**

यस आयोगले २०५४ चैत्र १२ गते शिक्षाका विविध विषय र पक्षहरु समेटेर नेपालमा शिक्षा विषयक एउटा राष्ट्रिय गोष्ठी आयोजित गर्‍यो।

**अध्ययन भ्रमण**

अन्य मुलुकका शैक्षिक प्रणाली र शैक्षिक व्यवस्थापनकव अध्ययन गर्न यस आयोगको एउटा टोली थाइल्याण्ड र मलेसियाको अध्ययनभ्रमणमा गरिएको थियो। सव अध्ययन भ्रमण २०५४।४।२६ देखि २०५४।५।१ गतेसम्म गरिएको थियो।

**धन्यवाद ज्ञापन**

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका गतिविधिहरुमा राजनैतिक पार्टीहरु, शिक्षाका विभिन्न निकाय र संगठन, परियोजना र अन्तर्राष्ट्रिय दातृसंस्थाहरुबाट सहयोग प्राप्त भएको छ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको कार्यक्रमको अवधिमा यस आयोगले तीन सम्माननीय प्रधानमन्त्रीहरुको नेतृत्वमा रहेको मन्त्रिपरिषद्अन्तर्गत र तीनजना माननीय शिक्षामन्त्रीको अध्यक्षतामा काम गर्ने अवसर पायो। सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, सम्माननीय पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा र सम्माननीय पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दबाट पाएको हौसला र समर्थनका निम्ति यव आयोग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।यस आयोगका पूर्वअध्यक्ष माननीय पूर्व शिक्षामन्त्री श्री देवीप्रसाद ओझा र श्री कुलबहादुर गुरुङ्गबाट प्राप्त भएको सक्रिय नेतृत्वका निम्ति यो आयोग हार्दिक आभार प्रकट गर्दछ। साथै माननीय पूर्व शिक्षा राज्यमन्त्री श्री भोजराज जोशी र श्री राजेन्द्रबहादुर शाहमा पनि सहयोगका लागि यो आयोग हार्दिक आभार प्रकट गर्दछ।यसै गरी विभिन्न पार्टीका राष्ट्रिय र स्थानीय नेतृत्वबाट शिक्षामा राष्ट्रिय सहमति प्राप्त गर्न पाएको परामर्श र सद्भाव यस आयोगका निम्ति प्रेरणाको स्रोत भएको छ, अतः उहाँहरुप्रति सादर आभार व्यक्त गर्दछ।

युनिसेफ र आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाबाट प्राप्त सहयोगका निमित्त यो आयोग विशेष कृतज्ञता ज्ञापन गर्दछ। त्यसै गरी विश्वविद्यालय अनुदान आयोग, इन्जिनियरिङ अध्ययन संस्थान तथा महेन्द्र संस्कृत विश्वविद्यालय पनि विशेष धन्यवादका पात्र छन्।

शिक्षासचिव श्री खेमराज रेग्मी, पूर्व शिक्षासचिव श्री शरदकुमार भट्टराई र विशेष सचिव श्री जयराम गिरी तथा सुरु देखि अन्तसम्म रही कार्यरत रहने कर्मचारीहरु र शिक्षा मन्त्रालयका विभिन्न कर्मचारीहरुले आवश्यक सामग्री र तथ्याङ्क प्रदान गर्नुका साथै सम्पूर्ण साधनस्रोत जुटाई आयोगको कार्यलाई अघि बढाउन निरन्तर सहयोग दिनु भएकोमा विशेष धन्यवाद दिन्छ।

यस आयोगलाई शिक्षाका विभन्न पक्षमा विद्यमान पक्षमा विद्यमान समस्याहरुको समाधानका निम्ति गोष्ठी गरी वा अन्तरक्रियामा भाग लिई सहयोग पुर्‍याउने आयुर्वेद चिकित्सक संघ, विभिन्न सार्वजनिक, निजी तथा आवासीय विद्यालयका संघसंस्थाहरु र शिक्षक तथा विद्यार्थीका संघसंस्थाहरु, दलित समुदाय, जनजाति तथा अपाङ्गसम्बन्धी विभिन्न संघसंस्था, उच्चमाध्यमिक विद्यालय संघ, पब्लिक क्याम्पस संघ उच्चमाध्यमिक शिक्षा परिषद् पाँचै विकास क्षेत्रका क्षेत्रीय शिक्षा निर्देशक र जिल्ला शिक्षा अधिकारी तथा शिक्षाप्रेमी र विद्वानहरुलाई पनि यो आयोग धन्यवाद दिन्छ।

यस आयोगलाई सफल तुल्याउन परामर्श र सहयोग दिएकोमा त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र प्राविधिक अध्ययन संस्थानका डीनहरुप्रति यो आयोग अनुग्रहित छ। आयोगको प्रतिवेदन लेखनका अवसरमा विभिन्न शैक्षिक भौतिक सुविधा प्रदान गरेकोमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष र यस आयोगका आमन्त्रित सदस्य श्री सरोज देवकोटा तथा प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानका निर्देशक श्री देवीप्रसाद दाहालप्रति विशेष आभार व्यक्त गर्दछ र सोही प्रतिष्ठानका प्रशासकीय अधिकृत श्री प्रकाश भट्टराई र सम्बद्ध कर्मचारीहरुप्रति पनि आभारी छ।

यस आयोगको प्रतिवेदनको तयारी र सम्पादनमा कठोर परिक्षमका साथ अमूल्य सहयोग गर्नु भएकोमा प्रा डा हेमाङ्गराज अधिकारी, प्रा मोहनराज शर्मा, डा देवीप्रसाद गौतम र श्री प्रेमनारायण अर्यालप्रति यो आयोग आभार व्यक्त गर्दछ।यस आयोगको अघिल्लो चरणको कार्यमा सहयोग गर्नुहुने श्री महेन्द्र गिरीलाई पनि आयोग विशेष धन्यवाद दिन्छ। यसै गरी विभिन्न गोष्ठीका निम्ति कार्यपत्र लेखिदिने लेखक र सहभागीहरुमा पनि यो आयोग आभार व्यक्त गर्दछ।साथै प्रतिवेदनको पूर्वतयारीका लागि खासखास क्षेत्रमा विशेष सहयोग गर्नु हुने डा गोविन्दराम अग्रवाल, डा ऋषिराम पोखरेल, प्रा जगत केसी, श्रीमती जनकनन्दिनी पाण्डे, डा शिवराज लोहनी, डा विद्यानाथ कोइराला र ध्रुव ढुँगेलप्रति आभारी छ।

यस आयोगलाई विशेष सल्लाह र प्रेरणा दिनु हुने विद्वानहरुमा माननीय डा राममान श्रेष्ठ, डा त्रैलोक्यनाथ उप्रेती, महासचिव डा इश्वरप्रसाद उपाध्याय, डा बालगोपाल वैद्य, डा पार्थिवेश्वरप्रसाद तिमल्सिना, डा राजेन्द्रध्वज जोशी, डा रेषबहादुर बस्नेत, शिक्षाविद् लक्ष्मण राजवंशी, उच्चशिक्षा परियोजनाका प्रमुख पुरुषरत्न वज्राचार्यका साथै डा मनप्रसाद वाग्ले, श्री गोविन्द गजुरेल र जगदीश दाहालप्रति यो आयोग आभारी छ।

# भूमिका

आज हामी एक्काइसौँ शताब्दीको संघारमा उभिएका छौं। आउँदो यो नयाा शताब्दी आर्थिक विकासमा प्रतिस्पर्धाको तथा प्रजातान्त्रिक मूल्य, मान्यता, मानव अधिकार, लैङ्गिक समानता, बालअधिकार, पर्यावरण संरक्षण र सूचना प्रवाहको सर्वव्यापकताको युग हुनेछ। यी सबेका निम्ति उच्च प्रविधि र ज्ञान-विज्ञानको सामर्थ्य हासिल गर्नु गतिशिल राष्ट्रका लागि अपरिहार्य छ। आजका विकसित हुन लागेका र विकसित भइसकेका राष्ट्रहरुको अध्ययनबाट के स्पष्ट भएको छ भने शिक्षाको विकास राष्ट्रको विकास सँगसँगै समानान्तर ढङ्गबाट चलेको छ। शिक्षालाई राष्ट्रको यथार्थसित गाँसेर मात्र मुलकको विकासलाई अघि बढाउन सकिन्छ। एक्काईसौँ शताव्दीमा प्रवेश गर्दा मुलुकको क्षमतामा उल्लेखनीय वृद्धि गर्न नसकेमा हामी धरै पछि पर्ने कुरा निश्चित ५। बज हाम्रो विज्ञान र प्रविधिको सामर्थ्य तथा मानवीय संसाधनको विकासको अवस्थामा अर्थात नभइनहुने क्षेत्रमा नै जनशक्तिको कमी रहेको छ। हामीमा आन्तरिक र बाहय व्यवस्थापकीय दक्षता ज्यादै कम र कमजोर देखा परेको। यी कुराले हाम्रो अवस्था छिमेकी मुलुकहरुको तुलनामा पनि निक्कै पछि परिसकेको छ। यस्तो नाजुक स्थितिबाट आर्थिक पक्षमा कसरी प्रतिस्पर्धा गर्ने भन्नतर्फ सरकारको ध्यान नपुगेको देखिएको छ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को अवधि बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुरुप नयाँ आर्थिक विकासको प्रवृत्तिलाई समेत आधार मानी शिक्षा नीति निर्धारण गर्ने प्राथमिक चरण थियो।यस राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदनमा मुलुमको शिक्षा प्रणालीलाई नेपाल अधिराज्यको संविधान २०४७ को भावनाअनुरुप प्रजातन्त्रीकरण गर्ने प्रयास गऱ्यो।आयोगले त्यस अवधिमा विश्वमै र खास गरी विकासोन्मुख मुलुकहरुमा अँगालिएका अद्यावधिक शैक्षिक सिद्धान्त तथा पद्धतिलाई आत्मसात् गर्ने चेष्टा पनि गऱ्यो। यस आयोगले नेपालको राष्ट्रिय शिक्षा प्रणालीमा देखापरेका ज्वलन्त समस्याहरुको समाधान गर्न महत्वपूर्ण सुझावहरु प्रस्तुत गऱ्यो र कतिपय सुझावहरु कार्यान्वित भए, कितपय हुन सकेनन् र आज पनि उत्तिकै सान्दर्भिक भएकाले ती सुझावहरुको कार्यान्वयनमा जोड दिनु पर्ने अवस्था छ।

उक्त आयोगको प्रतवेदनपछि नेपालको शिक्षा प्रणालीमा धैरै नयाँनयाँ आयामहरु देखापरेका र जटिल समस्याहरु पनि पैदा भएका छन्। क्षेत्रीय सन्तुलन एवम् सामाजिक न्याय र पहुँचमा शिक्षाको भूमिकालाई पुनः परिभाषित गर्नु पर्ने भएको छ।त्यस्तै निजी क्षेत्रबाट शिक्षामा भएको पूँजीको प्रवाह सराहनीय छ भने राष्ट्रिय शिक्षाको उद्देश्य अनुरुप निजी क्षेत्रलाई प्रत्याभूति दिन नियमकानुनको परिधिमा समेट्नु पनि त्यत्तिकै महत्वपूर्ण हुन आएको छ।

शिक्षा क्षेत्रमा सरकारी लगानीको सीमालाई दृष्टिगत गरी सरकारले शिक्षामा उच्च प्राथमिकता दिनु पर्ने क्षेत्रहरु किटान गर्ने नीति र रणनीतिको निर्धारण गर्नु पर्ने स्थिति छ। सरकारले कहाँ कहाँ र कुन कुन ठाउँमा पूरा, आंशिक वा सहयोगात्मक भूमिक खेल्ने भन्ने नीतिमा स्पष्टता जरुरी भएको छ। सरकारको मुख्य उद्देश्य गरिबी उन्मूलन रहेको छ। माध्यमिक शिक्षासम्म सर्वसुलभ बनाउन निशुल्क गरिएको छ भने प्राथमिक शिक्षालाई अनिवार्य गराउनेतर्फ सरकार अग्रसर छ तर गरिबी उन्मूलन, रोजगारी र मुलुकको आर्थिक विकाससँग प्रत्यक्षतः गाँसिएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च प्राविधिक शिक्षा पनि प्राथमिकता पाउनु पर्ने क्षेत्र हुन्।संविधानको आसयअनुरुप सामाजिक न्यायका आधारमा विपन्न वर्ग र पिछडिएका जाति, दलित समुदाय, अपाङ्ग तथा दुर्गम क्षेत्रप्रति पनि सरकारको दायित्व शिक्षाप्रति निर्दिष्ट हुनु पर्छ।

प्राय पुरा सरकारी लगानी भएमा शैक्षिक फाँटमा प्राविधिक शिक्षाबाहेक अन्यत्र गुणस्तरमा आएको ह्रास अत्यन्त चिन्ताको विषय बनेको छ।व्यवस्थापनमा समुदायको सहभागिता, स्थानीय निकायको भुमिका, आन्तरिक र  बाह्य दक्षता, शैक्षिक अनुशासन र प्राज्ञिक वातावरणको सृजनामा कमी एवम् निजी क्षेत्रका शिक्षा संस्थातर्फ गुणस्तर राम्रो देखिएकाले सम्पन्न वर्गको पहुँच तथा सार्वजनिक शिक्षा संस्थामा खस्कँदो गुणस्तरका कारण नेपालमा शिक्षा मानवीय विकासको सहयोगी र समतामूलक हुन नसकी सम्पन्न र विपन्न वर्गको खाडल झन् ठूलो हुने सम्भावना देखापरेको छ।

नेपालमा शिक्षाको सामाजिक सान्दर्भिकता, श्रमबजारसित यसको सम्बन्ध तथा राष्ट्रिय आवश्यकताअनुरुप जनशक्ति उत्पादन अर्को महत्वपूर्ण प्रश्नका रुपमा देखा परेको छ।बजारसित असम्बद्ध र अनुत्पादक जनशक्ति उत्पादन गर्ने शिक्षा स्वयम् नै बेरोजगारको ठूलो स्रोत हुन पुगेको छ। राष्ट्रको आधुनिकीकरण र औधोगिकरणका फँटमा देखापरेका नयाँनयाँ क्षेत्रहरुका निम्ति सक्षम र दक्ष जनशक्तिको आवश्यकता पूरा गर्ने प्रयासमा हाम्रो शिक्षा प्रणाली अझै धेरै पछि छ।

शैक्षिक व्यवस्थापन र यसको दुष्परिणामका रुपमा प्रतवर्ष ठूलो धनराशिको शैक्षिक क्षति यस राष्ट्रले बेहोर्नु परेको छ। सरकारले निरक्षरता उन्मूलनलाई प्राथमिकता दिए तापनि अझै यस मुलकुमा विद्यालय जाने उमेरका धेरै बालबालिकाहरु निरक्षर छन्।यी निरक्षरहरुमा महिला, विपन्न वर्ग, पिछडिएका जाति वा दलित समुदाय एवम् क्षेत्रहरु पर्दछन्।शिक्षामा जेहेन्दार र माथि उल्लिखित विद्यार्थीहरुको पहुँच अझै समस्याकै रुपमा रहेको छ । माध्यमिक शिक्षासम्म निशुल्क घोषित गरिए तापनि विपन्न वर्ग र पिछडिएको जाति र समुदायको ठूलो संख्या यस तहको शिक्षाको पहुँबाट अझै बाहिर नै रहेको छ।

शिक्षा प्रणाली मुलुको सामाजिक व्यवस्थाकै एउटा उपप्रणाली हो तापनि यसले समाजलाई प्रत्यक्षतः प्रभावित पार्छ र स्वयम् पनि समाजबाट प्रभावित हुन्छ। शिक्षा प्रणाली मात्र छुट्टै योजनाबद्ध ढंगले विकसित हुन सक्दैन। त्यसैले राष्ट्रिय शिक्षा योजनासँग यसको

अन्तर्सम्बन्ध अनिवार्य हुन्छ।यसका निम्ति राजनेतिक नेता, योजनाकार, शिक्षाविद् तथा कार्यान्वयनमा समन्वय र प्रतिबद्धता हुनु पर्छ।नेपालको शिक्षा प्रणालीसित राष्ट्रिय योजना आयोग श्रमबजारका बीच तालमेल नमिल्नाले नेपालको शिक्षाप्रणाली निर्दिष्ट दिशातिर अभिमुख हुन सकेको छैन।

बहुलतावादी प्रजातन्त्रमा विभिन्न विचार, चिन्तन–मनन र समस्या समाधानका निम्ति नयाँनयाँ विकल्पको खोज गर्ने शिक्षको क्षेत्रमा प्राज्ञिक स्वतन्त्रता र सहमति अनिवार्य तत्व नै हुन् र प्राज्ञिक स्वतन्त्रताविना कुनै पनि प्राज्ञिक उन्नयन र मानवीय विकास हुन सक्दैन भन्ने कुरा पनि स्वत सिद्ध छ।तर प्राज्ञिक स्वतन्त्रता, स्वतन्त्र चिन्तन र विचरा प्राज्ञिक अनुशासनभित्र नै रहनु पर्दछ भन्ने तथ्य पनि निर्विवाद छ। यसका निम्ति प्राज्ञिक स्वतन्त्रताका साथ प्राज्ञिक अनुशासन कायम गर्ने र प्रतिभा पलायन हुन नदिने परिस्थितिको सिर्जना गर्न र शिक्षाको विकास तथा विस्तार गर्ने राष्ट्रिय सहमतिको निर्माण गर्नु अति आवश्यक भएको छ। यसका निम्ति शिक्षाको राष्ट्रिय नीति र कार्यनीतिलाई विधायिकाद्वारा अनुमोदन गराउनु सामयिक र उचित ठहरिनेछ।

राष्ट्रको आत्मिक उन्नयन र भौतिक समृद्धिका लागि शिक्षा आधारभूत कारको हो भन्ने कुरा निर्विवाद छ।सही शिक्षा प्रणालीबाट नै मानवले स्वतन्त्र र वैज्ञानिक चिन्तन एवम् मानसिक परिष्कार गर्छ र राष्ट्रिय एकताको आधारशिला बन्दछ।स्वतन्त्र चिन्तन र वैज्ञानिक प्रवृत्तिबाट नै उसले सामाजिक तथा आर्थिक विभेद र असहिष्णुता समाप्त गरी कर्तव्य र अधिकारको बीच सन्तुलन कायम गर्न सक्छ।सही शिक्षा प्रणालीले नै हाम्रो संविधानद्वारा लक्षित समतामूलक प्रजातान्त्रिक तथा लोककल्याणकारी राज्यको स्थापना गर्ने मार्गमा अग्रसर गराउन सक्तछ।

परम्परावादी मूल्य,मान्यता, आस्था र नैतिकता विघटित भइरहेको र नयाँ मूल्य, मान्यता र आस्था तथा नैतिकताको स्थापना नभइसकेको आजको परिस्थितिमा हाम्रो शिक्षाले समयानुकुल नयाँ मूल्य, मान्यता र नैतिकताको स्थापनामा विशेष भूमिका खेल्नु पर्ने अवस्था छ।प्रजातान्त्रिक मूल्य र मान्यताको जग केवल घर र समाजमा मात्र होइन, कक्षा कोठाहरुमा पढ्ने शिक्षार्थीमा समेत बस्न सक्नु पर्दछ।प्रजातान्त्रिक धारणा र जीवनशैली मानसिक संस्कारका रुपमा विकास हुने कुरा शिक्षाको प्रभावकारितामा नै भर पर्दछ। यसै गरी सामाजिक-ऐतिहासिक विकास क्रममा रहिआएका जातिगत,भाषागत, अर्थगत, संस्कृतिगत र क्षेत्रगत आदि विभिन्न विभेदहरुको खाडललाई पुर्दै सम्पूर्ण राष्ट्रलाई ऐकबद्ध पार्ने उद्देश्यतिर मुलुकको शिक्षा प्रणाली उन्मुख र प्रतिवद्ध हुनुपर्छ।शिक्षक शिक्षार्थीमा राष्ट्रप्रतिको समर्पण, सामाजिक सेवाको भावना र समस्याप्रति सम्वेदनशील तुल्याउन शिक्षक तथा विद्यार्थीहरुमा सामाजिक सेवाको कार्यक्रमबाट विमुख हुन सकिन्न।

मुलुकको शिक्षा प्रणालीसम्बन्धी नीतिको सफलता कार्यान्वयनमा नै निर्भर गर्दछ।यसैका निम्ति नेतृत्व दिने निर्णायक वर्गको सुझबुझ र प्रतिबद्धता चाहिन्छ।यसका अतिरिक्त चुस्त

र दक्ष व्यवस्थापन र प्रशासन अपरिहार्य हुनेछ।यथास्थितिवादी र अदक्ष शैक्षिक व्यवस्थापन र प्रशासन रहेसम्म यो साकार हुन सक्दैन। अतः शिक्षा सेवामा प्रशिक्षित र अनुभवी जनशक्तिको सृजना गर्ने ठोस नीति र कार्यक्रमको अवलम्बन गर्नुपर्दछ।

शिक्षालाई सान्दर्भिक र समाजसापेक्ष बनाउनका निम्ति नीति-निर्माण, शिक्षा योजना गुणस्तर नियन्त्रण र व्यवस्थापनमा जनसहभागिता र समुदायको चासो तथा उत्तरदायित्व विषय नवनाएसम्म समाज र शिक्षालाई एकाकार बनाउन सकिदैँन। प्रशासनिक विकेन्द्रीकरण र शैक्षिक विकेन्द्रीकरण पनि सँगसँगै जानु पर्दछ।शैक्षिक व्यवस्थापनमा शिक्षक-शिक्षार्थी र आम अभिभावकको सहभागिता र अन्तर्क्रिया पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

मुलुकको शिक्षा प्रणालीमा देखापरेका र पर्न सक्ने समस्याहरुमा आवधिक मूल्याङ्कन, नीति निर्माण र दिशा निर्देशन, शिक्षाको सुदृढीकरण विस्तार र समन्वयबारे निरन्तर संवाद गर्ने उच्चस्तरीय शैक्षिक निकाय हुनु पर्ने सुझाव २०४९ को प्रतिवेदनमा भएकोमा त्यसको औचित्य सबै तहबाट अझ सशक्त रुपमा देखाइएको छ।

वैदेशिक दातृसंस्था र ऋणबाट शिक्षाका सबै तहमा सञ्चालित परियोनाहरुले गरेको योगदानका साथै तिनबाट हुन सक्ने समस्याबारे पनि गम्भिर चिन्तन हुनु पर्दछ। यस्ता परियोजनाहरुको रकम अरबौँ छ।यी परियोजनाको अन्त्य भएपछि चालू कार्यक्रमलाई कसरी निरन्तरता दिन सकिन्छ र शिक्षाका विभिन्न तहसँग श्रृखलाबद्ध र सम्बद्ध पार्न सकिन्छ तथा यी परियोजनाबाट वास्तविक रुपमा शैक्षिक गुणस्तर वृद्धिमा र व्यवस्थापनमा के कस्तो परिवर्तन भयो र यी परियोजना शिक्षाका उच्च प्राथमिकताभित्र पर्ने हुन् कि होइनन् भन्ने जस्ता थुप्रै प्रश्न शिक्षा क्षेत्रमा उठ्न लागेका छन्।

शिक्षा नियमावलीमा निरन्तर परिवर्तन भइरहने प्रवृत्तिले पनि शैक्षिक व्यवस्थापनमा र शिक्षक सेवामा समेत अस्थिरता ल्याएको छ।

आयोगले उल्लिखित समस्या र अवधारणा एवम् राष्ट्रिय शिक्षा आयोग २०४९ र त्यसपछिका अध्ययनहरुलाई समेत ध्यानमा राखेर आफ्नो सीमित स्रोत-साधन र समयभित्र रही आफ्नो कार्यक्षेत्रसित सम्बन्धित समस्याहरुको विश्लेषण गरी सुझावहरु प्रस्तुत गरेको छ।

सामाजिक-ऐतिहासिक विकासक्रममा शैक्षिक व्यवस्था पनि बहुआयामिक तथा विस्तारित हुँदै जान्छ यसको आवधिक मूल्याङ्कन गरी गतिशीलता प्रदान गर्ने आवश्यकता परिरहन्छ।कुनै पनि आयोगले दिएको प्रतिवेदनको सफलता-असफलता सरकारले यसको कार्यान्वयनमा देखाएको तत्परतामा निर्भर गर्छ।तसर्थ आयोग विश्वस्त छ, सरकारले गम्भीर चिन्तन-मनन गरी कार्ययोजना बनाई यसको कार्यान्वयनमा तदारुकताका साथ लाग्नेछ।

## शिक्षाको राष्ट्रिय उद्देश्य तथा नीति

नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक हक राज्यका निर्देशकसिद्धान्त तथा नीतिहरुमा विभिन्न जातजाति बर्ण र सम्प्रदायका बीचमा सामन्जस्य स्थापित गरी सवै किसिमका आर्थिक तथा सामाजिक असमानता हटाउन र सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्नुका साथै बहुलताबादी प्रजातान्त्रिक, सार्वभौमिक तथा स्वतन्त्र,न्यायपूर्ण,लोककल्याणकारी,समुन्नत र समृद्ध राज्यको स्थापना गर्ने प्रत्याभूति गरेको छ।

## शिक्षाको राष्ट्रिय उद्देश्य

शिक्षाका सार्वभौम सिद्धान्त र उपर्युक्त संवैधानिक उद्देश्यहरुलाई समेत ध्यानमा राखी नेपाल अधिराज्यको शिक्षा प्रणालीको उद्देश्य निम्नलिखितअनुसार प्रस्तुत गरिन्छः

(१) राष्ट्रको सर्वाङ्गीण विकासका निम्ति आवश्यक ज्ञान, विज्ञान र प्रविधिमा सक्षम तथा जीवनोपयोगी सीपको बिकास, प्रवर्द्धन र विस्तार गरी योग्य तथा दक्ष जनशक्ति उत्पादन गर्ने।

(२) राष्ट्रियता र विभिन्न जाति एवं समुदायका बीच राष्ट्रिय ऐक्यबद्धताप्रति आस्थावान नागरिक तयार पार्ने।

(३) बहुआयामिक व्यक्तित्वको विकास एवं सार्वभौम मानवीय मूल्य, मान्यता र आस्थाको निम्ति निम्नलिखित विकास गर्नेः

- (क) नैतिक चरित्र र सद्‌गुणको विकास।
- (ख) श्रमप्रति आस्था र स्वाबलम्वन,
- (ग) सृजनात्मक प्रवृत्ति तथा सेवाभावको विकास।
- (घ) वैज्ञानिक दृष्टिकोण र समालोचनात्मक सचेतताको विकास।
- (ङ) पारस्परिक सहअस्तित्व र सद्भावको विकास।
- (च) प्रजातान्त्रिक, न्यायपूर्ण, शोषणरहित एवं समुन्नत समाजको निर्माणप्रति अग्रसरताको विकास।
- (छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामर्थ्य र व्यक्तित्वको विकास।

(४) प्रत्येक व्यक्तिमा अन्तर्निहित सामर्थ्य र व्यक्तित्वको विकास गर्ने।

(५) राष्ट्रभाषा,राष्ट्रिय भाषा,संस्कृति,साहित्य,सौन्दर्य एवं राष्ट्रिय सम्पदाको संरक्षण,संवर्धन र विकास गर्ने,

(६) प्राकृतिक सम्पदा एवं वातावरणको संरक्षण एवं सम्वर्द्धन गर्ने।

(७) ज्ञान विज्ञान र प्रविधिका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरका सक्षम नागरिक तयार पार्ने।

(८) राष्ट्रप्रति समर्पित उच्च नैतिक र सक्षम नेतृत्वदायी व्यक्तित्वको निर्माण गर्ने।

शिक्षा मन्त्रालय

(९) विद्यार्थीहरुमा श्रमप्रति निष्ठा, सेवा भावना र सामाजिकीकरणको विकास गर्ने।

(१०) प्रजातान्त्रिक मूल्य, मान्यता र मानव अधिकारलाई मानसिक संस्कारका रुपमा विकास गर्ने।

**शिक्षाको राष्ट्रिय नीति**

देशको बर्तमान शिक्षा प्रणालीमा देखापरेका प्रमुख समस्याहरुको समाधान गर्दै शिक्षा प्रणालीलाई भविष्योन्मुख तुल्याई राष्ट्रको सर्वतोमुखी विकासका निम्ति उच्च गुणस्तरयुक्त पार्न मुलुकको लगानीको सीमालाई समेत दृष्टिगत गरी नेपाल अधिराज्यको राष्ट्रिय शिक्षा नीति तथा कार्यनीति प्रस्तुत गरिएको छ।

(१) **पूर्व प्राथमिक शिक्षाः** शिशु उमेर अनुकुल शिक्षा प्रदान गर्ने पूर्वप्राथमिक शिक्षालाई शैक्षिक संरचना भित्र ल्याई १ वर्षे पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्नेछ।

(२) **अनिवार्य तथा निशुल्क प्राथमिक शिक्षाः** आगामी १० बर्षभित्र देशभर अनिवार्य र निःशुल्क शिक्षा लागु गरिने छ। त्यसका निम्ति हाल प्रयोगका रुपमा लागू भएको अनिवार्य शिक्षा कार्यक्रमलाई क्रमशः नगरपालिका र सक्षम गाउँ विकास समितिमा विस्तार गर्दै लैजानु पर्नेछ। निशुल्क प्राथमिक शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन विद्यार्थीको सर्वव्यापी पहुँच र भर्ना पढाई छाड्न नदिने स्थिति र गुणस्तरमा बृद्धिको व्यवस्था गरिनेछ। सीप र संज्ञानात्मक विकासका निमित्त अभ्यासमा जोड दिई यस तहको शिक्षालाई बालकेन्द्रित र गतिविधि उन्मुख तुल्याइनेछ। तीन कक्षा सम्म उदार कक्षोन्नतिको व्यवस्था गरिने र निरन्तर मूल्यांकन पद्धतिलाई सुदृढिकरण गरिनेछ। साथै निःशुल्क पाठ्यपुस्तक र उत्प्रेरक व्यवस्था खाजा पोशाक आदिको व्यवस्थाका साथै शिक्षकको योग्यता र तहमा बृद्धि गरिनेछ। विशेष लक्षित समूहका लागि विशेष विद्यालयको स्थापना गरिनेछ।

(३) **माध्यमिक शिक्षाः** माध्यमिक शिक्षालाई सर्वसुलभ निःशुल्क र गुणास्तरीय तुल्याउने नीति जारी राखी त्यसको सुदृढिकरण गरिनेछ। मादयमिक शिक्षा राष्ट्रिय विकासका निम्ति मानवीय संसाधनको जग राष्ट्रिय इतिहास समाज संस्कृति प्रजातन्त्र र राष्ट्रप्रति समर्पित स्वावलम्वन र उदयमशीलतामा प्रवृत्त तथा सक्षम हुनुका साथै भाषा विज्ञान र गणितमा दक्षता प्रदान गर्ने हुनु पर्दछ। सार्वजनिक शिक्षाको गुणस्तरमा आएको ह्रासबाट गुणात्मकता कायम गर्न शिक्षक तालिम पाठ्यक्रममा र परीक्षामा सुधारका साथै जिल्लामा अग्रणी विद्यालय बनाउन भौतिक स्रोत साधन जुटाई स्रोत केन्द्रका रुपमा समेत भूमिका निर्वाह गर्नु पर्नेछ। विद्यालयहरुलाई सरकारी अनुदान कायम राखी सामुदायिकमा परिणत हुन सक्ने नीति अँगालिनेछ । गुणस्तर बृद्धिका निम्ति

प्रधानाध्यापकको नेतृत्वलाई अधिकार सम्पन्न बनाउने सामाजिक उत्तरदायित्व बढाउने पनि व्यवस्था गरिनेछ। शिक्षकहरुलाई शैक्षिक अनुशासनतर्फ प्रवृत्त गराउन र निरीक्षण प्रकृयालाई प्रभावकारी बनाउन व्यवस्थापन समितिलाई समेत संलग्न गराउने नीति लिइने छ।

(४) **उच्चमाध्यमिक शिक्षाः** विश्वविद्यालय र सम्बन्धनप्राप्त क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहका सट्टा यसै सत्रदेखि १०+२ को पाठ्यक्रम लागू गरी प्राज्ञिक विस्थापन प्रारम्भ गर्ने नीति लिइनेछ। आगामी पाँच बर्षभित्र सक्षम विद्यालयमा शैक्षिक र भौतिक पूर्वाधार तयार गरी विश्वविद्यालयबाट यो तह पूर्णरुपले विस्थापन गरिसक्ने र १० बर्षसम्ममा यस तहको शैक्षिक र प्रशासनिक व्यवस्था सरकारको माध्यमिक शिक्षा व्यवस्थामा पूर्णरुपले एकिकृत गर्नु पर्नेछ।

(५) **प्राविधिक शिक्षा र व्यावसायिक तालिमः** मुलुकबाट गरिबी र बेरोगारी उन्मूलन गरी आर्थिक विकास गर्न तथा रोजगारीको अवसर जुटाउँदै सीप, उत्पादकत्व र आय आर्जनको क्षमतामा बृद्धि गरी मानवीय संसाधन र पूर्वाधारको विकास गर्न निरक्षरदेखि प्रवेशिका उत्तीर्ण लाखौँ व्यक्तिहरुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिई राष्ट्रिय अभियानका रुपमा निम्न, मध्यम र उच्च डिप्लोमा तहको आधारभूत प्रशिक्षण कार्यक्रम संचालन गरी नगरपालिका,विकास क्षेत्र, अञ्चल, जिल्ला र गाउँ विकास समितिसम्म बहुप्राविधिक र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका शिक्षालय र केन्द्रहरुको राष्ट्रिय संजाल तयार गर्ने नीति लिइनेछ। यसका निम्ति तालिमसित सम्बद्ध विभिन्न मन्त्रालय र गैरसरकारी संध संस्थालाई समन्वय ल्याई सीप र प्रशिक्षणको गुणस्तर नियन्त्रण गर्न,श्रमबजार एवं विपन्न र पिछडिएको क्षेत्र र□विशेष लक्षित समूहलाई लक्षित गरी पाठ्यक्रम निर्माण र तालिम दिने व्यवस्था गर्न राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संरचनामा सुधार गर्नुका साथै सरकारी र गैरसरकारी क्षेत्रको साथै लगानी नीति पनि स्पष्ट पारिनेछ।

(६) **उच्च शिक्षाः** उच्चशिक्षाले एकातिर समाजले भोग्नु परेका सामाजिक आर्थिक र नैतिक जस्ता महत्वपूर्ण प्रश्नहरुप्रति सृजनात्मक,वैज्ञानिक र बस्तुपरक दृष्ट्रिकोण प्रस्तुत गर्न सक्नु परेको छ भने अर्कातिर राष्ट्र र समाजको विकासमा विज्ञान,प्रविधि र ज्ञानका क्षेत्रमा आवश्यक उच्चगुणस्तरयुक्त मानवीय संसाधन तयार पनि गर्नुपर्नेछ। उच्च शिक्षा विशिष्टीकृत शिक्षा भएकाले राष्ट्रको विकासका मुख्य समस्याको समाधानमा भूमिका खेल्ने जिम्मेदारी यसले लिनुपर्नेछ। कुनै वर्ग जाति,समुदाय र क्षेत्रका जेहेन्दार छात्रछात्राले आर्थिक सामाजिक कारणले उच्च शिक्षाबाट बञ्चित हुनु नपर्ने

दायित्व सरकारले लिनुपर्नेछ। शिक्षण र अनुसन्धानलाई एक अर्काका परिपूरक तुल्याई केन्द्रीय विभाग र अग्रणी क्याम्पसलाई उत्कृष्टताको केन्द्र बनाउने उत्तरदायित्वका साथ स्वायत्तता प्रदान गरिनेछ। गुणस्तरयुक्त उच्च शिक्षाकोअवसर बढाउने संस्थाहरुलाई उच्चशिक्षा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। उच्चशिक्षालाई विकेन्द्रिकृत,विशिष्टीकृत र गुणस्तरीय बनाउन बहुविश्वविद्यालयको अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

(७) **खुला विश्वविद्यालय र दूरशिक्षाः** नेपालमा केही मात्रामा दूरशिक्षा कार्यक्रम विद्यालयीय शिक्षाका निम्ति प्रयोग भए तापनि यसले सुदृढ संस्थागत रुप लिन सकेको छैन। खुला विश्वविद्यालयको अवधारणा उच्चशिक्षाका प्रणालीमा विगत डेढ दशकदेखि शिक्षा आयोगहरुले यसको स्थापना गर्ने सिफारिस गरे तापनि अझ साकार हुन सकेको छैन। शिक्षामा सामाजिक चाहनाको पूर्ति गरी शिक्षालाई प्रजातान्त्रीकरण गर्ने र आजीवन शिक्षाको ढोका खोल्न खुला विश्वविद्यालयको स्थापना गर्न जोड दिइनेछ।

(८) **महिलाहरुलाई शिक्षामा समान अवसरः** मुलुकमा विद्यमान महिला शिक्षासँग सम्वन्धित शिक्षण संस्था र शैक्षिक संगठन र विभिन्न गैरसरकारी संघसंस्थाका शिक्षक तथा प्रशिक्षकहरुको तालिममा महिलाहरुलाई सशक्तीकरणका संबाहकका रुपमा तयार गरिनेछ। अनौपचारिक शिक्षा, महिला शिक्षक र प्रशिक्षकहरुलाई बिशेष अभिमुखिकरण तालिम दिइनेछ। विद्यालयका पूर्वप्राथमिक,प्रथमिक र माध्यमिक विद्यालयमा कम्तीमा एक महिला शिक्षक अनिवार्य रुपमा नियुक्ति गरिनेछ र माथिल्ला तहमा महिला शिक्षाक भर्ना गर्न प्राथमिकता दिइनेछ। कार्यमूलक साक्षरता कार्यक्रमले १५ देखि ३५ उमेरका निरक्षरता उन्मुलन अभियान आय आर्जनसँग सम्वद्ध कार्यक्रमलाई आबद्ध गरिनेछ।

(९) **विशेष शिक्षाः** शारीरिक र मानसिक अपांगहरुका निम्ति गैरसरकारी संघसंस्थाहरु र सरकारबाट ज्यादै कम ध्यान गएको छ। देशभर अपांगताको सर्वेक्षण सम्म हुन नसकेको बर्तमान अवस्थामा सरकार र गैरसरकारी क्षेत्रमा प्रभावकारी समन्वय गर्ने संयन्त्रलाई सुदृढिकरण गरी शिक्षकको तालिम,सेवासर्त र बृत्ति विकासको व्यवस्था,पाठ्यसामग्रीको उत्पादन र वितरण जस्ता विषयमा कदम चाली अपांगहरुलाई समाजमा एकीकरण गर्न सामान्य अपांगहरुलाई अन्य शिक्षार्थी सरहनै विद्यालयमा पढाउने र विशेषा अपांगहरुका निम्ति छुट्टै विद्यालयको छात्रावास सहित स्थापना गर्ने अपांगताअनुकुल व्यावसायिक तालिम दिने र छात्रबृत्तिका साथै निशुल्क पाठ्यसामग्री र उपकरण दिने र यो सुविधा जेहेन्दार शिक्षार्थीका निम्ति उच्चशिक्षा तहसम्म प्रदान गरिनेछ।

(१०) **पहुँचः** विपन्न वर्ग,अपांग र दलित तथा पिछडिएका नजजातिका विशेष समूहलाई सशक्तिकरण गर्न र शिक्षामा पहुँच बढाउन विभिन्न उपायहरु अँगालिनेछ । महिलाहरुको शिक्षामा पहुँच बढाउने उच्च शिक्षाले मुलुकको विकासमा आआफ्नो भूमिका निर्वाह गर्न उत्तरदायी बनाइनेछ ।विद्यार्थीहरुलाई छात्रबृत्ति र पाठ्यपुस्तकका साथै उत्प्रेरक सुविधाको व्यवस्था खुला र दूरसञ्चार प्रणाली जस्ता शैक्षिक प्रविधिको प्रयोगमा समेत ध्यान दिइनेछ। जेहेन्दार विद्यार्थीका निम्ति उच्च शिक्षामा समेत छात्रबृत्तिको व्यवस्था गरिनेछ। अभिभावक जागरण र व्यावसायिक तालिम कार्यक्रमको सञ्चालन गरी आर्थिक र बैचारिक विकास गरिनेछ। साथै यस समूहका योग्य व्यक्तिलाई शिक्षक र प्रशासकीय पदमा नियुक्ति गर्न प्राथमिकता दिने नीति अँगालिनेछ।

(११) **गुणस्तरः** विद्यालय तथा विश्वविद्यालका विभिन्न तहमा खस्कँदो गुणस्तरको नियन्त्रण तथा अपेक्षित सुधारका निम्ति शिक्षण,अनुसन्धान,शैक्षिक र भौतिक सामग्रीको विकास,अनुगमन,सुपरिवेक्षणको प्रभावकारी व्यवस्था र संयन्त्रको स्थापनाका साथै परीक्षा,पाठ्यक्रम,पुस्तकालय,शिक्षक तालिम आदिलाई अद्यावधिक बनाई प्राज्ञिक अनुशासनमा जोड दिइनेछ।

(१२) **पुस्तकालयः** २०४९ को आयोगबाट प्रस्तुत पुस्तकालयसम्वन्धी समस्या अद्यापि रहेका छन् र आयोगले दिएका सुझावहरु अहिले पनि उत्तिकै सान्दर्भिक छन्। शिक्षाका सम्पूर्ण तहमा पठनबानीको विकास क्षीण भइरहेछ। निश्चयनै अनुसन्धानकर्ता र संगठनहरुमा अभिलेख डकुमेन्टेशन र विषयगत पाठ्यसामग्रीको संग्रह बढेकोछ। विद्यार्थीहरु सबै पाठ्यपुस्तक र सन्दर्भसामग्री किन्ने सामर्थ्य नहनाले पनि संज्ञानको विस्तार र मौलिक चिन्तनको विकासमा अवरोध भई शिक्षाको गुणस्तर बृद्धिमा नकारात्मक प्रभाव पारेको छ।

ग्रामीण पुस्तकालय,साक्षरोत्तर पठन केन्द्र,विद्यालय र उच्चशिक्षाका सवै तहका महाविद्यालयमा कुल बजेटको निश्चित प्रतिशत अनिवार्य रुपमा छुट्याइनेछ। केन्द्रीय पुस्तकालयलाई अद्याबधिक तुल्याउनका साथै विषयगत जर्नल र सन्दर्भसामग्रीमा बृद्धि गरिनेछ। जिल्लाका सवै विद्यालय र महाविद्यालयहरुलाई सेवा पुरयाउने गरी जिल्ला पुस्तकालय र ग्रामीण स्तरमा ग्रामीण पुस्तकालय र सूचना केन्द्रको स्थापना यथाशीघ्र गरिनेछ। पुस्तक र पत्रिकाले सुसज्जित पुस्तकालय बनाई पठनबानी र संज्ञानात्मक बृद्धिका सुरुदेखिनै विकास गरिनेछ। पुस्तकलेखन, अनुवाद लेखन गुणस्तर विकासमा विशेष जोड दिइनेछ । पुस्तकालयको विस्तार र पुस्तकलेखनको बृद्धि मुख्यतया सरकारको दायित्व बढाइनुका साथै गैरसरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्था र स्थानीय निकायको सहभागितालाई प्रभावकारी बनाइनेछ।

(१३) **अतिरिक्त कृयाकलापः** अतिरिक्त कृयाकलापले विद्यार्थीहरुको शारीरिक, मानसिक र बौद्धिक तथा संवेगात्मक विकास गर्नुका साथै सचनात्मक प्रतिभा, सामाजिक सेवा तथा वातावरण सम्वन्धी चेतनाको विकास गर्नमा मद्दत गर्छ। यस सम्वन्धमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले सुझाएका सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन नभएको हुँदा उक्त सुझावहरुको कार्यान्वयनमा जोड दिइनेछ। शैक्षिक संस्थाहरुमा विभिन्न किसिमका सह तथा अतिरिक्त कृयाकलापहरुलाई सिकाइ शिक्षणका अभिन्न अंगका रुपमा विकास गर्न प्रोत्साहित गरिनेछ।

(१४) **समाज सापेक्षता तथा मानवीय संशाधनको आपूर्तिः** उच्च शिक्षाले राष्ट्रको विविध क्षेत्रको आवश्यक्ता पूरा गर्न समर्थ उच्च गुणस्तरयुक्त जनशक्ति उपलब्ध गराउनु पर्छ। यसर्थ शिक्षालाई समाज सापेक्ष बनाई शिक्षित बर्गबाट समाजको आबश्क्ता परिपूर्ति गर्ने नीति लिई राष्ट्रिय खाँचो अनुरुप शैक्षिक जनशक्ति उत्पादन गर्ने राष्ट्रिय नीति अवलम्वन गरिनेछ। मुलुकमा विद्यमान स्रोतसाधन जलशक्ति, सौर्य र बायविक शक्ति,पर्यटन,जडीबुटी, हिमाल अध्ययन,उर्वराभूमि र खर्कहरुमा आधारित शिक्षाका विशिष्टीकृत उत्कृष्ट केन्द्रहरुको स्थापना र विकास गरिनेछ।

(१५) **संरचनाः** एकबर्षे पूर्वप्राथमिक शिक्षालाई राष्ट्रिय शौक्षिक संरचनामा समाबेश गरिएको छ। प्राथमिक शिक्षा १-५ माद्यमिक शिक्षा ढ निम्नमाद्यमिक ६-८, माद्यमिक ९-१०, उच्चमाद्यमिक ११-१२ को संरचनालाई यथावत राखिएको छ। उच्च शिक्षाअन्तर्गत स्नातक तह ३ बर्ष, स्नातकोत्तर २ बर्ष र विशिष्टाचार्य ढएम फिलण १ बर्ष गरिएको छ। उक्त क्रममा विभिन्न शैक्षिक तहको व्यवस्थापनलाई सुदृढिकरण तथा परिचालन गर्नका लागि शिक्षा मन्त्रालय र यस अन्तर्गतका विभिन्न निकायहरुको संरचनामा आवश्यक परिवर्तन गरिनेछ।

(१६) **प्रभावकारी व्यवस्थापनः** शिक्षाको व्यवस्थापन र प्रशासनमा विकेन्द्रिकरण गरी यसमा दक्षता र मितव्ययिता ल्याई शिक्षा संस्थालाई स्वायत बनाई उत्तरदायि र अधिकारसम्पन्न तुल्याउदै जाने नीति अँगालिनेछ। स्थानीय निकाय र गैरसरकारी क्षेत्रको सहभागितालाई प्रोत्साहन दिई शिक्षाको विकास र विस्तार गरी विकासका निम्ति मानवीय संशाधन तयार गर्ने नीति लिइनेछ।

(१७) **राष्ट्रिय शिक्षा परिषद्को व्यवस्थाः** राष्ट्रिय स्तरमा शिक्षा सम्बन्धी विभिन्न निकायका बीच समन्वय र सामञ्जस्य स्थापना गर्न तथा शैक्षिक नीति तथा कार्यक्रमका बारेमा निर्देशन र सल्लाह दिन प्रधानमन्त्रीको अध्यक्षतामा एउटा उच्चस्तरीय राष्ट्रिय शिक्षा परिषद्को गठन गरिनेछ। परिषद्को निम्नानुसार काम, कर्तव्य र अधिकार ऐनबाट निर्धारित हुनु पर्छ ;

- विभिन्न प्रकृति र तहका शैक्षिक निकायहरुका बीच नीतिगत समन्वय कायम गर्नु,
- नीति-निर्माण र प्राथमिकताको निर्धारण गर्नु,
- शैक्षिक जनशक्ति परिचालनका विषयमा निर्देशन दिनु,
- कार्यपालिका र विधायिकाका अङ्गहरुलाई नीति र कार्यनीतिको निर्धारणका लागि सल्लाह र सुझाव दिनु,
- शिक्षा प्रणालीसँग सम्बद्ध प्रमुख मुद्दा तथा सवालहरुमा राष्ट्रिय सहमति कायम गर्नु,
- विद्यालय स्तरको शिक्षा र उच्चस्तरीय शिक्षा बीच तथा सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग र अन्य शैक्षिक संस्थाहरुका बीच समन्वय तथा सामञ्जस्य स्थापना गर्नु,
- शिक्षा प्रणालीका विविध पक्षमा समयसमयमा अध्ययन, विश्लेषण, अनुगमन र मूल्याङ्कन गरी सुधारका निमित्त सम्बद्ध संस्थाहरुलाई निर्देशन दिनु,
- विभिन्न शैक्षिक कार्यक्रम र परियोजनाका साथै शिक्षण संस्थाको स्थापना र सञ्चालन गर्न स्वीकृति दिने मापदण्ड बनाउनु,
- उत्कृष्ट केन्द्रहरुको स्थापना गर्ने स्थान र कार्यक्रम सिफारिस गर्नु,
- शिक्षामा आबश्यक नयाँ थप विषय  र कार्यक्रमको पहिचान गरी त्यसको सिफारिस गर्नु,
- उच्च गुणस्तर भएका विदेशी शैक्षिक संस्थासित सम्बन्ध स्थापना गरी देशमा शैक्षिक संस्थाको सञ्चालन गर्ने नीति-निर्धारण गर्नु,
- शिक्षाक्षेत्रको अनुदान, लगानी र स्रोत-परिचालनबारे नीति निर्धारण गर्नु,
- विदेशी दातृसंस्थाहरुबाट प्राप्त हुने अनुदान, श्रृण आदि सहयोगलाई विभिन्न शैक्षिक संस्थाका कार्यक्रमहरु सञ्चालनका लागि वितरण गर्न प्राथमिकताको क्षेत्र तोक्नु।

उक्त परिषदमा सात सदस्यीय पूर्णकालिक स्थायी समिति रहने छ। उपाध्यक्ष यस परिषद्को कार्यकारी प्रमुख हुनेछ। यस परिषद् मा पूर्वप्राथमिक तथा प्राथमिक शिक्षा, मादयमिक-उच्च मादयमिक शिक्षा, साधरण उच्च शिक्षा, प्राविधिक उच्चशिक्षा, व्यावसायिक तथा प्राविधिक शिक्षा, अनौपचारिक तथा विशेष शिक्षा आदि हेर्नका

निमित्त उपसमितिहरु रहनेछन्। उक्त परिषद्को गठन यस अध्यायको अन्त्यमा दिइएको छ ।

(१८) **राष्ट्रिय शिक्षा आयोगको स्थापनाः** योग्य शिक्षकहरुको नियुक्तिका निम्ति स्वायत्त र निष्पक्ष राष्ट्रिय शिक्षक सेवा आयोग गठन गर्ने व्यवस्था गरिने छ।

(१९) **लगानीः** शिक्षामा सरकारी लगानी हालको १३प्रतिशत बाट आगामी ५ बर्षमा १७ प्रतिशत मा पुर्याउने लक्ष्य राखिएको छ । तर सरकारी लगानीको सीमालाई गैरसरकारी क्षेत्रलाई प्रोत्साहन दिई पूरा गर्ने नीति अख्तियार गरिनेछ।

निःशुल्क प्राथमिक शिक्षालाई अनिवार्य गराउदै लैजाने नीति अनुसार यसलाई उच्चतम प्राथमिकताको क्षेत्रका रुपमा राखिएको छ। साथै साक्षरतालाई राष्ट्रिय अभियानका रुपमा संचालन गर्नका लागि अनौपचारिक शिक्षा पनि यस अन्तर्गत परेको छ। माद्यमिक शिक्षालाई सर्वसुलभ बनाउने उद्देश्यले यसलाई र विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह विस्थापन गरी विद्यालयीय शिक्षाको संरचनामा समाहित गर्नुपर्ने हुँदा उच्च माद्यमिक शिक्षालाई समेत विशेष प्राथमिकता दिइएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई देशको निम्न र मध्यमस्तरीय जनशक्ति विकासका दृष्टिले अभियानका रुपमा सञ्चालन गर्नुपर्ने हुँदा यसलाई पनि विशेषा प्राथमिकता दिइएको छ ।साथै उच्च प्राविधिक जनशक्तिको आबश्यक्तालाई दृष्टिगत गरी उच्चशिक्षाअन्तर्गत प्राविधिक शिक्षालाई पनि प्राथमिकताअन्तर्गत राखिएको छ। सरकारले विभिन्न तहको शिक्षाको प्राथमिकताको क्रमलाई ध्यानमा राखी पूर्ण जिम्मेवारी, हिस्सेदारी र सहयोगीको भूमिका निर्वाह गर्नेछ।

(२०) **भाषाः** राष्ट्रिय भाषाहरुको माध्यमबाट शिक्षा दिन व्याकरण,पाठ्यक्रम, पाठ्यपुस्तक, कोश, शव्दावली र शिक्षक तालिम आदिको व्यवस्था गर्नु पर्ने हुन्छ र तिनको विकास गर्न चरणबद्ध कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्दछ। नेपाली राष्ट्रभाषा राजकाजको भाषा, र सम्पर्क भाषा हुनुका साथै उच्च शिक्षासम्म शिक्षाको माध्यमका रुपमा यसलाई ज्ञान, विज्ञान र प्रविधिका क्षेत्रमा सशक्त माध्यमका रुपमा विकास गर्दै लैजान यसमा प्राविधिक शब्दावली, कोश, आधुनिक व्याकरण तयार गर्दै लानु पर्ने हुन्छ। मातृभाषीहरु र राष्ट्रभाषीहरुका बीचको सम्वन्धलाई अझै घनिष्ट पार्न र मातृभाषाबाट राष्ट्रभाषामा सक्रमण गर्न सरल तुल्याउन द्विभाषिक माध्यमको शिक्षालाई पनि प्रोत्साहन गर्नु पर्छ। राष्ट्रभाषा, राष्ट्रियभाषा र अंङ्ग्रेजी भाषाको शिक्षणमा देखापर्ने समस्याहरु अध्ययन अनुसन्धान, शिक्षक तालिम अनुबादका साथै

प्राविधिक शब्दावलीको निर्माण गर्न एक स्वायत्त भाषा अध्ययन तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने नीति लिइनेछ।

(२१) **राष्ट्रिय विकास सेवाः** विद्यालय तहमा अनिवार्यरुपमा सामाजिक सेवा कार्यक्रम सहपाठ्यक्रमका रुपमा लागु गर्न र उच्च शिक्षामा राष्ट्रिय विकास सेवालाई वर्तमान सन्दर्भअनुरुप बनाई लागु गर्न कदमा चालिनेछ।

(२२) **गैरसरकारी क्षेत्रः** विद्यालय तह उच्च शिक्षा दुवैको विकास तथा विस्तारमा सरकारको दायित्वमा मात्र भर नपरी जनसहभागितालाई परिचालित गर्ने नीतिलाई प्रोत्साहित गर्न र निजी शैक्षिक संस्थाहरुलाई सेवामूलक बनाउनमा जोड दिइनेछ। सरकारी दायित्वमा सञ्चालित सम्पन्न शैक्षिक संस्थाहरुलाई सामुदायिक/ ट्रष्ट संस्थाका रुपमा संचालित गर्न प्रोत्साहित गरिनेछ।

(२३) **अन्तर्राष्ट्रियकरण तथा क्षेत्रीयकरणः** उच्च शिक्षाको क्षेत्रमा शैक्षणिक र प्रशासनिक परिप्रेक्षबाट अन्तर्राष्ट्रिय सम्वन्ध कायम गर्दै प्राज्ञिक आदान प्रदान द्वारा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम तर्जुमा गरी शिक्षाका विविध क्षेत्रमा अपेक्षित मापदण्ड अनुरुपको गुणस्तर बढाउने नीति अँगाल्नु पर्नेछ।

(२४) **शैक्षिक नेतृत्वः** विभिन्न तहको शैक्षिक नेतृत्वलाई प्राज्ञिक, व्यवस्थापकीय र सामाजिक दृष्टिले प्रतिष्ठित र सक्षम बनाउन कार्यक्षेत्रको परिधिभित्र रही सो अनुरुपको विशिष्टताका आधारमा छनोट गर्ने परिपाटी बसाल्नु पर्छ।

(२५) **शिक्षा योजना र राष्ट्रिय विकास योजनाः** सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गरी सरकारी र गैरसरकारी लगानीका साथै अन्तर्राष्ट्रिय सहयोग समेत जुटाई मुलुकको चौतर्फी विकासमा तीव्रता ल्याउन उच्च गुणस्तरयुक्त साधारण र प्राविधिक शिक्षा एवं सीप तालिम द्वारा मानबीय संशाधनको विकासलाई राष्ट्रिय विकास सित विद्यमान र विस्तार भइरहेको श्रमबजारको मागसित आबद्ध गरी आवश्यक जनशक्ति उत्पादन गर्न सवै मन्त्रालय, सरकारी र गैरसरकारी उद्योगव्यवसायका क्षेत्र र राष्ट्रिय योजना आयोगसित समन्वय ल्याई शिक्षाको विकास र विस्तार गरिनेछ।

(२६) **राष्ट्रिय महत्त्वका केही विषयः** राष्ट्रको सांस्कृतिक मूल्य र विश्वमै ख्यातिप्राप्त कलाकौशल, बौद्ध र सनातन धर्म तथा संस्कृतिका आधारस्वरुप रहेका संस्कृत, पाली, प्राकृत, नेवारी, मैथिली, अबधी, लिम्वू, तिब्बती आदि भाषाका प्राचीन ग्रन्थ, प्राचीन भाषाहरु, तथा लिपिहरु र आयुर्वेदको आधुनिक सन्दर्भमा संरक्षण, राष्ट्रको मौलिक ललितकला, मूर्तिकला, काष्ठकला, नृत्य, बाद्य, सङ्गीत तथा अभिनय र विभिन्न संस्कृतिहरुको संरक्षण र अध्ययन अध्यापनमा जोड दिइनेछ। साथै राष्ट्रको आधुनिकीकरणका सन्दर्भमा

उद्योगव्यवसाय, व्यापार, कूटनीति, साहित्य, तथा संस्कृति, विज्ञान तथा विकासका निम्ति र नेपाललाई विदेशमा चिनाउनसमेत अन्तर्राष्ट्रिय अन्तरक्रियाको मुख्य माध्यम भाषानै भएकाले नेपालीहरुका लागि विदेशी भाषा र विदेशीहरुका लागि नेपाली भाषाको प्रशिक्षणमा समेत उत्तिकै ध्यान दिइनेछ।

शिक्षा मन्त्रालय

## अनुसूची १

## राष्ट्रिय शिक्षा परिषदको गठन

| | |
|---|---|
| प्रधानमन्त्री | अध्यक्ष |
| शिक्षामन्त्री | सह अध्यक्ष |
| वरिष्ठ शिक्षाविद् | सदस्य सचिव |
| सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| शिक्षाविद्, ४ जना (एक जना महिला सहित) | सदस्य |
| विश्वविद्यालका उपकुलपतिमध्येबाट ४ जना | सदस्य |
| मान्यताप्राप्त दलको शिक्षा हेर्ने सांसद प्रतिनिधि ४ जना | सदस्य |
| अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| अध्यक्ष, उच्चस्तरीय अनुगमन समिति | सदस्य |
| उपाध्यक्ष, उच्चमाध्यमिक शिक्षा परिषद् | सदस्य |
| उपाध्यक्ष, प्राविधिक शिक्षा तथा तालिम परिषद् | सदस्य |
| वरिष्ठ शिक्षक ३ जना | सदस्य |
| शिक्षासेवी २ जना | सदस्य |

शिक्षा मन्त्रालय

# पूर्वप्राथमिक शिक्षा

## विषयप्रवेश

नेपालको शैक्षिक इतिहासमा शिक्षाको क्षेत्र अझै पनि प्रारम्भिक अवस्थामा छ। सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पहिलो पटक पूर्वप्राथमिक शिक्षाको आवश्यक्तामा जोड दियो र २०२२ सालदेखि बालमन्दिरहरुका माध्यमबाट सीमित मात्रामा शिशुकक्षा प्रदान गर्ने कार्य आरम्भ भयो। यस सन्दर्भमा शिक्षा ऐन २०२८ ले पूर्वप्राथमिक शिक्षाको औपचारिक परिभाषा दिन खोजेको पाइन्छ। उक्त ऐनले ३ बर्ष उमेर पूरा गरेका तर ५ बर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने शिक्षालाई पूर्वप्राथमिक शिक्षाका रुपमा परिभाषित गरेको छ।

## वर्तमान स्थिति

राष्ट्रिय शिक्षा आयोगको प्रतिबेदन २०४९ ले पूर्वप्राथमिक शिक्षाको व्यवस्थित विकासका निमित्त दिएका सुझापहरुमध्ये केही सुझावहरु निम्नानुसार छन्:

- शारीरिक, मानसिक, बौद्धिक तथा गतिविकासका धारणाअनुरुप बालबालिकाहरुको विकासलाई ध्यानमा राखी बालशिक्षा दिनु पूर्वप्राथमिक शिक्षाको उद्देश्य हुनुपर्छ।
- समुदायको माग र आवश्यक्तालाई ध्यानमा राखी १ बर्षको पूर्वप्राथमिक शिक्षाको व्यवस्थाका लागि प्रोत्साहित गर्नु पर्छ।
- प्राथमिक विद्यालय जाने उमेर नपुगेका तर ४ बर्ष उमेर पुगेका बालबालिकाहरुलाई यस तहमा प्रवेशका लागि योग्य मान्नु पर्छ।
- कक्षा १ को पूर्वतयारीलाई समेत दृष्टिगत गरी पुर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नु पर्छ।
- पूर्वप्राथमिक विद्यालयहरुले अभिभावकहरुबाट उचित शुल्क लिई बालबालिकाहरुका लागि आवश्यक पाठ्यसामग्री, खेलकुदका सामग्री तथा श्रव्यदृश्य सामग्रीहरुको व्यवस्था मिलाउनु पर्छ।
- सामाजिक संघसंस्था र सामुदायिक तथा निजी क्षेत्रका आन्तरिक तथा बाह्य स्रोतबाट पूर्वप्राथमिक शिक्षाका कार्यक्रमहरुको परिचालन गर्ने व्यवस्था मिलाउनु पर्छ। ग्रामिण क्षेत्रमा पनि पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नेतर्फ प्रोत्साहित गर्नु पर्छ। यस्तो व्यवस्था स्थानीय समुदायबाट गर्न सकिन्छ।
- श्री ५ को सरकारका सम्वन्धित निकायले पूर्वप्राथमिक शिक्षाका गतिविधिहरुको मूल्याङ्कन, अनुगमन तथा निरीक्षणको व्यवस्था गर्नु पर्छ।
- सरकारले निर्धारण गरेको सर्तमा रही तथा तोकेका निकायहरुबाट स्वीकृति लिई निजी क्षेत्रमा पूर्वप्राथमिक शिक्षाको सञ्चालन गर्न प्रोत्साहित गर्नु पर्छ।

शिक्षा मन्त्रालय

राष्ट्रिय शिक्षा आयोग २०४९ ले समुदायको माग र आवश्यक्तानुसार १ बर्षको पूर्वप्राथमिक शिक्षाको व्यवस्थालाई प्रोत्साहित गर्नुपर्ने सुझाव दिएअनुरुप शिक्षा नियमावली २०४९ मा पूर्वप्राथमिक विद्यालय खोल्न चाहने व्यक्ति वा संस्थालाई गाउँ विकास समिति वा नगरपालिकाको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले अनुमति दिनसक्ने व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार कतिपय सार्वजनिक विद्यालयहरुले पनि कक्षा १ को पूर्वतयारीका रुपमा ६ बर्ष उमेर नपुगेका बालबालिकाहरुका लागि शिशुकक्षाको सञ्चालन गरिआएको देखिन्छ। उक्त आयोगको प्रतिवेदनमा पूर्वप्राथमिक शिक्षामा धारणात्मक अस्पष्टता रहेको, बालविकास र शिक्षासम्वन्धी कार्यक्रमका बीच समन्वय नरहेको, पूर्वप्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको पूर्वतयारीका रपमा मात्र लिइएको, आवश्यक दक्षता विकासका निमित्त संस्थागत आधारको कमी रहेको र ग्रामीण क्षेत्रमा पूर्वप्राथमिक शिक्षा कार्यक्रमको अभाव रहेको कुरा औल्याइएको थियो। आधारभूत तथा प्राथमिक शिक्षाको गुरुयोजना(२०५३) ले पनि यिनै कुराहरुको विश्लेषण गरेको पाइन्छ।

विगतका केही बर्षहरुमा पूर्वप्राथमिक शिक्षाको निकै विस्तार भएको छ। निजी तथा आवासीय विद्यालयहरुले यस तहको शिक्षालाई व्यापकता दिएका छन्। यिनीहरुले नर्सरी तथा किन्डरगार्टेन विद्यालयहरुको सञ्चालन गरी यस तहको शिक्षामा जनरुचि बढाएको पाइन्छ। शिक्षामा गैरसरकारी संघसंस्था र निजी क्षेत्रलाई प्रोत्साहन दिने सरकारी नीतिअनुरुप शिक्षित महिलाहरुका घरबाहिरका आर्थिक क्रियाकलाषहरुमा बढ्दो संलग्नताका कारणबाट विशेष गरी सहरी क्षेत्रमा यस किसिमको शिक्षाप्रति अभिभावकहरुको आकर्षण बढेको छ। परिणामस्वरुप उपनगरीय तथा ग्रामीण क्षेत्रमा पनि सामुदायिक विकास परियोजनाहरुका माध्यमदवारा शिशुस्याहार केन्द्रका साथै शिशुशिक्षा कक्षा खोल्न प्रोत्साहित गरिएको देखिन्छ।

नेपालमा पूर्वप्राथमिक शिक्षासम्वन्धी आधिकारिक तथ्याङ्क उपलब्ध छैन। राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र आधारभूत तथा प्राथमिक शिक्षाको गुरुयोजना (२०५३) का अनुसार नेपालमा मूलत: चार प्रकारका संस्थाहरुबाट पूर्वप्राथमिक शिक्षाका कार्यक्रमहरु सञ्चालित हुँदै आएका छन्:

- गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित शिशुस्याहार वा पूर्वप्राथमिक शिक्षा कार्यक्रमहरु
- विकास परियोजनाहरुद्वारा सञ्चालित बालस्याहार वा शिक्षासम्बन्धी कार्यक्रमहरु
- निजी विद्यालयका रुपमा सञ्चालित नर्सरी, किन्डरगार्टेन कक्षाहरु र
- सार्वजनिक विद्यालयहरुद्वारा सञ्चालित शिशुकक्षाहरु

यसरी पूर्वप्राथमिक शिक्षामा गैरसरकारी वा निजी क्षेत्रको सक्रिय संलग्नता रहेको देखिए तापनि नेपालमा सीमित बालबालिकाहरुले मात्र पूर्वप्राथमिक शिक्षाको अवसर प्राप्त गरेका छन्।युनिसेफले गरेको एउटा अध्ययनअनुसार निजी स्तरमा सञ्चालित संस्थाहरुद्वारा करिब ५० हजार र सार्वजनिक तथा गैरसरकारी संस्थाहरुद्वारा करिब ५० हजार गरी जम्मा १ लाख जति बालबालिकाहरुले मात्र पूर्वप्राथमिक शिक्षा पाउन सकेको देखिन्छ। यसै आधारमा ३–५ उमेर समूहका बालबालिकाहरुमध्ये केवल ५% लाई मात्र कुनै न कुनै प्रकारको पूर्वप्राथमिक शिक्षा उपलब्ध रहेको छ भन्ने अनुमान गरिएको छ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

१ राष्ट्रिय नीति र दायित्वमा अस्पष्टताः पूर्वप्राथमिक शिक्षाप्रति राष्ट्रिय नीति र दायित्व के हो भन्ने स्पष्ट छैन।सरकारोक भूमिका आर्थिक लगानीकर्ता र प्रदानकर्ता नभएर नियन्त्रक र निष्क्रिय प्रोत्साहका रुपमा रहेको छ।राष्ट्रिय शिक्षा आयोग २०४९ ले पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्न मूलतः समुदाय, निजी र गैरसरकारी क्षेत्रलाई प्रोत्साहन दिने र अभिभावकहरुबाट लागत उपर गर्ने नीति सिफारिस गरेको थियो।पूर्वप्राथमिक शिक्षामा सरकारी क्षेत्रबाट भएको लगानी शुन्यप्रायः छ।आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाद्वारा त्यति प्रभावकारी र व्यापक रुपमा यसको विस्तार हुन सकेको छैन।यससम्बन्धमा राष्ट्रिय नीतसमेत तय हुन नसकेकाले यसको अवधि, पाठ्यक्रम, लगानी, शिक्षक तालिम आदिबारे अन्योल देखापरेको छ।

२ शैक्षिक संरचनाबाट पूर्वप्राथमिक शिक्षाको पृथकता पूर्वप्राथमिक शिक्षालाई विद्यालयीय शिक्षाको अभिन्न अङ्गका रुपमा विकास गर्न सकिएको छैन।एकातिर जनस्तरमा पूर्वप्राथमिक उमेरदेखि नै बालबालिकाहरुलाई शिक्षाको व्यवस्था गर्नु पर्छ भन्ने चासो बढ्दै गएको छ भने अर्कातिर यस तहको शिक्षालाई औपचारिक शैक्षिक संरचनाभित्र समावेश गरिएको छैन।पूर्वप्राथमिक उमेरका बालबालिकाहरुका निमित्त तय गरिएको शैक्षिक कार्यक्रमको तय नभएकै कारण अहिले प्राथमिक कक्षाहरुमा पूर्वप्राथमिक उमेरका बालबालिकाहरुको घुइँचो लाग्ने गरेको छ।केही अध्ययनहरुले उमेर नपुगेका २८ प्रतिशत सम्म केटाकेटीहरु प्राथमिक कक्षामा भर्ना हुने तथ्यतर्फ औँल्याएका छन्।

३ एकरुपताको अभावः पूर्वप्राथमिक शिक्षासम्बन्धी कार्यक्रमहरु या त बालस्याहरको भावनाद्वारा प्रेरित भई स्थापना भएका छन् या विषयवस्तु प्रधान(प्राज्ञिक प्रकृतिका)पाठ्यक्रमका माध्यमद्वारा बालबालिकाहरुलाई प्राथमिक शिक्षाका लागि तयार पार्ने उद्देश्यबाट प्रेरित छन्। राष्ट्रिय स्तरको पाठ्यक्रम तयार हुन नसकेकाले पनि पूर्वप्राथमिक शिक्षामा एकरुपताको अभाव

रहेको छ।तसर्थ विद्यालयहरुले विद्यार्थीहरुलाई बजारमा उपलब्ध हुने स्तर नसुहाउँदा पाठ्यपुस्तकहरुको भारी बोकाउने गरेको पाइन्छ।

१ समन्वयात्मक प्रयासको अभावः बालबालिकाहरुको सर्वाङ्गीण विकासका निमित्त बालस्वास्थ्य, बालशिक्षा र बालसेवासम्बन्धी गतिविधिका बीच उचित समन्वयको आवश्यकता पर्छ। स्वास्थ्य, पोषण, बालस्याहार, पारिवारिक आयवृद्धि र शिक्षासम्बन्धी सेवाहरुको एकीकृत कार्यक्रमबट बालबालिकाहरुका विकासात्मक आवश्यकताहरु पूर्ति गर्न सघाउ पुग्छ। यस दिशातर्फ हालसम्म पनि ठोस प्रयासहरु भएको देखिँदैन।बालहितसँग प्रत्यक्ष सरोकार राख्ने मन्त्रालयहरुका बीचमा समेत उचित समन्वय भएको पाइँदैन। राष्ट्रियस्तरमा बालकल्याणकारी र बालशिक्षासम्बन्धी कार्यक्रमहरुका बीच समन्वय स्थापना गर्ने निकाय नभएकाले पनि यस्तो विषम अवस्थाको सृजना भएको छ।

२ प्राथमिक शिक्षामा असक्षमताः पूर्वप्राथमिक शिक्षा प्राप्त गरेका बालबालिकाहरु प्राथमिक विद्यालयमा समायोजित हुन र प्राथमिक शिक्षा प्रभावकारी ढङ्गले ग्रहण गर्न सक्षम हुन्छन् भन्ने कुरा अनुसन्धानहरुबाट प्रमाणित भएको छ। प्राथमिक उमेर नपुगेका बालबालिकाहरुलाई शैक्षिक अवसर दिनका निमित्त ठोस शैक्षिक कार्यक्रम नभएकाले ती बालबालिकाहरुलाई प्राथमिक विद्यालयमा भर्ना गराउने परिपाटी व्याप्त छ।उपलब्ध तथ्याङ्कअनुसार कक्षा १ मा निर्धारितभन्दा कम उमेरका करिब २८ प्रतिशत बालबालिकाहरु छन्।कम उमेरका बालबालिकाहरुको उपस्थितिले गर्दा उक्त कक्षामा प्राथमिक उमेरका बालबालिकाहरुको पढाइ-लेखाइ राम्रो हुन सकेको छैन। कक्षा १ मा कम उमेरका विद्यार्थीहरुको बाहुल्य भएकै कारण कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने, बीचैमा कक्षा छोड्ने वा कम शैक्षिक उपलब्धि हासिल गर्ने समस्या उत्पन्न भएको छ। २०५३ को शैक्षिक तथ्याङ्कअनुसार कक्षा १ मा ६२.७ प्रतिशत बालबालिकाहरु कक्षा दोहोऱ्याउने, अनुत्तीर्ण हुने र बीचैमा कक्षा छोड्ने गर्नाले प्राथमिक तहको शिक्षामा एकातिर सक्षमताको ह्रास हुँदै गएको छ भने अर्कातिर सरकारले गरेको लगानी पनि त्यति सार्थक र प्रभावकारी भएको देखिदैन।

**सुझावहरुः**

(१) उद्देश्यः पूर्वप्राथमिक शिक्षाको उद्देश्य निम्नलिखित हुनुपर्छः–

(क) शारीरिक, मानसिक, भाषिक तथा समाजीकरणका निमित्त अवसरहरु प्रदान गर्नु,

(ख) पौष्टिक आहार तथा स्वास्थ्य सम्बन्धी बानी बसाउनु,

(ग) सुरक्षा र स्याहार सम्बन्धी सेवाहरु उपलब्ध गराउनु,

(घ) विद्यालयमा आउने बानीको विकास गर्नु,

(ङ) प्राथमिक शिक्षा हासिल गर्नका निमित्त पूर्वतयारीका रुपमा चाहिने आधारभूत सीप, बानी र अभिवृत्तिको विकास गर्नु,

(च) सामान्य शिष्टाचारको विकास गराउनु।

(२) संरचनाः पूर्वप्राथमिक शिक्षालाई विद्यालयीय शिक्षाको संरचनासँग एकीकृत गर्नु पर्छ। यस तहको अवधि १ वर्षको हुनुपर्छ र यसमा प्राथमिक विद्यालयमा जाने उमेर नपुगेका तर ४ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई प्रवेशका निमित्त योग्य मान्नु पर्छ। शिशुस्याहार केन्द्रहरुलाई विद्यालय व्यवस्था भन्दा अलग्गै राख्नु पर्छ।

(३) भर्नाः प्राथमिक उमेर नपुगेका बालबालिकाहरुलाई कक्षा १ मा भर्ना गर्ने वर्तमान परिपाटी तत्काल स्थगित गर्नु पर्छ। साथै ६ वर्ष नाघिसकेका बालबालिकाहरुलाई पूर्वप्राथमिक कक्षामा राख्ने परिपाटी रोकी उनीहरुलाई कक्षा १ मा प्रवेश दिने व्यवस्था हुनुपर्छ।

(४) अनुदान सहयोगः सरकार, स्थानीय निकाय, समुदाय तथा निजी क्षेत्रको संयुक्त संलग्नता र साझेदारीमा पूर्वप्राथमिक शिक्षालाई देशव्यापी रुपमा विस्तार गर्नु पर्छ। निजी र गैरसरकारी क्षेत्रमा मात्र भर परेका खण्डमा शुल्क वा अन्य कारणले गर्दा सीमित बालबालिकाहरुलाई मात्र यो शिक्षा उपलब्ध हुने भएकाले सहरी तथा सम्पन्न गाउँ विकास समिति बाहेकका प्राथमिक विद्यालयमा पूर्वप्राथमिक कक्षा संचालन गर्न सरकारले अनुदान सहयोग दिनु पर्छ। गाउँ विकास समितिहरुले आफूलाई उपलब्ध हुने सरकारी अनुदानबाट कम्तिमा १०% रकम बालशिक्षा र बालस्याहारमा खर्च गर्नु पर्छ।

(५) शुल्कः पूर्वप्राथमिक कक्षाको व्यवस्थाबाट अभिभावकहरुलाई आर्थिक वा घरायसी क्रियाकलापमा संलग्न रहन प्रत्यक्ष सहयोग पुग्ने भएकाले आवश्यकता अनुसार अभिभावकहरुबाट पनि शुल्क लिने परिपाटी बसाल्नु पर्छ, तर शुल्कदर भने अभिभावकहरुको सरसल्लाहमा स्थानीय स्तरमै निर्धारण गर्नु पर्छ।

(६) लागत साझेदारीः सरकार, स्थानीय गाउँ विकास समिति र नगरपालिका, स्थानीय समुदाय आदिका बीचमा लागत साझेदारी अनुसार पूर्वप्राथमिक शिक्षा संचालन गर्नु पर्छ।

(७) पाठ्यक्रम तथा पाठ्यसामग्रीः पूर्वप्राथमिक उमेरका बालबालिकाहरुको विकास सम्बन्धी आवश्यकता, बालशिक्षाका सिद्धान्त एवं पद्धति, राष्ट्रिय संस्कृति तथा परिवेश, स्थानीय समुदाय एवं परिवेश र प्राथमिक तहको पाठ्यक्रमलाई समेत दृष्टिगत गरी शिक्षा मन्त्रालयले बालकेन्द्रित क्रियाकलापका आधारमा बालबालिकाको सर्वाङ्गीण विकासतिर अभिमुख एउटा राष्ट्रिय पाठ्यक्रम तयार

शिक्षा मन्त्रालय

गर्नु पर्छ। उक्त पाठ्यक्रमको अधीनमा रही पाठ्यसामाग्रीहरु छनौट गर्न विद्यालयहरुलाई छुट दिनु पर्छ।

(८) शिक्षणः पूर्वप्राथमिक शिक्षामा विषयवस्तु प्रधान (प्राज्ञिक प्रकृतिका) पाठ्यपुस्तक, औपचारिक परीक्षा, गृहकार्य आदिलाई निरुत्साहित गर्नु पर्छ।

(९) एकीकृत कार्यक्रमः बालविकास सम्बन्धी कार्यक्रम र सेवाहरुका बीचमा समन्वय र संचार बढाउन र नेपालका बालबालिकाहरुलाई एकीकृत रुपमा बालस्वास्थ्य शिक्षा एवं पोषण तथा स्याहार सम्बन्धी सेवाहरु उपलब्ध गराउन एउटा निकायको स्थापना गर्नु पर्छ। यस निकायमा राष्ट्रिय योजना आयोग, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय लगायत सम्बन्धित विभाग, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थाहरु समेतको प्रतिनिधित्व हुनु पर्छ।

(१०) नियन्त्रण तथा अनुगमनः पूर्वप्राथमिक शिक्षाको कार्यक्रम निर्माण, रेखदेख र अनुगमनका निम्ति शिक्षा मन्त्रालय अन्तर्गत पूर्वप्राथमिक शिक्षा एकाई स्थापना गर्नु पर्छ। यस शिक्षाको पाठ्यक्रम, शैक्षिक सामग्री निर्माण, शिक्षक तालिम आदिको सम्पूर्ण जिम्मेवारी शिक्षा मन्त्रालयको हुनुपर्छ।

(११) शिक्षकः पूर्वप्राथमिक कक्षामा महिला शिक्षकलाई नियुक्ति दिइनु पर्छ। यसका निम्ति न्यूनतम शैक्षिक योग्यता दशौं कक्षासम्मको अध्ययनलाई मान्नु पर्छ। त्यस्ता महिला शिक्षकहरुलाई शिशुस्याहार र अल्पावधिक तालिम दिनु पर्छ। पूर्वप्राथमिक शिक्षामा मातृभाषाको ज्ञान भएका शिक्षकहरुलाई प्राथमिकता दिनु पर्छ।

(१२) माध्यमः पूर्वप्राथमिक शिक्षामा मातृभाषाको प्रयोगलाई प्राथमिकता दिनु पर्छ।

(१३) पूर्वबाल्यावस्थाको अध्ययनः पूर्वप्राथमिकसँग सम्बद्ध पूर्वबाल्यावस्था शिक्षामा प्राज्ञिक तथा व्यावसायिक दक्षता हासिल गरेका व्यक्तिहरुको सर्वथा अभाव रहेकाले यस क्षेत्रमा अध्ययन अध्यापन, प्रशिक्षण तथा अनुसन्धान आरम्भ गर्नु आवश्यक छ। यसका लागि विश्वविद्यालय अन्तर्गत पूर्वप्राथमिक शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्छ।

(१४) सुगमताः समुदायले पूर्वप्राथमिक कक्षालाई आफ्नो सुविधा अनुसार पायक पर्ने गरी विद्यालय हाताभित्र वा अन्यत्र पनि व्यवस्था गर्न सक्ने व्यवस्था गर्न पाउनु पर्छ।

# प्राथमिक शिक्षा

## विषय प्रवेश

नेपालमा २००७ मा प्रजातन्त्रको प्रार्दुभावपछि शिक्षाका क्षेत्रमा आधुनिकीकरण प्रारम्भ भएको हो।त्यसबखत केवल ३२१ विद्यालयहरुबाट सुरु गरिएको थियो।२०५३ सम्ममा २२२१८ प्राथमिक विद्यालयहरु स्थापना भएका छन्।यी विद्यालयहरुमा ३४४७६०७ बालबालिकाहरु अध्ययनरत छन् र करिव ८९३७८ शिक्षकहरु कार्यरत छन्।प्राथमिक तहमा सहजै देखिने भर्ना दर ११७.२% रहेको छ र छात्राहरुको हकमा यो दर ९८.६% पुगेको छ।भौगोलिक क्षेत्रअनुसार प्राथमिक भर्नालाई विश्लेषण गर्दा यस तहमा हिमाली भेगमा ३५%,पहाडी जिल्लाहरुमा ४२%, र तराईमा ३८% छात्राहरु भर्ना भएका छन्।त्यसैगरी छात्राहरुको भर्ना प्रतिशत पूर्वाञ्चलमा ४१ प्रतिशत, मध्यमाञ्चलमा ३८ %, पश्चिमाञ्चलमा ४५ प्रतिशत, मध्य पश्चिमाञ्चलमा ३४ प्रतिशत र सुदूर पश्चिमाञ्चलमा ३० प्रतिशत रहेको छ।

राष्ट्रिय श शिक्षा आयोगको प्रतिवेदन २०४९ ले नेपालले सन् १९९० मा थाइल्याण्डमा सम्पन्न भएको सबैका लागि शीषा विश्व सम्मेलनलको प्रतिबद्धताअनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शतप्रतिशत बालबालिकाहरुलाई विद्यालयमा पुर्‍याउनु पर्ने सिफारिस गरेको थियो।सरकारले सो लक्ष्य हासिल गर्न सन् १९९२ मा आधारभूत तथा प्राथमिक शिक्षाको गुरुयोजनासमेत तयार गरी आन्तरिक तथा बाहृय स्रोतहरुको परिचालनद्वारा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना सञ्चालन गरेको छ। नवौँ योजनाको आधारपत्रमा सरकारले प्राथमिक शिक्षालाई सर्वसुलभीकरण र अनिवार्यसमेत गर्दै लैजाने प्रतिवद्धता पुनः दोहोर्‍याएको छ।

## वर्तमान स्थिति

विकसित तथा विकासन्मुख राष्ट्रहरूले बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित गर्न निश्चित उमेरसम्म अनिवार्य रुपमा विद्यालयमा रहनु पर्ने कानुनी व्यवस्था गरेका छन्। नेपालमा प्राथमिक शिक्षालाई बालबालिकाहरुको अधिकारका रुपमा संवैधानिक मान्यता प्रदान गरिएको छैन तापनि सरकारका नीति तथा कार्यक्रमहरुमा यस शिक्षालाई बालअधिकार र सामाजिक तथा आर्थिक विकासको रणनीतिका रुपमा लिइएको छ।यस अनुसार सरकारले बनेपा नगरपालिका र चितवनको रत्न नगरमा गरेको सीमित परीक्षणका आधारमा आधारभूत शिक्षा परियोजना लागू भएका ४० जिल्लाका एक एक गाउँ विकास समिति र परियोजनाअन्तर्गतकै इलाम र चितवन जिल्लामा अनिवार्य प्राथमिक शिक्षा लागू गरेको छ।प्राथमिक शिक्षाका क्षेत्रमा भएको वृद्धि तलको तालिकामा देखाइएको छः

तालिकाः प्राथमिक शिक्षाको वृद्धि

| | २००९ | २०२९ | २०४९ | २०५३ |
|---|---|---|---|---|
| विद्यालय | ३२१ | ७२५६ | १९८४२ | २२२१८ |
| शिक्षक | ८५०५ | | ७१२१३ | ८९३७८ |
| विद्यार्थी संख्या | | ४४९१४१ | २९८८५४४ | ३४४७६०७ |
| छात्रा% | | १५.६% | ३६% | ४०.६% |
| भर्ना% कुल जम्मा | ०.९% | ३२.०% | १०९% | ११७.२% |
| भर्ना%कुल छात्रा | | ७.१% | ८१% | ९८.६% |

स्रोत नेपालको शैक्षिक तथ्याङ्क, २०५३

राष्ट्रिय शिक्षा योजना आयोग २०४९ले प्राथमिक शिक्षामा सुधार ल्याउने दृष्टिले सुझावहरु प्रस्तुत गरेको छ।तिनमध्ये केही मुख्यम सुझावहरु यसप्रकार छन्

- प्राथमिक शिक्षा ५ वर्षको हुनु पर्छ र कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी ६ वर्ष लागेको हुनु पर्छ।
- प्राथमिक शिक्षालाई सर्वसुलभ गराउँदै लैजान हालसम्म प्रचलित प्राथमिक शिक्षामा केही संरचनात्मक समायोजन गरिनु पर्छ। यसो गर्दा कक्षा १ देखि ३ सम्मको शिक्षालाई आधारभूत साक्षरताका रुपमा मानिनु पर्छ।साथै कक्षा १-३ सम्मको आधारभूत साक्षरतालाई सर्वसुलभ बनाउन बालबालिकाहरुको विद्यालय जाने सुगमतालाई दृष्टिगत गरी प्राथमिक विद्यालयका अतिरिक्त आधार विद्यालयहरु खोल्नु पर्छ। विद्यार्थी संख्या कम भएका यस्ता विद्यालयहरुमा बहुवर्गीय शिक्षण पद्धति अँगाली कम शिक्षकबाट पनि पठनपाठनको व्यवस्था गर्न सकिन्छ तर यस्ता विद्यालयमा कम्तिमा २ शिक्षक नियुक्ति हुनु आवश्यक छ।
- प्राथमिक शिक्षा वास्तविक जीवनसँग सम्बन्धित तथा वातावरण शिक्षा, कृषि जस्ता विषयको व्यावहारिक ज्ञान दिनमा समेत ध्यान दिइनुपर्दछ तर यस सम्बन्धमा कक्षामा सैद्धान्तक शिक्षण नभई विद्यालयमा विभिन्न व्यावहारिक कार्यकलापहरु (जस्तै करेसावारी, फूलवारी, फलफूलका बिरुवा रोप्ने) का माध्यमबाट प्रेरित गर्नुपर्दछ।
- नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रुपमा राष्ट्रिय भाषाहरुको प्रयोग गर्न सकिनेछ।हाल नेपालीबाहेक नेपालमा बोलिने अन्य भाषाहरुमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्तो पाठ्यसामग्री

उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने व्यवस्था हुनु उपयुक्त देखिन्छ।

- पाठ्यपुस्तकहरुका साथै प्रत्येक विद्यालयमा विद्यार्थीहरुले मिलेर वा पालैपालो गरी पढ्न पाउने गरी स-साना चित्र-पुस्तकहरु, बाल-बालिकाका साहित्य र सन्दर्भ-सामग्रीका रुपमा भाषा र ज्ञान-विज्ञानका विविध विषयहरुमा सरल पाठ्यसामग्रीको व्यवस्था हुनु पर्दछ।क्रमशः यस्ता पाठ्यसामग्रीको संकलनमा वृद्धि गरी स-साना पुस्तकालयको स्थापनातर्फ प्रत्येक विद्यालयले तयारी गर्नुपर्दछ।
- प्रत्येक विद्यालयमा कम्तिमा एक जना महिला शिक्षकको व्यवस्था हुनुपर्दछ।

राष्ट्रिय शिक्षा आयोग २०४९ बाट कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी ६ वर्ष लागेको हुनुपर्ने भन्ने सिफारिस गरिएकोमा शिक्षा नियमावलीमा हुनु पर्छ भन्ने किटान गरिएको छ।वैज्ञानिक नक्साङ्कन गरी नयाँ आधार विद्यालयहरु खोल्ने सिफारिसलाई गम्भीरतासाथ कार्यान्वयन गरिएको छैन।प्राथमिक शिक्षाको हाल प्रचलित संरचना १-५ कै रहेको छ। कक्षा १-३ लाई आधार विद्यालय मानी छुट्टै संरचनाका रुपमा राखीएको छैन।साथै बहुबर्गीय शिक्षण पद्धति अंगाली कम शिक्षकबाट पनि पठनपाठनको व्यवस्था गर्न सकिने सिफारिसलाई व्यवस्थित ढंगले अँगालिएको छैन। आयोगले सिफारिस गरे बमोजिम प्राथमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम विकास गरी देशभरि लागूसमेत भइसकेको छ, तर सिफारिस अनुसार प्राथमिक शिक्षाको पाठ्यक्रममा वास्तविक जीवनसँग सम्बन्धित तथा वातावरण शिक्षा, कृषि शिक्षा जस्ता विषयको व्यवहारिक ज्ञान समावेश भएको छैन। बालबालिकाहरुका लागि बालसाहित्यसम्बन्धी सन्दर्भ-पुस्तक तथा सामग्रीको थप व्यवस्था गरी विद्यालयमा स-साना पुस्तकालयको स्थापना गर्ने सुझावबारे कुनै खास प्रगति भएको देखिँदैन।लेखपढमा स्थानीय मातृभाषाको प्रयोग गर्ने प्रोत्साहन गर्नु पर्ने आयोगको सिफारिसअनुसार केही भाषामा पाठ्यसामग्रीको निर्माण गर्ने कार्य सुरु भएको छ।समुदायको सक्रियतामा मातृभाषाका केही विद्यालयहरु खुलेका छन्।

प्राथमिक विद्यालयमा प्रधानाध्यापकको छुट्टै पदको व्यवस्था गरिएको छैन।प्रत्येक प्राथमिक विद्यालयमा कम्तिमा १ जना महिला शिक्षकको व्यवस्था हुनुपर्ने सुझावको क्रमशः कार्यान्वयन हुँदै गएको देखिन्छ। प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउन समुदाय वा स्थानीय एकाइहरुलाई आफ्नो क्षेत्रमा विद्यालय खोल्न प्रोत्साहन गर्ने सिफारिसको कार्यान्वयन भए पनि यसमा अपेक्षित प्रभावकारित देखिएको छैन।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) पहुँचः विगत दशकहरुमा विद्यालयको उल्लेखनीय रुपमा विस्तार भएकाले हाल प्रति गाउँ विकास समिति सरदर ५.५ भए तापनि शैक्षिक अवसर र सहभागिताको वृद्धि अझ पनि आशा गरेअनुसार हुन सकेको छैन। खास गरी

बालिकाहरु र पिछडिएका जाति तथा समुदायका बालबालिकाहरुको सहभागितामा सामाजिक, सांस्कृतिक एवम् आर्थिक कारणहरुले बाधा दिएका छन्। २०५३ को शैक्षिक तथ्याङ्कअनुसार प्राथमिक उमेरसमूहका करिब एकतिहाइ बालबालिकाहरु अझै पनि औपचारिक शिक्षाबाट बञ्चित छन्।

देशमा ठूलो संख्यामा विद्यालयहरु खोलिए तापनि वैज्ञानिक नक्साङ्कनभन्दा राजनैतिक दबाबका आधारमा खुल्ने गरेकाले तिनीहरुको वितरण समानुपातिक हुन नसकी अझै पनि बालबालिकाहरुका निमित्त प्राथमिक विद्यालयहरु आधा घण्टा वा सोभन्दा बढी दूरीमा अवस्थित छन्।छात्रा र पिछडिएका समुदायका बालबालिकाहरुको न्यून सहभागिता चिन्ताको प्रमुख विषय हुन गएको छ।

प्राथमिक शिक्षाको मुख्य चुनौती पहुँच कसरी बढाउने भन्दा पनि विद्यार्थी सहाभागिता र उपस्थिति कसरी वृद्धि गर्ने भन्ने रहेको छ।अध्ययनहरुले के देखाएका छन् भने प्राथमिक उमेरका ८९% जति बालबालिकाहरुका निमित्त विद्यालयहरु आधा घण्टा वा त्यसभन्दा कम दूरीमा अवस्थित छन्।समुदायमा विद्यालय रहँदारहँदै पनि विद्यालयहरुमा बालबालिकाहरुको सहभागिता ज्यादै न्यून रहेको छ।प्राथमिक शिक्षाको अवधि ५वर्ष र विद्यार्थीको उमेर ६ वर्ष सिफारिस गरिएतापनि र यसअनुरुप शिक्षा नियमावलीमा व्यवस्था भए तापनि त्यसको कार्यान्वयन हुन सकेको छैन।प्राथमिक कक्षामा अध्यनरत पूर्व प्राथमिक उमेर(३-५) का विद्यार्थीहरुको आधिकारिक तथ्याङ्क नभए तापनि सीमित अध्ययनहरुबाट कक्षा १ मा मात्र प्राथमिक विद्यालय जाने विद्यार्थीहरुको संख्या १४% देखि २८% सम्म हुन सक्ने अनुमान गरिएको छ। पूर्वप्राथमिक उमेरका विद्यार्थीहरुका निमित्त शैक्षिक कार्यक्रम तयार नगरिएकाले र सानै उमेरदेखि बालबालिकाहरुलाई विद्यालय पठाउनु पर्ने बाबुआमाको इच्छा र बाध्यताले पनि यो संख्या बढ्दो छ।

(२) आन्तरिक दक्षताः विद्यार्थीहरुले विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने वा प्राथमिक चक्र पूरा नगर्ने प्रवृत्ति प्राथमिक कक्षाहरुमा विकराल रुपमा देखिएको छ।कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुमध्ये केवल ३७.३% मात्र कक्षा २ मा जान्छन्, अरु या असफल भएर कक्षा दोहोऱ्याउँछन् या विद्यालय छोडेर जान्छन्। तिनीहरुलाई प्राथमिक विद्यालयमा ५ कक्षा उत्तीर्ण नगरुन्जेल कसरी थामी राख्ने भन्ने ठूलो चुनौती रहेको छ।विभिन्न अध्ययनहरुले प्राथमिक तह पूरा गर्न विद्यार्थीहरुलाई सरदर ९ देखि १२ वर्षसम्म लाग्ने कुरा देखाएका छन्।यसबाट प्राथमिक शिक्षाका निमित्त सरकारले गरेको लगानीको उचित सदुपयोग नभएको देखिन्छ।

(३) विद्यार्थी मूल्याङ्कनः प्राथमिक तहमा हाल विद्यमान गम्भीर शैक्षिक क्षतिको सिर्जना वर्तमान परीक्षा प्रणालीबाट भएको हो।विद्यार्थीले विद्यालय छोड्ने र

कक्षा दोहोऱ्याउने मूल कारण वर्षको अन्त्यमा लिइने औपचारिक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ।प्राथमिक तहका प्रारम्भिक कक्षाहरुमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलापमा संलग्नता र कक्षापरीक्षालाई आधार मानी नियमित रुपले प्राथमिक कक्षाका बालबालिकाहरुको अनवरत मूल्याङ्कन नगरी वर्षको एकपटक लिइने औपचारिक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरिन्छ।प्रारम्भिक कक्षाहरुको मुख्य उद्देश्य बालबालिकाहरुको विद्यालयमा आउने बानी बसाल्ने, सिकाइप्रति उनीहरुलाई उत्प्रेरित गर्ने र उपल्ला कक्षाहरुको निमित्त तयार गर्ने हुनु पर्नेमा सो नभई बढी विषयवस्तुप्रधान वा प्राज्ञिक खालको हुन पुगी असफलताको कारण बनेको छ।

(४) प्राथमिक शिक्षाको गुणस्तरः प्राथमिक शिक्षाको विकासका निमित्त विद्यालय स्थापना र शिक्षकको नियुक्ति भए पुग्ने भन्ने मानसिकता सरकार र स्थानीय समुदायमा व्याप्त छ। विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्न गुणात्मक लगानी र प्रक्रियाको आवश्यकता हुन्छ भन्ने तर्फ ध्यान दिएको देखिँदैन।आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाद्वारा सन् १९९७मा सम्पन्न कक्षा ३ का विद्यार्थीहरुको राष्ट्रिय उपलब्धिको स्तरका विषयमा गरिएको एक अध्ययनले प्राथमिक तहको गुणस्तरबारे चिन्ताजनक तथ्याङ्क प्रस्तुत गरेको छ।उक्त अध्ययनका अनुसार विभिन्न विषयहरुमा कक्षा ३ मा विद्यार्थीहरुले प्राप्त गरेको सरदर अङ्क ५०% र सोभन्दा तल रहेको तथ्य तालिका २ ले देखाएको छ।अधिकांश सरकारी अनुदान प्राप्त विद्यालयहरुमा उपयुक्त सिकाइ वातावरणको विकास हुन सकेको छैन।प्राथमिक बालबालिकाहरुसँग पूर्वप्राथमिक शिक्षाको अनुभवको अभाव, शिक्षकहरुको न्यून योग्यता र उनीहरुलाई तालिमको अभाव, निरन्तर विद्यार्थी मूल्याङ्कनको अभाव, कमजोर विद्यालय व्यवस्थापन, भौतिक तथा शैक्षिक साधनहरुको अपर्याप्तता आदिले गर्दा विद्यार्थीहरुको सिकाइसम्बन्धी उपलब्धिमा खास सुधार आउन नसकेको तथ्य विभिन्न अध्ययनबाट स्पष्ट भएको छ।

तालिका २ विद्यार्थी उपलब्धि

| विषय | हिमाली क्षेत्र | पहाड | तराई | नेपाल |
|---|---|---|---|---|
| नेपाली | ४५.३२ | ४८.९१ | ४२.८२ | ४५.५६ |
| गणित | ४२.८४ | ४५.३४ | ४२.५९ | ४३.८१ |
| सामाजिक शिक्षा | ५०.३५ | ५१.०० | ४९.७१ | ५०.३९ |

स्रोतः आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, १९९७

प्राथमिक शिक्षाको गुणस्तरको सर्वत्र आलोचना भइरहेको छ। अध्ययनहरुबाट प्राथमिक तहमा अध्यापन गरिने नेपाली, गणित र सामाजिक शिक्षा जस्ता मूल विषयमा विद्यार्थीहरुको सरदर उपलब्धि ५०% भन्दा कम रहेको छ।

(१) सान्दर्भिकताः प्राथमिक शिक्षाको मुख्य लक्ष्य अन्य विषयका अतिरिक्त विद्यार्थीहरुलाई साक्षरता र गणितीइ सीप प्रदान गर्ने रहेको छ। यस तहको राष्ट्रिय पाठ्यक्रम पनि सोहीअनुरुप तयार भइसकेको छ, तर यो पाठ्यक्रम ग्रामीण परिवेश र अर्थतन्त्रअनुकुल नभएको गुनासो पनि सुनिएको छ।शिक्षा अनुसन्धान तथा विकास केन्द्रले सम्पन्न गरेको एउटा अध्ययनले जनाएअनुसार प्राथमिक तहको पाठ्यक्रमले नेपालका विभिन्न समुदाय, भाषाभाषी तथा जनजातिको संस्कृति र व्यवहारको प्रतिनिधित्व गर्न सकेको छैन।साथै वातावरण शिक्षा, कृषिजस्ता विषयको व्यावहारिक ज्ञानको समायोजन पाठ्यक्रममा गरिएको छैद्द भने व्यावहारिक र जीवनोपयोगी मूल्य, मान्यता र सीप विकासभन्दा सैद्धान्तिक शिक्षणमा अत्यधिक जोड दिएको पाइन्छ।

(२) कार्यक्रम विस्तारः प्राथमिक शिक्षालाई सर्वसुलभ गराउन औपचारिक शिक्षाबाट मात्र सम्भब हुँदैन। यसको निमित्त औपचारिक तथा अनौपचारिक दुवैको उचित व्यवस्था हुनु जरुरी छ। हाल आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, अनौपचारिक शिक्षा परिषद् तथा गैरसरकारी संस्थाहरुले समेत विद्यालय छोडेका वा नजाने बालबालिकाहरुका निमित्त विद्यालयबाहिर शैक्षिक कार्यक्रम सञ्चालन गरी शिक्षा प्रदान गर्दै आएका छन्।मूल्याङ्कन अध्ययनहरुबाट ती कक्षाहरुमा लक्षित बालबालिकाहरु भर्ना नभएको, कक्षाहरु सुचारु रुपले सञ्चालन नभएको र बालबालिकाहरुले आशातित शैक्षिक उपलब्धि हासिल गर्न नसकेको कुरा ज्ञात हुन आएको छ।

(३) सर्वसुलभताः सामान्यतः प्राथमिक शिक्षा निकट सर्वसुलभ बनेको अवस्थामा अनिवार्य गर्नु उपयुक्त हुन्छ।प्राथमिक उमेरका करिब एकतिहाइ बालबालिकाहरु अझै पनि औपचारिक शिक्षामा सहभागी बनिनसकेको परिप्रेक्ष्यमा प्राथमिक शिक्षाको खुद भर्नाको राष्ट्रिय औसतलाई हेर्दा अझै पनि एकतिहाइ बालबालिकाहरु विद्यालय भन्दा बाहिर छन्।हालका वर्षहरुमा देखिएको उत्साहजनक विद्यार्थी सहभागितालाई हेर्दा अब राज्यद्वारा नै प्राथमिक शिक्षालाई अनिवार्य गर्ने कानुनी व्यवस्था आइसकेको छ, तर प्राथमिक शिक्षाको सहभागितामा सामाजिक, सांस्कृतिक तथा आर्थिक कारण बाधक हुने स्थिति छ भने हरेक बालकका निमित्त विद्यालयको पहुँच पनि सुनिश्चित भइसकेको छैन।

(४) माध्यमः नेपालमा अझै पनि मातृभाषाका रुपमा बोलिने राष्ट्रिय भाषाहरुमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्रीको विकास हुन नसकेको,

प्राथमिक तहका शिक्षकको नियुक्ति गर्दा बालबालिकाहरुको मातृभाषा जानेको व्यक्तिलाई प्राथमिकता दिने नीति नलिएको, स्थानीय मातृभाषामा शिक्षण गर्न सामग्री र शिक्षक तालिमको समेत व्यवस्था हुन नसकेको र राष्ट्रिय भाषामा प्राथमिक शिक्षाप्रदान गर्ने ठोस नीति र कार्यक्रम विकास हुन नसकेको देखिन्छ।

(५) शिक्षकहरुको योग्यता र स्तरः बालबालिकाहरुको सिकाइ उपलब्धि बढाउन र गुणात्मक शिक्षा प्रदान गर्न शिक्षकहरुको निर्णायक भूमिका रहन्छ। सबैजसो प्राथमिक शिक्षकहरुले शिक्षा मन्त्रालयद्वारा निर्धारित न्यूनतम शैक्षिक योग्यता प्रवेशिका परीक्षा उत्तीर्ण गरेका छन्, तर शिक्षण पेसामा प्रवेश गर्ने धैरैजसो शिक्षकहरु तल्लो श्रेणीमा वा पटक पटक परीक्षा दिई प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने व्यक्तिहरु रहेका छन्। यसले शिक्षकहरुमा प्राथमिक तहमा पढाइ हुने विषयहरुप्रतिको समझदारी वा ज्ञान पर्याप्त छैन भन्ने कुरा सुचित गर्छ।अधिकांश शिक्षकहरु प्राथमिक पाठ्यक्रममा समाविष्ट गणित, विज्ञान र अङ्ग्रेजी विषयहरु शिक्षण गर्न सक्ने प्राज्ञिक क्षमताका देखिँदैनन्। शिक्षकहरुको अपर्याप्त शैक्षिक पृष्ठभूमि र सेवाकालीन तथा अल्पकालीन तालिमको अवसर नहुनु आदिले सिकाइ-शिक्षणमा प्रभावकारिता आउन सकेको छैन।

(६) विद्यालय व्यवस्थापनः विद्यालय तहको व्यवस्थापन केन्द्रीकृत प्रकृतिको छ।प्रधानाध्यापकको नियुक्तिदेखि व्यवस्थापन समितिको मनोनयन, शिक्षक भर्ना, सरुवा तथा पदोन्नति, निरीक्षण, स्रोतवितरण आदि सबै कुराहरुमा स्थानीय समुदाय र अभिभावकहरुलाई संलग्न गराउन सकिएको छैन।विद्यालयले गर्ने अव्यवस्थित शिक्षक नियुक्तिको प्रक्रियाले गर्दा अयोग्य शिक्षकहरुको प्रवेश शिक्षण पेशामा हुने सम्भावना बढेको छ।

प्राथमिक विद्यालयहरुको सञ्चालन निकै निराशाजनक रहेको छ। कतिपय विद्यालयहरु शिक्षा मन्त्रालयले निर्धारण गरेबमोजिम खुल्ने गर्दैनन्। यस्ता विद्यालयहरुमा शिक्षक उपस्थिति एकदमै न्यून देखिन्छ।दुर्गम भेगका कतिपय विद्यालयहरुमा शिक्षकहरु नियमित रुपमा विद्यालयमा उपस्थित नभई आलोपालो गरी उपस्थित रहने कुरा बराबर सुनिन्छ। विद्यालय र शिक्षकहरुको नियमित निरीक्षण तथा अनुगमन गर्ने संयन्त्रले प्रभावकारी रुपमा काम नगर्नुका साथै स्थानीय समुदायलाई विद्यालय व्यवस्थापनमा बढी जिम्मेवार बनाउन नसकेको हुनाले विद्यालयहरुको सञ्चालन प्रभावकारी हुन सकेको छैन।आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रधानाध्यापकको सेवाकालीन परिचयात्मक तालिमको व्यवस्था सीमित रुपमा गरिए तापनि प्रधानाध्यापक छनोट, नियुक्ति र प्रोत्साहनका सम्बन्धमा ठोस कदम नचालिएको हुँदा विद्यालय प्रशासन कमजोर भएको छ।

प्राथमिक विद्यालयहरुमा प्रधानाध्यापक भन्ने छुट्टै पद नभएका कारण पनि संस्थागत नेतृत्वको अभाव देखिन्छ।राष्ट्रिय शिक्षा आयोग २०४९ले सिफारिस गरेअनुसार सरकारले प्राथमिक विद्यालयमा एक जना महिला शिक्षक अनिवार्य रुपमा राख्ने व्यवस्था गरे तापनि सबै विद्यालयमा यो व्यवस्था गर्न सकिएको छैन।

(१) भौतिक विकासका लागि अपर्याप्त लगानीः आधारभूत तथा प्राथमिक शिक्षाको क्षेत्रममा सरकारले कुल शैक्षिक खर्चको लगभग ५५% खर्च गर्छ।सरकारले प्राथमिक शिक्षामा गर्ने लगानीको लगभग ७०% रकम शिक्षकहरुको तलवभत्ताका निमित्त खर्च हुन्छ। विद्यालयहरुलाई सरकारले दिने अनुदान विद्यार्थी भर्नामा आधारित छ।शैक्षिक सूचना प्रणाली बलियो नभएकाले विद्यालयहरुमा सरकारी अनुदान जसरी भए पनि लिइराख्ने प्रवृत्ति व्याप्त छ।शिक्षाको सम्पूर्ण दायित्व सरकारले लिनु पर्छ भन्ने सामान्य जनभावना रहेकाले परम्परागत रुपमा समुदायहरुबाट विद्यालयलाई शैक्षिक तथा भौतिक विकासका लागि उपलब्ध हुने सहयोग पनि घटेर गएको छ।

प्राथमिक शिक्षालाई निःशुल्क मानिए तापनि व्यवहारमा यो शिक्षा निःशुल्क रहेको छैन।अधिकांश प्राथमिक विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, खेल्नेचौर, खानेपानी, शौचालय, शिक्षण सामग्री आदिको अभाव छ।स्थानीय स्तरबाट परम्परागत रुपमा भइरहेका आर्थिक स्रोतहरुको परिचालन हालका वर्षहरुमा घट्दै गएको छ।खासगरी शिक्षालाई निःशुल्क शिक्षाको नाममा सरकारले शिक्षकको तलबको जिम्मा लिने र अर्कातिर स्थानीय सहयोग उपलब्ध हुन नसक्नाले प्राथमिक विद्यालयहरुको आर्थिक अवस्था चिन्ताजनक बन्न पुगेको छ।

(२) पाठ्यपुस्तक वितरणः पाठ्यपुस्तक वितरणको वर्तमान नीतिअन्तर्गत पाठ्यपुस्तकहरु अभिभावकहरुले बजारबाट स्वयं खरिद गर्ने र पछि विद्यालयबाट भुक्तानी लिने व्यवस्था रहेको छ।अभिभावकहरुले पुस्तकका मूल्यको भुक्तानी पाइरहेका छैनन् भन्ने व्यापक जनगुनासो छ।एकातिर अभिभावकहरुले भुक्तानी प्राप्त गरेका छैनन् भने अर्कातिर सरकारले निःशुल्क पाठ्यपुस्तक वितरणका निमित्त विनियोजन गरेको वार्षिक ९ करोड रकम वर्षेनि खर्च भइरहेको छ।हालै सम्पन्न एउटा अध्ययनले कक्षा १ का ६०% र कक्षा २ देखि ५ का ४०% देखि ५०% बालबालिकाहरुसँग निर्धारित पाठ्यपुस्तकहरु या त हुँदै नभएको या प्रयोगमै ल्याउन नसक्ने स्थितिमा रहेको कुरा देखाएको छ।उक्त अध्ययनअनुसार प्राथमिक पाठ्यपुस्तकहरु सरदर ४ महिनामात्र खप्ने खालका छन्।वर्तमान वितरण नीतिले आर्थिक रुपले सक्षम र असक्षम परिवारहरुलाई भेद गरेको छैन।समयमै पाठ्यपुस्तक उपलब्ध नहुनु

र विद्यालयबाट पाठ्यपुस्तकको वितरण गर्ने व्यवस्था त्यति प्रभावकारी नहुनु पाठ्यपुस्तकको वितरणमा समस्याका रुपमा देखापरेको छ।

(३) स्थानीय निकायहरुको भूमिकामा अस्पष्टताः समुदाय वा स्थानीय निकायहरुलाई आफ्ना क्षेत्रमा विद्यालय खोल्न प्रोत्साहन गर्ने उदार नीतिका कारण विभिन्न विद्यालयहरु खुलेका छन्।जसोतसो विद्यालय खोलेपछि सरकारले यस्ता विद्यालहरुलाई पछि आफ्नो आर्थिक दायित्वभित्र समेट्छ भन्ने जनविश्वास रहेको छ।प्राथमिक विद्यालयहरुको स्थापना, व्यवस्थापन, र लगानीका सम्बन्धमा स्थानीय भूमिका स्पष्ट गर्न सकिएको छैन।

(४) अव्यवस्थित विस्तारः देशमा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुको भौगोलिक वितरण पनि अव्यवस्थित र असन्तुलित रहेको छ।नक्साङ्कनका आधारमा सम्भावित उपयुक्त वितरणलाई ख्याल गरी विद्यालयहरुलाई स्वीकृति दिने परिपाटी नबसेकाले कतिपय ठाउँमा विद्यालयहरुको संख्या अनाबश्यक रुपमा बढ्न गई सरकारी रकमको सदुपयोग हुन नसकेको पनि पाइन्छ।

**सुझावहरुः**

(१) १. उद्देश्यः प्राथमिक शिक्षाको मूलभूत उद्देश्य निम्नानुसार हुनु पर्छः–

(क) (क)बालबालिकाहरुमा जीवनका लागि अति आवश्यक पर्ने आधारभूत दक्षताहरुको विकास गर्नु,

(ख) (ख) बाँच्नका लागि आवश्यक जीवन सीपहरुको विकास गर्नु,

(ग) (ग)बालबालिकाहरुमा अन्तर्निहित क्षमताको विकास गर्नु,

(घ) (घ)जीवनोपयोगी, प्रजातान्त्रिक एवं सामाजिक मूल्य र मान्यताहरुको विकास गर्नु,

(ङ) (ङ) वैज्ञानिक तथा वातावरणीय चेतनाको विकास गर्नु।

(२) विशेष प्राथमिकताः प्राथमिक शिक्षालाई सरकारले उच्च प्राथमिकताको क्षेत्र मान्नु पर्छ। सर्वसुलभीकरण र निरक्षरता उन्मूलन गर्ने कार्यक्रमलाई कायमै राखी यस तहको शिक्षालाई मूलतः तीन पक्षमा केन्द्रित गर्नु पर्छः–

(क) सर्वसुलभ पहुँच तथा भर्ना,

(ख) १० वर्ष उमेरसम्मका बालबालिकाहरुको विद्यालयीय शिक्षामा निरन्तरता,

(ग) उच्चतम शैक्षिक उपलब्धि।

(३) लक्ष्यः आगामी नवौं योजनाको अन्तसम्ममा ६–१० उमेर समूहका ९०% र दशौं योजनाको अन्तसम्ममा शतप्रतिशत बालबालिकाहरुलाई प्राथमिक शिक्षामा सहभागी गराउने लक्ष्य लिइनु पर्छ।

शिक्षा मन्त्रालय

(४) नक्साङ्कन सुगमताः प्राथमिक उमेरका करिब एक तिहाई बालबालिकाहरु औपचारिक शिक्षाको अवसरबाट बञ्चित भएकाले उनीहरुको विद्यालय जाने सुगमतालाई बढाउन र आवश्यक स्थानमा मात्र विद्यालय स्थापना गर्न नक्साङ्कनको आधारमा प्राथमिक विद्यालयहरु वा अनौपचारिक शिक्षाका कक्षाहरु स्थापना गरिनु पर्छ। प्राथमिक विद्यालय उमेर पुगेका प्रत्येक बालबालिकाका निमित्त घरदेखि विद्यालयसम्मको दूरी आधा घण्टा वा सोभन्दा कम हुने गरी विद्यालय वा अनौपचारिक प्राथमिक शिक्षा केन्द्रहरु खोलिनु पर्छ। विद्यार्थी संख्याको कमी भएका र अपेक्षित भन्दा कम दूरीमा खोलिएका विद्यालयहरुलाई एउटै प्राथमिक विद्यालयमा गाभेर संचालन गर्नु उपयुक्त देखिएमा सो समेत गरिनु पर्छ।

(५) लक्षित समूहका लागि प्रोत्साहनः खास गरी दलित र पिछडिएका जनसमुदायका बालबालिकाहरुलाई प्राथमिक विद्यालयतर्फ आकर्षित गर्नका लागि निःशुल्क पाठ्यपुस्तक, विद्यालय पोसाक, छात्रवृत्ति र खाजाको व्यवस्था गरी ती समुदायका बालबालिकाहरुलाई विद्यालय जान प्रोत्साहित गरिनु पर्दछ।

(६) मूल्यांकन र उदार कक्षोन्नतिः कक्षा दोहोऱ्याउने र विद्यालय छोड्ने अवस्थाबाट सृजित शैक्षिक क्षतिलाई घटाउन र विद्यार्थीहरुलाई पढाइमा थामिराख्नका लागि कक्षा १ देखि ३ सम्म विद्यार्थीहरुले स्वाभाविक रुपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने उदार कक्षोन्नतिको व्यवस्था गर्नु पर्छ। उदार कक्षोन्नतिको नीति अवलम्बन गर्दा अनवरत मूल्यांकनलाई सँगसँगै लैजानु आवश्यक छ। विद्यार्थीहरुको उपलब्धिको लेखाजोखाका निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक परीक्षा, लिखित तथा मौखिक परीक्षा, गृहकार्य, उपस्थिति र अभिलेखसमेतलाई आधार बनाइनु पर्छ।

(७) पाठ्यपुस्तक वितरणः पाठ्यपुस्तकको उपलब्धता बढाउन अग्रिम रुपमा मुद्रण गरी पाठ्यपुस्तकहरु बिक्रेता समक्ष पुऱ्याउने र निजी क्षेत्रलाई समेत विद्यालय तहका पाठ्यपुस्तकको प्रकाशनमा सहभागी गराउने नीति अपनाइनु पर्छ। पाठ्यपुस्तक वितरणको वर्तमान व्यवस्थालाई यथावत् राख्नु पर्छ।

(८) स्रोत परिचालनः निःशुल्क प्राथमिक शिक्षा भन्नाले विद्यालय प्रवेश शुल्क, पुनः प्रवेश शुल्क र मासिक शुल्क लिन नपाइने व्यवस्थालाई बुझ्नु पर्छ। यसबाट विद्यालय संचालन तथा भौतिक विकासका निमित्त स्थानीय निकाय र समुदायको सहभागितामा स्रोत परिचालन गर्न रोकिएको मानिनु हुँदैन। यस क्रममा स्थानीय गाउँ विकास समिति तथा नगरपालिकाहरुलाई विकेन्द्रीकरणको सिद्धान्तका आधारमा प्राथमिक शिक्षाको लगानी, व्यवस्थापन, संचालन र निगरानी राख्ने जिम्मेवारी दिंदै जानु पर्छ।

(९) प्राथमिक विद्यालय र शिक्षा सदनः प्राथमिक शिक्षालाई सर्वसुलभ गराउन हाल प्रचलित शिक्षा सदन कार्यक्रमलाई विद्यालय विस्तार कार्यक्रमका रुपमा संचालन गरिनु पर्छ। यस अनुसार प्रत्येक विद्यालयले आफ्नो विद्यालय सेवा क्षेत्र परिभाषित गरी त्यस क्षेत्रभित्र विद्यालय आउन नसक्ने वा विद्यालय छोडेका बालबालिकाहरुलाई शिक्षा दिनका निमित्त कार्यक्रम बनाउनु पर्नेछ। उक्त विद्यालयको समन्वय र रेखदेखमा शाखा कक्षा, साना स्कूल वा विस्तारित कक्षा स्थापित गरी प्राथमिक शिक्षाका निर्धारित पाठ्यपुस्तकलाई नै प्रयोगमा ल्याई प्राथमिक शिक्षा दिने व्यवस्था गर्नु आवश्यक छ।

(१०) प्रधानाध्यापकः प्राथमिक विद्यालयहरुमा प्रधानाध्यापकको छुट्टै पद सृजना गरी निजलाई विद्यालय संचालनको सम्पूर्ण जिम्मेवारी सुम्पनु पर्छ। प्रधानाध्यापक नियुक्त गर्ने वर्तमान परिपाटीका सट्टा प्रतिस्पर्धाद्वारा छनौट गर्नका साथै प्राथमिक तहको प्रधानाध्यापकको पदलाई निम्नमाध्यमिक शिक्षक सरह बनाउनु पर्छ।

(११) व्यवस्थापन समितिः विद्यालय व्यवस्थापन समिति गठनको वर्तमान प्रक्रियामा सुधार गरी पठन पाठनसँग प्रत्यक्ष सरोकार राख्ने अभिभावक, विद्यालयको स्थापना र विकासमा सेवा पुऱ्याउने स्थानीय व्यक्तिहरु समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रक्रियाबाट व्यवस्थापन समिति गठन गरी त्यसलाई अधिकार सम्पन्न बनाउनु पर्छ।

(१२) सुधारात्मक शिक्षणः प्राथमिक तहमा हाल प्रचलित शिक्षण परिपाटी निकै कमजोर रहेकोछ। त्यसले गर्दा पनि कक्षामा विद्यार्थीहरुलाई आकर्षित गर्न र यस तहमा भएको गम्भीर शैक्षिक क्षतिलाई कम गर्न उनीहरुका सिकाइसम्बन्धी कमजोरीहरु समयमै पहिचान गरी सुधारात्मक शिक्षण समेत गर्ने परिपाटी बसाल्नु पर्छ।

(१३) शिक्षकहरुको योग्यताः हाल प्राथमिक तहमा पढाउने शिक्षक प्रवेशिका उत्तीर्ण गरेको हुनुपर्ने प्रावधान रहेकोमा शैक्षिक स्तर र उमेरको प्रौढता तथा दक्षिण एशियाली मुलुकहरुमा प्राथमिक शिक्षकको शैक्षिक योग्यता कक्षा १२ र सो भन्दा बढी भएको परिपे्र73यमा प्राथमिक शिक्षकहरुको शैक्षिक योग्यताको स्तर वृद्धि हुनु पर्छ।

(१४) अनिवार्य प्राथमिक शिक्षाः हाललाई देशव्यापीरुपमा प्राथमिक शिक्षालाई पूर्णतः अनिवार्य नगरी प्राथमिक तहको भर्नादर निकट सर्वसुलभ पुगिसकेका र अनिवार्य बनाउन आवश्यक आधारशिला तयारी भइसकेका वा हुन सक्ने अवस्थामा रहेका गाउँ विकास समिति, नगरपालिका, जिल्ला र क्षेत्रहरुमा प्राथमिक शिक्षा क्रमशः अनिवार्य गर्दै जाने नीति लिइनु पर्छ। यसको निमित्त उपयुक्त वातावरण र सामाजिक दवाब सृजना गर्न आवश्यक नियम बनाई

तत्काल कार्यान्वयन प्रारम्भ गरिनु पर्छ। दशौं योजनाको अन्त्यसम्ममा राज्यद्वारा नै कानूनी आधारमा प्राथमिक शिक्षालाई अनिवार्य गरिनु पर्छ।

(१५) पाठ्यक्रम पाठ्यपुस्तकः प्राथमिक शिक्षामा हाल पठन पाठन गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा बालबालिकाको परिवेश अनुरुप र जीवनोपयोगी पाठ्यवस्तुहरुमा जोड दिनुका साथै तिनमा उपयुक्त र स्तर अनुरुपको सुधार तथा परिमार्जन गरिनु पर्छ।

(१६) बालोपयोगी सन्दर्भ सामग्रीः प्राथमिक विद्यालयहरुमा केन्द्रीय स्तरबाट निर्धारित पाठ्यपुस्तकहरुका साथै अन्य सहयोगी सन्दर्भ पुस्तक तथा सामग्रीहरुको उपयोग गर्न प्रोत्साहित गर्नु पर्छ। बालबालिकाहरुको पठन बानीको विकास गर्न स्तर अनुसारका बालसाहित्यका पुस्तकहरुको छनौट गरी उपलब्ध गराउने तर्फ प्रयास हुनु पर्छ।

(१७) मातृभाषाको माध्यम र पाठ्यसामग्रीः मातृभाषाको माध्यमद्वारा प्राथमिक शिक्षा दिने नीतिलाई कार्यान्वयन गर्न नेपालका राष्ट्रिय भाषाहरुमा विद्यालय खोली शिक्षा दिनका लागि सरकारले पाठ्यक्रम तथा पाठ्यसामग्रीहरुको निर्माण र शिक्षक तालिमको आवश्यक व्यवस्था र सहयोग गर्नु पर्छ।

शिक्षा मन्त्रालय

# माध्यमिक शिक्षा

## विषय प्रवेश

माध्यमिक शिक्षाको संरचनाअन्तर्गत तीन तह समेटिएका छन्।निम्नमाध्यमिक(कक्षा ६ - ८) माध्यमिक कक्षा (९-१०) र उच्चमाध्यमिक कक्षा (११-१२)। उच्चशिक्षाअन्तर्गत रहेको प्रमाणपत्र तहको शिक्षालाई विश्वविद्यालयीय शिक्षाबाट विस्थापन गरी उच्चमाध्यमिक तहमा प्रतिस्थापन गर्ने काम प्रारम्भ भइसकेको छ।तसर्थ उच्चमाध्यमिक शिक्षाको संरचना र व्यवस्थापनसम्बन्धी छुट्टै प्रकृतिको समस्या भएकाले यसका विषयमा अलग्गै चर्चा गरिएको छ।

## वर्तमान स्थिति

२०५३ को तथ्याङ्क अनुसार नेपालमा तहगत आधारमा ५५०६ निम्नमाध्यमिक र २९०३ माध्यमिक विद्यालयहरु छन् भने निम्नमाध्यमिक तहमा ७९१५०२ र माध्यमिक तहमा ३२९८३३ विद्यार्थीहरु अध्ययनरत छन्।उपलब्ध तथ्याङ्क अनुसार निम्नमाध्यमिक तहमा १९७०४ र माध्यमिक तहमा १६४२३ शिक्षकहरु कार्यरत छन्।दुबै तहमा कार्यरत शिक्षकहरुमध्ये क्रमशः ३१.५% र ४४.६% मात्र तालिम प्राप्त छन्।निम्नमाध्यमिक उमेर(११-१३)का बालबालिकाको संख्या १५७२२१७ र माध्यमिक उमेरका बालबालिकाको संख्या ९५१८४० रहेको अनुमान गरिएको छ।निम्नमाध्यमिक तहमा सहजै देखिने भर्ना दर ५०.३% र माध्यमिक तहमा सो दर ३४.७ प्रतिशत रहेको छ।तर खुद भर्नादर भने निम्नमाध्यमिक तहमा २६.८% र माध्यमिक तहमा १८.२ % छ।

तत्कालिन शैक्षिक स्थितिलाई समीक्षा गरी माध्यमिक शिक्षा प्रणालीलाई बढी सान्दर्भिक तथा राष्ट्रिय विकासका लागि प्रभावकारी तुल्याउन राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्रस्तुत गरेका विभिन्न सुझावहरुमध्ये केही प्रमुख सुझावहरु निम्नानुसार छन्ः

- माध्यमिक शिक्षाको संरचना तीन तहको हुनुपर्दछः निम्न माध्यमिक कक्षा (६-८),माध्यमिक(९-१०), र उच्चमाध्यमिक (१०-१२)।
- संख्यात्मक विस्तारका हकमा आठौँ योजनाअवधिमा माध्यमिक तहको उमेर समूहका विद्यार्थीमा सरदर भर्ना प्रतिशत निम्नमाध्यमिकमा ६०%, माध्यमिकमा ४५%, र उच्चमाध्यमिकमा ३०% पुऱ्याउनु पर्छ। यसो गर्न औपचारिक कक्षा खोलेर मात्र सम्भव नभएमा दूरशिक्षा प्रणालीसमेत अपनाउनु पर्छ।आठौँ योजनाभित्र अधिराज्यका सबै जिल्लामा कक्षा १२ सम्म अध्ययन गर्ने सहुलियत प्रदान गर्नु पर्छ।
- निम्नमाध्यमिक कक्षामा १०० पूर्णाङ्कको ऐच्छिक भाषामा मातृभाषा, राष्ट्रभाषा, अङ्ग्रेजी र संस्कृत मध्ये कुनै एक लिनु पर्छ।
- संस्कृत माध्यमिक शिक्षामा ऐच्छिक भाषाअन्तर्गत संस्कृत लिनु पर्छ।



शिक्षा मन्त्रालय

- माध्यमिक विद्यालयमा ऐच्छिकमा नलिएको कुनै एक विषय वा एक पत्र अतिरिक्त ऐच्छिकमा लिन सकिनेछ। अतिरिक्त ऐच्छिकमा उत्तीर्णाङ्क-अनुत्तीर्णाङ्कसँग सम्बद्ध नगरी उत्तीर्णभन्दा माथिको प्राप्ताङ्क जोडिने व्यवस्था गर्नु पर्छ।
- एस एल सी परीक्षासम्बन्धी व्यवस्था निम्नलिखितअनुसार गर्नु पर्छः क) एउटै पाठ्यक्रम लागू हुने हालको स्थितिमा केन्द्रीय तहमा माध्यमिक माध्यमिक परीक्षाको तयारी गरी क्षेत्रीय तहमा परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षण गराउने तथा परीक्षाफल प्रकाशन गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्छ। ख) प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, परीक्षासञ्चालन प्रक्रिया, परीक्षाफल प्रकाशन आदिमा सुधार  गर्न उपयुक्त व्यवस्था गर्नु पर्छ।ग) विभिन्न विशेषज्ञहरु भएको समितिको व्यवस्था हुनुपर्छ। घ) कम्पार्टमेन्टलको व्यवस्था केही वर्ष कायमै राख्नु पर्छ।

२०४९ को आयोगको सुझावअनुसार माध्यमिक तहको शिक्षालाई तीन तहको बनाइसकिएको छ। आठौँ योजनाभित्र अधिराज्यका सबै जिल्लामा कक्षा १२को पठनपाठनको सुविधा उपलब्ध गराइएको छैन।निम्नमाध्यमिक कक्षामा ऐच्छिक भाषा अन्तर्गतको पठनपाठनको व्यवस्था पनि भएको छैन। त्यस्तै आयोगले सुझाव प्रस्तुत गरेअनुसार निम्नमाध्यमिक तहमा विज्ञान र वातावरण विषयलाई एक पत्रका रुपमा राखी जनसंख्या र वातावरण शिक्षा सम्बन्धी ५० पूर्णाङ्कको एक पत्र समावेश गरिएको छ।

उक्त आयोगले सिफारिस गरेअनुसार माध्यमिक तहमा सामाजिक शिक्षालाई अनिवार्य विषयमा समावेश गरिएको छ र यसको पाठ्यक्रम समेत आवश्यक सुधार गरी लागू गरिएको छ।ऐच्छिकअन्तर्गत २०० पूर्णाङ्क सुझाइएकोमा १०० पूर्णाङ्कको स्वास्थ्य तथा शारीरिक शिक्षा, कम्प्यूटर अथवा जनसङ्ख्या शिक्षाका तीन विकल्पमध्ये कुनै एक विषय लिनु पर्ने र अर्को ऐच्छिकअन्तर्गत निर्धारित विषयसमूहबाट एक पत्र लिनुपर्ने व्यवस्था गरिएको छ। यसरी एस एल सी मा ७०० पूर्णाङ्क अनिवार्य तथा ऐच्छिक र १०० पूर्णाङ्कको थप इच्छाधीन गरी ८०० प्रस्तावित गरिएकोमा थप इच्छाधीनलाई नराखी ७०० पूर्णाङ्कको मात्र कायम गरिएको छ।आयोगले माध्यमिक परीक्षाको सुधारका लागि दिएका सुझावहरुअनुरुप उत्तरपुस्तिकाको परीक्षण व्यवस्थालाई विकेन्द्रीकरण गर्ने र परीक्षाफल सापेक्ष रुपमा छोटो समयमा प्रकाशित गर्ने काम प्रारम्भ भएको छ।प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण र विशेषज्ञहरुको समितिको व्यवस्थामा खास प्रगति भएको छैन।

२०४९ सालपछिको करिव ५ वर्षभित्र माध्यमिक शिक्षाका क्षेत्रमा महत्त्वपूर्ण कामहरू भएका छन्। १० कक्षासम्म निःशुल्क गरिएको छ र माध्यमिक शिक्षा विकास

परियोजनाको कार्यान्वयन भएको छ।माध्यमिक तहको पाठ्यक्रममा परिवर्तन गरी नयाँ पाठ्यक्रमअनुसार पाठ्यपुस्तकहरु तयार गर्ने काम जारी छ।विद्यालय तथा विद्यार्थी सङ्ख्या बढेको कुरा निम्नलिखित तालिकामा प्रस्तुत तथ्याङ्कबाट स्पष्ट हुन्छः

माध्यमिक विद्यालय तथा विद्यार्थी (सार्वजनिक)

| | १९५१ | १९७१ | १९७६ | १९८१ | १९९१ | १९९६ |
|---|---|---|---|---|---|---|
| निम्नमाध्यमिक | २०० | ६७७ | २२८९ | २७९६ | ४०५५ | ५५०६ |
| माध्यमिक | ११ | ४९४ | ५२० | ९१८ | २०७९ | २९०३ |
| प्राविधिक | | | | २ | ६ | १५ |
| निमावि विद्यार्थी | | ५३००० | ७०००० | १७०००० | ३७८००० | ७९१५०२ |
| माध्यमिक विद्यार्थी | १७००० | ६७००० | ७४००० | १४४००० | ३९५००० | ३२९८३३ |

(निजी)

| विद्यालय तथा विद्यार्थी | २०४६ | २०४९ | २०५३ |
|---|---|---|---|
| निमावि | ५७५ | ८१९ | २१४५ |
| मावि | ७५६ | १२२६ | १२४१ |
| निम्नमाध्यमिक विद्यार्थी | ३४३०१ | ५२७९० | १३५४९९ |
| माध्यमिक विद्यार्थी | ९१८४९ | १५३४७ | ६६४१३ |

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) पहुँचः विगतका वर्षहरुमा माध्यमिक शिक्षाको निकै विस्तार भएको छ। खास गरी विद्यालयहरुको संख्या र विद्यार्थी भर्नालाई आधार मान्दा माध्यमिक शिक्षाले ठूलो फड्को मारेको देखिन्छ।विगतमा माध्यमिक तहमा जसरी विद्यार्थी भर्नामा द्रुततर रुपमा वृद्धि भएको छ, आगमी वर्षहरुमा त्यस भन्दा अझै निकै वृद्धि हुँदै जाने देखिन्छ।प्राथमिक शिक्षाको विस्तार र विकासका कारण माध्यमिक शिक्षामा दवाब पर्न जानु स्वभाविक हुन्छ, तर सहजै देखिने भर्ना दर र खुद भर्नादर हेर्ने हो भने माध्यमिक उमेरका अधिकांश बालबालिकाहरु यस तहको शिक्षाको अवसरबाट अझै पनि बञ्चित नै छन्।त्यसमा पनि पिछडिएका क्षेत्र र समुदायमा बस्ने बालबालिकाहरुको माध्यमिक शिक्षामा पहुँच एकदमै सीमित छ।

(२) आन्तरिक र बाहय दक्षताः विश्व बैङ्कले गरेको एक अध्ययनअनुसार कक्षा ६ मा अध्ययन गर्ने प्रत्येक एकसय जना विद्यार्थीमध्ये २५ जनाले ७ कक्षापछि विद्यालय छोड्छन्। ४१ जना माध्यमिक परीक्षामा बस्छन् र केवल १५ जना मात्र उत्तीर्ण हुन्छन्।निम्नमाध्यमिक तथा माध्यमिक तहका प्रायजसो सबै कक्षाहरुमा निकै ठूलो संख्यामा विद्यार्थीहरु असफल हुने वा कक्षा

दोहोऱ्याउने वा बीचैमा विद्यालय छाड्ने गर्दछन्। २०५३ को शैक्षिक तथ्याङ्क अनुसार कक्षा ६ मा २१.५%, कक्षा ७मा १६.९५%, कक्षा ८मा २४.६%, कक्षा ९मा २१.४% विद्यार्थीहरुले असफल हुने वा कक्षा दोहोऱ्याउने वा बीचैमा विद्यालय छाड्ने गर्दछन्।बाह्य दक्षताका दृष्टिले हेर्दा माध्यमिक शिक्षाले विद्यार्थीहरुलाई कामको संसारमा प्रवेश गर्न चाहिने आवश्यक ज्ञान र सीप दिन सकेको छैन।

(३) गुणस्तरमा ह्रासः नेपालको माध्यमिक शिक्षा संख्यात्मक विस्तार तिर लम्केको छ, तर गुणस्तर वृद्धिका दृष्टिले चाहिँ यो निकै कमजोर छ।जनसमूहका दृष्टिमा सार्वजनिक विद्यालयको गुणस्तर ज्यादै न्यून देखापरेको छ।विद्यलय र शिक्षकहरुको द्रुत वृद्धिले गर्दा केही हदसम्म विद्यार्थीहरुको पहुँच बढाउने काम पनि गरेको छ, तर विस्तारसँगसँगै गुणस्तरमा ह्रास पनि तीव्र बन्दै गएको छ।विद्यालयहरूले एसएलसी परीक्षामा सफलताको प्रतिशत सन्तोषजनक तुल्याउन सकेका छैनन्। निजी क्षेत्रका विद्यालयहरु उपलब्ध भएका ठाउँमा विद्यार्थीहरु सार्वजनिक विद्यालयहरुलाई छोडी निजी क्षेत्रमा अध्ययन गर्न जाने प्रवृत्ति बढेको छ।यसर्थ विस्तार र शिक्षाको गुणस्तरका बीच सन्तुलन कायम हुन सकेको छैन।शिक्षाको गुणात्मक विकासका निमित्त चाहिने असल सिकाइ-शिक्षण,वतावरण, विद्यालयको व्यवस्थापन, दक्ष तथा समर्पित शिक्षक, सिकाइप्रति उत्प्रेरित विद्यार्थी आदिको निकै कमी रहेको छ। न्यूनतम भौतिक सुविधाको अभाव पनि शिक्षाको गुणस्तर खस्कने कारण बनेको छ।माध्यमिक शिक्षाको बढ्दो मागको पूर्ति गर्न योग्यता र तालिम हासिल गरेका शिक्षक, भौतिक सुविधाहरुको विकास र अन्य आवश्यक शैक्षिक साधनहरुको व्यवस्था गर्न नसकेमा गुणस्तर कायम गर्न कठिन छ।

(४) आर्थिक समस्याः सरकारले माध्यमिक शिक्षामा शिक्षाको कुल बजेटको करिब २४% विनियोजन गर्छ।सरकारबाट विद्यालयहरुले प्राप्त गर्ने अनुदानको लगभग सबैजसो रकम शिक्षक तलबमा खर्च हुन्छ।भौतिक सुविधा विस्तार र शैक्षणिक सामग्रीको व्यवस्थाका निमित्त विद्यालयहरुलाई सरकारी सहायता उपलब्ध छैन।सरकारले प्रवेश शुल्क, पुनःप्रवेश शुल्क तथा मासिक शुल्क लिन नपाउने गरी माध्यमिक शिक्षालाई निःशुल्क घोषणा गरेको छ।यसअनुसार विद्यालयहरु विद्यार्थीबाट मासिक शुल्क लिन पाउँदैनन्। विद्यालयको भौतिक सुविधाको विकास तथा सञ्चालन खर्च जुटाउनका निम्ति अभिभावकबाट विद्यालयहरुले एकै पटक ठूलो रकम असुल गर्ने गरेको हुँदा विद्यार्थी तथा अभिभावक दुवैले कठिनाइको सामना गर्नुपरेको छ।अहिलेको स्थितिमा

अभिभावकले विद्यार्थीको शैक्षिक खर्चमा एकतिहाइ ब्यहोरिरहेको अनुमान गरिएको छ।

विद्यालयको भौतिक तथा शैक्षणिक स्रोत तथा साधनका निमित्त स्थानीय सहभागितालाई परिचालन गर्ने भनिए तापनि हालका वर्षहरुमा उक्त सहभागिता घट्दै गएको छ।खास गरी निःशुल्क माध्यमिक शिक्षाको घोषणापछि विद्यालयको आम्दानीका स्थानीय र परम्परागत स्रोतहरु सुक्दै गएका छन्।परिणामस्वरुप विद्यालयभित्रका गतिविधिको गुणस्तर वृद्धि गर्न आवश्यक खर्च अपर्याप्त हुन गएको छ।निःशुल्क माध्यमिक शिक्षाले शिक्षकहरुलाई तलब-भत्ताको चिन्ताबाट मुक्त गरे तापनि विद्यालयहरुलाई गुणात्मक शिक्षाका सन्दर्भमा अझ कमजोर बनाएको छ।सरकारले शिक्षामा सम्पूर्ण जिम्मेबारी लिन्छ भन्ने भ्रम स्थानीय निकाय र जनसमुदायमा पर्न गएको छ।

(१) सान्दर्भिकताः माध्यमिक शिक्षाको मूल उद्देश्य विद्यार्थीहरुलाई उच्चशिक्षामा प्रवेश पाउनका निमित्त मात्र तयार गरेको देखिन्छ। त्यसमा पनि यो काम प्रभावकारी रुपमा पूर्ति हुन नसकेको तथ्य प्रवीणता प्रमाणपत्र तह तथा उच्चमाध्यमिक शिक्षाको नतिजाले दर्साउँछ।

माध्यमिक शिक्षा देशको आर्थिक तथा सामाजिक विकासको लक्ष्य पूरा गर्न असमर्थ बन्दै गएको छ।माध्यमिक शिक्षा पूरा गरेका विद्यार्थीहरुमा श्रमप्रति आदरको भावना घट्दै गएको छ।यो तहको शिक्षा देशमा श्रमबाट भाग्ने शिक्षित बेरोजगार युवायुवतीको समूह तयार पार्न अग्रसर भएजस्तो देखिन्छ।माध्यमिक शिक्षा देशको सामाजिक तथा आर्थिक विकासअनुकुल नभएको देखिएकाले यस तहका शिक्षाको सान्दर्भिकताप्रति प्रश्न उठाउन थालिएको छ।

(२) पाठ्यक्रम तथा पाठ्यपुस्तकः माध्यमिक तहको पाठ्यक्रममा विद्यार्थीहरुलाई व्यवसायतर्फ उन्मुख हुने र जीवनपयोगी सीप तथा ज्ञान दिने विषयहरु कम समावेश भएको पाइन्छ।पाठ्यक्रममा समाविष्ट व्यावसायिक विषयहरु पनि व्यावहारिक भन्दा सैद्धान्तिक वा कोरा ज्ञान दिने हेतुले शिक्षण गरिएका छन्।माध्यमिक तहमा उपयुक्त र स्तरअनुरुपका पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा अपेक्षित ध्यान पुऱ्याउन सकिएको छैन।पाठ्यपुस्तक लेखनको हालको व्यवस्थाले कक्षाअनुरुपका पाठ्यपुस्तकहरु उपलब्ध हुन सकेको पाइँदैन।यस प्रकारका न्यून स्तरका पाठ्यपुस्तक पनि शिक्षाको स्तर घटाउने कारण बन्न पुगेका छन्।

(३) योजनाबिहीन विस्तराः माध्यमिक शिक्षाको योजना तथा लक्ष्यविहीन विस्तार यस तहका शिक्षाको चर्को समस्या हो। नक्साङ्कनका आधारमा आवश्यक ठाउँमा विद्यालयहरु स्थापना नभई माग र दवाबका आधारमा निम्नमाध्यमिक तथा माध्यमिक दुवै खालका विद्यालयहरु स्थापना भएका छन्।फलस्वरुप

गुणस्तर घट्नुका साथै यस तहको शिक्षालाई व्यवस्थित रुपमा विकास गर्न कठिनाई भएको छ।योजनाबद्ध रुपमा विद्यालयको स्वीकृति दिने परिपाटीको राम्ररी कार्यान्वयन गर्न नसक्दा भौगोलिक क्षेत्रका आधारमा पनि असन्तुलन देखिएको छ।मध्य तथा सुदुपश्चिमका जिल्लाहरुमा यस तहको शिक्षामा विद्यालय संख्या तथा विद्यार्थीहरु तुलनात्मक रुपमा निकै कम रहेका छन्।यसबाट शिक्षाको समानुपातिक तथा सन्तुलित विकासमा बाधा पुगेको छ।

(४) व्यवस्थापनः सार्वजनिक विद्यालयहरुको शैक्षिक स्तर सन्तोषजनक नहुनुका अनेक कारणहरु देखिन्छन्।विद्यालयहरुमा नियमित रुपमा पढाइ नहुनु, शिक्षकहरु आफ्ना काम प्रति उदासिन रहनु, आवश्यक संख्यामा विषयगत शिक्षक नहुनु, विद्यालयको व्यवस्थापन प्रभावकारी नहुनु आदि केही प्रमुख कारणहरु मानिन्छन्।यस क्रममा सार्वजनिक विद्यालयको प्रभावहिनताको सबभन्दा ठूलो कारणका रुपमा विद्यालयको असक्षम,अदक्ष र अप्रभावकारी व्यवस्थापन नै देखिन्छ, किनभने आर्थिक स्थिति राम्रै भएका सार्वजनिक विद्यालयहरुको पनि व्यवस्थापनसम्बन्धी असक्षमताकाकारण शैक्षिक गुणस्तर अपेक्षाअनुरुप राम्रो भएको देखिएको छैन। प्रधानाध्यापक अधिकारसम्पन्न नहुनु, व्यवस्थापन समितिको छिटोछिटो परिवर्तन भइरहनु, लामो समयसम्म व्यवस्थापन समितिको गठनको अभाव हुनु नै सार्वजनिक विद्यालयको गुणस्तरमा ह्रास ल्याउने प्रमुख कारण देखा परेका छन्।

**सुझावहरुः**

(१) १. उद्देश्यः माध्यमिक शिक्षाको उद्देश्य निम्नानुसार हुनु पर्छः–

(क) (क)माध्यमिक शिक्षा राष्ट्रिय विकासका निमित्त चाहिने जनशक्तिको जग हुनु पर्छ।

(ख) (ख) यो शिक्षा श्रमप्रति आस्थावान्, राष्ट्र र प्रजातन्त्रप्रति समर्पित र असल नैतिक चरित्रवान् व्यक्तित्वको विकास गर्ने खालको हुनु पर्दछ।

(ग) (ग)विद्यार्थीहरुमा भाषिक क्षमता, सृजनाशीलता, राष्ट्रिय संस्कृति र परम्पराप्रति आदार, वैज्ञानिक दृष्टिकोण, स्वावलम्बन, उद्यमशीलता, अध्ययनशीलता, सहयोगात्मक भावना र प्रजातान्त्रिक जीवन पद्धतिप्रति सचेतता जगाउने खालको हुनु पर्छ।

(२) संरचनाः माध्यमिक शिक्षाको संरचना तीन तहका रुपमा कायम हुनु पर्छ। निम्नमाध्यमिक तह (कक्षा ६–८), माध्यमिक तह (कक्षा ९–१०) र उच्च माध्यमिक तह (कक्षा ११–१२)।

(३) लक्ष्यः दशौं योजनाको अन्त्यसम्ममा निम्नमाध्यमिक र माध्यमिक उमेर समूहका कुल संख्याको क्रमशः ७५% र ६०% विद्यार्थीहरुलाई उक्त तहको शिक्षा प्रदान गर्ने लक्ष्य राख्नु पर्छ।

(४) गुणस्तरः माध्यमिक शिक्षामा संख्यात्मक विस्तार भन्दा पनि गुणस्तरको अभिवृद्धिमा सरकारको जोड हुनु पर्छ।

(५) स्रोत परिचालनः उच्चशिक्षामा हाल सरकारी स्तरबाट भइरहेको लगानीका सापेक्षतामा माध्यमिक शिक्षालाई स्रोत उपलब्ध गराउनु आवश्यक छ। उक्त स्रोतको उपयोग भौतिक सुविधाहरुको विस्तार, पाठ्यक्रम तथा पाठ्यपुस्तक सुधार, शिक्षक तालिम, शैक्षिक सामग्री, व्यवस्थापन तालिम, अनुगमन तथा मूल्यांकन जस्ता पक्षहरुमा हुनु पर्छ।

(६) पाठ्यक्रमको प्रकृतिः माध्यमिक शिक्षालाई कामको संसारसँग निकट राख्न यस तहमा व्यावसायिक विषयहरुको अध्ययन अध्यापनमा बल दिनु पर्छ। माध्यमिक शिक्षा अन्तर्गत आवधिक तथा प्रत्यावर्ती प्रकृतिका व्यावसायिक धाराको सृजना गरी सेवा क्षेत्रका पेसाहरुका निमित्त विद्यार्थीहरुलाई तयार गर्ने नीति लिनु पर्छ। कामको संसारभित्र प्रवेश गर्ने विद्यार्थीहरुलाई पेशागत सीप सँगसँगै बलियो साधारण शिक्षाको समेत आवश्यकता पर्ने हुँदा भाषा, गणित, विज्ञान र सामाजिक शिक्षामा त्यत्तिकै जोड दिनु पर्छ।

(७) पाठ्यक्रमको संरचनाः

(क) निम्नमाध्यमिक तहको पाठ्यक्रममा २०४९ को आयोगले सुझाव अनुसारका अनिवार्य विषयहरुको पठन पाठनका साथै ऐच्छिक भाषा अन्तर्गत १०० पूर्णाङ्कको कुनै एक भाषा पढाउने व्यवस्था गरिनु पर्छ। यसमा मातृभाषा, राष्ट्रभाषा, संस्कृत र अंग्रेजी भाषा मध्ये कुनै एकको छनौट गर्न दिनु पर्छ।

(ख) माध्यमिक तहको पाठ्यक्रम ६०० पूर्णाङ्कको अनिवार्य र २०० पूर्णाङ्कको ऐच्छिक गरी जम्मा ८०० पूर्णाङ्कको हुनु पर्छ।

(ग) माध्यमिक तहको पाठ्यक्रममा निम्नलिखित विषयहरुको पठन पाठन गर्ने व्यवस्था हुनु पर्छः–

- अनिवार्य विषयहरुमा नेपाली, अंग्रेजी, गणित, सामाजिक शिक्षा, विज्ञान र स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा रहनु पर्छ।
- ऐच्छिक विषयहरुमा अतिरिक्त गणित, कम्प्यूटर, जनसंख्या शिक्षा, वाणिज्य, अतिरिक्त विज्ञान, इतिहास, भूगोल, अर्थशास्त्र, अंग्रेजी, पर्यटन, संस्कृति, होटल व्यवसाय, कृषि, मातृभाषा, संस्कृत, नेपाली आदि मध्ये कुनै दुई विषय रहनु पर्छ।

(८) नक्सांकनः विद्यार्थी भर्नाको लक्ष्यलाई ध्यानमा राखी उपयुक्त स्थानमा भौतिक नक्साङ्कनका आधारमा निम्नमाध्यमिक तथा माध्यमिक विद्यालय खोल्ने अनुमति दिनु पर्छ।

(९) थप विद्यालयः आगामी केही वर्ष सुदूर, दुर्गम तथा पिछडिएका क्षेत्रहरुमा विद्यालयहरु स्थापनाका लागि प्राथमिकता दिनु पर्छ।

(१०) अग्रणी विद्यालयः जिल्ला वा निकट क्षेत्रका विभिन्न माध्यमिक विद्यालयका बीच पायक पर्ने, अपेक्षाकृत भौतिक तथा साधन र सुविधा सम्पन्न कुनै एक विद्यालयलाई अग्रणी विद्यालयका रुपमा विकास गर्नु पर्नेछ र यस्ता विद्यालयहरुले आसपासका अन्य विद्यालयहरुका निम्ति स्रोत केन्द्रका रुपमा समेत काम गर्नु पर्छ।

(११) प्रधानाध्यापकः विद्यालयको प्रधानाध्यापक पद आवधिक हुनु पर्छ। योग्यता, जेष्ठता र क्षमताका आधारमा स्थायी शिक्षकलाई प्रधानाध्यापकमा नियुक्त गर्नु पर्छ र कार्यक्षमताकै आधारमा प्रधानाध्यापकको पुनर्नियुक्ति गर्ने र हटाउने सुस्पष्ट व्यवस्था हुनु पर्छ। प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यहरुलाई व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्छ।

(१२) शिक्षकः विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु पर्छ। तालिम अप्राप्त व्यक्तिलाई स्थायी पदमा नियुक्त गर्नु हुँदैन। अस्थायी नियुक्ति गर्दा पनि तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिनु पर्छ। शिक्षकहरुको ग्रेड थप तथा बढुवाका लागि उनीहरुको कार्यसम्पादन मूल्यांकनलाई समेत आधार बनाईनु पर्छ। शिक्षा नियमावलीमा उल्लेख भए अनुसार समयमा नै शिक्षकको बढुवा गर्ने प्रक्रिया थाल्नु पर्छ।

(१३) पाठ्यपुस्तक तथा पाठ्यसामग्रीः

(क) पाठ्यपुस्तक नैतिकता, देशभक्ति, सांस्कृतिक विविधता, जातिय सद्भाव, विभिन्न जाति र समुदायका व्यक्तित्वहरुको राष्ट्रिय योगदान तथा लैङ्गिक समानता जस्ता कुराहरुमा आधारित हुनु पर्छ। हालका कतिपय पाठ्यपुस्तकहरुमा देखिएका लैङ्गिक असमानता, जातिगत ऊचनीच, धार्मिक तथा सामाजिक भेदभावलाई प्रश्रय दिने खालका अंशहरु हटाउनु पर्छ।

(ख) कक्षा ६ देखि १० सम्म सरकारद्वारा प्रकाशित पाठ्यपुस्तकका अतिरिक्त अन्य उपयुक्त पाठ्यपुस्तक तथा पाठ्यसामग्री पनि प्रयोगमा ल्याउनका लागि बहुपाठ्यपुस्तक प्रणालीको व्यवस्था हुनुपर्छ, तर यस्ता अतिरिक्त पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट गर्दा राष्ट्रिय उद्देश्य र परिवेश अनुरुपका र गुणस्तरीय हुनु अत्यावश्यक छ।

(१४) परीक्षाः

(क) निम्नमाध्यमिक तहको कक्षा ८ को परीक्षा जिल्लास्तरीय हुने व्यवस्थालाई कायमै राखी अन्य परीक्षाहरु विद्यालयले नै लिने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्छ।

(ख) हालको एस.एल.सी. परीक्षा माध्यमिक परीक्षाका रुपमा क्रमशः क्षेत्रीय तहबाट संचालन गर्ने व्यवस्था हुनु पर्छ। परीक्षा नियन्त्रण कार्यालयबाट प्रश्नपत्र मात्र उपलब्ध गराउने व्यवस्था गर्नु उपयुक्त हुनेछ। त्यस स्थितिमा विद्यालय स्तरको अन्तिम परीक्षाका रुपमा कक्षा १२ को परीक्षा प्रतिस्थापित हुन जानेछ।

(१५) व्यवस्थापनः

(क) विद्यालय तहको व्यवस्थापनमा सुधार ल्याउन व्यवस्थापन समितिलाई सक्षम तथा अधिकार सम्पन्न बनाइनु पर्छ। उक्त समितिमा जिल्ला शिक्षा कार्यालय तथा स्थानीय निकायका प्रतिनिधि, अभिभावक, वरिष्ठ शिक्षक, शिक्षासेवीको समेत प्रतिनिधित्व हुनुपर्छ।

(ख) विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिकालाई सक्षम र प्रभावकारी बनाइनु पर्छ।

(ग) शिक्षक तथा कर्मचारी प्रशासनको सुदृढीकरण गर्नु पर्दछ।

(१६) दण्ड र पुरस्कारको व्यवस्थाः शिक्षकले लिएको कक्षा संख्या, अनुशासन, नियमितता, विषयगत उत्तीर्णाङ्कका आधारमा पारदर्शी किसिमको दण्ड र पुरस्कारको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्छ। शिक्षकको मूल्यांकनमा प्रधानाध्यापकको भूमिकालाई महत्वपूर्ण बनाउनु पर्छ।

(१७) विद्यालयको वर्गीकरणः निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरु तीन प्रकारका हुनेछन्: सार्वजनिक, सामुदायिक र निजी।

(क) सार्वजनिकः

- सार्वजनिक विद्यालयले निःशुल्क शिक्षा दिनु पर्छ। यस्ता विद्यालयहरुले प्रवेश शुल्क, पुनः प्रवेश शुल्क र मासिक शुल्क बाहेक भौतिक पूर्वाधारको निर्माण र शैक्षिक विकास तथा विस्तारका निम्ति सक्षम अभिभावकहरुबाट मात्र आवश्यक रकम उठाउन सक्नेछन्।
- यस्ता विद्यालयमा शिक्षकको तलब, सुविधा तथा शैक्षिक सामग्री सम्बन्धी सामान्य खर्च सरकारले अनुदानका रुपमा उपलब्ध गराउनु पर्छ।
- दुर्गम क्षेत्र तथा विपन्न वर्गका जनसमुदाय रहेका अविकसित ग्रामीण क्षेत्रका यस्ता विद्यालयहरुमा प्राथमिकता अनुसार सरकारले भौतिक

शिक्षा मन्त्रालय

पूर्वाधारको निर्माण र शैक्षिक विकास तथा विस्तारका निम्ति पूरा खर्च व्यहोर्नु पर्छ।

(ख) सामुदायिकः

- कुनै संघ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षकहरु वा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरु आदिको संयुक्त नेतृत्वमा संचालन भएका विद्यालयहरुलाई सामुदायिक विद्यालय मान्नु पर्छ। यस्ता विद्यालयहरुले निर्धारित मापदण्ड अनुसार लागत पूरणको अवधारणा अनुसार शुल्क उठाउन पाउने व्यवस्था हुनु पर्छ।
- यस्ता विद्यालयहरुलाई ग्रामीण क्षेत्रमा पनि संचालन गर्नका निम्ति प्रोत्साहन दिनु पर्छ।
- हाल सरकारी लगानीमा संचालित सक्षम विद्यालयहरुले सामुदायिक विद्यालयका रुपमा परिणत हुन चाहेमा तिनलाई क्रमशः सामुदायिक विद्यालयका रुपमा विकसित गर्दै लैजानु पर्छ। यसबाट आर्थिक तथा व्यवस्थापन सम्बन्धी सरकारको दायित्व यस्ता क्षेत्रमा कम हुन जान्छ र आर्थिक स्रोत जुटाउन नसक्ने विपन्न समुदाय, दुर्गम तथा कम आयस्रोत हुने क्षेत्रका विद्यालयको विकासमा सरकारको ध्यान बढी केन्द्रित हुन पाउँछ।
- यसरी परिणत भएका सामुदायिक विद्यालयलाई सरकारले विद्यालयको श्रेणीकरणलाई समेत ध्यानमा राखी वार्षिक एकमुष्ट अनुदान दिने नीति लिनु पर्छ।
- विद्यालयलाई आवश्यक पर्ने सम्पूर्ण शिक्षक, कर्मचारी, भौतिक सुविधा, शैक्षिक सामग्री आदिको व्यवस्थाको जिम्मा व्यवस्थापकहरुको सामूहिक दायित्वमा रहनेछ। यस्ता विद्यालयहरुलाई शैक्षिक सामग्री र घरजग्गा खरीद गर्दा लाग्ने कर, अन्तःशुल्क आदि सबै मिनाहा गर्नु पर्छ।
- यस्ता विद्यालयका शिक्षकहरुको तालिम, भ्रमण, छात्रवृत्ति, अध्ययन आदिमा सरकारले सहयोग गर्नु पर्छ। शिक्षक तालिम, वृत्तिविकास तथा भौतिक संसाधनको विकास र विद्यार्थी कल्याणकोषमा वार्षिक बजेटबाट विद्यालयले १५% रकम छुट्याउनु पर्छ।
- निम्न आय भएका परिवारहरुलाई पर्ने प्रभावलाई कम गर्न छात्रवृत्ति र आर्थिक सहयोग दिने नीति लिनु पर्दछ। यस क्रममा गरिब तथा जेहेन्दार र विशेष लक्षित समूहका लागि निर्धारित कोटा अनुसार छात्रवृत्तिको व्यवस्था गर्नु पर्छ। सार्वजनिक विद्यालयबाट सामुदायिकमा परिणत भएका विद्यालयहरुमा सरकारको साझेदारी भूमिका बढी रहने हुँदा सोही अनुपातमा छात्रवृत्तिको कोटा पनि निर्धारित हुनु पर्छ।

- सामुदायिक विद्यालयको व्यवस्थापन समितिलाई निर्धारित मापदण्ड अनुरुप बढी स्वायत्तता दिनु पर्छ।
- विद्यालयको शैक्षिक गतिविधिको समय र कार्यपात्रोको निर्धारण विद्यालय व्यवस्थापन समितिले आफैं गर्न पाउनेछ, तर विद्यालय संचालनको अवधि राष्ट्रिय स्तरमा निर्धारित कार्यघण्टाको अवधिभन्दा कम हुनु हुँदैन।

(ग) निजीः निजी तथा आवासीय विद्यालयहरुका बारेमा अलग्गै चर्चा गरिएको छ। (हेर्नुः निजी तथा आवासीय विद्यालय)

(१८) विद्यालयको श्रेणीकरणः तालिम प्राप्त शिक्षकहरुको उपलब्धता, परीक्षा नतिजा, विद्यार्थी संख्या, भौतिक सुविधा, पुस्तकालय, प्रयोगशाला, अतिरिक्त क्रियाकलाप जस्ता परिसूचकका आधारमा प्रत्येक माध्यमिक विद्यालयहरुलाई विभिन्न स्तरमा प्रत्येक ३ वर्षको अन्तरालमा श्रेणीकरण गर्ने परिपाटी बसाल्नु पर्छ। उक्त श्रेणीकरणका आधारमा विद्यालयहरुलाई अनुदान दिने व्यवस्था गर्नु पर्छ।

(१९) संस्कृत माध्यमिक विद्यालयः

(क) शिक्षा मन्त्रालय अन्तर्गत संस्कृत शिक्षा हेर्ने एकाइको व्यवस्था हुनु पर्छ। साथै पाठ्यक्रम विकास केन्द्रमा पनि संस्कृत सम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण तथा परिमार्जन, अनुगमन आदिका लागि छुट्टै एकाइको व्यवस्था हुनु पर्छ।

(ख) संस्कृत माध्यमिक विद्यालयका निम्नमाध्यमिक कक्षाहरुमा ऐच्छिक भाषा अन्तर्गत साधारण संस्कृतको पठन पाठन हुनु पर्छ।

(ग) संस्कृत माध्यमिक विद्यालयका कक्षाहरुमा इच्छाधीन विषयका रुपमा २०० पूर्णाङ्कको संस्कृत विषय रहनु पर्छ।

(घ) आयुर्वेद स्वास्थ्य शिक्षाका निम्ति ऐच्छिक विषयका रुपमा १०० पूर्णाङ्कको पाठ्यक्रम राखिनेछ। थप इच्छाधिन विषयमा व्यावसायिक प्रकृतिका आयुर्वेद, योग, कर्मकाण्ड आदि मध्ये कुनै एक पत्र संस्कृत रहनु पर्छ।

# निजी तथा आवासीय विद्यालय

**विषय प्रवेश**

सरकारले २०३६ सालपछि विद्यालयहरुलाई निजी स्तरमा सञ्चालन गर्ने छुट दिएको हुँदा निजी क्षेत्रले शिक्षण संस्था खोल्ने लहर चल्यो।यस्ता शिक्षण संस्थाहरु निजी विद्यालय तथा आवासीय विद्यालयका रुपमा सञ्चालित छन्।अधिराज्यभरि प्राथमिकदेखि माध्यमिकसम्मका जम्मा तहगत विद्यालयहरुको संख्या ४८८८ निजी तथा आवासीय विद्यालयहरु भएको र यस्ता विद्यालयमा जम्मा ४८१२५२(१०.५%) विद्यार्थीहरु अध्ययनरत देखिन्छन्।

निजी विद्यालय भन्नाले सरकार वा सरकारको कुनै पनि निकाय र स्वामित्व भएका संघसंस्थाहरुले बाहेक निजी लगानीमा संघसंस्था,व्यक्ति वा समूहले सरकारसँग सालबसाली आर्थिक अनुदान नलिई सञ्चालन भएको पूर्वप्राथमिकदेखि उच्चमाध्यमिक विद्यालयसम्मको विद्यालय सम्झनु पर्दछ।नेपालमा अहिले यस प्रकारका निजी क्षेत्रमा सञ्चालित विभिन्न शिक्षण संस्थाहरु छन्।कुनै सरकारी पहलमा स्थापना भएपछि सरकारी सहायता नपाएर निजी हुन गएका, कुनै सेवा भावले स्थापना भई पछि सरकारले सहायता नदिएपछि निजी भएका र कुनै २०३६ सालपछि सरकारले नै व्यक्तिलाई विद्यालय खोल्ने स्वीकृति दिएपछि व्यक्तिगत स्वामित्वमा रहेका निजी विद्यालयहरु छन्।

**वर्तमान अवस्था**

निजी रुपमा सञ्चालित विद्यालयहरुको स्थायित्व कसरी कायम गर्ने र यिनीहरुलाई संस्थागत रुपमा कसरी विकसित गर्ने भन्ने कुराको अन्योल छ।एउटा अध्ययनले आफ्नै नाममा जग्गा र भवन हुने विद्यालयको संख्या १०% मात्र रहेको देखाएको छ।सर्वेक्षणअनुसार ११९ विद्यालयमध्ये केवल ८ वटाको मात्र आफ्नो भवन रहेको पाइएको छ।

देशमा निजी क्षेत्रमा सञ्चालित शिक्षण संस्थामा आधाभन्दा बढी संस्थाहरु पूर्वप्राथमिक शिक्षामा जोड दिने खालका छन्।यी विद्यालयहरु सरकारी स्रोतबाट संरक्षित संस्थाका रुपमा रहेका छैनन्।यी संस्थाहरुप्रति न सरकारको नियन्त्रण न निर्देशन नै छ।यस्तो प्रतिकुल अवस्था भएको हुँदा निजी क्षेत्रका शिक्षण संस्थाहरुलाई निश्चित नीतिका आधारमा अगाडि बढाउन सकिएको छैन।

सरकारको सीमित स्रोतसाधनले  मात्र शिक्षाको बढ्दो मागलाई उपयुक्त ढङ्गले परिपूर्ति र व्यवस्थित गर्ने सम्भव देखिँदैन।यसैले मुलुकको शिक्षा विकासमा निजी क्षेत्रको लगानी र योगदानको विशेष महत्व छ।अपेक्षित स्तरयुक्त शिक्षा विकासका लागि निजी क्षेत्रलाई शिक्षामा बढी लगानी गर्न प्रेरित गर्न र गुणस्तरयुक्त शिक्षा स्वदेशमै उपलब्ध गराई विदेशी

मुद्रा खर्च गरी देशबाहिर गएर पढ्न जानु नपर्ने परिस्थिति सृजना गर्न यस्ता विद्यालयहरुको भूमिका उल्लेखनीय हुन्छ।

निजी तथा आवासीय विद्यालयबारे राष्ट्रिय शिक्षा आयोग २०४९ का केही प्रमुख सुझावहरु यसप्रकार छन्

- निजी विद्यालय दुई प्रकारका हुनुपर्छः १ सामाजिक सेवाको भावनाबाट प्रेरित अथवा मुनाफाको दृष्ट नराख्ने र २ सेवामूलक उद्योग वा व्यावसायबाट प्रेरित अथवा मुनाफाको दृष्टि राख्ने।
- श्री ५को सरकारको नियमित आर्थिक सहायताको अपेक्षा नगरी सञ्चालक समितिले निर्धारण गरेअनुसार शुल्क लगाई वा विशेष व्यवस्था गरी सञ्चालन गरिएका विद्यालयहरुलाई क्षेत्रका विद्यालय मानिनु पर्छ।
- निजी क्षेत्रका विद्यालयहरुले पनि मूल पाठ्यक्रम चाहिँ श्री ५ को सरकारले तोकेअनुसार पठनपाठन गर्ने व्यवस्था मिलाउनुपर्छ।यस्ता विद्यालयहरुमा थप शैक्षिक कार्यक्रम र पाठ्यसामग्री लागू गर्न सकिने व्यवस्थासमेत हुनु पर्छ।
- श्री ५ को सरकारबाट स्वीकृत थप पाठ्यसामग्री प्रयोग गरी पठनपाठनको उपयुक्त वातावरणमा वैज्ञानिक शिक्षण विधिबाट अध्यापन गरी उच्चस्तरीय शिक्षा दिन यस प्रकारका विद्यालयहरु अभिप्रेरित हुनु पर्छ।
- निजी क्षेत्रमा सञ्चालित विद्यालयहरुको समूह बनाई त्यस्तो समूहअन्तर्गतका विद्यालयहरुलाई थप पाठ्यक्रम तथा परीक्षा व्यवस्था हालको एसएलसी बोर्डअन्तर्गत नै रहने गरी लागू गर्न श्री ५को सरकारले निर्धारित सर्तमा अनुमति दिनु पर्छ।
- निजी तथा आवासीय विद्यालयको शैक्षिक व्यवस्थापन, पठनपाठन आदिको मूल्याङ्कन अनुगमन तथा निरीक्षणका लागि सम्बन्धित निकायले व्यवस्था गर्नु पर्छ।
- स्तरीय शिक्षा प्रदान गर्न आवश्यक भौतिक तथा शैक्षिक आवश्यकताहरुको सूची तयार पारी ती सबै पूर्वाधारहरु पूरा गरेका विद्यालयहरुलाई पहिलो चरणमा अस्थायी स्वीकृति दिनु पर्छ।
- निजी विद्यालयहरुलाई स्थायी स्वीकृति दिँदा निश्चित आधार पूरा गरेका तथा आफ्नै भवन भएकाहरुलाई प्राथमिकता दिनु पर्छ।स्वीकृतिप्राप्त गरिसकेका तर न्यूनतम आधार नभएका विद्यालयहरुलाई तोकिएको अवधिभित्र(५ देखि १० वर्षभित्र) उक्त आधार पूरा गर्न लगाउनु पर्छ अन्यथा स्वीकृति रद्द गर्न सकिने व्यवस्था हुनु पर्छ।
- निजी विद्यालयहरुले आफूले विद्यार्थीहरुलाई दिने सहुलियत र सुविधाअनुरुपको शुल्क मात्र लिने गर्नु पर्दछ।

- निजी विद्यालयहरुले कम्तिमा ५% गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क अध्ययन गराउने व्यवस्था गर्नुपर्छ।
- निजी क्षेत्रका विद्यालयहरुले श्री ५ को सरकारबाट स्वीकृत तथा निर्धारित नियमको अधीनमा रही आफ्नो आर्थिक क्षमता अनुसार शिक्षकको तलब, सञ्चयकोष, उपदान तथा अन्य सुविधाको व्यवस्था गर्नुपर्छ।
- विद्यालयले प्रत्येक वर्ष आम्दानी खर्चको लेखा परीक्षण गराउनुपर्छ र सो प्रतिवेदनबारे श्री ५ को सरकार तथा अभिभावकहरुलाई जानकारी गराउनु पर्छ।
- साधारणतया जनुसुकै ठाउँमा खोलिने निजी विद्यालयहरुलाई पनि उपयुक्त नक्साङ्कनका आधारमा खोल्न स्वीकृति दिने व्यवस्था हुनु पर्छ।
- हाल खोलिएका विद्यालयहरुमा कुनै विद्यालय राष्ट्रिय मूल पाठ्यक्रमको पठनपाठन नहुने गरी खोलिएका भए सोको छानबीन गरी त्यस्तालाई पनि राष्ट्रिय मूल पाठ्यक्रम लागू गर्ने व्यवस्था मिलाउनु पर्छ।

उक्त आयोगले निजी विद्यालयहरुलाई सेवामूलक उद्योग वा व्यवसायका रुपमा सञ्चालन गर्न सिफारिस गरिए तापनि नगण्य विद्यालयले मात्र यसतर्फ चासो देखाएको पाइएको छ। यसको कारण या त संस्थापकहरु आफ्नो संस्थालाई ऐन नियमभित्र सञ्चालित गराई सरकारलाई अपेक्षित लाभ पुऱ्याउनबाट हिच्किचाएको या त यस प्रावधानले सेवामूलक संस्थाको भावनालाई आधात पुऱ्याउँछ भन्ने ठानेको हुन सक्छ।

आयोगले सुझावअनुसार थप पाठ्यसामग्री राख्न  सकिने व्यवस्था गरिएको छ, तर निजी विद्यालयहरुले ती सामग्री उपयुक्त आधारमा छनोट गरी प्रयोग गरेका छन् वा छैनन् भन्ने अनुगमन हुन सकेको छैन।साथै विद्यालयहरुले आवश्यकता भन्दा बढी पाठ्यसामग्री राखी अनावश्यक बोझ विद्यार्थी र अभिभावकमा थपेको पनि गुनासो सनिएको छ।

आयोगले सुझावअनुसारका स्वीकृतिका प्रावधानअनुसार अहिलेसम्म काम भएको देखिँदैन।निजी विद्यालयहरु भौतिक-शैक्षिक पूर्वाधार पूरा नगरी आआफ्नै ढङ्गले खास मानकबिना न  सञ्चालित भइरहेका छन्।शिक्षामा निजी क्षेत्रलाई आकर्षित गर्न सरकारले यस्ता विद्यालयहरुलाई स्वीकृति दिनमा उदार नीति अपनाएको छ, तर यस उदार नीतिको प्रतिकूल प्रभावका रुपमा घरघर र गल्लीगल्लीमा खेल्ने चौर र राम्रो कोठासम्म नभएका विद्यालयहरु यत्रतत्र खोलिएका देखिन्छन्।सुझाइएअनुसारको नक्साङ्कनका आधारमा विद्यालयको स्वीकृति दिने नीति लिइएको छैन।निर्धारित आधार पूरा नगरेका विद्यालयको स्वीकृति रद्द गरिएको पनि पाइएको छैन र त्यस्तो आधार पूरा नगरेकालाई अनुमति दिने काम पनि बन्द भएको पनि देखिँदैन।हालसम्म सञ्चालित निजी विद्यालयहरु अस्थायी स्वीकृतिका भरमा चलिरहेका छन्।यसबाट

कतिपय निजी विद्यालयहरुले अपेक्षित भौतिक र शैक्षिक गुणस्तर पुग्न बाँकी छ भन्ने पनि स्पष्टै देखिन्छ।

आयोगले सहुलियत र सुविधाअनुरुपको शुल्क मात्र लिनु पर्ने भने तापनि विद्यालयले उठाउने शुल्कको औचित्य र उपयुक्तताका बारेमा समुदायलाई विश्वस्त तुल्याउने संयन्त्र विकास गर्न सकेको देखिँदैन।निजीक्षेत्रमा सञ्चालित कतिपय विद्यालयहरुले चर्को शुल्क लिनु,अचानक शुल्क बढाउनु र आफूले उपयुक्त सेवा नपुऱ्याए पनि त्यसबापत शुल्क लिने गर्नुजस्ता कुराबारे व्यापक जनगुनासाहरु यथावत् छन्।निजी विद्यालयहरुले कम्तीमा ५% गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क अध्ययन गराउनु पर्ने सुझाव दिइए तापनि यससम्बन्धी व्यवस्था प्रभावकारी भएको देखिँदैन।

शिक्षकको सेवासर्त र सुविधा तथा वार्षिक आयव्ययको पारदर्शी किसिमले लेखापरीक्षण गराउनु पर्ने कुरा सुझाव भए तापनि यसबारे ठोस कदम चालिएको देखिँदैन।निजी क्षेत्रमा सञ्चालित विद्यालयको शिक्षक नियुक्ति, तलब तथा अन्य सुबिधाको जिम्मा विद्यालय सञ्चालक समितिलाई दिइएको छ।सबै सञ्चालक समितितहरुले स्वीकृत नीतिका आधारमा शिक्षक नियुक्ति तथा शिक्षक सुविधाको व्यवस्था गरे-नगरेको निगरानी सम्बन्धित सरकारी निकायले राख्न सकेको देखिँदैन।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) अव्यवस्थित विस्तारः भौतिक पूर्वाधारसम्म पनि उपलब्ध नभएका निजी विद्यालयहरु घरघरमा खोल्न स्वीकृति दिइएको छ र अनुमति नलिई विद्यालय सञ्चालन गरिएका छन्, तल्लो स्तर सञ्चालन गर्ने अनुमति लिई माथिल्लो स्तरका कक्षाहरु सञ्चालन गरिएका छन्।शिक्षा नियमावलीमा उल्लेख भएबमोजिमका आधारहरुलाई पालन गरिएको छैन।निश्चित पूर्वसर्त र पूर्वाधारको वस्तुगत खोलुवा र आकलन नगरी मापदण्डविहीन आधारमा अन्धाधुन्ध रुपमा नयाँ विद्यालयहरुलाई निवेदनकै भरमा अनुमति दिने परिपाटी जिल्लाजिल्लामा देखिएकाले यस क्षेत्रमा अन्योलको स्थिति सृजना हुन पुगेको छ।आवश्यकताको अध्ययन नगरी विद्यालय खोल्ने अनुमति दिइनाले अनावश्यक रुपमा विद्यालय-विद्यालयका बीचमा अनुत्पादक प्रतिस्पर्धा भइरहेको हुँदा यसले स्थापित र गुणस्तरयुक्त विद्यालयको संस्थागत विकासमा पनि अवरोध ल्याउने आशङ्का भएको छ।

हाल निजी विद्यालयहरु खोली सञ्चालन गर्नेहरुका लागि अनुमति दिँदा सञ्चालकहरुको न्यूनतम शैक्षिक योग्यताको बेवास्ता गर्नु पनि यिनको सञ्चालनमा देखापरेका विकृति र विसंगतिहरुको कारण मानिएको छ।

(२) न्यूनतम भौतिक पूर्वाधारः कितपय निजी विद्यालयहरु न्यूनतम भौतिक सुविधा नजुटाई जथाभावी ढङ्गले सञ्चालित छन्।कक्षा कोठा, खेलमैदान,

पुस्तकालय, प्रयोगशाला आदिको उचित व्यवस्थाका अभावमा पनि महँगो शुल्क लिई सञ्चालन गर्ने प्रवृत्ति बढिरहेको देखिएको छ।विद्यार्थी-शिक्षक अनुपातको उपयुक्त मानदण्डको ख्याल नगरी पठनपाठन सञ्चालन भएको छ।

(३) शिक्षणसंस्थाको स्वामित्वः निजी विद्यालयहरुको स्वामित्वबारे सम्बद्ध सबैलाई स्वीकार्य हुन सक्ने सरकारी नीतिको अभाव भएकाले पनि विद्यालयकै नाममा संस्थागत लगानी गर्ने वातावरण सृजना हुन सकेको छैन।स्वामित्वको स्वरुपमा हाल विद्यमान अस्पष्टता र असमझदारीले गर्दा विद्यालयहरुको संस्थागत विकासमा बाधा पुग्न गएको छ। निजी तथा आवासीय विद्यालयको स्थापनाका लागि संस्थापकहरुले गरेका मूल लगानीका अतिरिक्त यसको भौतिक तथा शैक्षिक सामग्रीको विकास तथा विस्तारमा अभिभावकहरुले प्रत्यक्ष रुपमा गरेको योगदान तथा स्थानीय निकाय,सरकारी तथा गैरसरकारी क्षेत्र आदिबाट उपलब्ध हुने प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगको उत्तिकै ठूलो भूमिका रहेको छ।

देशमा निजी स्तरमा खुलेका शैक्षिक संस्थाहरु पनि विभिन्न प्रकृतिका छन्।निजी स्तरमा खुलेका शैक्षिक संस्थाहरु सामुदायिक प्रकृतिका छन् र धैरैजसो उच्चमाध्यमिक कक्षा सञ्चालन गरिरहेका शैक्षिक संस्था पनि यसै वर्गमा पर्छन्।यस्ता सामुदायिक शैक्षिक संस्थाको स्वामित्व व्यक्तिमा नभई गुठी (ट्रष्ट)का रुपमा रहेको विदितै छ, तर माध्यमिक तहसम्मका निजी स्तरमा सञ्चालित धैरैजसो विद्यालयहरुमा संस्थापक व्यक्ति वा व्यक्तिहरुमा स्वामित्वको माग पनि चर्को रुपमा उठेको देखिन्छ।शिक्षाजस्तो सामाजिक सेवासँग सम्बद्ध संवेदनशील र मानवीय संस्थालाई विश्वसनीयता, दिगोपन र स्थायित्वका लागि व्यक्तिविशेषको स्वामित्वका दायराभित्र मुनाफा कमाउने दृष्टिले राख्नु कतिसम्म दायित्वपूर्ण हुन्छ भन्ने कुरा जनचासोको विषय भएको छ।

(४) नीतिगत अन्योलः निजी क्षेत्रका विद्यालयको संरचना विभिन्न प्रकारको छ। यस्ता विद्यालयहरुमा प्रारम्भमा सरकारद्वारा अनुदानप्राप्त गरेका तर पछि सरकारी अनुदान नलिई विद्यालयकै स्रोतमा सञ्चालित विद्यालयहरु केही व्यक्ति वा संस्थाहरुको सामुहिक लगानी र सक्रियतामा सञ्चालित विद्यालयहरु र कम्पनी ऐनअन्तर्गत दर्ता भएका विद्यालयहरु आदि पर्दछन्।यस्ता विद्यालयको स्वरुपअनुसारको सञ्चालन-प्रक्रिया सम्बन्धी उपयुक्त नीतिको अभाव छ।

(५) शुल्क निर्धारणः निजी क्षेत्रका विद्यालयहरुप्रति ठूलो जनगुनासो के छ भने कतिपय विद्यालयहरुले एकदमै चर्को शुल्क लिन्छन्, अकारण शुल्कवृद्धि गर्छन् र जुन प्रयोजनका निमित्त शुल्क लिइएको हो सोबापत विद्यार्थीहरुलाई सुविधा र सेवा उपलब्ध गराउँदैनन्।विद्यार्थीहरुबाट शुल्ककै आधारमा यस्ता

विद्यालयहरु चल्नु पर्ने भएकाले स्वाभाविक रुपमा शुल्कवृद्धि गर्नु पर्ने अवस्था हुन्छ।यसबारे प्रमुख दुई दृष्टिकोणहरु देखिएका छन्।निजी स्कुलले लिने शुल्कका सम्बन्धमा सरकारले विद्यालयको समग्र पक्षलाई हेरी कति शुल्क लिन जायज हुन्छ त्यसको सीमा तोकिदिनु पर्छ भन्ने पहिलो दृष्टिकोण हुनसक्छ भने कुन विद्यालयले के-कति शुल्क लिने भन्ने कुरा शैक्षिक बजारले निर्धारण गर्छ भन्ने दोस्रो दृष्टिकोण हुनसक्छ।

(६) जवाफदेहीको अभावः कतिपय निजी क्षेत्रका विद्यालयहरुको संगठन, व्यवस्थापन र सञ्चालनमा जवाफदेहीको अभाव छ।महत्त्वपूर्ण निर्णयहरुमा अभिभावकहरुलाई समावेश नगराइएको वा गराइए पनि प्रभावकारी नभएको देखिन्छ।साथै व्यवस्थापन समितिमा सरकारी निकायको प्रतिनिधित्व गराउने व्यवस्था भए पनि त्यसमा समेत प्रभावकारीता देखिँदैन। आम्दानी र खर्चको विवरण अभिभावक तथा जनसमक्ष प्रस्तुत गर्ने प्रचलन पाइँदैन।यस्ता विद्यालयहरुको आम्दानी तथा खर्चको र पारदर्शिताका साथ लेखापरीक्षण गराउने तथा समाजिक जबाफदेही बढाउने कुनै उपाय अपनाइएको छैन।अभिभावकहरु प्रत्येक वर्ष विद्यालयले एकतर्फी रुपमा वृद्धि गरेको शुल्कको मारमा परेका हुन्छन् र त्यसको सुनुवाइ गर्ने कुनै जिम्मेवार निकाय छैन।

(७) शिक्षक सेवाः निजी क्षेत्रमा विद्यालयहरुमा कार्यरत शिक्षकहरुको नियुक्ति, तलब, सेवासर्त, सञ्चयकोष, उपदान, निवृत्तिभरण आदि तोक्ने जिम्मा सम्बन्धीत विद्यालयहरुलाई दिइएको छ।यसबारे विभिन्न विद्यालयहरुले आफ्नै किसिमले तलबसुविधा दिने गरेको पाइएको छ।कतिपय विद्यालयहरुले शिक्षक तथा कर्मचारीहरुलाई नियुक्ति नदिई तथा सेवासर्त नखुलाई काममा लगाएको गुनासो पनि सुनिन्छ।एकै योग्यता र अनुभव भएका शिक्षकहरुलाई समेत भिन्नभिन्न तलबसुविधाहरु दिने गरिएको र त्यसमा कुनै पारदर्शिताको अवलम्बन गर्नेतर्फ चासो देखाइएको पाइँदैन।धेरै विद्यालयमा कार्यरत शिक्षकहरु सरकारी अनुदान प्राप्त गर्ने शिक्षकहरुका तुलनमा एकदमै कम सुविधामा काम गर्न बाध्य गरिएका छन्।सेवासुरक्षा नभएकाले शिक्षकहरुमा असुरक्षाको भावना व्याप्त छ र उनीहरुमा विद्यालय छोड्ने वा घरिघरि विद्यालय फेरिरहने प्रवृत्ति पाइएको छ।यसबाट निजी विद्यालयहरु योग्य शिक्षकहरुको अनुभवको निरन्तरताबाट बञ्चित छन्।यसरी निजी विद्यालयहरुको शिक्षणशक्ति स्थिर र टिकाउ हुन सकेको छैन।

(८) सान्दर्भिकताः सरकारले विद्यालयहरुलाई स्वीकृत पाठ्यक्रमबमोजिम तयार गरिएका पाठ्यपुस्तकहरु लागू गर्न अनिवार्य गरेको छ र यसबाहेक थप सन्दर्भ पाठ्यपुस्तकहरु राख्न सक्ने व्यवस्था पनि गरेको छ।तथापि कतिपय निजी

विद्यालयहरुमा स्वीकृत पाठ्यपुस्तकहरु प्रयोगमा ल्याएको पाइँदैन।ती विद्यालयहरुले प्रयोगमा ल्याउने गरेका पाठ्यपुस्तकहरुमा एकरुपता छैन।कक्षा ८ सम्म बाह्य पाठ्यपुस्तकहरु प्रयोग गर्ने तर ९ र १० मा माध्यमिक परीक्षालाई दृष्टिगत गरी सरकारद्वारा निर्धारित पाठ्यपुस्तकबमोजिम अध्यापन गर्ने परिपाटी धेरैजसो निजी विद्यालयहरुमा छ।बाह्य पाठ्यपुस्तकहरु नेपालको सन्दर्भ र परिवेशसँग अमिल्दा र विवादास्पद विषयवस्तु भएका पनि भेटिन्छन्।साथै निजी विद्यालयले प्रयोगमा ल्याएका कतिपय सन्दर्भ पाठ्यपुस्तकहरु उपल्लो स्तरका र बोझिला खालका हुनाले विद्यार्थीको सहज बौद्धिक विकासमा बाधक समेत बन्ने खालका छन्।

निरीक्षण र अनुगमनको कमीःशिक्षा मन्त्रालय मातहतका कार्यालयहरुले निजी तथा आवासीय विद्यालयमा सरकारद्वारा निर्धारित पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुको प्रयोग, योग्यता पुगेका शिक्षकहरुको व्यवस्था, शैक्षिक क्रियाकलाप एवम् गतिविधि, भौतिक पूर्वाधार तथा सुविधाको व्यवस्था आदि कुराको निरीक्षण तथा अनुगमन गर्ने गरेको कै पाइन्छ।हाल सरकारले क्षेत्र छुट्याई विद्यालय निरीक्षकहरुलाई निजी तथा आवासीय विद्यालयमा समेत पठाउने व्यवस्था गरेको भएतापनि तिनमा विषयगत अनुभव र योग्यताको कमी रहेकाले उक्त व्यवस्था प्रभावकारी हुन नसकेको गुनासो सम्बन्धित विद्यालयहरुको रहेको छ।

(९) गुणस्तर मापनः माध्यमिक परीक्षामा निजी तथा आवासीय विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुले ल्याएका नतिजाका आधारमा शिक्षाको गुणस्तरको आकलन गरिएको पाइन्छ।तर विद्यार्थीको उमेर अनुसारको संज्ञानात्मक विकासमा यसले के कति मद्दत गरेको छ त्यसप्रति कमै ध्यान गएको देखिन्छ।साथै केही विद्यालयहरु पठनपाठन सृजनात्मक तथा मौलिक चिन्तन तिर उन्मुख नभई परीक्षामुखी भएको देखापरेको छ।

(१०) सामाजिक विषमताको सृजनाः सार्वजनिक विद्यालय र निजी विद्यालयहरुबीचको शैक्षिक प्रगतिमा निकै ठूलो अन्तर भइरहेको छ।सार्वजनिक विद्यालयहरुको नियमित पठनपाठनमा आएको ह्रासका कारणबाट पनि सर्वसारधारणहरु निजी विद्यालयतर्फ आकर्षित हुन बाध्य भइरहेका छन्।फलस्वरुप सहरी र घना बस्ती भएका ठाउँमा यी विद्यालयहरुको संख्या दिनानुदिन बढ्दै छ।महँगो खालको निजी शिक्षाको अनियन्त्रित विकासबाट ठूलो सामाजिक विषमता खडा भई सम्पन्न र विपन्न वर्गका बीच ठूलो खाडल पैदा हुने देखिएको छ।साथै यसबाट देशको सामाजिक,आर्थिक र राजनैतिक क्षेत्रमा दूरगामी प्रतिकूल प्रभाव पर्ने कुरो निश्चित छ।

(११) शिक्षण संस्थाको दिगोपनः निजी तथा आवासीय विद्यालयका सञ्चालकहरुले विद्यालय सञ्चालन गर्न नसकेको अवस्थामा अर्को व्यक्तिलाई सञ्चालकका रुपमा हस्तानान्तरण गर्ने परिपाटीले पनि केही समस्या तथा प्रश्नहरु उठाएका छन्।शिक्षण संस्थाहरुलाई व्यक्तिगत समझदारीबाट लेनदेनका आधारमा नामसारी गरिने आशङ्कालाई जन्म दिएको छ। फलस्वरुप यस्ता शिक्षण संस्थाको दिगोपनमा पनि नकारात्मक प्रभाव पर्न गएको देखिन्छ।

**सुझावहरुः**

(१) सामाजिक दायित्वः

(क) विद्यालय सामाजिक दायित्व निर्वाह गर्नु पर्ने संस्था भएको हुनाले निजी तथा आवासीय विद्यालयहरुले नैतिक रुपमा सामाजिक दायित्व वहन गर्नु पर्छ। यस्ता विद्यालयको उद्देश्य मुनाफा कमाउने नभई सामाजिक सेवाको भावनाले अभिपे्ररित हुनु पर्छ।

(ख) शिक्षाको राष्ट्रिय आवश्यकता तथा उद्देश्यलाई ध्यानमा राखी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न मुलुकको शिक्षा विकासमा निजी क्षेत्रको सहभागितालाई संलग्न गराउने दृष्टिले निजी तथा आवासीय विद्यालयलाई अभिप्रेरित गर्नु पर्छ।

(ग) निजी तथा आवासीय विद्यालयको व्यवस्थित तथा प्रभावकारी ढंगले संचालनका लागि ऐन नियममा प्रभावकारी व्यवस्था गरिनु पर्छ।

(२) संचालकको न्यूनतम योग्यताः निजी विद्यालयहरु खोली संचालन गर्नेहरुका लागि अनुमति दिंदा संचालकहरुको न्यूनतम शैक्षिक योग्यता र अनुभवलाई समेत आधार मान्नु पर्छ।

(३) अनुमति स्वीकृतिः

(क) विद्यालय संचालनका लागि अनुमति दिंदा निम्नलिखित आधारमा अनुमति वा स्वीकृति दिनु पर्छ : –

- विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, जग्गा, पुस्तकालय, प्रयोगशाला, छात्रावास आदि भौतिक पूर्वाधारको निश्चितता,
- स्थानीय आवश्यकता र क्षेत्रगत परिवेशको अध्ययनका आधारमा तयार गरिएको भौतिक नक्साङ्कन,
- विद्यालय संचालनका लागि पूर्वसहमतिपत्र तथा संचालन विधि, लगानीको स्वरुप, सम्भावित विद्यार्थी संख्या आदिबारे स्पष्ट विवरण,
- शिक्षकको योग्यता, सेवा शर्त, उपदान, निवृत्तिभरण आदि बारे प्रतिबद्धता।

(ख) भौतिक तथा शैक्षिक पूर्वाधार पूरा नभएका हालसम्म संचालित निजी विद्यालयहरुले अधिकतम २ वर्षभित्र आवश्यक पूर्वाधार पूरा गर्नु पर्नेछ। उल्लिखित अवधिभित्र शर्त पूरा नगरेमा संचालन अनुमति रद्द गर्नु पर्छ।

(ग) कुनै पनि विदेशी नागरिक वा संघ संस्थालाई निजी वा आवासीय विद्यालय खोल्न दिनु हुँदैन। तर राष्ट्र राष्ट्रबीचको सम्झौता अनुसार खोलिने विद्यालय र कूटनैतिक नियोगले खोल्ने विद्यालयहरु देशमा बसिरहेका विदेशी बालबालिकाहरुको प्रयोजनको लागि मात्र हुनु पर्छ।

(घ) न्यूनतम आर्थिक, भौतिक र शैक्षिक स्रोतको सम्भाव्यता भएका तर आफ्नै भवन नभएकालाई २ वर्षका लागि अनुमति मात्र दिनु पर्छ। संचालन र शैक्षिक तथा भौतिक पूर्वाधारको विकासमा देखिएको प्रगतिका आधारमा पहिले अस्थायी स्वीकृति र सबै पूर्वाधारहरु पूरा गरेपछि स्थायी स्वीकृति दिने नीति लिनु पर्छ।

(ङ) अनुमति नलिई संचालन गर्नु गैरकानूनी काम भएकाले यस्ता विद्यालयलाई तत्काल बन्द गर्नु पर्छ।

(च) आइन्दा सरकारले निजी क्षेत्रमा नयाँ विद्यालयको संचालन गर्न वा तह वृद्धि गर्नका लागि व्यक्ति वा व्यक्तिसमूहलाई नभई सामुदायिक (ट्रष्ट) संस्थाहरुलाई मात्र अनुमति वा स्वीकृति दिनु पर्छ।

(४) शिक्षक विद्यार्थी अनुपातः निजी विद्यालयहरुले विद्यार्थी शिक्षक अनुपातको उपयुक्त मापदण्डभित्र रही कक्षाहरुमा विद्यार्थीहरुको अधिकतम संख्या समेत निश्चित गरी सोही अनुसार पठन पाठन संचालन गर्नु पर्छ।

(५) स्वामित्वः निजी विद्यालयको भौतिक पूर्वाधारको मापन यस अन्तर्गत रहेको चल तथा अचल सम्पत्तिका आधारमा गर्नु पर्छ र यस्ता विद्यालयहरुले आर्जन गरेको सबै चल अचल सम्पत्ति सोही विद्यालयको नाममा राख्ने व्यवस्था हुनु पर्छ, तर निजी क्षेत्रमा विद्यालय स्थापना गर्दा व्यक्ति वा व्यक्ति समूहले गरेको लगानी हनन् नभई कानूनी प्रमाणका आधारमा सुरक्षित हुने व्यवस्था गर्नु पर्छ। अभिभावकहरुले आफ्ना बालबालिकाको पठन पाठन, सेवा र सुविधाका लागि तिरेको शुल्क संचालन खर्चमा प्रयोग गरिएको बाहेक अन्य कुनै पनि सम्पत्ति विद्यालयको सम्पत्ति हुनेछ।

(६) सामुदायिक सम्पत्तिः निजी तथा आवासीय विद्यालयमा संस्थापकहरुले गरेको मूल लगानी बाहेक भौतिक तथा शैक्षिक सामाग्रीको विकास तथा विस्तारमा अभिभावकहरुले दिएको योगदान तथा स्थानीय निकाय, सरकारी तथा गैरसरकारी क्षेत्र आदिबाट उपलब्ध हुने प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगको संलग्नता समेत रहने हुँदा यस्ता स्रोतबाट प्राप्त हुन आएको विद्यालयको सम्पत्ति अन्ततः सामुदायिक सम्पत्ति मान्नु पर्छ।

(७) संस्थागत हस्तान्तरणः निजी विद्यालयको व्यवस्थापनमा संस्थापकहरुको मुख्य भूमिका हुनु पर्छ। लगानीकर्ताले विद्यालय संचालन गर्न नसकेमा शैक्षिक संस्थालाई निजी सम्पत्तिका रुपमा अंशबण्डा र व्यक्ति विशेषका नाममा हस्तान्तरण नगरी संस्था विशेषलाई हस्तान्तरण गर्न सकिने प्रावधान हुनु पर्छ। यसरी हस्तान्तरण गर्दा सरकारको रोहबरमा हुनु पर्छ।

(८) सामुदायिकमा रुपान्तरणः निजी रुपमा संचालित विद्यालयहरुलाई संस्थागत विकास गर्ने क्रममा विद्यालयको प्रकृति हेरी संस्थापक वा संस्थापकहरुको चाहना अनुसार सामुदायिक वा सेवामूलक व्यवसायमा जान प्रोत्साहित गर्नु पर्छ।

(९) स्वायत्तताः स्वीकृत राष्ट्रिय पाठ्यक्रम, राष्ट्रिय परीक्षा प्रणाली र शिक्षा ऐन, नियम र विनियमहरुको परिधिभित्र रहने गरी निजी स्रोतका विद्यालयहरुलाई स्वतन्त्र रुपले शैक्षिक तथा व्यवस्थापकीय गतिविधि संचालन गर्न स्वायत्तता दिनु पर्छ। निजी विद्यालयहरुको व्यवस्थापन समितिमा अभिभावक, शिक्षक, समाजसेवी समेतको प्रतिनिधित्व हुनु पर्छ।

(१०) व्यवस्थापनः

(क) विद्यालयको प्रशासकीय तथा व्यवस्थापकीय गतिविधिका लागि एउटा व्यवस्थापन समिति गठन गरी सोही मार्फत संचालन गर्नु पर्छ। उक्त समितिमा संस्थापक, अभिभावक र शिक्षक प्रतिनिधि, शिक्षासेवी, स्थानीय समाजसेवी तथा जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि समेतलाई समावेश गर्नु पर्छ।

(ख) अभिभावकहरुलाई विद्यालयको सुविधाबारे ६ हप्तापूर्व खुलस्त विवरण (क्याटलग) पेश गर्नु पर्छ।

(११) संस्थागत विस्तारः संस्थापकहरुले एउटा संस्था खडा गरेपछि त्यसको स्रोत साधनबाट अर्को संस्था खोल्न र त्यसको रकम पछिल्लो संस्थामा लगानी गर्न नपाउने तर अघिल्लो संस्थाका शैक्षिक गतिविधिको विस्तार गर्न भने पाउने प्रावधान रहनु पर्छ।

(१२) पहुँचः गुणस्तरयुक्त निजी तथा आवासीय विद्यालयहरुलाई दुर्गम, विपन्न क्षेत्रहरुमा आफ्ना विद्यालयको शाखा विस्तार गर्न सरकारले प्रोत्साहित गर्नु पर्छ। यसका लागि सरकारले जग्गा, सहुलियत दरमा ऋण तथा अन्य भौतिक पूर्वाधारको निर्माणका लागि थप सहयोग गर्नु पर्छ र सहयोग गरे बापत सम्बन्धित विद्यालयले निश्चित संख्यामा विपन्न र विशेष लक्षित समूहका लागि निःशुल्क छात्रवृत्ति वा अन्य सुविधा दिनु पर्छ।

(१३) शुल्क निर्धारणः सरकारले आफूखुशी वा एकतर्फी ढंगले शुल्क निर्धारण गर्न छुट नदिई विद्यालयको भौतिक तथा शैक्षिक क्षमता र सम्भाव्यतालाई

आंकलन गरी शुल्कका आधारहरु र सीमा तोकिदिनु पर्छ। मासिक शुल्क वृद्धि गर्दा विद्यालयलाई आवश्यकता भएमा नेपाल राष्ट्र बैंकले प्रतिवर्ष प्रकाशित गरेको मूल्यवृद्धि सूचीलाई आधार मानी सोही प्रतिशतमा शुल्क वृद्धि गर्न पाउने व्यवस्था हुनु पर्छ। अन्य शुल्कहरुका हकमा जुन प्रयोजनका निमित्त शुल्क लिइएको छ सोही प्रयोजनमा उक्त रकम खर्च गर्ने व्यवस्था गर्नु पर्छ र त्यस्तो शुल्क सम्बन्धित विषयमा हुने लागतका अनुपातमा निर्धारण गर्नु पर्छ।

(१४) निर्णयमा अभिभावकको संलग्नताः निजी क्षेत्रका विद्यालयहरुले महत्वपूर्ण निर्णयहरुमा अभिभावकहरुलाई संलग्न गराउनु पर्ने व्यवस्था हुनु पर्छ।

(१५) लेखापरीक्षणः विद्यालयहरुको आम्दानी तथा खर्चको पारदर्शिताका साथ लेखापरीक्षण गराउने व्यवस्था गर्नु पर्छ।

(१६) सहयोग अनुदान प्राप्तिः निजी स्रोतमा संचालित विद्यालयहरुले सरकारी तथा गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त कुनै पनि पटके सहयोग अनुदान लिन सक्नेछन्। यस प्रकार लिएको सहयोग तथा अनुदान निजी लगानीकर्ताको मूलधनसँग जोडिनु हुँदैन र त्यस्तो कुनै पनि सहयोग सार्वजनिक सम्पत्ति सरह स्वीकार्नु पर्छ।

(१७) शिक्षकका सेवाशर्तः निजी विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब, सेवाशर्त, संचयकोष, उपदान, निवृत्तिभरण आदिको व्यवस्था कम्तिमा पनि सरकारले तोकेको न्यूनतम सुविधा अनुरुप हुनु पर्छ।

(१८) पाठ्यक्रम तथा पाठ्यपुस्तकः निजी विद्यालयहरुले स्वीकृत पाठ्यक्रम बमोजिम तयार गरिएको पाठ्यपुस्तकहरु प्रयोग गर्नु पर्छ। साथै पाठ्यक्रम अनुरुप स्तर सुहाउँदा अन्य पाठ्यसामग्री तथा सहायक सामग्रीहरुलाई पनि प्रयोग गर्न सक्ने व्यवस्था हुनु पर्छ। पाठ्यपुस्तकहरु छान्दा राष्ट्रिय परिवेश र सन्दर्भ, विद्यार्थीको वौद्धिक स्तर र सृजनात्मक क्षमता आदिलाई विशेष ख्याल गर्नु पर्छ।

(१९) निरीक्षण र अनुगमनः सरकारले निजी तथा आवासीय विद्यालयहरुको समेत शैक्षिक र व्यवस्थापकीय गतिविधिको नियमित निरीक्षण तथा अनुगमनको प्रभावकारी व्यवस्था गर्नु पर्छ। पठन पाठनका अतिरिक्त विद्यार्थीहरुको मानसिक, शारीरिक, बौद्धिक, नैतिक र चारित्रिक विकासका लागि निजी स्रोतका विद्यालयहरुले के कस्तो व्यवस्था गरेका छन्, तिनको अभिलेख राख्नु पर्छ। परीक्षामा कम गुणस्तर भएका, भौतिक सुविधा नपुगेका र अतिरिक्त क्रियाकलापमा न्यूनतम भन्दा कम भएका विद्यालयहरुलाई पहिचान गरी अपेक्षित सुधार नभएमा कारबाही समेत गर्नु पर्छ।

शिक्षा मन्त्रालय

(२०) प्रभावकारी शिक्षण विधिः विद्यार्थीको उमेर अनुसारको संज्ञानात्मक, सांवेगिक तथा सामाजिक विकासका निम्ति पठन पाठनमा सृजनात्मक तथा मौलिक चिन्तनतिर उन्मूख शिक्षण विधि अपनाउन जोड दिनु पर्छ।

(२१) छात्रवृत्तिः निजी तथा आवासीय विद्यालयहरुले विपन्न वर्गका विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा प्रदान गर्न र दुर्गम तथा विपन्न क्षेत्रका विद्यार्थीहरुलाई सहयोग गर्न राष्ट्रिय छात्रवृत्ति कोषमा विद्यालयको कुल वार्षिक बजेटको १% रकम जम्मा गर्ने व्यवस्था हुनु पर्छ। उक्त कोषको संचालक समितिमा शिक्षा मन्त्रालयका साथै निजी विद्यालयका प्रतिनिधि र अभिभावकहरु रहनु पर्छ।

(२२) पठन पाठनको माध्यमः निजी तथा आवासीय विद्यालयहरुमा पठन पाठनको माध्यम नेपाली वा अंग्रेजी वा दुबै हुन सक्नेछ।

शिक्षा मन्त्रालय

# उच्च माध्यमिक शिक्षा

## विषय प्रवेश

उच्चमाध्यमिक शिक्षा, उच्चशिक्षा र माध्यमिक शिक्षाका बीचको सेतुका रुपमा रहेको छ।सत्र-अठार वर्ष उमेरका किशोर-किशोरीहरुको शिक्षालाई विद्यालयकै संरचनाभित्र राख्ने अन्तर्राष्ट्रिय प्रचलनलाई समेत अनुसरण गरी विद्यालयीय शिक्षालाई१०+२ का रुपमा स्वीकार गरिएको हो।यस किसिमको शिक्षाले मध्यमस्तरीय जनशक्ति तयार गर्ने र उच्चशिक्षाका लागि सक्षम विद्यार्थी तयार गर्ने कार्यमा विशेष महत्व राख्छ।साथै उच्चमाध्यमिक शिक्षाले स्थानीय आवश्यकताअनुसारको जनशक्ति विकासमा पनि निकै मद्दत पुऱ्याउने ठानिएको छ।विद्यालय स्तरमा प्रचलित १० कक्षासम्मको शिक्षाको संगठन स्वरुपमा अरु २ कक्षा थप गरी उच्चमाध्यमिक(१०+२) तहको विद्यालय संगठन अपनाउने नीतिको फलस्वरुप उच्चमाध्यमिक शिक्षाको व्यवस्था गर्न उच्चमाध्यमिक शिक्षा ऐन २०४६ प्रकाशमा आयो।सोहीअनुरुप उच्चमाध्यमिक शिक्षा परिषद् गठन गरियो र यसको कार्यान्वयन चाहिँ २०४९ सालदेखि मात्र सुरु भयो।

## वर्तमान स्थिति

प्रारम्भमा अधिराज्यभर ३८ वटा विद्यालयहरुमा पठनपाठन सुरु गरिएको उच्चमाध्यमिक शिक्षाको कार्यक्रम चलाउने संस्थाहरुको संख्या क्रमशः बढ्दै २०५४/०५५ मा ३२२ वटा पुगिसकेका छन्।यी उच्चमाध्यमिक विद्यालयहरुमध्ये १७८ वटा सार्वजनिक विद्यालयसँग आबद्ध छन्।बाँकी ४५ वटा निजी स्रोतबाट सञ्चालित विद्यालयसँग,५० वटा विभिन्न किसिमका शैक्षिक संस्थासँग र ४९ वटा चाहिँ विश्वविद्यालयका सम्बन्धनप्राप्त क्याम्पसहरुसँग आबद्ध छन्।

हाल उच्चमाध्यमिक शिक्षालाई व्यापक र प्रभावकारी रुपले सञ्चालन गर्ने कार्यमा विभिन्न प्रयासहरु भइरहेका छन्।उच्चमाध्यमिक शिक्षा परिषद् यस तहको पाठ्यक्रम बनाउने, परिमार्जन गर्ने, उच्चमाध्यमिक विद्यालयहरु खोल्न इच्छुक संस्थाहरुलाई अनुमति दिने र परीक्षा लिने कार्यमा बढी केन्द्रित भएको देखिन्छ।सन् १९९३ मा त्रिभुवन विश्वविद्यालय र शिक्षा मन्त्रालयको संझौतामा उच्चमाध्यमिक शिक्षाबाट एकलपथ प्रणालीअनुरुप पाठ्यक्रम लागू भइसकेपछि त्रिभुवन विश्वविद्यालयले पनि सोही पाठ्यक्रम लागू गर्ने सहमति भएको देखिन्छ।

प्रारम्भमा उच्चमाध्यमिक शिक्षा पाठ्यक्रम बहुलपथ प्रणालीअनुसार विभिन्न विषयक्षेत्र तथा संकायमा विशिष्टीकरणतर्फ जोड दिने खालको थियो।२०५० चैत्र२४-२६ मा संचालित प्राचार्यहरुको राष्ट्रिय गोष्ठीले प्रस्तावित एकलपथ प्रणालीअनुसार पाठ्यक्रमको संरचना लागू गर्ने सिफारिस गऱ्यो।यस्तो पाठ्यक्रमले विशिष्टीकरणका विषयहरुमा भन्दा साधारण

शिक्षासँग सम्बन्धित आधारभूत विषयहरुमा बढी जोड दिने हुन्छ।आउँदो २०५५/५६को सत्रदेखि यसै प्रणालीतिर उन्मुख पाठ्यक्रमको पठनपाठन गर्न निर्णय भइसकेको छ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) संक्रमणको स्थितिः हाम्रो शैक्षिक प्रणालीमा एसएलसी उत्तीर्ण गरेपछि विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहमा भर्ना पाउने प्रचलन हालसम्म हटि सकेको छैन।यसलाई विद्यालयअन्तर्गत कक्षा ११ र १२ का रुपमा सञ्चालन गर्दै लैजाने नीतिगत वचनबद्धता रहे पनि + २ लाई विश्वविद्यालयीय शिक्षाको अङ्ग मान्ने दृष्टिकोणलाई हटाएर विद्यालयीय शिक्षाको अन्तिम तहका रुपमा स्थापित गर्न अझै केही समय लाग्ने देखिन्छ।ऐन-नियमले दिएका प्रावधानले मात्र यस किसिमको संक्रमणको मानसिकतालाई तत्काल निराकरण गर्न संभब हुँदैन।उच्चमाध्यमिक शिक्षा अन्ततः विद्यालय व्यवस्थाको अभिन्न अङ्ग भए पनि हाम्रो देशमा प्राथमिक, निम्नमाध्यमिक,माध्यमिक विद्यालयको अवधारणा र अस्तित्व अहिलेसम्म पनि कायमै रहेको छ। फेरि उच्चमाध्यमिक विद्यालयको अवधारणाको सुत्रपात भएको धैरै वर्ष नभइसकेको र माध्यमिक उत्तीर्ण गरेपछिको शिक्षालाई उच्चशिक्षा मान्ने गरेको मानसिकता तथा छिमेकी देशहरुमा इन्टरमिडियट तहलाई विद्यालयीय शिक्षामा एकीकरण गर्दा लागेको समयलाई समेत दृष्टिमा राख्दा सात-आठ वर्षको मात्र प्रयासलाई प्रशस्त मान्न सकिदैन।

(२) संरचना र व्यवस्थापनमा विभिन्नताः हाल उच्चमाध्यमिक शिक्षा परिषद्बाट स्वीकृतिप्राप्त उच्चमाध्यमिक विद्यालयहरुको संख्या ३२२ पुगे पनि अपेक्षित मापदण्डअनुरुप संचालित रहेका विद्यालयहरुको संख्या ज्यादै कम रहेको छ।साथै यी विद्यालयहरुमध्ये कुनैले ११ र १२ कक्षा मात्र संचालन गर्ने,कुनैले १-१२ कक्षा, कुनैले ६-१२ र कुनैले ९-१२ कक्षा संचालन गर्ने भएकाले यिनको संरचनामा प्रशस्त विभिन्नता रहेको पाइन्छ।उच्चमाध्यमिक विद्यालयहरुको व्यवस्थापन पक्षमा पनि प्रशस्त अनेकरुपता रहेको भेटिन्छ। झन्डै एकतिहाइ उच्चमाध्यमिक कार्यक्रम माध्यमिक विद्यालयसँग आवद्ध नभई संचालित रहेका देखिन्छन्।यसबाट उच्चमाध्यमिक शिक्षालाई विद्यालयीय संरचनाअन्तर्गत संस्थागत रुपमा विकास गर्ने दृष्टिकोणमा ठूलो असर पर्ने हुन्छ।

कतिपय उच्चमाध्यमिक विद्यालयहरु माध्यमिक विद्यालयकै व्यवस्थापन समिति अन्तर्गत संचालित छन् भने कतिपयमा चाहँ अलग्गै व्यवस्थापन समितिको व्यवस्था रहेको छ।अझ विद्यालयीय प्रयोजनका लागि संगठित नभएका विभिन्न शैक्षिक संस्था तथा निकायहरु र विश्वविद्यालयका निजी क्याम्पसहरुले समेत +२

का कार्यक्रमहरु संचालन गर्ने अनुमति पाइरहेकाले पनि एउटै प्रकृतिको व्यवस्थापन समितिअन्तर्गत यिनलाई समेट्न सुगम हुने देखिँदैन।

(३) सरकारी निकायको भूमिकामा अस्पष्टता र असक्षमताः उच्चमाध्यमिक शिक्षालाई विद्यालय शिक्षाको अन्तिम तह मानिएको भए तापनि यस्को व्यवस्थापनमा शिक्षा मन्त्रालयबाट प्रत्यक्षतः नियन्त्रित जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय जस्ता निकायसँगको संलग्नता बढेको छैन।व्यवहारमा हालसम्म यी निकायहरुले माध्यमिक तहसम्मको व्यवस्थापन, निरीक्षण आदि कार्यमा मात्र आफ्नो ध्यान केन्द्रित गरेको देखिन्छ।एकातिर ऐनमा उच्चमाध्यमिक शिक्षा परिषद्लाई स्वायत्त एवम् स्वयमशासित संस्थाका रुपमा संचालन गर्ने प्रावधान राखीएको छ भने अर्कोतिर व्यवस्थापनका लागि शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरुसँग समन्वयको कुरा पनि उल्लिखित छ तर शिक्षा नियमावलीमा सोहीअनुरुपको संशोधन परिमार्जन नभएकाले पनि परिषद् र शिक्षा मन्त्रालयका निकायहरुका बीच अन्तरसम्बन्ध र भूमिकामा अन्योल रहेको पाइन्छ।उच्चमाध्यमिक शिक्षालाई उच्चशिक्षाका दृष्टिले विद्यालयमा टाँसिन पुगेको विश्यविद्यालयीय शिक्षाको एउटा भागका रुपमा हेरिएको र विद्यालयीय शैक्षिक व्यवस्थापनले पनि यसलाई आफ्नै अंगका रपमा नभई उच्चशिक्षाकै अंग मान्न खोजेको देखिएकाले यस किसिमको स्थितिमा नेपालको शैक्षिक व्यवस्थाभित्र यसले एउटा द्विविधामय स्थितिको सामना गर्नु परिरहेको छ।विद्यालय र त्यसको व्यवस्थापन, सुपरीवेक्षण आदिका लागि खडा गरिएका क्षेत्रीय तथा जिल्ला स्तरीय निकायहरुले समेत उच्चमाध्यमिक शिक्षाको पाठ्यक्रम तथा तत्सम्बन्धी अन्य शैक्षीक/प्राज्ञिक दायित्व वहन गर्ने अपेक्षा गर्नु हाल रहेको जनशक्ति दक्षता र क्षमताबाट उपयुक्त देखिँदैन।व्यवहारमा पनि हालसम्म +२ लाई जिल्ला तथा क्षेत्रीय शिक्षा कार्यालयहरुले आफ्नो गतिविधअन्तर्गतको मान्न सकिरहेका छैनन्।

(४) आकर्षणको कमीः उच्चमाध्यमिक शिक्षाअन्तर्गत अहिलेसम्म ज्यादै कम प्रतिशत विद्यार्थीहरु मात्र अध्ययनरत छन् र बाँकी अधिकांश प्रतिशत विश्वविद्यालयका क्याम्पसहरुमा नै अध्ययनरत रहेका छन्।तसर्थ उच्चमाध्यमिक विद्यालयहरुले जनसाधारण, अभिभावकहरु तथा विद्यार्थीहरुको आकर्षण बढाउने र क्याम्पसहरुको चाप घटाउने क्रममा निकै ठूलो हाँक र चुनौतिको सामना गर्नुपर्ने हुन्छ।

(५) आंशिक शिक्षकहरुको बाहुल्यः उच्चमाध्यमिक विद्यालयहरुको संस्थागत विकास नभएका सहरी क्षेत्रका यस्ता विद्यालयहरुमा अत्यधिक मात्रामा आंशिक शिक्षकहरुले काम चलाइरहेको पाइन्छ। तसर्थ यसको आफ्नो जनशक्ति

समुचित व्यवस्था नहुँदा परीक्षा तथा अन्य शैक्षिक गतिविधिको संचालनमा उनीहरुको अपेक्षित संलग्नता हुन नसकेको अनुभव गरिएको छ।

(६) सामाजिक न्यायको अभवाः हाल उच्चमाध्यमिक विद्यालयहरुका लागि सम्बन्धन दिँदा शिक्षक, भौतिक सुविधा र आर्थिक स्रोतमा ध्यान दिन खोजिएको पाइन्छ। फलस्वरुप ग्रामीण र सहरी, दुर्गम र सुगम अथवा विपन्न र सम्पन्न जुनसुकै क्षेत्रमा एउटै किसिमका पूर्वसर्तहरुलाई आधार बनाइएको छ।यसले गर्दा सम्पन्न र विपन्नको विभेदलाई कम गर्ने सामाजिक न्यायको पक्षलाई वेवास्ता गरिएको देखापर्छ।

(७) नक्साङ्कनको अभावः नक्साङ्कनका आधारमा सम्भावित उपयुक्त वितरणलाई ख्याल गरी विद्यालयहरुलाई स्वीकृति दिने परिपाटी नबसेकाले परिषद्द्वारा स्वीकृति दिइएका उच्च माध्यमिक विद्यालयहरु निकट दूरीमा खुल्न गई अपेक्षित संख्यामा विद्यार्थी प्राप्त नहुनुबाट आर्थिक स्रोतको सदुपयोग हुन सकेको पनि पाइँदैन। यसबाट सरकारी अनुदानको सन्तुलित वितरण हुने अपेक्षा गर्न कठिन भएको छ।

(८) व्यक्तिले पनि खोल्न पाउने प्रावधानःहाल प्रचलित उच्चमाध्यमिक शिक्षा परिषद्को ऐनमा विभिन्न निजी संस्थाहरुका साथै व्यक्तिलाई पनि उच्चमाध्यमिक विद्यालय खोल्न दिने प्रावधान रहेकाले एउटा व्यक्तिको जिम्मेवारीमा संस्था खोल्न दिनु के कति उचित हुन्छ र त्यस स्थितिमा व्यक्तिलाई शिक्षा जस्तो सामाजिक दायित्वको निर्वाहमा कसरी आबद्ध गराइराख्न सकिन्छ भन्ने कुराबाट पनि अस्पष्टता थपिएको छ।

(९) भारवहन गर्ने क्षमताको अभावः उच्चमाध्यमिक शिक्षा परिषद्बाट सम्बन्धनप्राप्त गरेका +२ का कार्यक्रमहरुको संख्या अधिराज्यभर त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त क्याम्पसहरुभन्दा निकै बढी देखिएको छ।विश्वविद्यालयका क्याम्पसहरु प्रायः सहरी क्षेत्र र जिल्ला सदरमुकाममा केन्द्रित छन् भने उच्चमाध्यमिक कार्यक्रमहरु चाहिँ ग्रामीण र दुर्गम क्षेत्रमा सापेक्षित रुपमा बढी वितरित छन्।शैक्षिक अवसरको क्षेत्रीय असन्तुलन हटाउन यस किसिमका कार्यक्रमहरु बढी उपयोगी हुने संभावना रहे पनि आर्थिक,भौतिक तथा शैक्षिक पूर्वाधारहरुको न्यूनताले गर्दा यथास्थितिमा यिनबाट प्रवीणता प्रमाणपत्रमा जाने विद्यार्थीहरुको ठूलो भारलाई अपेक्षित मात्रामा वहन गर्ने स्थिति छैन।शिक्षकको तलब र अन्य सुविधाका साथै आवश्यक भौतिक पक्षहरु जुटाउन सहरी र सम्पन्न विध्यालयहरुलाई त निकै कठिन हुन्छ भने ग्रामीण एवं दुर्गम क्षेत्रका विद्यालयहरुले यस समस्यालाई आफ्नै स्रोत र साधनबाट समाधान गर्न सक्ने संभावना देखिदैँदैन।

(१०) आर्थिक दबाबका आधारमा सम्बन्धनः उच्चमाध्यमिक शिक्षा परिषद्द्वारा +२ का कार्यक्रमहरुलाई सम्बन्धन दिने आधारहरु निर्धारित भएपनि ती आधारहरुलाई दृढताका साथ पालना गर्न कठिनाइ भएको पाइन्छ।राजनैतिक दवाव वा अन्य विभिन्न परिस्थितिबाट सम्बन्धनका लागि निश्चित गरिएका आधारहरुलाई लचिलो गर्न थाल्दा संस्थाको विश्वशनीयतामा पनि आघात पुगेको पाइन्छ।

(११) योग्य शिक्षकहरुको अभावः माध्यमिक कक्षासमेत संचालित रहेका विद्यालयहरुमा उच्चमाध्यमिक कक्षाहरु चलाउँदा शैक्षिक प्राज्ञिक वरीयताको पनि संकट कतिपय विद्यालयहरुले व्यहोर्नु परेको देखिएको छ।माध्यमिक विद्यालयको शैक्षिक नेतृत्वका लागि बीए बीएड वा वी एस्सी उत्तीर्ण गरेको व्यक्ति भए पुग्ने हुन्छ भने +२ का कक्षाहरु संचालनार्थ एम एड एम ए वा एम एस्सी उत्तीर्ण गरेको हुनुपर्ने हुँदा शैक्षिक गुणस्तरीय नेतृत्व र सामाजिक विश्वासको अभिवृद्धिका लागि त्यस्ता विद्यालयहरुले चुनौतिको सामना गर्नु परेको छ।उच्चमाध्यमिक कार्यक्रममा संलग्न अधिकांश शिक्षकहरु निर्धारित न्यूनतम योग्यताको स्तरभन्दा तल्लो योग्यताका हुनु यसको अर्को दुर्बल पक्ष हो।सहरी क्षेत्रमा योग्यता पुगेका प्रायः आंशिक रुपमा कार्यरत शिक्षकहरुबाट पठनपाठनको काम चलाइए पनि अधिकांश ग्रामीण र दुर्गम क्षेत्रका उच्चमाध्यमिक विद्यालयका कार्यक्रमहरु शिक्षकहरुको समस्याबाट पिडित छन्।प्रशिक्षित र योग्य शिक्षकहरुको कमी आमसमस्या भएको छ, त्यसमा पनि ग्रामीण क्षेत्रका विद्यालयहरुले आकर्षक तलब र भत्ताको उपयुक्त सुविधा उपलब्ध गराउन नसक्ने हुँदा पठनपाठनको स्थितिमा अझ गम्भीर समस्या खडा भएको छ।

(१२) उच्चमाध्यमिक कार्यक्रममा अध्यापनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्ने प्रावधान रहे पनि अहिले +२ का अधिकांश विद्यालयहरुमा सहरी क्षेत्रका विद्यालयमा बाहेक तोकिएको योग्यता भन्दा तल्लो स्तरका शिक्षकहरुबाट काम चलाइएको देखिएको छ।विश्वविद्यालयको प्रवीणता प्रमाणपत्रमा पढाउनका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तहमा प्रथम वा द्वित्तीय श्रेणी उत्तीर्ण गरेको हुनु पर्छ भने सोही स्तरको पाठ्यक्रम अध्यापन गर्ने +२ का विद्यालयहरुमा चाहिँ स्नातकोत्तर स्तरको योग्यता भएका शिक्षक नहुँदा गुणात्मक शिक्षा प्रदान गर्ने कुरामा अझ गम्भीर समस्या देखिन्छ।

(१३) शिक्षण प्रशिक्षणको अभावः उच्चमाध्यमिकमा पठनपाठनको समुचित ब्यवस्थाका लागि माग भएअनुरुपको शिक्षक प्रशिक्षण संचालन गर्ने तर्फ व्यवस्थित प्रयास हाल सम्म भएको देखिँदैन।साथै यस तहमा काम गर्ने शिक्षकहरुको कार्यभार, सेवासर्त तथा स्थायित्वका सम्बन्धमा पनि सम्बन्धित

शिक्षा मन्त्रालय

पक्षले खास सक्रियता नदर्साउँदा अन्योलको स्थिति अझ बढ्न गएको अनुभव हुन्छ।

(१४) स्थायित्व र सुविधाविहीन स्थितिः उच्चमाध्यमिक कार्यक्रमका लागि शिक्षकहरुको निश्चित दरबन्दीको व्यवस्था हुन नसक्दा यस कार्यक्रममा अनेक किसिमका आंशिक,अस्थायी र करारबाट अधिकांश शिक्षकहरुको पूर्ति भएको पाइन्छ।हाल उच्चमाध्यमिक शिक्षा सञ्चालन हुने विद्यालयहरुमा संलग्न करिव एक चौथाइ शिक्षकहरु स्थायी रहेको कुरा परिषद्बाट प्राप्त तथ्याङ्कमा देखाइएको छ तर उनीहरुमध्ये कतिपय माध्यमिक विद्यालयको दरबन्दीमा स्थायी भएका हुन सक्ने हुँदा उनीहरुको वास्तविक स्थिति स्पष्ट रहेको पाइँदैन।फेरि सामुदायिक तथा निजी क्षेत्रमा काम गर्ने शिक्षकहरुको स्थायीत्वको प्रकृति पनि भरपर्दो छैन।

(१५) प्रवीणता प्रमाणपत्र तहको विस्थापनः उच्चशिक्षाको सबैभन्दा ठूलो अभिभारा लिएको त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाणपत्र तहको कार्यक्रमलाई थप स्वीकृति दिन बन्द गरेपनि संचालित भइरहेका उक्त तहका कार्यक्रममा विद्यार्थीहरुको भर्ना चापलाई क्रमशः कम गर्दै लैजाने नीतिलाई तत्परताका साथ लागू गर्दै लगेको पाइएको छैन।यसले पनि खुलेका उच्चमाध्यमिक विद्यालयहरुले विद्यार्थीहरु आवश्यक मात्रामा प्राप्त गर्न सकेका छैनन्।प्रवीणता प्रमाणपत्र तह हटाई त्रिभुवन विश्वविद्यालयमा ३+२ अर्थात ५ वर्षे शिक्षा दिने दृष्टिकोण राखी त्यहाँबाट प्रमाणपत्र तह विस्थापन गर्न कार्यक्रम ल्याइए तापनि सो कार्यक्रम यथावत् रहँदा विश्वविद्यालयहरुमा हाल सात वर्ष (२+३+२)को शिक्षा प्रदान गर्ने स्थिति आइपरेको पाइन्छ।

(१६) सहकार्यको अभावः विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहको कार्यक्रमहरुलाई क्रमशः घटाउँदै तथा हटाउँदै लैजाने नीति रहेको सन्दर्भमा परिषद् र विश्वविद्यालयका बीच संयुक्त कार्ययोजना नवन्नाले पनि समस्या खडा भएको देखिन्छ।

(१७) सम्वेदनशील उमेरका विद्यार्थीहरुः सरकारले प्राथमिक शिक्षाका साथै अहिले माध्यमिक शिक्षा पनि निःशुल्क गरिसकेको छ।विश्वविद्यालयीय शिक्षामा पनि सरकारी अनुदानमा कमी आएको छैन।प्रवीणता प्रमाणपत्र तहलाई विश्वविद्यालयीय शिक्षाबाट विद्यालयीय शिक्षामा लैजाने निर्णयमा पनि सरकारकै संलग्नता रहे पनि भरखरै प्रवेशिका उत्तीर्ण गरेका सम्वेदनशील उमेरका किशोर-किशोरीहरुको शिक्षामा सरकार आर्थिक तथा व्यवस्थापकीय दायित्वबाट पन्छिरहेको जस्तो देखिएको छ,।उच्चमाध्यमिक विद्यालय जाने उमेरका हजारौं विद्यार्थीहरु विदेशमा पढ्न जानु वा पढ्न निहुँमा विदेशमा बरालिनुको दूरगामी प्रभावले राष्ट्रलाई ठूलो क्षति पुऱ्याउन सक्छ।यसबाट देशको

आर्थिक स्रोत बाहिरिनुका साथै अभिभावक तथा विद्यार्थीहरुमा समेत आर्थिक र मनोवैज्ञानिक पक्षमा दूरगामी असर पर्छ।

(१८) दायित्वप्रति उदासीनताः विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरुमध्ये ६२ प्रतिशतको भार वहन गर्नु पर्ने अपेक्षा राखिएको उच्चमाध्यमिक कार्यक्रमलाई सञ्चालन गर्ने हालसम्म सरकारी आर्थिक दायित्व नगण्य रहेको र आर्थिक सहयोग गर्ने दृष्टिकोणमा स्पष्टता नरहेकाले पनि यसले स्पष्ट बाटो अवलम्बन गर्न सकेको छैन।उच्चमाध्यमिक कार्यक्रम संचालन भइसकेका विद्यालयहरुलाई सरकारले केही अनुदान दिने व्यवस्थाको सुरुवात गरे पनि हाल दिँदै आएको अनुदान ज्यादै नगण्य रहेको छ।फेरि यस्तो अनुदान खास आधार (विद्यार्थीहरुको भर्ना संख्या, सुगमता, दुर्गमता, विषयहरुको विविधता, शैक्षिक उपलब्धि आदि) मा वितरण नभई अविभेदक ढंगले बराबरीका आधारमा उपलब्ध गराइएकाले यसबाट कुनै पनि उद्देश्य पूरा गर्न सहयोग नमिलेको देखिएको छ।

(१९) पहुँचको असमानताः सहरी क्षेत्रमा एकातिर विश्वविद्यालयका क्याम्पसहरुको संख्या बढी भएकाले प्रवेशिका उत्तीर्ण गरेका धेरै विद्यार्थीहरु तिनै क्याम्पसहरुमा कम शुल्कमा प्रविणता प्रमाणपत्र तहको शिक्षा हासील गर्न पाउँदैछन् भने अर्कातिर ग्रामीण तथा दुर्गम क्षेत्रमा चाहिँ प्रायः क्याम्पसको सुविधा नभएकाले भरखरै स्थानीय सहभागितामा खुलेकाले बढी शुल्क लिने उच्चमाध्यमिक विद्यालयहरुमा भर्ना हुनु पर्ने बाध्यता छ।यसरी सम्पन्नले कम शुल्कमा र विपन्नले चाहिँ बढी शुल्कमा एउटै तहको शिक्षा प्राप्त गर्नुपर्ने विडम्बना अहिले हाम्रो देशमा प्रचलित देखिएको छ।हाल देशमा उच्चमाध्यमिक विद्यालयहरु सबै निजी स्रोतबाट नै सञ्चालित रहेका छन्।सहरी क्षेत्रमा रहेका कतिपय बाहेक ग्रामीण क्षेत्रका धेरैजसो यस्ता विद्यालयहरुको दिगो आर्थिक स्रोत नभएकाले धरमराउँदो स्थितिमा छन्।विद्यार्थीहरुबाआट उठ्ने शुल्क मात्र यिनको नियमित आयस्रोत भएकाले विद्यार्थी संख्यासमेत कम हुने ग्रामीण क्षेत्रका विद्यालयको स्थिति चिन्ताजनक छ।

(२०) जनसहभागिता निरुस्ताहित हुने स्थितिः उच्चमाध्यमिक शिक्षाको व्यवस्थापनको एउटा महत्वपूर्ण प्रयोजन एसएलसी उत्तीर्ण गरेर सोभन्दा माथिल्लो तहप्रति उन्मुख हुने विद्यार्थीहरुका लागि आफ्नै गाउँ वा त्यसको आसपासमा शिक्षा उपलब्ध गराई शिक्षाको विकेन्द्रीकरण गर्नु पनि हो तर हाल ग्रामीण तथा दुर्गम क्षेत्रमा जनसहभागिताबाट सीमित स्रोत र साधनका भरमा चलाइएका उच्चमाध्यमिक विद्यालयहरुको स्थिति विभिन्न दृष्टिले दयनीय देखिनु चिन्तालाग्दो विषय भएको छ।यसले स्थानीय जनताहरुको शिक्षाप्रतिको जोस र जाँगरमा ठूलो आघात पुर्‍याउने देखिएको छ।

(२१) शुल्क र गुणस्तरमा विभेदः शुल्कका दृष्टिले पनि उच्चमाध्यमिक विद्यालयहरुमा प्रशस्त विभेद रहेको पाइन्छ।सहरी क्षेत्रमा खुलेका कतिपय विद्यालयहरुको पठनपाठनमा दिइने सुविधा र सेवाभन्दा अत्यधिक शुल्क लिने गरेको पाइएको छ भने ग्रामीण र विपन्न क्षेत्रमा खुलेका विद्यालयहरु न्यूनतम सेवा सुविधा उपलब्ध गराउन पनि शुल्कको भार बढाउन नसक्ने स्थितिमा छन्।यस किसिमको विसंगतिले शैक्षिक गुणस्तरका साथै सामाजिक न्यायको प्रश्नलाई समेत चुनौति दिइरहेको छ।

(२२) भौतिक पूर्वाधारको अभावः अधिकांश उच्चमाध्यमिक विद्यालयका लागि आफ्नै भवन र अन्य भौतिक पूर्वाधारहरुको व्यवस्था नभएकाले तत्काल काम चलाउका रुपमा कक्षाहरु भाडामा लिइएका वा अन्य अन्य शैक्षिक संस्थाको उदारतामा आश्रित रहेर सञ्चालित छन्।माध्यमिक विद्यालयमा उच्च माध्यमिक कार्यक्रमका लागि पनि उपयुक्त कक्षाकोठा आदिको व्यवस्था गर्न नसकिएकाले पठनपाठनका लागि प्रायः विहान बेलुकाको समयको समेत उपयोग गरिएको पाइन्छ।यसरी भौतिक पूर्वाधार र पठनपाठनका लागि पर्याप्त समयको कमीले पनि उच्चमाध्यमिक तहको कार्यक्रम प्रभावकारी हुन सकेको छैन।

(२३) पाठ्यक्रमको कार्यान्वयनमा समस्याः हाल उच्चमाध्यमिक तहका पाठ्यक्रमहरु विश्वविद्यालयीय पठनपाठनको अनुभवलाई मूलतः आधार मानी स्नातक तहको पूर्वतयारीलाई दृष्टिमा राखेर निर्माण गरिएका देखिन्छन्।यिनमा उच्च माध्यमिक विद्यालयको पठनपाठनका अनुभवको उपयोग कमै रहेको देख्न सकिन्छ। फेरि हाल बहुलपथको संरचनामा पाठ्यक्रम लागू भएको ठोस अनुभव प्राप्त नहुँदै एकलपथको संरचनामा पाठ्यक्रम निर्माण भइसकेकाले यिनको कार्यान्वयन आवश्यक तयारीका साथ नगरिएमा अझ कठिनाई आइपर्न सक्छ।

(२४) पाठ्यपुस्तकको अभावः उच्चमाध्यमिक शिक्षा परिषद्द्वारा निर्माण गरिएका पाठ्यक्रम लागू भएको ७ वर्ष भइसक्दा पनि सो अनुसार पाठ्यपुस्तकहरु तयार गर्नेतर्फ कुनै ठोस कदम चालिएको देखिँदैन।निश्चित पाठ्यपुस्तकका भरमा अध्ययन गरेर १० कक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुलाई कक्षा ११ मा आउँदा प्रायः पाठ्यपुस्तकविहीन वा एकभन्दा बढी सन्दर्भ पुस्तकहरुका भरमा पठनपाठन गर्नु परेकाले यो निकै गम्भीर समस्या बनेको छ।

(२५) परीक्षामा केन्द्रीकरणः अहिले कक्षा ११ र १२ को परीक्षा उच्चमाध्यमिक शिक्षा परिषद्द्वारा अलग-अलग रुपमा अन्तिम परीक्षा लिइँदै गरेको पाइन्छ।यसबाट एकातिर परीक्षा सञ्चालन तथा व्यवस्थापनमा परिषद्ले निकै ठूलो भार वहन

गर्नु परेको छ भने अर्कातिर परीक्षा सञ्चालनलाई बढी केन्द्रीकरण गरिएको देखा परेको छ।

**सुझावहरुः**

(१) विस्थापनको पूर्वतयारीः देशभरिका सार्वजनिक माध्यमिक विद्यालयहरुको भौतिक, आर्थिक तथा शिक्षकहरुको वस्तुस्थिति र उच्चमाध्यमिक कार्यक्रम संचालन गर्न सक्ने संभाव्यता अध्ययन गरी उपयुक्त देखिएका ठाउँमा उक्त कार्यक्रम संचालनका लागि माध्यमिक विद्यालयहरुलाई तयार गर्दै लैजानु पर्छ।

(२) प्रवीणता प्रमाणपत्रको विस्थापनः विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहमा विस्थापन गर्ने नीतिलाई कार्यान्वयन गर्न राष्ट्रिय तहबाट निर्णय गरी तत्कालै प्राज्ञिक विस्थापन प्रारम्भ गर्ने र क्रमशः भौतिक विस्थापन पनि गर्दै जाने नीति लिनु पर्छ। उक्त क्रममा परिषद् र विश्वविद्यालयका बीच संयुक्त कार्ययोजना बन्नु पर्छ र आगामी १० वर्षभित्रमा भौतिक विस्थापन गरी यस तहको शिक्षालाई माध्यमिक शिक्षासँग पूर्णतया एकीकृत गर्नु पर्छ।

(३) पब्लिक क्याम्पसलाई प्रोत्साहनः प्रवीणता प्रमाणपत्र तहको कार्यक्रम संचालन गर्ने विश्वविद्यालयसँग सम्बन्धन प्राप्त क्याम्पसहरुलाई अहिलेको स्थितिमा उक्त कार्यक्रमको सट्टा +२ को कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्नु पर्छ।

(४) विश्वविद्यालयका शिक्षक र उच्चमाध्यमिक कार्यक्रमः विश्वविद्यालयका क्याम्पसहरुबाट प्रवीणता प्रमाणपत्रको कार्यक्रम विस्थापित गर्दै जाँदा त्यस तहमा अध्यापन गर्ने शिक्षकहरुलाई उनीहरुकै स्वेच्छामा पायक पर्ने उच्चमाध्यमिक विद्यालयहरुमा काजमा खटाउन वा सरुवा गर्न सकिने व्यवस्था हुनु पर्छ। यसबाट विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहको अनुभवलाई +२ को कार्यक्रममा उपयोग गर्ने तथा शैक्षिक प्राज्ञिक पक्षलाई सुदृढीकरण गर्न मद्दत मिल्नेछ। यसरी विश्वविद्यालयबाट जाने शिक्षकहरुलाई उच्चमाध्यमिक विद्यालयले थप भत्ता तथा सुविधा दिई आकर्षित गर्नु पर्छ।

(५) उच्चमाध्यमिक विद्यालयको संरचनाः उच्चमाध्यमिक शिक्षा ऐन, २०४८ द्वारा उच्चमाध्यमिक कार्यक्रमलाई विद्यालयीय संरचनाको अन्तिम तहका रुपमा मानिएको हुँदा पनि सोही कुरालाई स्वीकार गरी आवश्यक व्यवस्था मिलाउँदै लैजानु उपयुक्त हुनेछ। माध्यमिक शिक्षाको विस्तार तथा निरन्तरताका रुपमा उच्चमाध्यमिक शिक्षा आएको कुरा सम्बन्धित सबैलाई बोध गराउँदै जानु आवश्यक छ। यस सम्बन्धमा अन्ततः उच्चमाध्यमिक तहको संरचना ६–१२ वा ९–१२ सम्म हुनु वाञ्छनीय देखिन्छ। हाल +२ मात्र संचालन गरेका शैक्षिक संस्थाहरुलाई समेत भविष्यमा माध्यमिक विद्यालयको संरचनासँग आवद्ध हुन ९–१० कक्षाको समेत संचालन गर्न प्रेरित गर्नु पर्छ।

(६) निजी क्षेत्र र उच्चमाध्यमिक शिक्षाः माध्यमिक विद्यालयको अंगका रुपमा उच्चमाध्यमिक कक्षा चलाउँदा अध्ययन अध्यापनमा आवश्यक शिक्षकहरुको व्यवस्थापन र प्रशासन सम्बन्धी संचालन खर्चमा किफायत हुने देखिन्छ। तसर्थ यस किसिमको व्यवस्था अन्य व्यवस्था भन्दा दिगो हुने हुँदा अन्ततः यसतर्फ नै उन्मूख हुनु पर्नेछ तापनि हाल यस्ता विद्यालयहरुमा प्रायः योग्य शिक्षक र उपयुक्त शैक्षिक नेतृत्व समेत उपलब्ध हुन नसकेकाले र निजी क्षेत्रका संस्थाहरु उल्लिखित शर्तहरुमा समर्थ भएमा तिनका माध्यमबाट पनि +१२ का कार्यक्रमहरुको संचालन गराउनु पर्छ।

(७) क्षेत्रीय कार्यालयमा अलग्गै एकाईः उच्चमाध्यमिक शिक्षाको कार्यक्रम विश्वविद्यालयीय शिक्षाबाट भरखरै विद्यालयीय संरचनाभित्र आवद्ध हुन आएकाले प्रचलित विद्यालय व्यवस्थासँग सम्बद्ध क्षेत्रीय र स्थानीय निकायहरु प्राज्ञिक अनुभव र शैक्षिक व्यवस्थापनका दृष्टिले सक्षम नहुने भएकाले तिनमा उक्त कार्यक्रमका लागि अलग्गै एकाइको व्यवस्था गरी आवश्यक काम गराउनु पर्छ।

(८) उच्चमाध्यमिक विद्यालयको वर्गीकरणः हाल प्रचलित सरकारी, अर्धसरकारी र निजी विद्यालयहरुको धारणामा परिवर्तन ल्याई उच्चमाध्यमिक विद्यालयहरुलाई सार्वजनिक, सामुदायिक र निजी गरी ३ वर्गमा राख्ने नीति अवलम्बन गर्नु उपयुक्त हुनेछ। सरकारको प्रमुख आर्थिक दायित्वमा संचालित विद्यालयलाई सार्वजनिक, समुदाय वा संघ संस्थाद्वारा आर्थिक स्रोत जुटाई संचालित विद्यालयलाई सामुदायिक/गुठी र निजी स्रोतका आधारमा संचालित विद्यालयलाई निजी विद्यालय मानिनु पर्छ। सार्वजनिक, सामुदायिक र निजी विद्यालयहरुका लागि व्यवस्थापन समिति पनि अलग्गै प्रकृतिको हुनुपर्छ। परिषद्को नीति नियमभित्र रही यस्ता विद्यालयहरु संचालन गर्ने पूर्ण अभिभारा समितिलाई नै दिनु पर्छ। साझेदारी र गुठीको रुपमा विकास गर्न प्रस्तावित उच्चमाध्यमिक विद्यालयहरुलाई प्रोत्साहित गर्नु पर्छ।

(९) एकीकृत व्यवस्थापनः माध्यमिक विद्यालयहरुसँग आवद्ध भई संचालित भइरहेका उच्चमाध्यमिक कार्यक्रमका लागि सोही विद्यालयको व्यवस्थापन समितिलाई नै उच्चमाध्यमिक तहको अभिभारा बहन गर्न उपयुक्त र सक्षम बनाउनु पर्छ।

(१०) व्यवस्थापन समितिः उच्चमाध्यमिक विद्यालयहरुको संचालन तथा व्यवस्थापनमा विकेन्द्रीकरणको अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ। यस्ता विद्यालयहरुको व्यवस्थापनमा सबभन्दा बढी जिम्मेवारी सम्बन्धित व्यवस्थापन समितिका माध्यमले स्थानीय तहमा नै रहनु पर्छ। कार्यक्रमको विस्तार र प्रभावकारिताका लागि थप शिक्षक तथा अन्य भौतिक पक्षको पूर्ति

गर्ने व्यवस्थापन समितिलाई स्थानीय स्रोतको परिचालनमा जिम्मेवार बनाउन जोड दिनु पर्छ। केन्द्रीय, क्षेत्रीय तथा जिल्लास्तरीय निकायहरुले सहयोगीको भूमिका मात्र निर्वाह गर्नु उपयुक्त हुनेछ।

(११) समन्वयः विद्यालयको अन्तिम तहको शैक्षिक व्यवस्थापनका लागि उच्चमाध्यमिक शिक्षा परिषद्को गठन भएकोले यसका गतिविधि तथा कामकारबाहीहरुमा विद्यालयीय शैक्षिक व्यवस्थापन तथा निरीक्षणमा संलग्न क्षेत्रीय एवं जिल्ला स्तरीय निकायहरुसँग तालमेल एवं समन्वय हुनु जरुरी छ।

(१२) हाल उच्चमाध्यमिक कार्यक्रम विभिन्न निकाय तथा संस्था माध्यमिक विद्यालयहरु, निजी शैक्षिक संस्थाहरु, विश्वविद्यालयका सम्बन्धन प्राप्त क्याम्पसहरुबाट संचालित हुँदै आएकाले यिनको गुणस्तरमा निकै ठूलो अन्तराल देखिन सक्ने हुँदा न्यूनतम मापदण्ड निर्धारण गरी उक्त कार्यक्रमका बीच तालमेल ल्याउने प्रयास गरिनु पर्छ।

(१३) सामाजिक न्यायः दुर्गम एवं विपन्न क्षेत्रमा सरकारको अग्रसरतामा उच्चमाध्यमिक विद्यालयहरु संचालनका लागि तत्काल आवश्यक कार्यको थालनी गर्नु पर्छ। दुर्गम तथा विपन्न क्षेत्रमा र सुगम तथा सम्पन्न क्षेत्रमा खोलिने उच्चमाध्यमिक कार्यक्रमका लागि एउटै खालका नीति र शर्तहरु तोकिनु हुँदैन। स्थानीय परिवेश हेरी शर्तहरु विभेदक किसिमका हुनु पर्छ र विपन्न क्षेत्रमा खोलिने उच्चमाध्यमिक विद्यालयहरु खोल्न विशेष प्रोत्साहनको व्यवस्था हुनु पर्छ। दुर्गम, ग्रामीण तथा विपन्न इलाकामा सामुदायिक स्रोतबाट खोलिएका उच्चमाध्यमिक विद्यालयहरुलाई सरकारी अनुदानका लागि प्राथमिकता दिनु पर्छ। दुर्गम तथा विपन्न क्षेत्रमा अत्यधिक सरकारी आर्थिक दायित्वमा उच्चमाध्यमिक शिक्षा परिषद्को अग्रसरतामा केही उच्चमाध्यमिक विद्यालयहरु खोलिनु पर्छ।

प्रधानाध्यापकको योग्यता र भूमिकाः उच्चमाध्यमिक तहमा पढाउने सबै शिक्षकहरु स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने हुँदा उक्त तहसमेत संचालन भएको माध्यमिक विद्यालयको प्रधानाध्यापक पनि सोही अनुरुप योग्यताको हुनुपर्छ। साथै दैनिक प्रशासन र आवश्यक शैक्षिक नेतृत्वका लागि प्रधानाध्यापकलाई सक्षम बनाउनु पर्छ।

(१४) भौतिक पूर्वाधार विकासमा सहयोगः स्थानीय क्षमता र आवश्यकतालाई हेरी खास शैक्षिक कार्यक्रम तथा भौतिक पूर्वाधारको विकास गर्न सरकारले उच्चमाध्यमिक विद्यालयहरुलाई नियमित अनुदान बाहेक एकमुष्ट रकम उपलब्ध गराउने नीति लिनु पर्छ। यस किसिमका भौतिक पूर्वाधारहरुका लागि भवन, फर्निचर, पुस्तकालय, प्रयोगशाला आदिको स्थितिमा सुधार ल्याउन योजनाबद्ध कार्यक्रमको थालनी गर्नु पर्छ।

(१५) नक्साङ्कनः देशका विभिन्न क्षेत्रहरुमा उच्चमाध्यमिक विद्यालयहरु खोल्न अनुमति दिनुभन्दा पहिले त्यस्ता विद्यालयहरुको आवश्यकता सम्बन्धी संभाव्यताको नक्साङ्कन अध्ययन गराउनु उपयुक्त हुनेछ। सोका आधारमा उच्चमाध्यमिक विद्यालयहरुका संभाव्य इलाकाहरु तोक्न सकिनेछ र यस्तो इलाका एउटै जिल्ला वा एकभन्दा बढी जिल्लाका खास भागलाई पायक पर्ने ठाउँ र स्रोत विद्यालयहरुको स्थिति विचार गरी निर्धारण गर्नु पर्छ।

(१६) सम्बन्धनका पूर्वशर्तहरुः

(क) उच्चमाध्यमिक कार्यक्रम संचालन गर्ने सम्बन्धन तथा अनुमति दिंदा निर्धारित पूर्वाधार तथा पूर्वशर्तहरु पूरा भए नभएको कुराको स्थलगत अध्ययन र छानविन गरिनु आवश्यक छ। त्यसपछि उपयुक्त शर्तहरु पूरा हुने वस्तुगत आधारहरुमा विश्वस्त भएर मात्र अनुमति दिन सकिनेछ।

(ख) स्रोत विद्यालयहरुको स्थिति र विद्यार्थीहरुको संभाव्य संख्या, पठन पाठन हुने विषयहरुको प्रकृति र विविधता र योग्यता पुगेका शिक्षकहरुको उपलब्धतालाई सम्बन्धन दिने क्रममा विशेष ध्यान दिनु पर्छ।

(ग) सम्बन्धनका लागि माग गर्ने कुनै पनि संस्थाले कक्षाकोठा, कार्यालयकोठा, पुस्तकालय, पुस्तकहरुको संख्या, शिक्षण सामाग्री तथा उपकरण, प्रयोगात्मक कक्षा, सभाकक्ष, खेलकूद मैदान, फर्निचर आदि प्रत्येक भौतिक पूर्वाधारहरुको न्यूनतम उपलब्धता र कार्यक्रमको विविधता अनुसार थप सुविधा जुटाउन सक्ने क्षमता दर्साउनु पर्छ।

(घ) सम्बन्धन दिंदा विशेष गरी ग्रामीण क्षेत्रमा जनसंख्या, भौगोलिक स्थिति, दुर्गमता र स्रोत (पोषक) विद्यालयहरुलाई समेत ध्यानमा राख्नु पर्छ।

(१७) चरणबद्ध सम्बन्धनः उपयुक्त भौतिक तथा शैक्षिक पूर्वाधारहरुको वस्तुगत संभाव्यतालाई छानवीन गरी चरणबद्ध रुपमा सम्बन्धन दिने नीति अवलम्बन गर्नु पर्छ। सम्बन्धन दिने क्रममा न्यूनतम शर्तहरु तोकी पहिलो चरणमा परीक्षणका रुपमा दुई वर्षका लागि संचालन गर्ने अनुमति दिने, दोस्रो चरणमा अस्थायी सम्बन्धन र तेस्रो चरणमा मात्र स्थायी सम्बन्धन दिने गर्नु पर्छ। यसरी सम्बन्धन दिंदा विद्यालयले पूरा गर्नु पर्ने शर्त र सम्बन्धन प्रदान गर्ने संस्थाले गर्नु पर्ने प्रतिबद्धता स्पष्ट हुनु पर्छ।

(१८) जनसहभागितालाई प्रोत्साहनः जनसहभागितालाई निरुत्साहित गराउने खालको सम्बन्धन नीति अपनाउनु हुँदैन। निजी तथा सामुदायिक क्षेत्रलाई जतिसक्दो आकर्षित गराउन हाललाई कक्षा ११ र १२ मात्र संचालन गर्ने उच्चमाध्यमिक विद्यालयहरु पनि खोल्न दिनु उपयुक्त देखिएको छ। भविष्यमा उक्त किसिमका विद्यालयहरुलाई पनि ९–१० कक्षाहरु संचालन गर्न क्रमशः प्रेरित गर्नु पर्छ।

(१९) पूर्वशर्तमा लचिलोपनः निजी तथा सामुदायिक स्रोतबाट संचालित विद्यालयको हकमा विद्यालयकै नाममा भवन, जग्गा भएमा हालको धरौटीमा पनि कम गर्न उचित हुने वा त्यस्ता विद्यालयको लागि धरौटी नगदको सट्टा बैंक ग्यारेन्टी पनि स्वीकार गरिने व्यवस्था हुनु पर्छ। उच्चमाध्यमिक विद्यालय संचालन गर्ने अनुमति प्राप्त गर्ने हाल मुद्दती खातामा निर्धारित रकम जम्मा गर्ने परिपाटीमा विविधिकरण गर्नु आवश्यक छ। स्थानीय अवस्थिति, कार्यक्रम र भौतिक सुविधा असुविधाको प्रकृतिलाई हेरी रकमको परिमाणलाई लचिलो वा अझ कसिलो बनाउनु पर्ने हुन्छ। मुद्दती खातामा जम्मा गरिएको रकम विद्यालयलाई आकस्मिक स्थितिमा झक्नु परेमा व्यवस्थापन समितिले उच्चमाध्यमिक शिक्षा परिषद्को पूर्वस्वीकृति लिनु पर्ने प्रावधान राख्नु उपयुक्त हुनेछ।

(२०) शुल्क निर्धारणः

(क) विद्यालयले प्रदान गर्ने सेवा तथा भौतिक सुविधाको आधारमा शुल्क निर्धारण गर्नु पर्छ। सम्बन्धन दिनु पूर्व प्रस्तावित शुल्क विवरण लिनु पर्ने र उपयुक्तता तथा औचित्यका आधारमा शुल्क सम्बन्धी पूर्वस्वीकृति दिनु पर्छ।

(ख) सार्वजनिक उच्चमाध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुबाट उठाइने शुल्क सरकारी अनुदानको परिमाणलाई आधार मानी निर्धारण गर्नु पर्छ। सामुदायिक उच्चमाध्यमिक विद्यालयहरुले लागतपूरणको सिद्धान्त अनुरुप शुल्क निर्धारण गर्नु पर्छ।

(ग) निजी क्षेत्रमा संचालित उच्चमाध्यमिक विद्यालयहरुले विद्यार्थीहरुबाट शुल्क असूल गर्दा उपलब्ध हुने सेवा र सुविधासँग तालमेल हुने गरी सीमा निश्चित गर्नु पर्छ। शुल्कमा हेरफेर गर्नु वा बढाउनु परेमा सोको औचित्य अनुरुपको सहमति सम्बन्धित निकायबाट लिने प्रचलन बसाउनु उपयुक्त हुनेछ।

(२१) सम्बन्धन खारेजीः अनुमति प्राप्त उच्चमाध्यमिक विद्यालयहरुले भौतिक तथा शैक्षिक पूर्वाधारको विकासका शर्तहरुका साथै परिषद्का नीति, नियम एवं निर्देशनहरुको पालना नगरेको देखिएमा सम्बन्धन खारेज गर्ने व्यवस्था हुनु पर्छ।

(२२) माध्यमिक विद्यालयलाई प्राथमिकताः उच्चमाध्यमिक शिक्षा विद्यालयीय शैक्षिक व्यवस्थाको अंक भएकाले माध्यमिक विद्यालयसँग आवद्ध भएर संचालन गरिने यस्ता कार्यक्रमले विशेष प्राथमिकता पाउनु पर्छ। यसो भएमा कम खर्चिलो हुनुका साथै त्यहींको भौतिक सुविधा, स्रोत र शैक्षिक पूर्वाधारहरुको

अधिकतम उपयोग गर्ने दृष्टिकोणलाई प्रोत्साहन मिल्नेछ। अतः आगामी १० वर्षभित्र यस तहलाई माध्यमिक शिक्षामा पूर्ण रुपले एकीकृत गरिसक्नु पर्छ।

(२३) विद्यालयगुच्छ र उच्चमाध्यमिक कार्यक्रमः जुनसुकै माध्यमिक विद्यालयहरु उच्चमाध्यमिक कार्यक्रमका लागि सक्षम र उपयुक्त नहुने र ती सबैमा यस्ता कार्यक्रमको आवश्यकता र औचित्य नरहने हुँदा खास माध्यमिक विद्यालय समूहलाई पायक पर्ने कुनै एउटा माध्यमिक विद्यालयलाई उच्चमाध्यमिकको कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्नु पर्छ। यस स्थितिमा उच्चमाध्यमिकको कार्यक्रम चल्ने विद्यालय त्यस क्षेत्रको शैक्षिक केन्द्रको र अन्य विद्यालयहरु उसको पोषकको भूमिकामा रहनेछन्।

(२४) शिक्षकको योग्यताः उच्चमाध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरु कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्छ। उच्चमाध्यमिक शिक्षाको शैक्षिक गुणस्तरलाई सुनिश्चित गर्न पनि यस किसिमको व्यवस्था जरुरी छ।

(२५) उच्चमाध्यमिक शिक्षकको उत्पादनः

(क) माध्यमिक तहमा अध्यापन गरिरहेका र स्नातक तह (बी.एड., बी.ए.) उत्तीर्ण गरेका शिक्षकहरुलाई उच्चमाध्यमिक तहको पठन पाठनमा संलग्न गराउन मिल्दो विषयमा उच्च अध्ययन तथा स्तर वृद्धिको अवसर प्रदान गर्ने दृष्टिले सेवाकालिन कार्यक्रम संचालन गर्नु पर्छ। यस्ता विद्यालयका संभाव्य शिक्षकहरुका लागि दूर शिक्षण कार्यक्रम समेत संचालन गर्नु पर्छ।

(ख) उच्चमाध्यमिक शिक्षाको उद्देश्य तथा भावना र परिषद्ले दिएको प्राथमिकता अनुरुप स्थानीय तहमा शिक्षकहरुको माग अनुसारको आपूर्तिका लागि उपयोगी र व्यावहारिक खालका योजनाबद्ध कार्यक्रम संचालन गर्नु पर्छ। यस किसिमका कार्यक्रमको संयोजन परिषद्वारा गर्ने व्यवस्था हुनु पर्छ।

(२६) अल्पकालिन प्रशिक्षणः न्यूनतम योग्यता पुगेका शिक्षकहरुलाई आवश्यकता र उपयुक्तता हेरी छोटो वा मध्यम अवधिको प्रशिक्षणका साथै पुनर्ताजगीको कार्यक्रममा पनि भाग लिने अवसर उपलब्ध गराउनु पर्छ। यस्ता कार्यक्रमहरु शिक्षण प्रविधिगत र सम्बन्धित विषय क्षेत्रगत दुबै प्रकारका हुनेछन्।

(२७) शर्त र सुविधामा विविधीकरणः दुर्गम एवं ग्रामीण क्षेत्रका उच्चमाध्यमिक विद्यालयका शिक्षकहरुको सेवा, शर्त र सुविधा अन्य विद्यालयका तुलनामा बढी हुनु पर्छ। उनीहरुको स्थायित्व, सेवासुरक्षा, तलब तथा भत्ता, निवृत्तिभरण, बढुवा आदि सुविधा, पेशागत उन्नयन, शैक्षिक कार्यभार आदिमा निश्चितता आउन सकेमा उच्चमाध्यमिक तहमा अध्यापन गर्नका लागि योग्य शिक्षकहरुलाई आकर्षित गर्न सकिनेछ।

सार्वजनिक उच्चमाध्यमिक विद्यालयका शिक्षकहरुको निवृत्तिभरण, उपदान र संचयकोषको समेत व्यवस्था हुनु पर्छ। यसै गरी सामुदायिक र निजी स्तरका उच्चमाध्यमिक विद्यालयले पनि आफ्नो व्यवस्थापन समिति मार्फत शिक्षकहरुको सेवा शर्त, तलब, सुविधा आदिका विषयमा उपयुक्त व्यवस्था गर्नु पर्छ।

(२८) २८. शिक्षक सेवा आयोगः उच्चमाध्यमिक तहमा योग्य शिक्षकहरुको छनौट प्रक्रियालाई व्यवस्थित गर्न केन्द्रीय स्तरमा एक स्वतन्त्र र उच्चस्तरीय निकायको रुपमा शिक्षक सेवा आयोगको व्यवस्था गरिनु उपयुक्त हुनेछ। यसो भएमा शिक्षकहरुको छनौटमा देखापर्ने राजनैतिक तथा अन्य किसिमको वाह्य दवाव कम भई योग्य शिक्षकको आपूर्तिमा टेवा पुग्नेछ। उक्त आयोगबाट योग्यताका आधारमा छनौट भएका शिक्षकहरुको सूचीबाट मात्र उच्चमाध्यमिक विद्यालयहरुले शिक्षकहरु भर्ना गर्ने प्रावधान राखिनु पर्छ।

(२९) निजी उच्चमाध्यमिक विद्यालयका लागि शिक्षकः निजी क्षेत्रमा खोलिएका उच्चमाध्यमिक विद्यालयहरुले पनि योग्यता पुगेका शिक्षकहरुबाट मात्र अध्यापन गराउनु पर्ने नियमलाई कडाइका साथ पालन गर्नु पर्छ। साथै यस्ता विद्यालयहरुलाई पनि खास प्रतिशत रकम शिक्षकहरुको सेवा सुविधा तथा पेसागत उन्नयनका लागि छुट्याउन र सोको उपयोगको व्यवस्थापन गर्न लगाउनु पर्छ।

(३०) माध्यमिक शिक्षकलाई प्राथमिकताः सरकारी अनुदान प्राप्त माध्यमिक विद्यालयहरुमा स्नातकोत्तर उत्तीर्ण गरेका विषय मिल्ने शिक्षकहरुलाई उच्चमाध्यमिकमा लैजाने तथा सरुवा गर्ने व्यवस्था मिलाउनु पर्छ।

(३१) पूर्णकालिक शिक्षकमा जोडः उच्चमाध्यमिक विद्यालयहरुको शैक्षिक गतिविधिको विकासमा आत्मनिर्भरता बढाउन यिनीहरुले आफ्नै जनशक्ति जुटाउने प्रयास गर्नु पर्छ। त्यसका लागि +२ का शिक्षकहरुलाई भरसक पूर्णकालिक शिक्षकका रुपमा नियुक्त गर्न पर्ने र यस्तो नहुन सकेमा कम्तिमा पनि ५०% शिक्षक अनिवार्य रुपमा पूर्णकालिक हुनु पर्छ।

(३२) आर्थिक स्रोतको प्रकृतिः उच्चमाध्यमिक विद्यालयले तीन किसिमबाट आर्थिक स्रोत जुटाउनु पर्छः (क) विद्यार्थीहरुबाट प्राप्त शुल्क, (ख) सरकारी अनुदान, (ग) जनस्तर वा सामुदायबाट प्राप्त सहयोग।

(३३) अनुदान सहयोगः

(क) माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको आधारभूत संरचना मानी सोभन्दा माथिल्लो र तल्लो तहको शिक्षालाई दिइने आर्थिक सहयोगको अनुपात अनुरुप तर्कसंगत तथा न्यायोचित आधारमा यस तहको शिक्षालाई पनि आर्थिक सहयोग उपलब्ध गराउनु पर्छ।

(ख) सरकारले दिने अनुदान सहयोगमा उच्चमाध्यमिक विद्यालयको विविधिकरण गर्नु पर्छ। यसो गर्दा भौगोलिक अवस्थिति, विद्यार्थी संख्या, पठन पाठन हुने विषयहरुको संख्या र प्रकृति शैक्षिक उपलब्धि आदिको ख्याल गर्नु आवश्यक छ। साथै विज्ञान शिक्षाका लागि खोलिने उच्चमाध्यमिक विद्यालयका लागि भौतिक तथा शैक्षिक पूर्वाधार निर्माण गर्न विशेष सहयोग गर्नु पर्छ।

(३४) समांश कोषः उच्चमाध्यमिक विद्यालयको विकासका लागि स्थानीय अभिभावक तथा शिक्षाप्ेरमीहरुले जे जति रकम जम्मा गर्न सक्छन् सो बराबरको रकम समांश कोषका रुपमा सरकारका तर्फबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ। यस्तो रकम कक्षाकोठा, भवन, पुस्तकालय आदिको विकासका लागि खर्च गरिनु पर्छ।

(३५) अग्रणी उच्चमाध्यमिक विद्यालयः सरकारले स्थानीय तहमा केही नमूना उच्चमाध्यमिक विद्यालय स्थापना र संचालन गर्न आवश्यक सहयोग उपलब्ध गराउनु पर्छ। यस्ता विद्यालयहरुमा विपन्न तथा पिछडिएका वर्गका विद्यार्थीहरुलाई सहुलियतमा पठन पाठन गराउने व्यवस्था हुनु पर्छ।

(३६) शिक्षकको व्यवस्थाका लागि सहयोगः सार्वजनिक उच्चमाध्यमिक विद्यालयहरुका लागि न्यूनतम वा निर्धारित संख्याका शिक्षकहरुको तलब तथा अन्य सुविधा सरकारका तर्फबाट एकमुष्ट व्यहोर्ने नीति लिनु पर्छ।

(३७) छात्रवृत्तिः

(क) आर्थिक तथा सामाजिक दृष्टिले विपन्न विद्यार्थीहरुका लागि विशेष सुविधा (निःशुल्क शिक्षा, छात्रवृत्ति आदि) को व्यवस्था गर्न सरकारले केही रकम छुट्याउनु पर्छ। सम्पन्न उच्चमाध्यमिक विद्यालयहरुलाई विपन्न र दुर्गमका छात्रछात्राहरुलाई निःशुल्क छात्रवृत्ति दिन प्रोत्साहित गर्नु पर्छ।

(ख) निजी क्षेत्रमा संचालित उच्चमाध्यमिक विद्यालयहरुले विपन्न वर्गका विद्यार्थीहरुका लागि निःशुल्क शिक्षा प्रदान गर्न र दुर्गम तथा विपन्न क्षेत्रका विद्यार्थीहरुलाई सहयोग गर्न राष्ट्रिय छात्रवृत्ति कोषमा विद्यालयको कुल वार्षिक बजेटको १% रकम जम्मा गर्ने व्यवस्था हुनु पर्छ। उक्त कोषको संचालक समितिमा शिक्षा मन्त्रालय, उच्चमाध्यमिक शिक्षा परिषद्, अभिभावक प्रतिनिधिका साथै निजी विद्यालयका प्रतिनिधि रहने व्यवस्था हुनु पर्छ।

(३८) निजी उच्चमाध्यमिक विद्यालयको भूमिकाः स्थानीय आवश्यकता पूर्ति र गुणस्तरीय शिक्षाको मागलाई ध्यान दिई निजी क्षेत्रलाई उच्चमाध्यमिक

विद्यालयहरु खोल्नमा जोड दिनु पर्छ। निजी स्रोतबाट चलेका उच्चमाध्यमिक विद्यालयहरुलाई सेवामूखी प्रवृत्तिको विकास गर्न प्रोत्साहित गर्नु पर्छ।

(३९) विभिन्न स्रोतको उपयोगः उच्चमाध्यमिक विद्यालयहरुलाई स्थानीय सार्वजनिक जग्गाहरु उपलब्ध गराउन सरकारले सहयोग गर्नु पर्छ। साथै शिक्षाप्रेमी तथा स्थानीय दाताहरुलाई विभिन्न किसिमको भौतिक तथा अन्य सहयोगका लागि आकर्षित गर्ने कार्यमा व्यवस्थापन समितिलाई सक्रिय बनाउनु पर्छ। उच्चमाध्यमिक विद्यालयहरुको भौतिक तथा वित्तिय पूर्वाधार विकास गर्न विदेशी दातृसंस्थाहरुको सहयोग समेत जुटाउनु पर्छ।

(४०) न्यूनतम भौतिक सुविधाको निर्धारणः उच्चमाध्यमिक विद्यालयको सामान्य स्वरुप निर्धारण गरी त्यसका लागि आवश्यक हुने न्यूनतम भौतिक सुविधा निश्चित गर्न सकिन्छ। यस किसिमको आवश्यक भौतिक सुविधा जुटाउन सरकार, स्थानीय निकाय, स्थानीय संघ संगठन तथा समुदायले केही न केही हिस्सेदारी वहन गर्ने परिपाटीको विकास गर्नु उपयुक्त हुनेछ। यस कार्यमा स्थानीय तहमा सम्बन्धित निकाय, संघ संस्था तथा समुदायलाई परिचालन गर्न व्यवस्थापन समितिले प्रमुख भूमिका निर्वाह गर्नु पर्ने हुन्छ।

(४१) पाठ्यक्रम तथा पाठ्यपुस्तकः

(क) उच्चमाध्यमिक तहको हालै निर्मित नयाँ पाठ्यक्रम पूर्णतः एकलपथ प्रणाली अनुसारको नभई त्यसतर्फ उन्मूख प्रकृतिको मात्र देखिएकाले यसलाई वास्तविक रुपमा एकलथप अनुरुपको बनाउन नेपाली, अंग्रेजीका साथसाथै साधारण गणित, साधारण विज्ञान आदि जस्ता विषयहरुलाई समेत अनिवार्य गराउँदै लैजानु आवश्यक छ।

(ख) ग्रामीण र दुर्गम क्षेत्रका उच्चमाध्यमिक विद्यालयहरुमा ऐच्छिक विषयरु छनौट गर्दा स्थानीय आवश्यकतालाई समेत ध्यान दिई व्यावसायिक प्रकृतिका विषयहरुको पठन पाठनलाई प्रोत्साहित गर्नु पर्छ। उच्चमाध्यमिक विद्यालयहरुमा स्थानीय आवश्यकतालाई परिलक्षित गर्ने खालका विषयहरु राख्न प्रोत्साहित गर्नु पर्छ। भौतिक सुविधा र शैक्षिक पूर्वाधारको प्रकृति अनुसार एउटा विद्यालयमा खास किसिमका विषयहरुको मात्र छनौट एवं पठन पाठन हुने व्यवस्था गर्नु पर्छ।

(ग) उच्चमाध्यमिक तहमा पढाइने विषयहरुका लागि उपयुक्त पाठ्यपुस्तकहरुको छनौट गर्ने, लेखाउने तथा प्रकाशन गराउने कार्यमा परिषद्ले सक्रियता देखाउनु पर्छ।

(घ) पाठ्यक्रम अनुरुपका उपयुक्त पाठ्यपुस्तकहरु लेखाउन निजी क्षेत्रका प्रकाशकहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ। यसक्रममा पाठ्यक्रम अनुरुप निश्चित मापदण्ड अन्तर्गत रहेर लेखी प्रकाशित भएका पुस्तकहरुलाई



शिक्षा मन्त्रालय

विशेषज्ञको टोलीले ठीक ठहराएमा पाठ्यपुस्तकका रुपमा समावेश गर्ने व्यवस्था हुनु पर्छ।

(ङ) पाठ्यक्रम अनुसारको निर्देशन पुस्तिका तयार गराई कक्षा शुरु हुनु अघि नै शिक्षकहरुलाई उपलब्ध गराउनु पर्छ।

(च) एकलपथतिर उन्मूख नयाँ पाठ्यक्रम लागू गर्ने क्रममा सम्बन्धित विषय पढाउने शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालनगर्नु अनिवार्य हुनेछ।

(४२) परीक्षाः

(क) उच्चमाध्यमिक शिक्षाको परीक्षामा सुधार गर्ने क्रमलाई प्रवेशिका र स्नातक तहको परीक्षा प्रणालीमा सुधार गर्ने क्रमसँग तालमेल हुने गरी अगाडि बढाउनु पर्छ।

(ख) कक्षा ११ को परीक्षा क्रमशः स्थानीय तहबाटै सम्पन्न गर्ने नीति लिनु पर्छ।

(ग) (ग) परीक्षा संचालनका क्रममा स्थानीय प्रशासनका निकायहरुको अधिकतम सहयोग जुटाउने प्रयास गर्नु पर्छ।

(घ) परीक्षाका निम्ति प्रश्न निर्माण, संशोधन, तथा संपरीक्षणका कार्यमा प्राज्ञिक तथा सम्बन्धित विशेषज्ञ टोलीको संलग्नता र जिम्मेवारी बढाउनु पर्छ।

(ङ) उत्तरपुस्तिका परीक्षणका लागि सम्बन्धित विषयका परीक्षकहरुको विषयगत सूची बनाई त्यस सूचीका आधारमा उत्तरपुस्तिका परीक्षण गराउने व्यवस्था हुनु पर्छ।

(च) प्रश्नपत्रको ढाँचामा विषयको प्रकृति अनुसार केही भिन्नता रहे पनि प्रायः एकरुपता अवलम्बन गर्नुपर्छ। प्रश्नहरु भरसक वस्तुगत प्रकृतिका हुनु आवश्यक छ।

(छ) माध्यमिक शिक्षा र उच्चमाध्यमिक शिक्षाको परीक्षा एउटै निकायबाट संचालन गर्ने व्यवस्था हुनु पर्छ। हालको परीक्षा नियन्त्रण कार्यालयलाई उक्त प्रयोजनका लागि सक्षम बनाउनु पर्छ।

(४३) परिषद्, ऐन नियम, कार्यक्षमताः

(क) उच्चमाध्यमिक शिक्षा परिषद्को स्वायत्तताको प्रकृति र यसका कार्यक्षेत्रहरुलाई किटान गर्नु आवश्यक छ। यस क्रममा उच्चमाध्यमिक शिक्षा परिषद्को उपाध्यक्ष यसको कार्यकारी अध्यक्ष हुने र सभाको अध्यक्ष चाँहि शिक्षामन्त्री रहने व्यवस्था हुनु पर्छ। साथै शिक्षा मन्त्रालय र यसका क्षेत्रीय तथा स्थानीय निकायसँग सम्बन्ध एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रहरुसँग यसले कायम राख्न सक्ने सम्बन्ध र उपलब्ध गर्न सक्ने

सहयोगको प्रकृतिका बारेमा समेत स्पष्ट हुनु जरुरी छ। उक्त प्रयोजनका लागि ऐन नियममा आवश्यक परिवर्तन एवं संशोधन गर्नु पर्छ।

(ख) केन्द्रीय तहमा उच्चमाध्यमिक शिक्षा परिषद्ले सुगम र सहज विस्थापन गर्ने एवं यस तहको पाठ्यक्रम पाठ्यपुस्तक निर्माण, परीक्षा, अनुसन्धान, तालिमका साथै शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने आवश्यक शैक्षिक प्राज्ञिक सरसल्लाह, सुपरिवेक्षण अनुगमन निर्देशन दिने र व्यवस्थापनगत तथा शिक्षकहरुको पेशागत स्तरवृद्धिका अल्पकालिन एवं दीर्घकालिन प्रशिक्षणका गतिविधिको व्यवस्था मिलाउन कार्यदक्षतामा वृद्धि गर्नु पर्छ।

(ग) आगामी वर्षहरुमा परिषद्को दायित्व र कार्यभार क्रमशः बढ्दै जाने हुँदा पनि यसको कार्यक्षमता तथा दक्षता अभिवृद्धि गर्दै जानेतर्फ तत्काल ध्यान दिनु पर्छ।

(घ) शैक्षिक प्राज्ञिक नेतृत्वका दृष्टिले समेत उच्चमाध्यमिक कार्यक्रमलाई सबल र सक्षम बनाउन परिषद् अन्तर्गत विभिन्न विषय समितिहरु गठन गरी तिनका माध्यमबाट अपेक्षित विशेषज्ञ सेवालाई निरन्तरता दिने व्यवस्था हुनु पर्छ।

(ङ) विषय छनौट र अध्ययनमा प्रभावकारिता बढाउने उद्देश्यले उच्चमाध्यमिक विद्यालयका विद्यार्थीहरुका लागि निर्देशन तथा परामर्श सेवा प्रदान गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्छ।

(च) सामान्यतः प्रत्येक वर्ष उच्चमाध्यमिक कार्यक्रम संचालित भएका विद्यालयहरुमा सम्बन्धित विषयका शिक्षकहरुसँग विशेषज्ञहरुको भेटघाट तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नु उपयुक्त हुनेछ। यस किसिमका गतिविधिमा पाठ्यक्रम तथा पठन पाठनसँग सम्बन्धित तत्कालका समस्याहरु समाधानका उपायहरु खोजिनु पर्छ।

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

## विषय प्रवेश

नेपालमा प्राविधिक शिक्षाको थालनी १९८७ तिर आयुर्वेद विद्यालयको स्थापनाबाट भएको मानिन्छ ।२०१३ सालतिर आधारभूत माध्यमिक शिक्षा कार्यक्रम लागू गरी ५० वटा माध्यमिक विद्यालयहरुमा आधारभूत पेशागत सीपहरु पाठ्यक्रममा एकिकृत गर्ने प्रयास गरियो ।२०१८ सालतिर बहुउद्देश्यीय विद्यालय कार्यक्रम लागू भयो। यस कार्यक्रमा बाणिज्य,कृषि तथा औधोगिक सीपहरु समावेश गर्ने र ७५ वटै जिल्लाहरुमा यस्ता विद्यालयहरु स्थापित गर्ने लक्ष्य राखिएको थियो ।यस्ता निकै विद्यालयहरु खुले तापनि सफल हुन सकेनन् ।राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले साधारण विद्यालयका निम्न माध्यमिक तथा माध्यमिक तहमा अनिवार्य एक व्यावसायिक विषय लागू गर्‍यो भने व्यावसायिक शिक्षाको छुट्टै धार पनि प्रारम्भ गर्‍यो , तर शैक्षिक र भौतिक पूर्वाधारका अभावमा र आर्थिक लगानीको कमीबाट यो पनि सफल हुन सकेन ।माथि उल्लिखित सबै प्रयासहरु प्राविधिक शिक्षामा जोड दिँदै आएका प्रमाण हुन् ।अन्ततोगत्वा २०३७ सालमा प्राविधिक शिक्षालय योजना लागू भयो ।प्राविधिक शिक्षालय योजनाले यस शताब्दीको अन्त्य सम्ममा २० वटा शिक्षालय स्थापना गर्ने लक्ष्य राख्यो ।यस शिक्षाको सुदृढिकरण र विस्तारका निम्ति राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समिति गठन गरियो र त्यसका अन्तर्गत कामकाजका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम निर्देशनालय पनि बनाइयो ।एउटा स्वायत्त राष्ट्रिय सीप परीक्षण प्रविधिकरणको पनि गठन गरियो ।सबै मन्त्रालयसँग समन्वय स्थापित गर्न यस समितिको भूमिका अपर्याप्त देखियो ।यस तालिमलाई प्रभावकारी बनाउन र विभिन्न त्रुटिहरुको निराकरण गरी प्रभावकारी बनाउन अन्ततः २०४५ मा ऐनद्वारा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन भयो ।यस ऐनमा २०४९ र २०५१ गरी दुई पटक सशोधन गरिएको छ ।

मुलुकमा आम्दानीको पुनर्वितरणबाट जनताको जीवनस्तर सुधार गर्न सकिने सम्भावना सृजना गर्नु नितान्त आवश्यक भएको छ ।यस सत्यलाई ख्याल गरी पर्याप्त आयआर्जन तथा रोजगारीका अवसर परिचालन गर्न सकिएमा नै राजनैतिक-सामाजिक स्थिरता कायम गर्न सकिने छ। व्यापक गरिबी घटाउनु नै आज नेपालको विकासको सबैभन्दा ठूलो चुनौती हो।

## वर्तमान स्थिति

विश्वकै एक गरिब देश नेपालमा लगभग ४५% जनसंख्या गरिबीको रखामुनि छ ।हाल प्रतिवर्ष १ लाखभन्दा बढी विद्यार्थीहरु प्रवेशिका परीक्षामा अनुत्तीर्ण भइरहेका छन् भने दशम कक्षाको टेष्ट परीक्षामा र त्यसभन्दा तलको कक्षामा अनुत्तीर्ण हुने वा पढाइ छाड्नेको संख्या लाखौँमा पुगिरहेको छ ।एउटा अध्ययनअनुसार १०० जना प्राथमिक शिक्षामा प्रवेश गर्ने विद्यार्थीमा ४१ जना ५ कक्षामा, ३२ जना १० कक्षामा, १९ जना प्रवेशिकामा उत्तीर्ण

हुन्छन् ।यसरी अनुत्तीर्ण हुने वा पढाइ छाड्ने लाखौ विद्यार्थीहरु ग्रामीण वा दुर्गम क्षेत्रका वा विपन्न वर्गका हुन्छन् ।

प्रवेशिकामा उत्तीर्ण भई माथिल्लो शिक्षामा जाने विद्यार्थीहरुमध्ये अत्यधिक ठूलो संख्या (०% देखि ९०% सम्म) उच्चमाध्यमिक वा प्रवीणता प्रमाण पत्र तहमा भर्ना हुन्छन् ।विकसित मुलुकहरुमा प्राविधिक र साधारण शिक्षामा ५०%-५०% को अनुपात पाइन्छ तर नेपालमा विज्ञान शिक्षा बाहेक प्राविधिक शिक्षातर्फ प्रवेश गर्नेहरुको संख्या ६%मात्र छ ।यसबाट हाम्रो शिक्षा प्रणाली राष्ट्रका आर्थिक विकाससित गाँसिई रोजगारमूलक,सीपयुक्त र उत्पादनशील हुन नसकेको र सोअनुरुप शिक्षाको विविधीकरण पनि हुन सकेको छैन।फलस्वरुप लाखौँको संख्यामा युवाशक्ति बेरोजगारी,अर्धबेरोजगारी र नैराश्यका सिकार भएका छन् । प्रतिवर्ष यस्तो संख्या बढ्दो छ र आउँदा दिनमा मुलुकले ठूलो सामाजिक-आर्थिक सङ्कट र त्यसका चुनौतीको सामना गर्नुपर्ने स्थिति छ ।

नेपालमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको क्षेत्र द्रुतगतिले बढ्दो छ ।हाल प्राविधिक शिक्षा तथा व्यावसायिम तालिम परिषद्बाट र यससित सम्बन्धनप्राप्त निजी शिक्षालयहरुका अतिरिक्त श्रम, कृषि, स्वास्थ्य, उद्योग र पर्यटन लगायतका मन्त्रालयका साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट पनि तालिम दिने व्यवस्था छ ।तालिमका विषयमा पनि यी विभिन्न मन्त्रालयबाट हालका निजी विद्यालय बाहेकै अल्पकालीन तालिममा प्रतिवर्ष १ अरब रुपियाँभन्दा बढी लगानी भएको अनुमान छ,तर समन्वय, एकीकृत कार्यक्रम र ठोस नीतिको अभावमा यस विशाल धनराशिको उपलब्धि अपेक्षा गरिएअनुसार हुन सकेको छैन।साथै हाल कतिवटा संघसंस्थाहरु यसमा संलग्न भएका छन् केके गरिरहेका छन्, ठीकठीक तथ्याङ्क प्राप्त हुन सकेको छैन। आउँदा दिनहरुमा नेपालको आर्थिक विकासका लागि यस क्षेत्रमा समन्वय र यसको प्रभावकारिताको आवश्यकता सर्वत्र महसुस गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थाले पूर्व नीतिअनुरुप प्रवीणता तहको कार्यक्रम बन्द गर्दै जाने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले उक्त कार्यक्रमहरु सुरु गर्दै जाने सन्दर्भमा समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को वर्तमान संरचना तथा कार्यक्रमबाट यस क्षेत्रको विकासका लागि निम्न पूर्वाधारहरुको विकास भएको छः

१ सीप बर्गीकरण, सीपको स्तरीकरण तथा प्रमाणीकरण,
२ व्यावसायिक विषयका पाठ्यक्रम तथा स्रोत सामग्री उत्पादन,
३ तालिम केन्द्रको संस्थागत विकास तथा संचालन
४ प्राविधिक प्रशिक्षकहरुको तालिम तथा विकास,
५ अनुसन्धान, विकास तथा सूचनाप्रवाह,
६ गुणस्तर अभिवृद्धि (परीक्षा, अनुगमन प्रणाली) ।

यस प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले दुई प्रकारका शिक्षा तथा तालिमको सञ्चालन गरेको छः अल्कालिक र दीर्घकालिक । अल्कालिक प्रशिक्षणहरुमा हेयरड्रेसिङ, बेतबाँस, सिलाई बुनाइ, सिकर्मी, डकर्मीजस्ता सीपहरु पर्दछन् ।यस्ता प्रशिक्षण दिने निकायहरुको तालिम अवधि, विषयवस्तु, तालिम लागत जस्ता कुराहरुमा ठूलो विविधता पाइन्छ ।दोस्रो प्रकारको दीर्घकालिक कार्यक्रम त्रिभुवन विश्वविद्यालय र यो सस्था गरी दुई निकायहरुबाट सञ्चालन गरिएको छ ।यस परिषद्सँग सम्बन्धन प्राप्त निजी क्षेत्रलाई समेत समेट्दा करिब १० हजार विद्यार्थीहरु लाभान्वित हुन्छन् ।यस दीर्घकालिक प्रशिक्षणहरुमा दिगोपन हुने र व्यवसायका रुपमा जीवन यापनको साधन बन्ने प्रशस्त सम्भावना रहेको छ ।

हाल यस परिषद्द्वारा सञ्चालित निम्नलिखित १० वटा दीर्घकालिक प्रशिक्षण हुने शिक्षालय र दुईवटा अल्पकालिक तालिम केन्द्रहरु छन् :

दीर्घकालिक शिक्षालयहरुः

१ बालाजु प्राविधिक प्रशिक्षण केन्द्र, बालाजु
२ कर्णाली प्राविधिक शिक्षालय, जुम्ला
३ जिरी प्राविधिक शिक्षालय, दोलखा,
४ उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा,
५ लाहान प्राविधिक शिक्षालय, सिरहा,
६ सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी,
७ भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज, बाँके,
८ राप्ती प्राविधिक शिक्षालय,दाङ,
९ धवलागिरी प्राविधिक शिक्षालय, लेते, मुस्ताङ,
१० पोखरा पर्यटन तालिम केन्द्र, कास्की ।

अल्पकालिक तालिम केन्द्रहरुः १ ग्रामीण विकास तथा व्यावसायिक तालिम केन्द्र, लमजुङ, २ ग्रामीण विकास तथा व्यावसायिक तालिम केन्द्र, तनहुँ ।

यी विद्यालयहरुमा दिइने तालिमका विषयहरु र विद्यार्थी संख्या तलको तालिकामा दिइएको छः

शिक्षा मन्त्रालय

तालिकाः प्राशिव्यातापका विषय र विद्यार्थीहरु

| क्र.सं | विषय | ०५२/५३ | ०५३/५४ |
|---|---|---|---|
| १ | कृषि (जेटिए) | १५८ | १४३ |
| २ | कृषि(टीसी) | ५५ | ५२ |
| ३ | मेकानिक्स | २९ | २४ |
| ४ | इलेक्ट्रिसियन | ३४ | ४९ |
| ५ | स्यानिटेसन | २७ | १७ |
| ६ | स्वास्थ्य(अनमी) | ७१ | ११० |
| ७ | स्वास्थ्य (अहेव) | ४९ | ३५ |
| ८ | निर्माण(सवओभरसियर) | ८९ | १०१ |
| ९ | सेक्रेटरियल | | १३ |

स्रोतः योजना एकाइ सीटीइभीटी,२०५४

परिषद्द्वारा सम्बन्धन प्राप्त शिक्षालयहरु

| क्र.सं | विकास क्षेत्र | शिक्षालय संख्या | कार्यक्रमहरु | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | सुदुर पश्चिमाञ्चल | ५ | स्वास्थ्य, जेटीए | २४० |
| २ | मध्यपश्चिमाञ्चल | ९ | स्वास्थ्य,सिभिल, जेटीए | ६८० |
| ३ | पश्चिमाञ्चल | ३२ | स्वास्थ्य,सिभिल,विद्युत,जेटीए, मेकानिक | १९६० |
| ४ | मध्यमाञ्चल | ४० | स्वास्थ्य,विद्युत,जेटीए,सिभिल, कम्प्यूटर, दाँत, काष्ठ, राफ्टिङ, गलैंचा, फर्निचर, कृषि | १९९० |
| ५ | पूर्वाञ्चल | ४६ | स्वास्थ्य,सिभिल,विद्युत,जेटीए, निर्माण, सिचाइ | ५५१० |

स्रोतः योजना एकाइ, सीटीइभीटी, २०५४

विभिन्न मन्त्रालय र संघसंस्थाहरुः निजी क्षेत्रमा हाल यस परिषद्सँग सम्बन्धनप्राप्त शिक्षालयहरुको संख्या १३२ पुगिसकेको छ ।ती शिक्षालयहरुका अधिकांश कार्यक्रमहरु स्वास्थ्य क्षेत्रसँग सम्बन्धित छन् ।हाल नेपालका विभिन्न मन्त्रालय तथा संघसंस्थाअन्तर्गत चलेका यस परिषद् र यससँग सम्बन्धनप्राप्त कार्यक्रमबाहेक व्यावसायिक तालिम कार्यक्रमहरु निम्नलिखित तालिकामा प्रस्तुत गरिएका छन्:

शिक्षा मन्त्रालय

सरकारी/गैरसरकारी संस्थाहरु र उत्पादित जनशक्तिको संख्याः

| क्र.सं | मन्त्रालय/त्रिवि | विभाग/संस्थान | वर्ष | उत्पादित जनशक्ति |
|---|---|---|---|---|
| १ | श्रम मन्त्रालय | घरेलु तथा साना उद्योग विभाग<br>घरेलु तथा साना उद्योग विकास बोर्ड<br>श्रम विभाग | २०५१/५२<br>२०५१/५२<br>२०५१/५२ | ४३३१<br>४८६५<br>४९०७ |
| २ | स्थानीय विकास मन्त्रालय | महिला विकास शाखा | २०५१/५२ | २९५३० |
| ३ | कृषि मन्त्रालय | कृषि विभाग | २०५१/५२ | २९०९ |
| ४ | पर्यटन मन्त्रालय | होटेल व्यवस्थापन तथा पर्यटन प्रशिक्षण केन्द्र | २०५१/५२<br>२०५२/५३ | ६६१<br>८८२ |
| ५ | त्रिभुवन विश्वविद्यालय | इन्जिनियरिङ<br>प्रवीणता<br>कृषि प्रवीणता<br>चिकित्सा प्रवीणता<br>तल्लो प्रशिक्षण चिकित्सा<br>वनविज्ञान प्रवीणता | २०५१/५२<br>२०५१/५२<br>२०५१/५२<br>२०५१/५२<br>२०५१/५२ | ३९७<br>९१<br>३१७<br>१०७<br>- |
| | | जम्मा | | ४८९९७ |

स्रोतः रोजगार प्रबर्धन तथा प्रशिक्षण प्रस्तावित परियोजना,२०५४

**राष्ट्रिय योजना आयोग २०४९का सुझावहरु र तिनको कार्यान्वयन**

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनपछि सरकारबाट २०५१मा यस परिषदको कानूनमा परिवर्तन गरियो। त्यसका कतिपय सुझावका विषय पनि समाविष्ट भए भने कतिपय अहिले पनि सान्दर्भिक छन् ।गत ५ वर्षको  काममा देखापरेका समस्या, व्यावहारिक अनुभव र मुलुकको आवश्यकताका सन्दर्भमा पुनः संरचानत्मक र अन्य कुरामा परिवर्तन गर्नु पर्ने स्थिति छ ।

उक्त आयोगका सुझाहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई शैक्षिक संरचनाको मूलधारमा स्पष्ट स्थान दिनुपर्ने, यस्ता कार्यक्रमको विस्तार गर्न नयाँ संस्थाहरुको स्थापना गर्दा सम्भाव्यता अध्ययन गरी भौगोलिक संरचना र रोजगारको

स्थितिलाई मुख्य आधार बनाउनु पर्ने सुझावहरु समावेश भएका छन् ।त्यस्तै महिलाको सहभागिता बढाउन उपयुक्त विषयहरु कार्यक्रममा समावेश गर्ने नीति लिई कोटा तोक्नु पर्ने एवम् परिषद्का तालिम दिने संस्थालाई आर्थिक तथा प्रशासनिक स्वायत्तता दिनु पर्ने कुरा पनि त्यत्तिकै सान्दर्भिक छन् ।

निजी स्तरमा यस्ता शिक्षालय खोल्ने सुझावमा त्यसको बाढी नै आएको तथ्य हालसम्म १३२ वटा खुलिसकेबाट स्पष्ट हुन्छ, तर तिनको शैक्षिक-भौतिक पूर्वाधार र प्रशिक्षणका गुणस्तरको अनुगमन र सुपरिवेक्षण उत्ति प्रभावकारी हुन सकेको छैन ।यस कार्यक्रमलाई आधारभूतदेखि प्राविधिक प्रशिक्षक प्रशिक्षणसम्म लैजाने भनेकोमा सो लागू भई अझ बढी उच्च डिप्लोमा तहसम्म पुऱ्याउने कार्यक्रम बनिसकेको छ ।यसको सुझावमा क्षेत्रीय तहका तालिम संस्थाहरुको स्थानीय तहमा अन्य निकायद्वारा सञ्चालित तालिम कार्यक्रमका लागि स्रोत केन्द्रको पनि काम गर्नु पर्ने सुझावको कार्यान्वयन हुन नसकेको देखिन्छ ।यस कार्यक्रमलाई ५ वर्षमा दुई गुना र १० वर्षमा ३ गुना वृद्धि गर्नु गर्ने सुझावका सन्दर्भमा निजी क्षेत्रलाई लिँदा धैरै गुना बढी भएको छ भने राष्ट्रिय आवश्यकतालाई हेर्दा यस्ता कार्यक्रमहरुलाई आउँदा १० वर्ष भित्र अझ धैरै गुना बढाउनु पर्नेछ ।उद्यम व्यवसाय, ग्रामीण र सामुदायिक, विकास आयोजना तथा साना घरेलु उद्योग व्यवसायका लागि उपयुक्त जनशक्ति उत्पादित हुनु पर्ने सुझाव प्रभावकारी समन्वयको कमीले साकार हुन सकेको छैन ।प्रवेशका लागि साधारण शिक्षाको प्रमाणपत्रलाई हटाई तालिम कार्यक्रमको तहलाई आधार मान्ने र प्रत्येक तहलाई आफैमा पूर्ण मान्ने एवम् अर्को तहमा प्रवेश गर्दा प्रवेश परीक्षाको व्यवस्था गर्ने सुझाव लागू भइसकेको छ ।सीप परीक्षण पद्धतिलाई तालिम कार्यक्रमसँग आवद्ध गर्ने सुझावअनुरुपको नीति भए पनि विभिन्न निकाय र उद्योग व्यवसायका क्षेत्रमा केही मात्र लागू हुन सकेको छ ।यस कार्यक्रमको संरचनाबाटै कुनै व्यक्तिले कुनै पनि तहको कार्यक्रममा प्रवेश परीक्षामा सामेल हुन सक्ने सुझाव लागू भइसकेको छ ।

यसका महत्वपूर्ण सुझावहरुमा देशमा हुने सबै तालिम कार्यक्रमहरुको गुणस्तर नियन्त्रण, प्रमाणीकरण, समन्वय र स्तरीकरणको कार्य यस परिषद्ले गर्ने र आधारभूत र मध्यम स्तरका सीपयुक्त जनशक्तिको क्षेत्र यसै परिषद्को कार्यक्षेत्रमा रहने सुझावअनुरुप नै हालको ऐनमा स्पष्ट लेखिए तापनि व्यावहारमा पूर्णतः लागू भएको पाइँदैन।त्रिभुवन विश्वविद्यालय अन्तर्गतका डिप्लोमा तहका प्राविधिक कार्यक्रम यस परिषद अन्तर्गत १० वर्षभित्रमा ल्याइसक्ने लक्ष्य भए तापनि कृषि र स्वास्थ्य शिक्षाका कार्यक्रम आइसकेका र इन्जिनियरिङतर्फ आउन बाँकी रहेको छ ।प्रशिक्षक र कर्मचारीको सरुवा बढुवा तथा दण्ड र पुरस्कारका निम्ति प्रभावकारी मूल्याङ्कन गर्नु पर्ने सुझावमा त्यस्तो नियम भए पनि व्यावहारमा लागू भएको पाइँदैन।

पाठ्यक्रम र पाठ्यसामग्रीसम्बन्धी सुझावहरुमा स्थानीय स्थानीय आवश्यकताअनुरुप पाठ्यक्रम बनाउने र त्यसमा स्थानीय निकाय समेतलाई संलग्न गराउने कार्य हुन लागेको छ

भने आधारभूत सीपमूलक तालिम भन्दा माथिका सबै प्रकारका तालिमको निम्ति पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, परीक्षा र स्तरीकरणमा परिषद्का विशेषज्ञको सहयोग लिई केन्द्रीय तहबाट गराउने सुझाव कार्यान्वयन भइरहेको भए तापनि व्यापक हुन सकेको छैन ।पेसाहरुको सूचना संकलन र अनुसन्धान गरी पाठ्यक्रम निर्माणमा रोजगारदाता र उद्योगलाई समावेश गर्ने सुझावअनुरुप केही भएको छ ।प्रविधिमा भइरहेको प्रविधिअनुरुप पाठ्यक्रमलाई अध्यावधि बनाउने प्रयास नगण्य छ ।

यस परिषद्को कार्यक्षेत्र र तहको स्पष्ट कानुनी प्रावधान हुनुपर्ने सुझाव भए बमोजिम कानुनले निर्धारण गरे तापनि तालिम दिने निकाय र उद्योग व्यवसायमा सो कानुन पालना गर्नु पर्ने प्रावधान नभएकाले व्यावहारमा लागू हुन नसकेको मात्र नभई यस परिषद्को वास्तै नगरी अन्य निकायलाई पनि यसका क्षेत्रभित्रका कार्य गर्ने दिने कार्य समेत भएको छ ।अर्को सर्वोपरी महत्वको सुझाव समन्वय सम्बन्धी हो ।देशमा सञ्चालन हुने सबै प्रकारका प्राविधिक शिक्षा र व्यावसायिक कार्यक्रमको समन्वय यस परिषद्ले गर्नु पर्ने भनेकोमा सो अनुरुप कानुनी प्रावधान भए तापनि सोको कार्यान्वयन प्रभावकारी रुपमा हुन सकेको छैन ।सबै तहका सीप परीक्षण गरी प्रमाणीकरण गर्न यस परिषद्को सीप परीक्षण समितिलाई स्वायत्त बनाई कार्यक्रमको विस्तार गर्ने सुझाव गुणस्तर नियन्त्रण र निर्धारणका निम्ति ज्यादै महत्वपूर्ण छ ।हाल ८७ प्रकारका सीप परीक्षण प्रमाणिक विस्तार भइसके पनि राष्ट्रको एक मात्र यस निकायलाई स्वायत्त आवश्यक भौतिक-शैक्षिक सुविधा जुटाइएको छैन ।वस्तुतः सीप परीक्षणको विस्तार निरन्तर चलिरहने प्रक्रिया हो, तर यस संस्थाको स्वायत्तता र सुदृढीकरणले उच्च प्राथमिकता नपाएकाले यसको कार्यक्षमतामा असर परेको छ ।

जनशक्तिको वृत्तिविकासका बारेका सुझावअनुरुप नै धेरै जसो व्यवस्था भइसकेको देखिन्छ तर वर्तमान सन्दर्भमा यसको पुनर्मूल्याङ्कनको आवश्यकताको अनुभव भएको छ ।देशका विभिन्न क्षेत्रमा आवश्यक श्रमिक र अन्य कामदार तथा रोजगारीको यथार्थ जानकारीका लागि श्रमबजार सूचना दिने व्यवस्था गर्ने सुझावबारे केही मात्र काम भएको छ ।

आर्थिक स्रोत परिचालनका विभिन्न सुझावमध्ये  तालिममा गाउँ र जिल्लाका स्रोतको परिचालन गर्नु पर्ने भन्ने बारे हाल यस परिषद्द्वारा सञ्चालित कार्यक्रमहरु र क्याम्पसहरुलाई दिइने सरकारी अनुदान कायम राख्ने र छात्रवृत्ति तथा निर्व्याजी श्रृण दुर्गम क्षेत्रमा यथावत् राखी अन्यत्र गरिब तथा जेहेन्दार प्रशिक्षार्थीलाई मात्र यस्तो सुविधा दिने भन्ने सुझाव केही शिक्षालयमा लागू पनि गरिएको छ ।उद्यमी विकास गर्न सम्भव हुने शिक्षालयमा उत्पादन एकाइलाई सक्रिय पार्ने सुझाव  दिइएकोमा केही भइरहेको छ तापनि प्रभावकारी ढङ्गले यसमा वृद्धि हुन सकेको छैन ।

प्रविधि हस्तान्तरण गर्न नभइनहुने कार्यक्रमका लागि द्विपक्षीय र बहुपक्षीय वैदेशिक सहयोग र प्राविधिक सहयोगको विस्तार गर्ने सुझाव दिएकोमा हाल यस्तो सहयोग दिने

विदेशी दाताहरु तत्पर नभई परिषद्को विश्वशनीयता उपर नै प्रश्नचिन्ह लागेको छ ।यस्ता तालिम दिने सस्थाहरुले उत्पादका साथै प्रशिक्षण दिने प्रक्रियाको सुदृढीकरण गरी उपार्जन भएको रकमबाछ त्यसै संस्थाको संचालनमा सहयोग पुऱ्याउने सुझाव कार्यान्वयन भएको छैन ।प्राविधिक प्रशिक्षक तालिमका सम्बन्धमा दिएका सुझावमध्ये केही भइरहेका र केही अझ गर्नु पर्ने स्थितिमा छन् ,तर यस संस्थाका कार्यक्रममा अझ उन्नयन र विकास गर्नु पर्ने अवस्था छ ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) संरचना तथा व्यवस्थापन

(क) यस परिषद्को प्रारम्भिक कालदेखि नै यसको संरचना त्रुटिपूर्ण रहेको प्रश्न उठेको थियो र विगत वर्षहरुको अभ्यासले पनि यस कुरालाई सिद्ध गरेको छ ।यस परिषद्अन्तर्गत सर्वोच्च तहको सभा र त्यसपछि कार्यकारी कामका निम्ति परिषद्को व्यवस्था छ ।यसको सभा र परिषद् दुवैको अध्यक्ष शिक्षामन्त्री हुने व्यवस्था छ ।यस सभाको सर्वोपरि कार्य प्राविधिक शिक्षा र व्यावसायिक तालिमको नीति निर्माण गर्नु र समन्वय गर्नु रहेको छ ।यस परिषद्को कृषि, स्वास्थ्य, उद्योग, वाणिज्य, श्रम, पर्यटन जस्ता विभिन्न मन्त्रालयसँग,निजी क्षेत्र र अन्य संघसंस्थासँग समेत प्रत्यक्ष सम्बन्ध छ ।यस कारण व्यावहारिक अनुभवबाट यस सभा र परिषद् दुवैको अध्यक्षता शिक्षामन्त्रीले लिनु र शिक्षा मन्त्रालयअन्तर्गत राख्नु त्यति व्यावहारिक देखिएको छैन ।साथै यस संरचनामा उपाध्यक्षको भूमिकालाई गौण बनाइएको छ ।

(ख) यसप्रकारको प्राविधिक तथा व्यावसायिक क्षेत्रमा सीप परीक्षणको स्थान ज्यादै महत्वपूर्ण हुन्छ र गुणस्तरको नियन्त्रणमा यसको महत्वपूर्ण भूमिका रहन्छ ।धैरै मुलुकहरुमा राष्ट्रियस्तरको स्वायत्त सीप परीक्षण निकाय रहेको पाइन्छ तर राष्ट्रिय सीप परीक्षणलाई यस परिषद्अन्तर्गत एक सामान्य महाशाखाको रुपमा राखिएको छ ।अर्को महत्वपूर्ण निकाय प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान यस अन्तर्गतको एक स्वायत्त प्रतिष्ठान हो ।यसका निम्ति आवश्यक पर्ने वित्तीय, प्रशासकीय स्वायत्तता र क्षमता पनि अझ अपुग भएको छ ।

(ग) यस परिषद्द्वारा संचालित शिक्षालयहरुमध्ये केहीलाई मात्र स्वायत्त बनाउन सुरु भएको छ । यस परिषद्ले निजी क्षेत्रका शिक्षालयहरुलाई सम्बन्धन दिँदा र दिएपछि पनि कडाइका साथ शैक्षिक, भौतिक पूर्वाधार र सुविधाहरुका अनि प्रशिक्षणको मूल्याङ्कन, निरीक्षण र अनुगमन जस्ता कुराहरुद्वारा गुणस्तर नियन्त्रण गर्न सकिएको छैन ।

(घ) यस परिषद्का शिक्षालयहरुका सञ्चालक समितिमा प्राविधिज्ञ, अभिभावक र श्रमबजारसित सम्बद्ध संस्था र व्यक्तिहरुको प्रतिनिधित्व कम छ र यसले जनसहभागिता र शैक्षिक कुरामा सक्रिय भूमिका खेल्न सकेको छैन ।

(ङ) जिल्लामा रहेका तालिम कार्यक्रमसित सम्बद्ध विभिन्न मन्त्रालयका गैरसरकारी संघ संस्थाका एवम् उद्योग व्यवसायका एकाइहरु र तालिमको अनुभव भएका व्यक्तिहरुका बीच समन्वय गरी श्रमबजारसँग आबद्ध कार्यक्रमबारे केन्द्रीय तहमा सुझाव दिने र एक-अर्काका पूर्वाधारको उपयोग र कार्यक्रममा पुनरावृत्ति हुन नदिने जस्ता काम गर्न समन्वय प्रभावकारी रुपमा हुन सकेको छैन।

(२) पाठ्यक्रमः नेपालमा कानुनी रुपमा मान्यताप्राप्त प्राविधिक शिक्षा र व्यावसायिक तालिम दिने संस्था यो नै हो र यसले आफ्नो कार्यक्रमअनुरुप दक्ष जनशक्ति र नियम आदि पूर्वाधार पनि तयार गरिसकेको छ, तर पनि मुलुकमा नयाँ नयाँ आवश्यकताहरु देखा परेका छन् र देखा पर्दै जानेछन् ।सो अनुकुल यसले पनि आफ्नो कार्यक्षेत्रमा विकास र विस्तार गर्दै जान ठूलो चुनौती देखा परिसकेको छ ।

(३) पहुँचः

(क) निजी स्तरमा खुलेका शिक्षालयहरु अत्यधिक संख्यामा स्वास्थ्य क्षेत्रमा अत्यधिक संख्यामा खुलेका छन् ।यी मध्ये धेरैजसो शुद्ध मुनाफा कमाउने दृष्टिले खोलिएकाले शिक्षामा व्यापारीकरणको विकृति देखिएको छ ।चर्को शुल्कका कारण विशेष लक्षित समूह यसको पहुँचभन्दा बाहिर छ ।

(ख) प्राविधिक शिक्षा र तालिमहरुका निम्ति आवश्यक गुणस्तरीय प्रशिक्षकहरुको संख्या अपुग रहेको र ग्रामीण एवम् दुर्गम क्षेत्रमा प्रशिक्षकहरु अझ कम छन् ।प्रशिक्षकहरु यस्तो क्षेत्रमा लामो समय सम्म बसी कार्य गर्न आकर्षित हुन सकेका छैनन् ।

(ग) प्राविधिक शिक्षाका क्षेत्रमा उच्चतहसम्मको आफ्नै वृत्तिविकासको संरचना विकास नभइसकेकाले लगातार उच्च तहमा जाने अवसर प्राप्त छैन ।

(घ) रोजगारीको स्थिति र निरन्तर उच्च तहमा जाने व्यवस्थाको अभावमा चिकित्सा क्षेत्रमा बाहेक अन्य क्षेत्रमा तालिमको लोकप्रियतामा व्यापकता आएको देखिदैन ।

(ङ) सञ्चालित तालिमहरु पिछडिएका जाति र समुदाय, महिला तथा दुर्गम क्षेत्रका सामाजिक, आर्थिक तथा भौगोलिक हिसाबले पिछडिएका समुदायको पहुँचसम्म सुगम हुन सकेका छैनन् ।

शिक्षा मन्त्रालय

(४) सूचना प्रणालीः कुन ठाउँमा कस्ता किसिमका तालिमको आवश्यकता पर्छ भन्ने सूचना तथा अनुसन्धानको कमी छ ।सूचना उपलब्ध भएका ठाउँमा पनि स्थानीय दृष्टिकोणले आवश्यक तालिम र प्रशिक्षण गर्ने कार्यक्रमको निर्माण गर्न मद्दत पुगेको छैन। प्रशिक्षकहरुलाई पनि उन्नत एवम् ठूलो परिमाणमा प्रशिक्षणको आवश्यकता देखिएको छ ।

(५) रोजगारदातासँग सम्बन्धः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना कार्यान्वयन र नियन्त्रणमा रोजगार दिने संघसंस्थाहरुको सहभागिता नगण्य भएको हुँदा यसतर्फ तिनीहरुको योगदान अथवा तिनले प्राप्त गरेका फाइदाहरुको पहिचान हुन सकेको छैन ।यसले गर्दा रोजगार दिने संस्थाको आवश्यकता तथा प्राविधिक स्नातकहरुको आपूर्तिका बीच तालमेल हुन नसकेको परिणामस्वरुप बेरोजगारीको समस्या देखिएको छ ।

(६) गुणस्तरः

(क) सीप परीक्षण, सीपको स्तर निर्धारण गर्ने एकमात्र उपाय हो ।राष्ट्रिय सीप परीक्षण महाशाखाले सीप परीक्षण गरी प्रमाण पत्र दिने कार्य गरे तापनि देशमा विद्यमान सबै कारिगर वा दक्ष जनशक्तिलाई समेट्न सकेको छैन र पेसामा लागेका सबैको वास्तविक स्तर निर्धारण हुन सकेको छैन ।यस महाशाखामा स्तरीय प्रयोगशाला र विशेषज्ञहरुको संख्या पनि ज्यादै न्यून छ ।

(ख) यस संस्थाद्वारा उत्पादित जनशक्तिका बारेमा उपभोक्ता निकायहरुले विषयगत प्रशिक्षणको गुणस्तर खस्कँदो छ । त्यस्तै संस्थाबाट सम्बन्धनप्राप्त निजी संस्थाद्वारा सञ्चालित प्रशिक्षणको गुणस्तर चिन्ताजनक छ ।

(ग) हाल गुणस्तरको सुनिश्चितता छैन र समष्टिगत गुणस्तर कायम गर्नका निम्ति सीप परीक्षण, विषयगत प्रशिक्षण, पाठ्यक्रम र प्रशिक्षकहरुको पनि आवश्यक मात्रमा उपलब्धता छैन ।विभिन्न क्षेत्रहरुबाट प्रशिक्षण दिइए तापनि समष्टिगत रुपमा गुणस्तरमा नियन्त्रण नै छैन ।यस परिषद्लाई गुणस्तर नियन्त्रण गर्ने कानुनी अधिकार भए तापनि यस परिषद्भन्दा बाहिरका क्षेत्रमा गुणस्तर नियन्त्रण अझ ठूलो समस्या बनेको छ ।

(घ) परम्परागत पाठ्यक्रमहरु प्रायः लामा छन् र यिनमा लचिलोपनको अभाव पनि छ ।साथै विभिन्न निकायका प्रशिक्षणका आवश्यकतालाई पनि यिनले अपेक्षित मात्रामा समेट्न सकेका छैनन् ।

(ङ) देशको औधोगिकीकरण प्रारम्भिक अवस्थामा मात्र भएको र त्यसका निम्ति आवश्यक निम्न वा मध्यम स्तरीय जनशक्तिको राम्रो लेखाजोखा हुन

नसकेको र उद्योग-व्यवसायमा यस संस्थाद्वारा प्रमाणीकृत र मान्यताप्राप्त कामदार राख्ने कुनै प्रावधान रहेको छैन ।

(७) कार्यक्रमको विस्तारः ग्रामीण क्षेत्रमा लघु उद्यम-व्यावसायलाई समर्थन गर्ने कार्यक्रम ज्यादै कम पुगेको छ ।त्यसमा तालिम पाएकाहरुलाई पनि सीपको प्रयोग गर्ने अवसर जुटेको छैन ।

(८) समस्तरः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रमाणपत्रलाई विश्वविद्यालयीय शैक्षिक प्रमाणपत्रसँग दाँजिन्छ र समस्तरीयता हेर्न खोजिन्छ।समस्तरीयताको मापन गर्ने विश्वविद्यालयीय प्रमाणपत्रको मापदण्डबाहेक अरु कुनै मापदण्ड स्थापित र स्वीकृत नभएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका प्रमाणपत्रको मान्यतामा समस्या देखिएको छ ।

(९) वृत्तिविकास

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का कर्मचारीहरुको निवृत्तिभरण र उपदानको व्यवस्था त्यति भरपर्दो र स्पष्ट छैन।

(ख) सामाजिक स्तरमा पनि केवल प्राज्ञिक शिक्षालाई मात्र मान्यता दिने संस्कारले यस्ता सीपमूलक शिक्षालाई हेय दृष्टिले हर्ने गरिएको छ ।यस प्रशिक्षणलाई प्रोत्साहन गर्न पुरस्कार, प्रतियोगिता आदिको पनि व्यवस्था भएको छैन ।

(१०) १० निजी शिक्षालयः यस परिषद्ले निजी शिक्षालयको स्वीकृति दिँदा शैक्षिक, भौतिक पूर्वाधार र सुविधाका साथै राष्ट्रिय र स्थानीय श्रम-बजार, रोजगारदाता र उद्योग व्यवसायको राम्रो सर्वेक्षण नभएको र खास गरी अत्यधिक संख्यामा स्वास्थ्य शिक्षालय खुलेका छन् ।यी शिक्षालय नाफा कमाउने दृष्टिले मात्र खोलिएका र सामाजिक दायित्वको निर्वाह नभएकाले जेहेन्दार तथा विपन्न समुदाय र वर्गका निम्ति प्रशिक्षित हुन पाउने प्रावधान रहेको छैन ।
त्यस्तै सरकारको तर्फबाट आवश्यक कार्यक्रम संचालन गरेमा दिइने सहयोग र सुविधा प्राप्त हुन सकेको छैन ।यस्ता शिक्षालयलाई व्यवस्थित गर्ने कानुनी व्यवस्था पनि छैन ।

(११) प्राथमिकताः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम जस्तो उच्च प्राथमिकताको क्षेत्रलाई सरकारले उच्च प्राथमिकताका रुपमा जोड दिएको पाइँदैन ।

(१२) सामग्री

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम निश्चयनै साधारण शिक्षाभन्दा खर्चिलो हुन्छ तर यसको लक्षित समूह चाहिँ विपन्न वर्ग नै हो ।प्राविधिक



शिक्षा मन्त्रालय

तथा व्यावसायिक परिषद्को खर्चका निम्ति हुने व्ययभारलाई हेर्ने हो भने वैदेशिक अनुदान र ऋणलाई छाड्दा सरकारको शैक्षिक क्षेत्रको केवल २.८% मात्र रहेको छ । शिक्षा र तालिमको आवश्यकताका दृष्टिले यो लगानी नगण्य ठहर्छ,तर विभिन्न मन्त्रालयको यस क्षेत्रमा भएको लगानीलाई हेर्दा करिव १ अरब पुग्दछ।सरकारी लगानीलाई समष्टिगत रुपमा समन्वय गरी कार्यक्रम बनाई विभिन्न मन्त्रालयले लागू गर्ने हो भने सरकारको लगानीको मात्रा आउँदा केही समयका लागि अपुग हुने देखिन्न ।

(ख) हाल निजी क्षेत्रबाट ठूलो लगानी प्रवाहित भएको छ,तर यसको शुल्क-संरचना र विद्यार्थीहरुको पहुँच सोचनीय छ ।

(ग) यस परिषद्द्वारा सञ्चालित केही विद्यालयहरुमा खास गरी सहरी विद्यालयहरुको शुल्कमा लागत-हिस्सेदारी सुरु भएको छ ।साथै आयआर्जन गर्न केही बहुप्राविधिक सीपहरुको प्रशिक्षण पनि प्रारम्भ भएको छ ।सराहनीय भए तापनि लक्षित समूहको पहुँच समस्याग्रस्त नै रहेको छ ।

(घ) बहुप्राविधिक र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा सरकार, स्थानीय निकाय र निजी क्षेत्रको लगानीमा साझेदारिको पद्धति अझ पनि देखा परेको छैन ।

(ङ) विभिन्न क्षेत्रबाट हुने लगानीलाई समन्वय गरी तथा यसको अधिकतम सदुपयोग गरी राष्ट्रभरी बहुउद्देश्यीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका संस्थाहरुको सञ्जाल राष्ट्रिय अभियानका रुपमा स्थापना गर्नेतर्फ पनि स्पष्ट नीति बनेको छैन ।

(१३) राजनीतिकरणः सरकारी नीति ठोस नभएकाले राष्ट्रको आवश्यकतामा व्यक्तिविशेषको प्रभावले प्राविधिक शिक्षाको नीति अत्यधिक लचिलो र अस्थिर भएको छ ।यस शिक्षामा समेत राजनीतिकरणको प्रवृत्तिबाट प्राविधिक अनुशासनमा ह्रास आएको छ ।

**सुझावहरुः**

(१) उद्देश्यः नेपाल अधिराज्यभरी गरीबि उन्मूलन गरी आर्थिक विकास गर्न तथा रोजगारीको अवसर जुटाउँदै सीप, उत्पादकत्व र आय आर्जनको क्षमतामा वृद्धि गरी मानव संसाधन र भौतिक पूर्वाधारको विकास गर्न देशका लाखौं युवाशक्तिलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम दिई राष्ट्रिय अभियानका रुपमा आधारभूत, निम्न, मध्यम र उच्च तहको प्रशिक्षण कार्यक्रम संचालन गर्न यस राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को निम्नलिखित उद्देश्य हुनेछः–

(क) देशमा प्रशिक्षण प्रदान गर्ने मन्त्रालयहरु निजी क्षेत्र, गैरसरकारी संघ संस्था र उपभोक्ता उद्योग व्यवसाय र यस परिषद्का बीच प्रभावकारी समन्वय स्थापित गर्ने।

(ख) आधारभूत, निम्न, मध्यम र उच्चस्तरीय सीप प्रशिक्षणद्वारा शिक्षालय र तालिम केन्द्रहरुको देशव्यापी संजाल (ल्भतधयचप) तयार गर्दै स्वयं वा अन्यत्र रोजगारी प्राप्त गरी आय आर्जनद्वारा गुणस्तरीय जीवनयापन गर्न सक्षम सीपयुक्त जनशक्ति तयार गर्ने।

(ग) राष्ट्रभर दिइने विभिन्न प्राविधिक शिक्षा र व्यावसायिक तालिम बारे समष्टिगत दिशानिर्देशक नीति निर्माण गरी लागू गर्ने।

(घ) देशका सरकारी, गैरसरकारी सबै निकायद्वारा संचालित तालिमलाई पाठ्यक्रम विकास, प्रशिक्षक प्रशिक्षण, आवश्यकताको लेखाजोखाको प्रशिक्षण तथा नयाँ कार्यक्रमहरुको तर्जुमा गर्न मद्दत पुर्‍याउने।

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रभावकारी रुपमा संचालन गर्ने, गराउने कार्यमा लागि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्रोत साधन, प्राविधिक सहयोग जुटाउने कार्यमा निरन्तरता तथा वृद्धि गर्न प्रभावकारी समन्वय कायम गर्ने।

(च) परिषद्ले प्रशिक्षण दिने संस्थाहरुलाई स्वायत्तता प्रदान गरी क्रमशः वित्तिय र व्यवस्थापकीय पक्षमा आत्मनिर्भर तुल्याउने उपायहरुको विकास गर्ने।

(छ) सरकारी अनुदान, लागत साझेदारी र जनसहभागिता एवं शुल्क निर्धारण प्रशिक्षार्थीको क्षमताका आधारमा गर्ने तर्फ आवश्यक कदम चाल्ने। महिला, पिछडिएका क्षेत्रको एवं पिछडिएका जाति र समुदाय तथा अशक्तहरुका निम्ति सरकारले बढी आर्थिक दायित्व बहनगरी निःशुल्कता र छात्रवृत्रिको व्यवस्था गर्ने।

(ज) विपन्नवर्ग, महिला र पिछडिएका जाति र समुदाय जस्ता विशेष लक्षित समूहका निम्ति घुम्ती तालिम र अन्य प्रकारका तालिममा विशेष जोड दिई तालिम कार्यक्रममा यिनको संख्यामा वृद्धि गर्ने।

(झ) स्तर निर्धारण, परीक्षा, सीपपरीक्षण प्रमाणीकरण प्रक्रियालाई गुणस्तरीय बनाउन विशेष जोड दिने।

(ञ) पहिले सीप तालिम प्राप्त बेरोजगार व्यक्तिलाई नियमित तालिमकै एक अंगका रुपमा लघुउद्यमी तालिम प्रदान  गर्ने।

(ट) सीपपरीक्षण तथा प्रमाणीकरण, प्रशिक्षक प्रशिक्षण र व्यवस्थापकीय तालिम दिने संयन्त्रहरुलाई आर्थिक एवं व्यवस्थापकीय स्वायत्तता दिई प्रभावकारी रुपमा सबै तहका प्रशिक्षणहरुलाई उच्च गुणस्तरयुक्त पार्ने।

(ठ) देशको सामाजिक, आर्थिक विकास र वातावरणको संरक्षण एवं प्रजातन्त्रका मूल्य मान्यताको सुदृढीकरणमा योगदान पुऱ्याउन सक्षम हुने गरी प्रतिभा र सीपको विकास गर्ने।

(२) राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संरचनाः यस परिषद्लाई खास मन्त्रालय अन्तर्गत नराखी प्राविधिक शिक्षा र व्यावसायिक तालिममा संलग्न मन्त्रालयहरु, गैरसरकारी संघ संस्थाहरु र यस परिषद्सित सम्बन्धन नलिएका निजी संस्थाहरुका बीच व्यावसायिक तालिम कार्यक्रममा प्रभावकारी रुपमा समन्वय ल्याई राष्ट्रिय रुपमा समष्टिगत नीति निर्माण र मार्ग निर्देशन गर्दै स्रोत साधनलाई परिचालित गरी मुलुकभर प्राविधिक शिक्षा र तालिमको संजाल तयार गर्न राष्ट्रिय, आधिकारिक, शक्तिसम्पन्न स्वायत्त निकायको स्वरुपमा दिन यस प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नाम परिवर्तन गरी राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा परिवर्तन गर्नु पर्छ। यस परिषद्का निकायहरु निम्नलिखित अनुसार हुनेछन्–

(क) सभाः यो राष्ट्रिय स्तरको नीति निर्माण गर्ने र कार्यक्रम कार्यान्वयन गराउने उच्चस्तरीय निकाय हुनेछ। यस सभाको एउटा सचिवालय हुनेछ। यसको गठन यसै अध्यायको अन्तमा अनुसूची –१ मा दिइएको छ।

(ख) कार्यकारी परिषद् सभाबाट पारित नीति निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न एक कार्यकारी परिषद्को गठन हुनेछ। सभा र कार्यकारी परिषद्को सदस्य सचिवमा निर्देशनालयका कार्यकारी निर्देशक रहनेछन्। यस परिषद्को सम्बद्ध मन्त्रालय शिक्षा मन्त्रालय हुनेछ। कार्यकारी परिषद्को गठन यसै अध्यायको अन्तमा अनुसूची–२ मा दिइएको छ।

(ग) परिषद् सेवा आयोगको गठनः यस परिषद् अन्तर्गत कार्यरत कर्मचारीहरुको निष्पक्ष एवं प्रभावकारी रुपमा नियुक्ति, सरुवा, बढुवा आदि कार्य गर्न परिषद् सेवा आयोग गठन गरी कार्य गर्न अधिकार दिनु पर्छ। यस आयोगमा लोकसेवा आयोगका प्रतिनिधि, यस परिषद्का वरिष्ठ विशेषज्ञ, वाह्य वरिष्ठ प्राविधिक विशेषज्ञ रहनेछन्। यसको प्रमुखमा यस परिषद्भन्दा बाहिरका ख्यातिप्राप्त र वरिष्ठ प्राविधिज्ञ रहनेछन्।

(घ) प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानः हाल संचालन भइरहेको प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानलाई राष्ट्रिय स्तरमै विस्तार गरी यसको क्षमतामा ५ गुना वृद्धि गर्ने र यसलाई अधिराज्यका सबै प्रशिक्षकहरुलाई गुणस्तरीय छोटो तथा लामो अवधिका तालिम प्रदान गर्न एवं कार्यक्रम संचालन गर्न वित्तीय र प्रशासकीय पूर्ण स्वायत्तता प्रदान गर्नु पर्छ। यस प्रतिष्ठानले सम्पूर्ण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणात्मक

विकासमा ठूलो भूमिका खेल्न सक्ने भएकाले यसलाई नीति निर्माणमा समेत समावेश गराउनु पर्छ।

(ङ) सीपपरीक्षण तथा प्रमाणीकरण प्रतिष्ठानः सीपपरीक्षण तथा प्रमाणीकरण महाशाखालाई प्रशासकीय, वित्तीय एवं सीपपरीक्षण सम्बन्धी पूर्ण स्वायत्तता दिई सीपपरीक्षण तथा प्रमाणीकरण प्रतिष्ठानमा परिणत गरिनेछ। राष्ट्रिय सीपपरीक्षण तथा प्रमाणीकरण प्रतिष्ठानका कार्यकारी निर्देशक हुनेछन्। यसलाई नीति निर्देशन गर्ने राष्ट्रिय सीप परीक्षण समिति कायमै रहनेछ।

यस राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संगठनको संरचना यस अध्यायको अनुसूची–३ मा दिइएको तालिका अनुरुप हुनेछ।

(च) शिक्षालयलाई स्वायत्तताः यो परिषद् कार्यक्रम र नीति निर्माण, मूल्यांकन, अनुगमन र गुणस्तर नियन्त्रण जस्ता कार्यमा भन्दा आफ्नै प्रशासनमा ज्यादा संलग्न छ। हाल केही शिक्षालयलाई केही मात्रामा स्वायत्तता दिए पनि यसको व्यवस्थापन प्रशासनमूखी र केन्द्रीकृत नै छ।

(छ) संचालक समितिको दायित्वः स्थानीय सहभागिता र उत्तरदायित्वमा वृद्धि गर्न र तालिमको कार्यक्रम सो अनुरुप पार्न एवं आर्थिक स्रोत परिचालन गर्न स्थापना भएको प्राविधिक शिक्षालयको संचालक समितिलाई प्रभावकारी बनाउनु पर्छ। संचालक समितिमा प्राविधिक शिक्षा र व्यावसायिक तालिममा संलग्न निकाय, स्थानीय उद्योग व्यवसायमा संलग्न व्यक्तिहरु र अभिभावकहरुको समेत बढी प्रतिनिधित्व गराई शिक्षालयका निम्ति सक्रिय तुल्याउनु पर्छ। तालिम कार्यक्रमको निर्माण, रोजगारीको अवसरमा सहयोग, स्रोत साधनको परिचालन र शिक्षालयको बजेट निर्माणमा सक्रिय बनाउनु पर्छ। साथै गाउँ र जिल्लाका विकास कार्यक्रमसित तालिमलाई सम्बद्ध गर्ने तथा गरीबिको रेखामुनिका प्रशिक्षार्थीहरुका निम्ति व्यापक मात्रामा तालिम संचालन गर्नु पर्छ।

(३) परिषद्का क्रियाकलापको राष्ट्रिय संजालः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक शिक्षा सम्बन्धी वर्तमान परिस्थितिमा विभिन्न मन्त्रालय तथा गैरसरकारी संघ संस्थाबाट समेत ठूलो रकम खर्च गरी उत्पादित जनशक्तिका सम्बन्धमा अनिश्चितता र दिशाविहिनता, समन्वयको अभाव, गुणस्तरीय तालिम कार्यक्रमको व्यापकतामा कमी, राष्ट्रलाई आवश्यक भएको र राष्ट्रले माग गरे बमोजिमको कार्यक्रम दिन नसकी सो अनुरुप निश्चित परिमाणमा सीपयुक्त जनशक्ति उत्पादन गर्न नसकेको र संस्थागत विकासमा तीब्रता ल्याई सक्षम कर्मचारी एवं उपयुक्त व्यक्तिको उपयुक्त कार्यलाई

प्राथमिकता दिन शक्तिसम्पन्न नभएकाले यसको निराकरणका निम्ति प्रस्तावित राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक परिषद्ले तालिम कार्यक्रमलाई राष्ट्रिय अभियानका रुपमा मुलुकभर फिँजाउन निम्नलिखित अनुसार राष्ट्रिय संजाल तयार गर्ने नीति अवलम्बन गर्नु पर्छः–

(क) यस परिषद्ले हाल संचालित र अब स्थापित हुने नमूना शिक्षालय र तालिम केन्द्र मात्र संचालन गर्ने। वर्तमान संचालित शिक्षालयहरुलाई पनि वित्तीय र प्रशासकीय स्वायत्तता दिई नीति निर्माण, गुणस्तर नियन्त्रण, समन्वय, प्रशिक्षण, सीपपरीक्षण, सूचना तथा अनुसन्धान एवंसहयोगकर्ताको रुपमा काम गर्ने,

(ख) यस परिषद्ले नमूनाका रुपमा पाँचवटा क्षेत्रीय बहुप्राविधिक शिक्षालयको स्थापना गरी दक्ष र सीपयुक्त उच्च एवं मध्यम स्तरीय जनशक्तिसम्मको कार्यक्रम संचालन गर्ने,

(ग) यस परिषद्ले मध्यम स्तरीय एवं निम्न स्तरीय दक्ष जनशक्ति उत्पादन गर्न १४ वटा नमूना प्राविधिक शिक्षालयहरु संचालन गर्ने। हाल १० वटा शिक्षालय भइसकेकाले आञ्चलिक सन्तुलनका आधारमा अन्य ४ वटा शिक्षालयको स्थापना गर्ने,

(घ) निम्नस्तरीय एवं आवश्यकता अनुसार मध्यम स्तरीय सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न अधिराज्यका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरुको स्रोत साधन समेत परिचालन गरी उपयुक्त कार्यक्रमहरु संचालन गराउने,

(ङ) अधिराज्यभरीका गाउँ विकास समितिहरुमा वास्तविक आवश्यकता पहिचान गरी आधारभूत दक्ष जनशक्ति उत्पादन गर्न व्यापक अभियानको रुपमा तालिम कार्यक्रमको थालनी गराउने। यस परिषद्ले थप १० नमूना तालिम केन्द्रहरु क्षेत्रीय सन्तुलन कायम हुने गरी खोल्ने,

(च) ७५ वटै जिल्लाहरुमा जिल्लाभरीको चौतर्फी विकासका निमित्त आवश्यक पर्ने तालिमको वास्तविक आवश्यकता पहिचान गरी निम्नस्तरीय सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने कार्यक्रमहरु व्यापक अभियानका रुपमा संचालन गराउने,

(छ) उल्लिखित संजालका अतिरिक्त गैरसरकारी स्तरमा विभिन्न समुदाय, क्षेत्र र स्थानमा महसूल गरिएका तालिम कार्यक्रमहरुको अनुसन्धान एवं पहिचान गराई व्यापक रुपमा विभिन्न स्तरमा प्राविधिक तालिम कार्यक्रमहरु संचालन गर्न दिने।

आगामी दश वर्षभित्र यसरी उत्पादन हुने सीपयुक्त जनशक्तिको तह र परिमाण दृढतापूर्वक कार्यान्वयन भएमा निम्नानुसार जनशक्ति उत्पादन हुन सक्ने अनुमान गरिएकोछः–

| जनशक्ति उत्पादन गर्ने संस्थाहरु | संख्या | कार्यक्रमहरु | उत्पादन संख्या | अन्तर्गत |
|---|---|---|---|---|
| नमूना क्षेत्रीय बहु–प्राविधिक शिक्षालय | ५ | मध्यम एवं उच्च दक्ष सीपयुक्त जनशक्ति | ६२५ | रा.प्रा.शि.व्या.ता. परिषद् |
| नमूना प्राविधिक शिक्षालय | १४ | निम्न एवं मध्यमस्तरीय सीपयुक्त दक्ष जनशक्ति | १०५० | रा.प्रा.शि.व्या.ता. परिषद् |
| नगरपालिका शिक्षालयहरु | ६१ | निम्न एवं मध्यमस्तरीय सीपयुक्त दक्ष जनशक्ति | ६१०० | महानगरपालिका उपमहानगरपालिका र नगरपालिकाहरु ग्रामीण विकास तालिम केन्द्रहरु |
| ग्रामीण विकास तालिम केन्द्रहरु | ४००० | आधारभूत दक्ष जनशक्ति | १०००० | गाउँ विकास तालिम संचालक समिति |
| जिल्ला विकास तालिम केन्द्रहरु | ७५ | आधारभूत एवं निम्न स्तरीय दक्ष जनशक्ति | ७५०० | जिल्ला विकास तालिम संचालक समिति |
| सरकारी प्राविधिक तालिम केन्द्रहरु | २०० | आवश्यकता अनुसार | २० | सरकारी प्राविधिक तालिम केन्द्रहरु |
| कूल | ६१५५ | | ४५२७५ | |

टिप्पणीः

- माथि दिइएको प्राविधिक शिक्षा र व्यावसायिक तालिम कार्यक्रमको संजालमा उत्पादित जनशक्तिको संख्या ४५,२७५ दिइएता पनि तालिममा संलग्न सबै मन्त्रालयका र देशका विभिन्न भेगमा रहेका पूर्वाधारको सुदृढीकरण गर्दै अन्य गैरसरकारी क्षेत्रलाई समेत संलग्न गरी समन्वयात्मक रुपमा उपयुक्त कार्यक्रम संचालन गरेपछि उत्पादित जनशक्तिको संख्या लगभग १ लाख पुग्न सक्ने देखिन्छ।
- विभिन्न मन्त्रालय अन्तर्गत संचालन भइरहेका तालिम कार्यक्रमको बजेट सबै जिल्ला विकास समिति संचालन समिति र गाउँ विकास तालिम संचालन समितिलाई दिनु पर्छ। तालिम संचालन समितिमा गाउँ विकास समिति/जिल्ला विकास समितिका अध्यक्ष स्थानीय विकास कार्यालयका प्रतिनिधि, विभिन्न मन्त्रालय वा तालिम केन्द्रका प्रमुख वा प्रतिनिधि, उद्यम व्यवसायसित संलग्न व्यक्तिहरु, प्राविधिज्ञहरु, परिषद्का सदस्यहरुबाट गाउँ विकास तालिम संचालन समिति र जिल्ला विकास तालिम संचालन समितिको गठन हुनु पर्छ।

(४) परिषद्को काम तथा कर्तव्यः वर्तमान परिस्थितिमा देखापरेका र विभिन्न स्तर र क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले भोग्नु परेका

शिक्षा मन्त्रालय

समस्याहरुको समाधानका निम्ति तल उल्लिखित कामहरु अनिवार्यताका साथ यस परिषद्ले गर्नु पर्छः–

(क) अधिराज्यभरी संचालन गरिने उच्चतहसम्मका सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने सम्पूर्ण नीति तथा कार्यक्रम संचालन गर्ने संस्थाहरुले यस परिषद्को पूर्व स्वीकृतिबाट मात्र संचालन गर्न पाउने।

(ख) अधिराज्यभित्र संचालन गरिने सीपयुक्त सबै तहका दक्ष जनशक्तिको गुणस्तर निर्धारण गरी लागू गर्ने सम्पूर्ण अधिकार यस परिषद्लाई मात्र हुने।

(ग) समाज कल्याण परिषद् वा अन्य निकायबाट स्वीकृति पाएका ज्यादै छोटो अवधिका तालिम बाहेकका अल्पकालिक तालिम कार्यक्रम पनि यस परिषद्बाट स्वीकृत हुनु पर्ने।

(घ) विश्वविद्यालय अन्तर्गत संचालन भइरहेका प्रमाणपत्र तहसम्मका प्राविधिक शिक्षा एवं प्राविधिक अध्ययन संस्थान र यस परिषद्को संयुक्त निर्णयमा तालिमलाई विस्थापन गर्ने त्यस तहको कार्यक्रम यस परिषद्ले पूर्वाधार तयार गरी लागू गर्दै जाने र विश्वविद्यालयमा यो कार्यक्रम बन्द गर्ने। गैरसरकारी क्षेत्रलाई पनि सहयोग दिई यस्ता कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्ने तर स्वास्थ्य शिक्षा महाविद्यालयका निम्ति नर्स र प्यारामेडिकल शिक्षाचाँहि उक्त महाविद्यालयले नै संचालन गर्नेछन्।

(ङ) देशमा विभिन्न निजी, औद्योगिक, सरकारी एवं गैरसरकारी निकायहरुमा काम गरिरहेका सीप भएका कामदारहरुको सीपपरीक्षण गर्ने र निजहरुको सीपको कदर गर्न प्रमाणीकरण गर्ने सबै अधिकार यस परिषद्को सीपपरीक्षण प्रतिष्ठानमा निहित रहने व्यवस्था गर्ने। यसरी सीपपरीक्षण पश्चात् प्रमाणीकरण गरिएका व्यक्तिहरुको वृत्तिविकासको बाटो खोल्ने व्यवस्था यथाशीघ्र गराउने। यस प्रतिष्ठानलाई प्रयोगशाला र उच्च गुणस्तरयुक्त सीपपरीक्षक उत्पादन गरी यसको क्षमतामा वृद्धि गर्ने।

(च) अधिराज्यभरी व्यापक रुपमा संचालन गरिने सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्नका लागि योगदान गर्ने प्रशिक्षकहरु, व्यवस्थापकहरु र तालिम दिने संस्थाहरुमा काम गर्ने कर्मचारीहरुको छोटो अवधिदेखि लामो अवधिका उच्च डिप्लोमासम्मका सम्पूर्ण तालिमहरु प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानले नै संचालन गर्न यस प्रतिष्ठानलाई सबै प्रकारले सक्षम बनाउने।

(छ) यस परिषद्को सभाबाट पारित भएका नीति, नियम तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न यस परिषद्को कार्यकारी परिषद्लाई सम्पूर्ण अधिकार दिने

र यसरी दिएको अधिकारलाई कुनै प्रकारको हस्तक्षेप नहुने कानूनी व्यवस्था गर्ने।

(ज) यस परिषद् अन्तर्गत संचालन हुने नमूना तालिम संस्थाहरु बाहेक अन्य सबै तालिम संस्थाहरुलाई आ–आफ्नो सम्बद्ध निकायबाट संचालित हुन आवश्यक सबै सेवा र सहयोगको व्यवस्था मिलाइ दिने, तर संचालनमा हस्तक्षेप नगर्ने।

(झ) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा यस परिषद्को गहन भूमिकालाई व्यापक अभियानको रुपमा गुणस्तरीय, सीपयुक्त, समयसापेक्ष, आवश्यकतामा आधारित, देशमा खपत हुन सक्ने खालका जनशक्ति उत्पादन गर्ने आवश्यक भौतिक सुविधा र प्राविधिक सहयोग जुटाउने, प्रभावकारी समन्वय कायम गर्ने, नीति निर्माण गर्ने आदि सबै क्षेत्रमा यस परिषद्को सभा र कार्यकारी परिषद्ले विशेष भूमिकाको निर्वाह गर्ने।

(ञ) जिल्लाका सक्षम इलाकाहरुमा आर्थिक क्षमताका आधारमा शुल्क वा निःशुल्क गरी मोड्युलर तालिम दिने वा घुम्ती तालिम दिने केन्द्रहरुको स्थापना गर्ने।

(ट) सरकारका विभिन्न मन्त्रालयका प्रशिक्षण प्रतिष्ठान र तालिम केन्द्रहरुको पूर्वाधारको सुदृढीकरण गरी सम्बन्धित विषयमा तालिम दिंदा राष्ट्रिय नीति अनुरुप कार्यक्रम बनाई त्यसलाई राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सभामा स्वीकृत गराई लागू गर्नु पर्ने। यसको पाठ्यक्रम निर्माण, परीक्षा, गुणस्तर निर्धारण, प्रशिक्षण र सीप परीक्षण जस्ता कार्य लागत शुल्क लिई यस परिषद्ले गर्नु पर्ने।

(ठ) बहुप्राविधिक र प्राविधिक तथा व्यावसायिक शिक्षालय खोल्न गैरसरकारी उद्योग व्यवसायका संघ संस्थाहरुलाई सरकारले जग्गा, सस्तो व्याजमा ऋण, उपकरण आदिमा कर छुट र आधारभूत भौतिक पूर्वाधार र प्रशिक्षण जस्ता कुरामा केही समयसम्म सहयोग गर्ने नीति अख्तियार गर्नु पर्ने।

(ड) हाल यस परिषद् अन्तर्गत मध्यम, निम्न र आधारभूत सीप प्रशिक्षण भइरहेको र आउँदा दिनमा उच्च तहमा समेत परीक्षण संचालन हुने भएकाले यसका क्षमताको विकास गर्नु पर्ने।

(ढ) इच्छुक शिक्षार्थीहरुका निम्ति सेतु पाठ्यक्रम तयार गरी त्यसमा उत्तीर्ण हुने विद्यार्थीलाई विश्वविद्यालयको शिक्षा प्रणालीमा समावेश हुन सक्ने व्यवस्था गर्नु पर्ने।

(ण) सेवाकालिक प्रशिक्षकहरुलाई अनुभव र उच्च प्रशिक्षणका आधारमा पदोन्नति हुने व्यवस्था गर्नु पर्ने।

(त) परिषद्का कर्मचारीहरुको सेवा, सुविधा र वृत्ति विकास सम्बन्धी मूलभूत कुराहरु परिषद् ऐनमा स्पष्ट व्यवस्था हुनु पर्छ। यस परिषद्को क्षमतामा विस्तार गरी उच्चस्तरीय प्रशिक्षणको तह थप्नु पर्ने।

(थ) सुझावको कार्यान्वयन गर्न आवश्यक र हालका परस्परमा बाझने दफाहरुमा संशोधन गरी प्रस्तावित राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को ऐन बन्नु पर्छ। तालिमसँग सम्बद्ध सबै मन्त्रालय, गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रका तालिम कार्यक्रम र उद्योग व्यवसाय समेतमा यो ऐन लागू हुने प्रावधान हुनु पर्ने।

(५) पाठ्यक्रमः

(क) बदलिंदा नयाँ नयाँ आवश्यकता र कार्यक्रमको सीप र अनुसन्धान, सर्वेक्षण तथा सूचनाका निम्ति आवश्यक प्रशिक्षण र सीप प्रदान गरी दक्ष जनशक्तिको उत्पादन गर्ने योजना बनाउनु पर्छ।

(ख) भएका पाठ्यक्रम र पाठ्यसामग्रीलाई सजिलै उपलब्ध गराउनु पर्छ र नयाँ नयाँ पाठ्य सामग्रीहरुको निर्माण गर्नु पर्छ। पाठ्यक्रममा वातावरण, लैङ्गिक समता जस्ता कुरा पनि हुनु पर्छ। यसका निम्ति पनि प्रशिक्षण हुनु पर्छ। प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानले निरन्तर यसको लेखाजोखा गरी पूर्व सेवाकालिक र सेवाकालिक प्रशिक्षकहरुको उत्पादन गर्ने प्रशिक्षकहरु तयार पार्नु पर्छ।

(६) पहुँचः

(क) यस कार्यक्रमलाई गरीबिग्रस्त र दुर्गम क्षेत्रमा तथा लक्षित समूहमा पुऱ्याउन सरकारले बढी लगानी गर्नु पर्छ र यस्ता ठाउँमा लघुकालीन घुम्ती प्रशिक्षण अथवा अन्य सुहाउँदा प्रशिक्षण दिनु पर्छ। सुगम र सम्पन्न क्षेत्रमा अन्य क्षेत्रलाई लगानी गर्न वा साझेदारी गर्न प्रोत्साहित गर्नु पर्छ भने यस्ता क्षेत्रमा स्वयं सरकारले नै मुख्य उत्तरदायित्व वहन गर्नु पर्छ।

(ख) निजी शिक्षालयले महिलाहरु तथा विशेष लक्षित समूहका लागि ५% स्थान छुट्याउनु पर्छ।

(७) सूचनाप्रणालीः यस परिषद्ले यसका निम्ति उपयुक्त कार्यक्रम र नीति निर्माण गरी देशभरका श्रमबजारका आवश्यकता बारे सूचना संकलन र अनुसन्धानका निम्ति परिषद्को निकायलाई सुदृढीकरण गर्ने र सम्बद्ध विषयका दक्ष जनशक्ति उत्पादन गर्नु पर्छ।

(८) गुणस्तर नियन्त्रणः

(क) सीप परीक्षण तथा प्रमाणीकरण प्रतिष्ठानलाई वित्तीय, प्रशासनिक र सीप परीक्षण सम्बन्धी पूर्ण स्वायत्तता दिनु पर्छ र यसले सीपपरीक्षणका क्षेत्रहरु बढाउँदै जानु पर्छ। साथै प्रयोगशालाको निर्माण, परीक्षण केन्द्रहरुको विस्तार, सम्बन्धित पाठ्य र परीक्षणीय सामग्रीको उत्पादन र उपलब्ध गराउन उच्चस्तरीय सीप परीक्षकहरु पनि उत्पादन गर्नु पर्छ। यसको वर्तमान क्षमतामा वृद्धि गर्ने योजना बनाई लागू गर्नु पर्छ।

(ख) विषयगत प्रशिक्षणमा विभिन्न निकायका र यस परिषद्भित्र पनि विषयगत परीक्षणको गुणस्तरको नियन्त्रण कडाईका साथ हुनु पर्छ र तालिम प्राप्त व्यक्तिहरुको गुणस्तर नियन्त्रणमा नियन्त्रण गर्ने कार्य कानूनद्वारा अनिवार्य गरी यस परिषद्लाई नै दिनु पर्छ।

(ग) प्राविधिक शिक्षाको विकासका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क विस्तार गर्ने र प्रविधि हस्तान्तरण, अध्ययन, गोष्ठी र अन्य विविध कार्यक्रमहरु व्यापक रुपमा संचालन गर्नु पर्छ।

(घ) गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउन कानूनी प्रावधान हुनु पर्छ। साथै प्रशिक्षणका क्रममा प्रयोगमा ल्याइने तालिम सामग्रीका गुणस्तरको पनि सुनिश्चितता हुनु पर्छ र मान्यताप्राप्त तालिम केन्द्रहरुबाट उत्पादित प्रशिक्षार्थीहरुको गुणस्तर पनि सुनिश्चित हुनु पर्छ।

(९) कार्यक्रमको विस्तारः

(क) यस तालिमले खास गरी अल्पकालिक पाठ्य विषय तयार गरी गरीबिको रेखामुनि रहेका र विशेष लक्षित समूहका लागि तालिम दिने केन्द्रहरु घुम्ती तालिम र सीप विकाससित सम्बद्ध साक्षरताका पाठ्य विषयहरु र लघुउद्यम सीप विकासका कार्यक्रमहरु आवश्यक क्षेत्रमा पुऱ्याउनु पर्छ।

(ख) यस परिषद्ले अन्य क्षेत्रलाई पनि सुहाउँदा प्रशिक्षण कार्यक्रमहरु तयार गर्नु पर्छ। खास गरी तत्काल आय आर्जन हुने र काम पाउने क्षेत्रमा अल्पकालिक प्रशिक्षणमा जोड दिनु पर्छ। सरकारी लगानीमा चलेका संस्थाहरुलाई आत्मनिर्भर हुनेतिर अग्रसर गराउनु पर्छ।

(ग) गैरसरकारी संस्थाहरुलाई तालिम कार्यक्रम संचालन गर्न उपयुक्त वातावरणको सृजना हुने आवश्यक नीति नियमहरु परिषद्ले निर्माण गर्नु पर्छ।

(घ) प्रशिक्षकहरुका लागि प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठानद्वारा स्थलगत तालिमको व्यवस्था अवलम्बन गरी व्यापकता बढाउनु पर्छ।

(१०) रोजगारदातासँग सम्बन्धः सूचना तथा अनुसन्धान प्रणालीको विस्तार गर्ने र प्रत्येक निकाय र तहमा एवं पाठ्यक्रमको निर्माणमा रोजगारदाताहरुलाई

समावेश गर्नु पर्छ। साथै स्वयं रोजगार गर्ने ऋण र सेवा प्रदान गर्ने निकायसित सम्पर्क गर्न सहयोग पुऱ्याउनु पर्छ।

(११) वृत्तिविकासः

(क) शिक्षण पेशामा लागेका शिक्षक कर्मचारीले पाएसरह राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका शिक्षक कर्मचारीले पनि निवृत्तभरण र उपदान पाउने व्यवस्था हुनु पर्छ।

(ख) नेपाली कामदारहरुलाई सीप अभिवृद्धि गर्न प्रोत्साहित तुल्याउन राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट प्रमाणित सीपलाई समेत आधार बनाई सेवाका निम्ति न्यूनतम योग्यताहरु तोक्ने र सीप प्रमाणीकरण भएका कामदारहरुलाई उद्‌योगहरुले प्रयोग गर्नु पर्ने व्यवस्था क्रमशः गर्दै जानु पर्छ।

(१२) निजी शिक्षालयः

(क) निजी शिक्षालयको स्वीकृति दिंदा श्रम बजारका साथै अन्य शिक्षालय समेतको नक्साङ्कन गरी शैक्षिक, भौतिक पूर्वाधार तथा सुविधा, कार्यक्रमको आवश्यकता र शिक्षालयको दिगोपना जस्ता आधारमा स्वीकृति दिने आधार एवं अनुगमन र सुपरीवेक्षणको व्यवस्था कडाईका साथ गर्नु पर्छ।

(ख) निजी शिक्षालय सेवाभावनाबाट खोलिनु पर्छ र मुनाफाका दृष्टिले खोल्ने स्वीकृति दिनु हुन्न। सामुदायिक वा ट्रस्टका रुपमा खोल्नु पर्दछ। साथै गरीब, पिछडिएका जाति र समुदाय एवं महिलाहरुका निम्ति निश्चित कोटा कम्तिमा १०% छुट्‌याउनु पर्छ। हालका निजी स्तरका शिक्षालयलाई पनि सामुदायिक वा ट्रस्टमा परिणत गर्न सरकारले निम्नलिखित लगानी नीति अनुरुप प्रोत्साहित गर्नु पर्छ।

(ग) हाल शैक्षिक भौतिक पूर्वाधार र सुविधा नपुगेका सम्बन्धन प्राप्त शिक्षालयलाई सो पूरा गर्न २ वर्षको अवसर दिनु पर्दछ र पूरा नगर्ने शिक्षालयको स्वीकृति रद्द गर्नु पर्छ।

(१३) समस्तरः सरकार तथा यसको स्वामित्व भएका निकायहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌बाट प्रदत्त प्रमाणपत्रहरु त्रिभुवन विश्वविद्‌यालयको शैक्षिक प्रमाणपत्र जस्तै निर्विवाद रुपमा प्रयोग गर्न नपाएको हालको स्थितिमा यस सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्राविधिक दक्षता सीप अभिवृद्धि गर्ने सक्षम संस्था भइसकेको हुँदा लोकसेवा आयोग र अन्य पदपूर्ति सम्बन्धी निकायहरुले अनिवार्य रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को प्रमाणपत्र तोकिएको

तहको आवश्यकताको विज्ञापन गर्दा समस्तरको मान्यता दिने कानूनी व्यवस्था गरी लागू गराउनु पर्छ।

(१४) राजनीतिकरणः राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को सभाले यस परिषद्भित्र राजनीतिक गतिविधि र प्रशासनयन्त्रबाट मुक्त गर्न आचार संहिता बनाई कार्यान्वयन गर्नु पर्छ।

(१५) नेतृत्वः परिषद्को सभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि परिषद्का उपाध्यक्षलाई पूर्ण रुपले उत्तरदायी बनाउनु पर्छ। यस सम्बन्धी नीति तथा अन्य आवश्यक ऐन परिवर्तन गर्ने गराउने व्यवस्था गर्नु पर्छ।

(१६) लगानीः

(क) विभिन्न जिल्ला र क्षेत्रमा बहुप्राविधिक र विद्यालयहरु खोल्न गैरसरकारी क्षेत्रलाई प्रोत्साहित गर्ने।

(ख) बहुप्राविधिक तहमा नियमित विद्यार्थीहरुबाट संचालन खर्चको १० देखि २० प्रतिशतसम्म सम्पन्न वर्गका विद्यार्थीबाट शुल्क उठाउने। जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई प्राविधिक शिक्षाबाट बञ्चित नगराउन वर्गीकृत शुल्क प्रणाली (पूरा, आंशिक र निःशुल्क) लागू गर्नुका साथै शिक्षा ऋण र १० प्रतिशत विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्ने।

(ग) बहुप्राविधिकहरुमा नियमित विद्यार्थी भर्ना संख्या कटौती नगरी पूर्णशुल्कीय विद्यार्थीहरु भर्ना गर्न दिने।

(घ) प्राविधिक शिक्षालय तहमा सहरी क्षेत्रमा नियमित विद्यार्थीहरुबाट संचालन खर्चको १० प्रतिशतसम्म शुल्कबाट उठाउने र ग्रामीण क्षेत्रमा आय हेरी आंशिक वा निःशुल्क शिक्षा दिने।

(ङ) साधारण साक्षरदेखि दशम कक्षा उत्तीर्ण नगरेका व्यक्तिहरुका लागि विभिन्न तहको व्यावसायिक तालिममा विशेष जोड दिई हाल विद्यमान कामदार आयातलाई प्रतिस्थापन गर्ने र औद्योगिकीकरणका लागि आवश्यक प्राविधिक जनशक्ति आपूर्ति गर्ने।

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय संजाल तयार गर्न यस परिषद्ले नमूना बहुप्राविधिक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम शिक्षालयहरु स्थापना गर्दा र गैरसरकारी क्षेत्रमा गरिने लगानी तथा सहयोगको निम्ति प्राविधिक उच्च शिक्षामा उल्लेख भए अनुसार हुनेछ।

शिक्षा मन्त्रालय

# अनुसूची –१

## राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

| | |
|---|---|
| शिक्षा मन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिवहरु (शिक्षा, वन, कृषि, स्वास्थ्य, संचार, जलस्रोत, स्थानीय विकास, यातायात, पर्यटन तथा नागरिक उड्डयन,उद्योग, अर्थ, श्रम, वाणिज्य, कानून मन्त्रालय) | सदस्य |
| सचिवहरु, (लोकसेवा आयोग र योजना आयोग) | सदस्य |
| सभापति, प्रतिनिधिसभा, जनसंख्या तथा सामाजिक समिति | सदस्य |
| विश्वविद्यालयका उपकुलपतिहरु वा प्राविधिक अध्ययन संस्थानका डिनहरु | सदस्य |
| अध्यक्ष, उद्योग वाणिज्य संघ | सदस्य |
| प्रतिनिधि, निजी क्षेत्रका उद्योग व्यवसाय | सदस्य |
| अध्यक्ष, रोजगारदाता परिषद् | सदस्य |
| प्रमुख, रोजगार प्रवर्द्धन आयोग | सदस्य |
| कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | सदस्य |
| राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त लब्धप्रतिष्ठित प्राविधिक व्यक्तिहरु मध्ये ३ जना | सदस्य |
| निर्देशकहरु, प्राविधिक प्रशिक्षक प्रशिक्षण तथा सीप परीक्षण तथा प्रमाणीकरण प्रतिष्ठान | सदस्य |
| सार्क सचिवालयका सचिव, UNDP ILO,SDC,GTZ,WB,ADB को शिक्षा हेर्ने अधिकृतहरु | आमन्त्रित सदस्य |

शिक्षा मन्त्रालय

# अनुसूची –२

## कार्यकारी परिषद्को गठन

परिषद्का उपाध्यक्ष,     अध्यक्ष

सदस्यहरुः

- निर्देशनालयका कार्यकारी निर्देशकहरु मध्येबाट दुईजना,
- प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान र सीप परीक्षण तथा प्रमाणीकरण प्रतिष्ठानका कार्यकारी निर्देशकहरु,
- निजी क्षेत्रका प्राविधिक शिक्षालयका प्रमुखहरु मध्ये ३ जना (क्षेत्रगत प्रतिनिधित्व हुनेगरी),
- परिषद् अन्तर्गतका नमूना प्राविधिक शिक्षक तथा बहुप्राविधिकहरु मध्येबाट २ जना,
- गैरसरकारी संस्थाहरु मध्येबाट २ जना,
- जनशक्ति खपत गर्ने निकायहरु मध्येबाट ३ जना,
- सम्बन्धित क्षेत्रमा ख्यातिप्राप्त विद्वानहरु मध्येबाट २ जना ।

शिक्षा मन्त्रालय

# अनुसूची –३

## राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् संरचना

शिक्षा मन्त्रालय

# विद्यालयको शैक्षिक व्यवस्थापनः

## विषय प्रवेश

नेपालको शैक्षिक व्यवस्थापन प्रणालीको असक्षमताका बारेमा विभिन्न अध्ययन प्रतिवेदनहरुमा स्पष्ट उल्लेख गरिएको छ ।शिक्षक तथा विद्यार्थीको न्यून उपस्थिति, विद्यार्थीको असफलता प्रतिशत, विद्यार्थीहरुले विद्यालय छाड्ने वा कक्षा दोहोर्‍याउने प्रतिशत, निरीक्षणको कमी, जवाफदेहीको अभाव, स्रोतहरुको असमानुपातिक वितरण र दुरुपयोग, संस्थागत नेतृत्वको अभाव आदि कुराहरुले नेपालको शैक्षिक व्यवस्थापनको समस्यालाई टड्कारो रुपमा चित्रित गर्दछन्।

## वर्तमान स्थिति

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शैक्षिक व्यवस्थापन तथा निरीक्षणका विषयमा दिएका सुझावहरुमध्ये केही प्रमुख सुझावहरु यहाँ उल्लेख गरिएका छन्

- शिक्षा तथा संस्कृति मन्त्रालयको सँगठन अनावश्यक रुपमा व्यापक नगरी यो मन्त्रालय नीति र योजना बनाउने, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता काममा संलग्न रहनु पर्छ। कार्यान्वयनको काम केन्द्रीय तहबाट हटाई क्षेत्रीय जिल्ला स्तरका कार्यालयहरुलाई दिनु पर्छ ।
- परिवर्तित शैक्षिक परिप्रेक्ष्यमा राष्ट्रिय शिक्षा समितिको औचित्य नरहेकाले यसलाई खारेज गरी राष्ट्रिय शिक्षाका विभिन्न पक्षमा शिक्षा मन्त्रालयलाई सल्लाह दिनका निम्ति एउटा उच्चस्तरीय र स्थायी राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् रहनु पर्छ ।
- उच्चमाध्यमिक क्षेत्रमा नीति, कार्यक्रमहरुको समन्वय, मूल्याङ्कन र अनुगमन कार्यका लागि विश्वविद्यालय अनुदान आयोग र उच्चमाध्यमिक शिक्षा,प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा र विशेष शिक्षाका क्षेत्रमा विभिन्न परिषद्हरु रहनु पर्दछ ।यी सबै उच्चस्तरीय निकायहरुको काम, कर्तव्य र अधिकारबारे ऐन-नियममा व्याखा हुनु पर्दछ ।वर्तमान उच्चमाध्यमिक शिक्षा परिषद्को ऐनमा आवश्यक संशोधन हुनु पर्दछ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास केन्द्रका रुपमा पुनर्गठित गरी यस केन्द्रलाई प्राथमिकदेखि उच्चमाध्यमिक शिक्षासम्मको पाठ्यक्रम बनाउने तथा पाठ्यपुस्तक तयार गर्ने जिम्मा दिनु पर्छ।
- परीक्षा नियन्त्रण कार्यालयलाई स्वायत्त संस्थाका रुपमा क्रमशः विकसित गर्नु पर्छ।पाँचै विकास क्षेत्रहरुबाट माध्यमिक परीक्षाको सञ्चालन गर्नु पर्छ ।

- अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरी यस क्षेत्रका लागि आवश्यक शैक्षिक सामग्री तयार गर्ने र प्रशिक्षक-शिक्षकहरुको तालिमको व्यवस्था गर्नु पर्छ।
- वर्तमान रेडियो  शिक्षा तालिम एकाइलाई दूर शिक्षण केन्द्रका रुपमा विकसित गरी दूर शिक्षणको क्षेत्रलाई विस्तार गर्नु पर्छ ।
- अधिराज्यभित्र स्थापित हुने विश्वविद्यालय तथा उच्चशिक्षण संस्थाहरुलाई शैक्षिक क्षेत्रमा पूर्ण स्वायत्तता दिनु पर्छ। तर शैक्षिक प्राज्ञिक क्षेत्रभन्दा बाहिरका अन्य पक्षमा ती उच्च शिक्षण संस्थाहरुले श्री ५ को सरकारको राष्ट्रिय शैक्षिक नीतअन्तर्गत रही काम गर्नु पर्ने व्यवस्था गर्नु पर्छ ।
- क्षेत्रीय शिक्षा निरीक्षकको नाम परिवर्तन गरी क्षेत्री शिक्षा निर्देशक बनाउनु पर्छ र क्षेत्री कार्यालयलाई क्षेत्रीय स्तरमा शैक्षिक योजना बनाउन, प्राथमिक, माध्यमिक तथा उच्चमाध्यमिक शिक्षकको नियुक्तिका लागि परीक्षा सञ्चालन गर्न, क्षेत्रीय स्तरमा शिक्षक, प्रशिक्षक,निरीक्षक तथा अन्य शिक्षा विशेषज्ञको तालिम सञ्चालनगर्न र क्षेत्रीय स्तरमा एसएलसी परीक्षा सञ्चालनका लागि सहयोग पुऱ्याउने उत्तरदायित्व दिनु पर्छ ।
- जिल्ला शिक्षा निरीक्षकको नाम परिवर्तन गरी जिल्ला शिक्षा अधिकारी बनाउनु पर्छ र जिशिअ एउटा प्राविधिक सेवाको पद रहनु पर्छ ।
- जिल्ला शिक्षा कार्यालयलाई शिक्षकहरुको विवरण अद्यावधि राख्ने, शिक्षकहरुको नियुक्ति, सरुवा र बढुवा गर्ने, निवृत्तिभरण र उपदान उपलब्ध गराउने, नियमित रुपमा विद्यालय निरीक्षण गराउने र विद्यालयसम्बन्धी सबै आवश्यक अभिलेख तथ्याङ्क राख्ने, कक्षा ५ को र कक्षा ८ को परीक्षा सञ्चालन गर्ने तथा प्रधानाध्यापक तथा सञ्चालक समितिका सदस्य तथा शिक्षकहरुका निम्ति सामयिक परिचयात्मक गोष्ठी तथा तालिम कार्यक्रमहरु सञ्चालित गर्ने जस्ता उत्तरदायित्व दिनु पर्छ ।विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारी जिल्ला शिक्षा कार्यालयका कर्मचारी मानिनु पर्छ ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) शिक्षा मन्त्रालय अन्तर्गत योजना निर्माण, अनुगमन तथा मूल्यांकन, शैक्षिक तथ्याङ्क संकलन र विश्लेषण, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास शिक्षक तालिम जस्ता प्राविधिक क्षेत्रहरुमा आवश्यक दक्षताको अभाव रहेकोले यी प्रमुख क्षेत्रहरुमा राष्ट्रिय शैक्षिक सक्षमता अभिवृद्धिगर्ने हेतुले मानव संसाधन विकास योजना तयार गरी राष्ट्रिय क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा दक्षता वृद्धि कार्यक्रम संचालन गर्नु पर्छ।

(२) केन्द्रीय तहमा विभागको स्थापनाः केन्द्रीय तहमा प्राथमिक तथा माध्यमिक शिक्षा आदिको अभिभारा लिनका निमित्त शिक्षा विभागको स्थापना गर्नु पर्छ। यस्ता विभागको स्थापना गर्नु पर्छ। यस्ता विभागको स्थापनाले मन्त्रालयलाई कार्यान्वयनको बोझबाट मुक्त गरी नीति निर्माण, समन्वय, अनुगमन तथा मूल्यांकन जस्ता महत्वपूर्ण कार्यहरुमा मात्र संलग्न रहन मौका दिनुका साथै वैदेशिक सहयोगलाई परिचालन गर्न मद्दत मिल्नेछ। उक्त वैदेशिक सहयोगमा संचालित परियोजनाहरुलाई समन्वय गर्नका निमित्त योजना महाशाखा अन्तर्गत एक वैदेशिक सहयोग तथा परियोजना समन्वय शाखा स्थापना गर्नु पर्छ।

(३) राष्ट्रिय अनौपचारिक शिक्षा विकास केन्द्रः अनौपचारिक शिक्षाको व्यवस्थापनमा विद्यमान असमन्वय र दोहोरोपन हटाउन र नीति निर्माण, कार्यान्वयन, पाठ्यसामग्री विकास, कार्यक्रम तर्जुमा आदि विषयमा प्रभावकारी ढंगले संचालन गर्नका लागि अलग अलग रुपमा रहेका यस्ता संस्थाहरुलाई एकीकृत गरी राष्ट्रिय अनौपचारिक शिक्षा विकास केन्द्र स्थापना गर्नु पर्छ।

(४) जिल्ला तथा क्षेत्रीय कार्यालयको भूमिकामा वृद्धिः विकेन्द्रीकृत प्रशासन र योजनाको सन्दर्भमा क्षेत्रीय कार्यालयहरुको भन्दा जिल्ला स्तरमा रहेका कार्यालयहरुको अग्रणी भूमिका रहने हुँदा क्षेत्रीय शिक्षा निर्देशनालयहरुको गठन र कार्यमा संशोधन गर्नु पर्छ। क्षेत्रीय निर्देशनालयलाई योजना उच्चमाध्यमिक विद्यालयको निरीक्षण र माध्यमिक परीक्षाको जिम्मा दिनु पर्छ।

(५) राष्ट्रिय शिक्षक सेवा आयोगको गठनः शिक्षण पेशामा सक्षम व्यक्तिहरुको छनौटलाई सुनिश्चित गर्न अध्यापन अधिकारपत्र लिएका व्यक्तिलाई मात्र विद्यालय व्यवस्थापन समितिले अस्थायी नियुक्ति दिन सक्ने व्यवस्था गर्नु पर्छ। अध्यापन अधिकारपत्रको व्यवस्था गरेर शिक्षण पेशामा खुला प्रवेशको वर्तमान परिपाटीलाई बन्द गर्नु पर्छ। शिक्षकहरुको स्थायी नियुक्ति प्रक्रियालाई व्यवस्थित गर्न राष्ट्रिय स्तरमा शिक्षक सेवा आयोगको गठन गर्नु पर्छ। उक्त आयोगबाट छनौट गरिएका योग्यता क्रमसूचीबाट शिक्षकहरुको नियुक्ति गर्ने व्यवस्था मिलाउनु पर्छ।

(६) प्रशिक्षण प्रतिष्ठानः शैक्षिक जनशक्ति विकास केन्द्रलाई शिक्षा क्षेत्रको प्रशिक्षण प्रतिष्ठानका रुपमा विकास गर्नु पर्छ। प्राथमिक तथा माध्यमिक शिक्षासँग सम्बन्धित अन्य प्रशिक्षण कार्यक्रमहरुलाई यसै प्रतिष्ठान अन्तर्गत राखी संचालन गर्नु पर्छ।

(७) जिल्ला शिक्षा कार्यालयको भूमिकाः जिल्ला शिक्षा कार्यालयहरुको अधिकार, स्रोत साधन र दक्षतामा वृद्धि गर्नु पर्छ र यसलाई प्रभावकारी तुल्याउन निम्नलिखित कार्यहरु गर्नु पर्छः–

(क) तीन सय वा सोभन्दा बढी विद्यालय संख्या भएका जिल्लाहरुलाई “क” वर्गमा राखी त्यस्ता जिल्लाहरुमा राजपत्राङ्कित प्रथम श्रेणी (प्राविधिक) सरहको जिल्ला शिक्षा अधिकारी नियुक्त गर्ने,

(ख) प्रत्येक जिल्ला शिक्षा कार्यालयमा शिक्षा योजना तथा कार्यक्रम निर्धारण, तथ्याङ्क संकलन, विश्लेषण र अनुगमन तथा मूल्याङ्कन गर्नेको निमित्त योजना शाखाको स्थापना गर्ने,

(ग) प्रत्येक जिल्लालाई विद्यालय संख्याका आधारमा आवश्यकता अनुसार शैक्षिक इलाकामा विभाजन गरी तिनमा सहायक जिल्ला शिक्षा अधिकारी नियुक्त गरी उनीहरुलाई आ–आफ्नो क्षेत्रमा प्राथमिक तथा माध्यमिक शिक्षा प्रशासन र निरीक्षणको सम्पूर्ण अधिकार दिने,

(घ) जिल्ला शिक्षा समितिको वर्तमान संरचना र गठनमा संशोधन गरी उक्त समितिमा बढीभन्दा बढी शिक्षाविद्, अभिभावक, शिक्षक प्रतिनिधि, व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, गैरसरकारी संस्थाका प्रतिनिधि रहन पाउने व्यवस्था गरी समितिलाई शैक्षिक योजना निर्माण, कार्यान्वयनको अनुगमन तथा निरीक्षणको अधिकार प्रदान गर्ने,

(ङ) प्राथमिकदेखि माध्यमिक स्तरसम्मको शिक्षा सम्बन्धी कार्यकारिणी अधिकार जिल्ला शिक्षा अधिकारीलाई प्रदान गर्ने,

(च) जिल्ला शिक्षा कार्यालयको काम केन्द्रले तयार पारेको योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने मात्र नभएर आफ्नो जिल्लाको निमित्त पूर्वप्राथमिक तहदेखि माध्यमिक शिक्षासम्मको शिक्षायोजना र कार्यक्रम तयार पार्ने र कार्यान्वयन गर्ने, गराउने,

(छ) प्रत्येक जिल्ला कार्यालयमा पूर्वप्राथमिक, प्राथमिक, निम्नमाध्यामिक र माध्यमिक तहसम्मको शिक्षा र अनौपचारिक शिक्षा हेर्नेका निमित्त छुट्टाछुट्टै इकाइको व्यवस्था गर्ने।

(८) विद्यालय निरीक्षण र प्रधानाध्यापकः विद्यालय निरीक्षकले एकातिर शैक्षिक सुपरीवेक्षण, शिक्षक टेवा र सहायताको काम गर्नु पर्छ भने अर्कातिर शिक्षक व्यवस्थापन, रेखदेख र नियन्त्रण समेत गर्नु पर्छ। तसर्थ शैक्षिक तथा व्यवस्थापकीय निरीक्षण तथा अनुगमनमा निम्नानुसार सुधार गर्नु पर्छः–

(क) प्रधानाध्यापकलाई प्रशासनिक र शैक्षणिक सुपरीवेक्षणका लागि नेतृत्व प्रदान गर्न सक्षम तुल्याउनु पर्छ। यसका लागि अनुभवी, शैक्षिक दृष्टिले सक्षम व्यक्तिको छनौट गर्ने प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउनु पर्छ। प्राथमिक तहमा निम्नमाध्यमिक योग्यता भएको, निम्नमाध्यमिक तहमा माध्यमिक तहको योग्यता भएको शिक्षक र माध्यमिक तहमा उच्चमाध्यमिक तहको योग्यता भएको शिक्षकलाई प्रधानाध्यापक बनाउनु

पर्छ। प्रधानाध्यापकका निमित्त सम्बन्धित तहका शिक्षकको तलबमानको २५% रकम प्रधानाध्यापक भत्ता हुनु पर्छ। प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारलाई ऐनमा नै व्यवस्थित गरिनु पर्छ।

(ख) विद्यालय निरीक्षकको पदमा स्नातकोत्तर (एम.एड.) हासिल गरेका र कम्तिमा १० वर्ष शिक्षण अनुभव भएका व्यक्तिलाई मात्र नियुक्त गर्ने व्यवस्था हुनु पर्छ।

(९) स्रोत व्यक्तिः जिल्लाभित्रका अनुभवी र प्रभावकारी शिक्षकको रुपमा स्थापित भइसकेका व्यक्तिहरु मध्येबाट प्रतिस्पर्धात्मक तरिका अपनाई स्रोत केन्द्रहरुमा स्रोत व्यक्तिको छनौट हुनु पर्दछ। यसरी जुन विद्यालयको शिक्षक स्रोत व्यक्ति बन्न पुगेको छ सो विद्यालयलाई थप एक शिक्षक दरबन्दी दिने व्यवस्था मिलाउनु पर्छ।

(१०) अभिभावक शिक्षक अन्तक्रियाः सार्वजनिक सामुदायिक तथा निजी विद्यालयमा शिक्षक र अभिभावकबीच संचार र सम्पर्क वृद्धि गर्न एवं विद्यालयको विकास र बालबालिकाको सिकाईमा अभिभावकको सहभागितालाई बढाउन अभिभावक–शिक्षक अन्तरक्रिया गर्ने व्यवस्था गर्नु पर्छ।

(११) विद्यालय व्यवस्थापन समितिः प्रत्येक विद्यालयमा सम्बन्धित अभिभावक, विद्यालय संस्थापक, चन्दादाता, स्थानीय गाउँ विकास समिति वडा समितिका पदाधिकारी, आमा समूह वा उपभोक्ता समूहका प्रतिनिधि, अभिभावक–शिक्षक संघका प्रतिनिधि, शिक्षक प्रतिनिधि र जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि समेत भएको सम्मिलित एउटा विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था हुनु पर्छ।

शिक्षा नियमावलीमा निरन्तर परिवर्तन गरिरहँदा विद्यालय व्यवस्थापनमा अस्थिरता र अव्यवस्था बढिरहेकाले त्यसलाई तत्काल निराकरण गर्नका निम्ति कानूनी रुपमै व्यवस्था हुनु पर्छ र विद्यालय व्यवस्थापन समितिलाई स्थायी र भरपर्दो बनाउनु पर्छ।

# साधारण उच्चशिक्षा

विषय प्रवेश

वर्तमान स्थिति

प्रमुख समस्या तथा मुद्दाहरु

सुझावहरुः

(१) उद्देश्यः उच्चशिक्षाका उद्देश्यहरु निम्नानुसार हुनुपर्छः–

(क) राष्ट्रिय पहिचान, देशभक्ति, साँस्कृतिक सचेतता, नैतिकता तथा आत्मिक उन्नयनको प्रबर्द्धन गर्नु,

(ख) राष्ट्रिय विकासका निमित्त आवश्यक उच्चस्तरीय प्रविधि र सीप प्रदान गर्नु,

(ग) राष्ट्रको सर्वाङ्गिण विकासका निमित्त नेतृत्व प्रदान गर्न सक्ने पेशाहरुको विकास गर्नु,

(घ) अध्ययन, अनुसन्धानद्वारा मानवीय जीवनको गुणस्तरमा सुधार गर्ने तथा परिवर्तनशील सामाजिक आवश्यकता र अवस्था अनुरुप परिवर्तित हुँदै जाने ज्ञानका नयाँ नयाँ क्षितिजहरुको विस्तार गर्नु,

(ङ) सृजनात्मक तथा विश्लेषणात्मकताका साथै वैज्ञानिक चिन्तन प्रणाली अँगाली प्राज्ञिक स्वतन्त्रतालाई अक्षुण्ण राख्दै नवीन चिन्तन र प्रविधिहरुको प्रतिपादन गर्नु,

(च) मानव अधिकारको सम्मान, नागरिक अधिकारको सुदृढीकरण, प्रजातान्त्रिक मूल्य र मान्यताको सम्बर्द्धन गर्दै न्यायपूर्ण समाजको सृजना गर्नु,

(छ) अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तैयार गर्नु,

(ज) नेतृत्वदायी क्षमताको निर्माण तथा विकास गर्नु।

(२) आन्तरिक सक्षमताः उच्चशिक्षाको आन्तरिक सक्षमता वृद्धि गर्न निम्न उपायहरु अवलम्बन गरिनु पर्छः–

(क) शैक्षिक कार्यपात्रोमा उल्लेख गरिए अनुसारका कार्यहरु समयमै गर्ने गराउने,

(ख) वास्तविक शिक्षण हुने दिनहरुको संख्यामा बृद्धि गर्ने,

(ग) शिक्षकको विकास कार्यक्रम कार्यान्वयन गरी प्राज्ञिक स्तर बढाउने, शिक्षकहरुलाई एम.फिल र पिएच.डी. गर्ने अवसर दिई प्राज्ञिक व्यक्तित्व विकास गराउने,

(घ) शिक्षकको मूल्यांकनमा पारदर्शी र वस्तुगत आधारहरु विकास गरी लागू गर्ने,

(ङ) शिक्षकको तलब संरचनामा सुधार गर्ने,

(च) विद्यार्थीको न्यूनतम उपस्थिति सुनिश्चित गर्ने,

(छ) कार्यक्रमहरु एकीकृत गरी खर्चमा कटौती गर्ने,

(ज) विद्यार्थीलाई विषय तथा पाठ्यक्रमको छनौट गर्ने परामर्श सेवा उपलब्ध गराउने,

(झ) अनुसन्धानलाई शिक्षणको अभिन्न अंग बनाउने,

(ञ) प्रभावकारी शिक्षणको निम्ति आवश्यक भौतिक सुविधाको व्यवस्था गर्ने। गुणस्तर शिक्षाको निमित्त आवश्यक हुने सुविधाहरु जस्तै पर्याप्त कक्षा कोठा, फर्निचर, श्रव्यदृश्य सामग्रीहरु, प्रयोगशाला, पाठयपुस्तक, सन्दर्भपुस्तक र जर्नलसमेत रहेको पुस्तकालयको व्यवस्था गर्ने,

(ट) विविध शिक्षण विधिहरु जस्तै कक्षामा हुने शिक्षण, कार्यशाला, गोष्ठी, टर्म पेपर, घटना/समस्या अध्ययन र विविध शिक्षण प्रविधिको उपयोग गर्ने,

(ठ) शिक्षक केन्द्रित पढाउने तरिकाका सट्टा विद्यार्थी केन्द्रित शिक्षण पद्धतिको प्रयोग गर्ने,

(ड) पाठ्यक्रमलाई लचिलो बनाउन छनौट गर्ने पाठ्यांशहरु दिने, नमूना पाठ्यांशहरु दिने, नमूना पाठ्यांशहरु बनाउन लगाउने, विभिन्न तहबाट प्रत्यावर्तन हुन तथा खास तहमा भर्ना हुन पाउने व्यवस्था गर्ने, उपल्लो कक्षागत र समकक्षागत गतिशिलता बढाउने, सैद्धान्तिक र योगात्मक शिक्षणको अन्तर्मिश्रण गर्ने,

(ढ) उच्च शैक्षिक संस्थाहरुको प्रशासनिक व्यवस्थालाई प्राज्ञिकतामुखी बनाउने।

(३) वाह्य सक्षमताः विश्वविद्यालयबाट उत्तीर्ण विद्यार्थीहरुलाई रोजगारको सुगमता बढाउनका लागि निम्नलिखित उपायहरु अपनाइनु पर्छः–

(क) श्रमबजार सूचना प्रणालीको स्थापना गर्ने,

(ख) उक्त सूचना प्रणालीले संकेत गरेका क्षेत्रमा उच्चशिक्षा प्रदान गर्ने योजना र कार्यक्रममा लचिलोपन ल्ःयाउने,

(ग) देशको समष्टिगत मानवीय संसाधनको योजना बनाई सोही अनुसार विश्वविद्यालयका पाठ्यक्रम तयार गर्ने,

(घ) स्थानीय आवश्यकता र सान्दर्भिकता हेरी विभिन्न संकाय अन्तर्गतका विशेष पाठ्यांशहरु संचालन गर्ने।

(४) पहुँच र समानताः उच्चशिक्षामा लिङ्ग, जाति र भौगालिकताका आधारमा रहेको असमानता कम गर्न र उच्चशिक्षाको पहुँच बढाउन निम्नलिखित उपायहरु अपनाइनु पर्छः–

(क) उच्चशिक्षा लिन योग्य र प्रतिभाशाली व्यक्तिले मात्र शिक्षा लिन पाउने नीति लिने,

(ख) शैक्षिक दृष्टिले पिछडिएका जाति, समुदाय र विपन्न वर्गका योग्य विद्यार्थीहरु उच्चशिक्षाबाट बञ्चित हुन नदिन छात्रवृत्ति र सुलभ ऋण कार्यक्रमको व्यवस्था गर्ने,

(ग) क्षेत्रीय स्तरमा गुणस्तरयुक्त उच्चशिक्षा उपलब्ध गराई प्रादेशिक असन्तुलन कम गराउने,

(घ) महिला, पिछडिएका र दलित समूहका विद्यार्थीका लागि कोटा छुट्याउने।

(५) बहुविश्वविद्यालयः

(क) पूर्वाञ्चल र पोखरा विश्वविद्यालयलाई जनसहभागिता र सरकारी अनुदानमा शैक्षिक –प्राज्ञिक र प्रशासनिक पूर्वाधार निर्माण गरी उच्च गुणस्तरयुक्त, आफ्नो छुट्टै भूमिका तथा विशेषता भएका क्षेत्रीय विश्वविद्यालयका रुपमा विकास गर्नु पर्छ।

(ख) त्रिभुवन विश्वविद्यालयका साधारण तर्फका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरुलाई क्षेत्रीय विश्वविद्यालयमा निर्धारित पूर्वशर्त अनुसार क्रमशः समाहित गर्ने व्यवस्थाका लागि सम्बन्धित विश्वविद्यालयका ऐन नियममा समेत संशोधन गर्नु पर्छ।

(ग) आइन्दा शैक्षिक प्राज्ञिक पूर्वाधारहरु सुनिश्चित भएपछि मात्र कुनै पनि नयाँ विश्वविद्यालय खोल्नु पर्छ। यस्ता विश्वविद्यालयहरु खोल्दा प्राविधिक क्षेत्रलाई प्राथमिकता दिनु पर्छ।

(६) विश्वविद्यालयको स्थापनाको औचित्य र पूर्वाधारः विश्वविद्यालय वा उच्च शिक्षण संस्थाहरुको स्थापना गर्दा यथार्थ परिस्थितिको मूल्यांकन, योजना र विकासको कार्यक्रम, अनुसन्धान र प्रशिक्षण एवं सक्षम जनशक्तिको अवस्था शुल्क संरचना र जेहेन्दार विद्यार्थीको पहुँच र पूर्वाधारको क्रमशः वृद्धि विषय क्षेत्रको सान्दर्भिकता जस्ता कुराको राम्रो लेखाजोखा गरेर मात्र स्थापना गर्नु पर्छ र यो कार्य विश्वविद्यालय अनुदान आयोगको सिफारिसमा हुनु पर्छ।

(७) सम्बन्धन नीतिः उच्च शिक्षण संस्थाहरुको भूमिका र कार्यलाई वर्तमान सन्दर्भमा पुनः परिभाषित गर्नु पर्छ। कुनै पनि संस्थाले आफ्नो संस्थाको प्रकृति, क्षमता र विश्वसनीयता निर्वाह हुने उपयुक्त मापदण्डका आधारमा मात्र सम्बन्धन दिने नीति लिनु पर्छ। यस क्रममा राष्ट्रिय आवश्यकता, समायसापेक्षता, गुणस्तर जस्ता अपरिहार्य कुराहरुलाई ध्यान दिनु पर्छ।

(८) खुला विश्वविद्यालयः सरकारको विशेष पहलमा शिक्षाको पहुँचलाई व्यापक बनाउन छुट्टै ऐन बनाई एउटा खुला विश्वविद्यालयको स्थापना गरिनु पर्छ। यसले आफ्नै पाठ्यक्रम पाठ्यपुस्तक, स्वाध्यायन सामग्री, परीक्षा प्रणालीको

व्यवस्था गरी आफ्ना गतिविधि संचालन गर्नु पर्छ। सुरुमा सरकारले जग्गा तथा नियमित रुपले एकमुष्ट अनुदान दिने व्यवस्था गर्नु पर्छ।

(९) स्रोतपरिचालनः शिक्षामा छुट्याइएको खर्चको १९% जति मात्र उच्चशिक्षामा लगानी भएको र उक्त प्रतिशत बढाउन सकिने सम्भावना पनि कम देखिएको परिप्रेक्ष्यमा विश्वविद्यालयहरुले आन्तरिक र वाह्य स्रोतहरुको परिचालन गरी क्रमशः आर्थिक दृष्टिले आत्मनिर्भर तथा स्वायत्त हुने दिशातर्फ ठोस प्रयास गर्नु पर्छ। यस क्रममा विश्वविद्यालयहरुले परामर्श सेवा संचालन गरी आन्तरिक स्रोतमा वृद्धि गर्नु पर्छ।

(१०) लागत पूरणः उच्च शिक्षामा लागत पूरणको सिद्धान्तका आधारमा सरकारी निर्भरतालाई क्रमशः कम गर्न विद्यार्थीहरुबाट लिइने शुल्कमा वृद्धि गर्दै लैजानु पर्छ।

(११) भर्ना नीतिः उच्चशिक्षा योग्य र प्रतिभावान् व्यक्तिहरुको पहुँचको विषय हुनु पर्ने हुँदा यसका विभिन्न तहमा भर्ना लिंदा योग्यताका आधारमा छनौट गर्ने परिपाटीको विकास गरिनु पर्छ। तसर्थ सबै तहमा प्रवेश परीक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्छ।

(१२) विश्वविद्यालय अनुदान आयोगको भूमिकाः निर्धारित भूमिका र जिम्मेवारी अनुरुप कार्य गर्न आयोगलाई सुदृढ एवं सक्षम बनाइनु पर्छ। राष्ट्रिय शिक्षा नीति अनुरुप शिक्षा सम्बन्धी अल्पकालिन, दीर्घकालिन नीति र कार्यक्रम निर्माण गर्दा, नयाँ विश्वविद्यालयहरु स्थापना गर्दा, उच्च शैक्षिक संस्थालाई सम्बन्धन दिंदा र विदेशी विश्वविद्यालयसँग सम्बद्ध बनाई क्याम्पस खोल्दा आयोगको सिफारिसलाई अनिवार्य गराइनु पर्छ। आयोगले ठोस मापदण्डको निर्धारण गरी उच्च शिक्षाको गुणस्तर नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी बहन गर्नु पर्छ। प्रस्तावित उच्चस्तरीय राष्ट्रिय शिक्षा परिषद्सँग समन्वय राखी आयोगले काम गर्नु पर्छ। सार्वजनिक र सामुदायिक उच्च शैक्षिक संस्थालाई मात्र आयोगले अनुदान दिने नीति लिनु पर्छ।

(१३) क्याम्पसहरुको स्वायत्तताः विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुलाई व्यवस्थापकीय र आर्थिक स्वायत्तता दिने नीति लिइनु पर्छ। यसमा गुणस्तरीयता, क्षेत्रीय महत्व र विशिष्टतालाई मुख्य आधार मानिनु पर्छ। यसका निम्ति विश्वविद्यालयहरुको ऐन नियममा परिवर्तन गर्नु परेमा सो पनि गरिनु पर्छ। स्वायत्तता पाउने क्याम्पसहरुलाई अलग्गै व्यवस्थापन समिति गर्ने र सोही मार्फत आन्तरिक स्रोत परिचालन गरी नयाँ थप शैक्षिक कार्यक्रमको विस्तार गर्ने अधिकार दिइनु पर्छ।

विषयगत विशिष्टताका लागि संचालित क्याम्पसहरु (जस्तैः विश्वभाषा क्याम्पस, ललितकला क्याम्पस, जनप्रशासन क्याम्पस) लाई समेत प्राज्ञिक तथा

भौतिक पूर्वाधार निर्माण गर्न र विशिष्टीकरणका पाठ्यक्रम संचालन गर्न स्वायत्तता दिइनु पर्छ।

(१४) अनुसन्धानः विश्वविद्यालय अनुदान आयोगले उच्चशिक्षामा हुने अनुसन्धानलाई शिक्षणको अभिन्न अंगका रुपमा अघि बढाउन अनुसन्धान नीति तर्जुमा गरी कार्यान्वयन गर्नु पर्छ। विश्वविद्यालयहरुका शिक्षण कार्यक्रममा सहयोगी हुने खालका विभागीय अनुसन्धानका निम्ति पर्याप्त खर्च छुट्याउने नीति लिइनु पर्छ। स्नातकोत्तर कार्यक्रममा अनुसन्धान अनिवार्य गरिनु पर्छ।

हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अनुसन्धान केन्द्रहरुलाई केन्द्रीय विभागहरुसँग समन्वय गरी संचालन गरिनु पर्छ। विभिन्न निकायहरुले गराएका अनुसन्धानमा पुनरावृत्ति समेत देखिएकाले यसको निराकरणका लागि पनि समन्वयको आवश्यकता छ। यस्ता अनुसन्धान केन्द्रहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बन्नेतर्फ अग्रसर गराउनु पर्छ।

(१५) +२ +३ +२ +१ कार्यक्रमः आगामी वर्षदेखि विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहलाई प्राज्ञिक कार्यक्रमको विस्थापन गरी उच्चमाध्यमिक शिक्षामा प्रतिस्थापित गर्ने नीतिको कार्यान्वयन गरिनु पर्छ र सं. २०६० सम्ममा उक्त तहको कार्यक्रमलाई विश्वविद्यालयबाट भौतिक रुपमा समेत पूर्णतः विस्थापन गरिनु पर्छ। दुईवर्षे स्नातकोत्तरपछि एक वर्षको एम. फिलको कार्यक्रम संचालन गरिनु पर्छ र यसलाई पिएच. डी. कार्यक्रमका लागि पूर्वावश्यक मानिनु पर्छ।

(१६) उत्कृष्ट केन्द्रः विश्वविद्यालय अन्तर्गतका केन्द्रीय क्याम्पस र शैक्षिक प्राज्ञिक गतिविधिका दृष्टिले सक्षम केही क्याम्पस वा विभागहरुलाई थप साधन स्रोत उपलब्ध गराई उत्कृष्ट प्राज्ञिक केन्द्रका रुपमा विकसित गराईनु पर्छ।

(१७) सम्बन्धन प्राप्त क्याम्पसहरुः विश्वविद्यालयसँग सम्बन्धन लिई संचालित पब्लिक क्याम्पसहरु सम्बन्धित क्षेत्रका विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा समाहित हुन सक्ने नीति लिइनु पर्छ। स्नातक तहको कार्यक्रम संचालन गरेका र विश्वविद्यालयले निर्धारण गरेको भौतिक एवं शैक्षिक मापदण्ड पूरा गरेका सामुदायिक क्याम्पसहरुलाई कार्यक्षमताका आधारमा विश्वविद्यालय अनुदान आयोगले अनुदान सहयोग उपलब्ध गराउनु पर्छ।

(१८) नवस्थापित विश्वविद्यालयहरुः

(क) प्रतिस्पर्धात्मक आधारमा जनस्तरबाट तथा निजी सहभागितामा उच्च तहका शिक्षण संस्थाहरुको संचालन गर्ने उद्देश्यले छुट्टाछुट्टै ऐनद्वारा स्थापना नयाँ विश्वविद्यालयहरुले राष्ट्रको र विशेषतः सम्बद्ध क्षेत्रको

विकासका लागि निर्वाह गर्ने भूमिका र लिने जिम्मेवारीलाई आफ्ना छुट्टै विशेषता र विशिष्टिकृत विषय क्षेत्रमा केन्द्रित गर्नु पर्छ।

(ख) आफ्ना विषयक्षेत्रमा उत्कृष्ट गुणस्तरयुक्त केन्द्र बनाउनका निम्ति आवश्यक उच्च प्रशिक्षण प्राप्त शिक्षकहरु तयार गर्न प्रतिभावान्हरुलाई देश विदेशभित्र उच्च अध्ययनका लागि पठाउनु पर्छ।

(ग) विश्वविद्यालयको पूर्वाधार तयार गर्न निम्नलिखित कार्य गर्नु पर्छः–

- आधारभूत प्राज्ञिक जनशक्ति तयार गर्न र जग्गा, भवन, पुस्तकालय र छात्रावास निर्माण एवं प्रयोगशाला जस्ता भौतिक पूर्वाधार तयार गर्न सरकारले सहयोग गर्नु पर्दछ।
- विद्यार्थी शुल्कबाट मात्र लागत पूरण गर्ने नीति नलिई केही समयका निम्ति भन्सार वा चुङ्गिकर लगाउने व्यवस्था, नगरपालिकाको आर्थिक सहयोग, सस्तो व्याजमा ऋण आदि कार्यक्रमका आधारमा सरकारले जुटाइदिनु पर्दछ।
- आफ्नो विषय र सम्बद्ध उद्योग व्यवसायसित आबद्ध गरी स्रोतसाधन जुटाउनु पर्दछ।
- वरिष्ठ राजनीतिज्ञ, स्थानीय निकाय र समुदायलाई संलग्न गरी स्रोत साधन परिचालन गर्नु पर्दछ।
- प्राज्ञिक भौतिक पूर्वाधार विकासका निम्ति अन्तर्राष्ट्रिय दातृसंस्थाहरुबाट पनि सहयोग लिनु पर्छ।
- अन्तर्राष्ट्रिय उत्कृष्ट शिक्षण संस्था र देशका विश्वविद्यालयका बीच प्राज्ञिक आदान प्रदान गर्नु पर्दछ।

(१९) उच्च शैक्षिक संस्थाहरुको स्थापनाः उच्च शैक्षिक संस्थाहरुको स्थापना गर्दा राष्ट्रिय आवश्यकता र सान्दर्भिकतालाई विशेष जोड दिनु पर्छ। यस क्रममा स्थानीय स्तरमा प्राज्ञिक नेतृत्व प्रदान गर्न सक्ने र योग्य शिक्षक तथा स्तरयुक्त पाठ्यक्रम लागू गर्न सक्ने क्षमता भएको, गुणात्मक शिक्षाको विकासलाई जोड दिने, उपयुक्त भौतिक पूर्वाधारले सम्पन्न, जनअभिरुची र जनसहभागिताले सुदृढ भएका संस्थालाई प्राथमिकता दिनु पर्छ।

(२०) प्राज्ञिक सहमति र कुशल नेतृत्वः उच्च शिक्षण संस्थाहरु संस्कृतिको सिर्जना, निरन्तरता र विकास गर्ने संस्थाहरु भएकाले संवाद, छलफल, सहभागिता र उपयुक्त प्राज्ञिक वातावरणको सिर्जना हुनु नितान्त आवश्यक छ। यसका लागि उच्च शिक्षा संस्थाहरुमा विद्यार्थी, शिक्षक र कर्मचारीहरुका विभिन्न संगठनका माध्यमबाट देखापरेको दलगत विभाजनलाई कम गरी प्राज्ञिक सहमति ल्याउने वातावरण सृजना गर्नु पर्छ र त्यसका लागि शैक्षिक प्राज्ञिक नेतृत्व तथा

उत्तरदायित्व वहन गरेका व्यक्तिहरुले समूहगत र वैचारिक दबाबबाट माथि उठी कार्य गर्नु पर्छ।

(२१) विदेशी विश्वविद्यालयसँग सम्बद्ध शैक्षिक संस्थाः विदेशी विश्वविद्यालयसँग सम्बद्ध शैक्षिक संस्थाहरु खोल्न दिंदा राष्ट्रिय परिवेश र स्वार्थको ख्याल गरी प्राथमिकताका क्षेत्रहरु सीमित गरिनु पर्छ र त्यसको परिपालन हुने सुनिश्चितताका आधारमा मात्र संचालनको अनुमति दिन सकिने प्रावधान हुनु पर्छ।

शिक्षा मन्त्रालय

# प्राविधिक उच्चशिक्षा

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) उद्देश्यः

(क) प्राविधिक शिक्षाको निश्चित नीति निर्माण गरी राष्ट्रिय अर्थतन्त्रको विकासका लागि उपयुक्त भूमिका निर्वाह गर्नु,

(ख) नेपालको आर्थिक विकासको जग बलियो बनाउनु,

(ग) आर्थिक विकासका लागि मानवीय संसाधन र परिवर्तनका संवाहकहरुको उत्पादन गर्नु।

(२) प्राविधिक शिक्षण संस्थाहरुको भूमिकाः पठन पाठन, परामर्श सेवा र अनुसन्धान बाहेक प्राविधिक शिक्षाको विस्तार गर्नु पनि हाल त्रिभुवन विश्वविद्यालय अन्तर्गतका प्राविधिक शिक्षण संस्थाहरुको अर्को दायित्व हुनु पर्छ। यी संस्थाहरु राष्ट्रिय समस्याहरुप्रति सम्बेदनशील रही विचार प्रवाहित गर्ने, मोडेल निर्माण गर्ने र सहमति सृजना गर्ने भूमिका निर्वाह गर्न सक्षम हुनु पर्छ। यस्ता संस्थाहरुले नीति निर्माणका लागि परामर्शदाताको काम पनि गर्नु पर्छ।

(३) सेवाभावनाः प्राविधिक उच्च शिक्षामा निजी सहभागितालाई प्रोत्साहित गर्नु पर्छ। निजी क्षेत्रका महाविद्यालय, विश्वविद्यालयहरुलाई मुनाफा कमाउने संस्थाका रुपमा नभई सेवामूलक संस्थाका रुपमा विकसित गर्ने नीति अवलम्बन गर्नु पर्छ।

(४) निजी क्षेत्रलाई प्रोत्साहनः निजी क्षेत्रले अभिरुचि देखाएका इन्जिनियरिङ्ग, चिकित्सा जस्ता विषयहरुमा सरकार आफैंले नयाँ महाविद्यालय खोल्नुका सट्टा उक्त क्षेत्रलाई नै प्रोत्साहित गर्नु पर्छ।

(५) सरकारी सहयोगः भौगोलिक दृष्टिले दुर्गम तथा प्राथमिकताका क्षेत्रहरुमा महाविद्यालय स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न सहुलियत मूल्यमा जग्गा उपलब्ध गराउने, सरकारको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरु, कार्यशाला, प्रयोगशाला आदि उपलब्ध गराउने, आयात गर्ने उपकरण एवं निर्माण सामग्रीलाई करमुक्त गर्ने तथा तोकिएको आधारमा आयकर सहुलियत दिनेजस्ता वर्गीकृत सुविधाका साथै आवश्यक भएमा आधारभूत भौतिक पूर्वाधार निर्माणका लागि सरकारले समांश कोष खडा गर्न सहयोग गर्नु पर्छ। यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाहरु मार्फत सहयोग उपलब्ध गराउनु पर्छ।



शिक्षा मन्त्रालय

(६) शुल्क व्यवस्थाः निजी क्षेत्रका प्राविधिक शिक्षण संस्थाहरुले लिने विभिन्न शुल्कको निर्धारण उपलब्ध शैक्षिक भौतिक सुविधाको आधारमा गर्ने संयन्त्र हुनु पर्छ। यसका लागि शुल्क निर्धारण समिति गठन गरी उक्त समितिको सिफारिसका आधारमा शुल्क निर्धारण गरिनु उपयुक्त हुन्छ।

(७) एकै प्रकृतिको व्यवस्थापनः एकै क्षेत्रका शिक्षण संस्थाहरु विभिन्न ऐन नियमबाट खोलिने तथा संचालन हुने प्रवृत्ति देखिएकाले तिनलाई एउटौ व्यवस्थापन अन्तर्गत समेटी संचालन गराउने व्यवस्था हुनुपर्छ।

(८) सम्बन्धनः कुनै पनि प्राविधिक उच्च शिक्षण संस्थालाई प्रस्तावित राष्ट्रिय शिक्षा परिषद् र उच्चस्तरीय अनुगमन समितिको निश्चित मापदण्डभित्र रहेर मात्र सम्बन्धन दिने नीति अवलम्बन गर्नु पर्छ। यसका निम्ति अनुदान आयोगको सिफारिसलाई लिनु पर्छ।

(९) मानवीय गुणको विकासः प्राविधिज्ञहरुमा मानवीय गुण र सामाजिक संवेदनाको आवश्यकता हुनु पर्ने हुँदा यस क्षेत्रका पाठ्यक्रमहरुमा पनि मानविकी, व्यवस्थापन र आचारशिक्षा सम्बन्धी पाठ्यांश समेत अध्ययन अध्यापन गर्ने प्रावधान रहनु पर्छ।

(१०) विद्यार्थी भर्नामा वृद्धिः प्राविधिक अध्ययन संस्थान/विश्वविद्यालयहरुका लागि विनियोजित अनुदान र पूर्वनिर्धारित मापदण्डका आधारमा नियमित विद्यार्थी भर्ना संख्या निर्धारण गर्नु पर्छ। लगानीको अनुपातमा हाल केही अध्ययन संस्थानहरुमा विद्यार्थी भर्ना न्यून देखिएकाले भर्ना संख्या बढाउन आवश्यक व्यवस्था मिलाउनु पर्छ। उदाहरणका लागि काठमाडौं वीर अस्पताल र शिक्षण अस्पतालबीच समझदारी गरी हाल चिकित्सा शास्त्र अध्ययन संस्थान अन्तर्गत संचालित एम.बी.बी.एस. कार्यक्रममा भर्ना संख्या ४० रहेकोमा यसलाई बढाई ८० पुऱ्याउनु पर्छ।

(११) लागत हिस्सेदारीः त्रिभुवन विश्वविद्यालयका प्राविधिक अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा पनि नियमित विद्यार्थीहरुको शुल्कबाट संचालन खर्चको २०% देखि ३०% उठाउनु पर्छ। जेहेन्दार तर आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई प्राविधिक उच्च शिक्षाबाट बञ्चित हुन नदिन विभेदीकृत शुल्क प्रणाली, पूर्णशुल्कीय, आंशिक शुल्कीय र निःशुल्क तथा शिक्षा ऋण उपलब्ध गराउने र सरकारी क्षेत्रबाट प्राविधिक उच्चशिक्षा विकासका लागि विकास बजेट जुटाउने नीति कायमै राख्नु पर्छ। अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुबाट सरल दरमा व्याज लिने तथा आय आर्जन गरी सावा व्याज दुबै सम्बन्धित क्याम्पसहरुले नै तिर्ने व्यवस्था मिलाउनु पर्छ।

(१२) पूर्णशुल्कीय विद्यार्थी भर्नाः सरकारी लगानीमा संचालित प्राविधिक उच्च शिक्षाले व्यहोरिराखेको आर्थिक संकटलाई निराकरण गर्नका लागि क्याम्पसको



शिक्षा मन्त्रालय

प्रकृतिलाई मध्यनजरमा राखी प्रत्येक क्याम्पसमा नियमित भर्नाका अतिरिक्त ४५ प्रतिशतसम्म पूर्णशुल्कीय विद्यार्थी भर्ना गर्न दिनु पर्छ। यस्ता पूर्णशुल्कीय विद्यार्थीहरुलाई नियमित विद्यार्थी जस्तै शैक्षिक योग्यताका आधारमा मात्र भर्ना गर्ने नीति अँगाल्नु पर्छ।

(१३) अध्ययन अनुसन्धानः उच्च शिक्षाको अभिन्न अंगका रुपमा रहेको अनुसन्धान प्रवर्धनका लागि सरकारबाट पनि प्राविधिक क्याम्पसहरुका लागि आवश्यक आर्थिक स्रोत जुटाउने नीति अवलम्बन गर्नु पर्छ। प्राविधिक अध्ययन संस्थानहरुले उद्योग एवं बजारसँग समन्वय राखी अनुसन्धानका लागि स्रोत परिचालन गर्न विभिन्न अनुसन्धान निकाय मार्फत प्रतिस्पर्धात्मक अनुदानका लागि पनि प्रयास गर्नु पर्छ। अनुसन्धानका लागि उपयुक्त पूर्वाधार खडा गरी शिक्षक अनुसन्धानकर्ताको आवश्यकता पुग्ने व्यवस्था मिलाउँदै अनुसन्धानलाई शिक्षक मूल्यांकन र पदोन्नतिका लागि अनिवार्य पूर्वाधारका रुपमा समावेश गर्नु पर्छ।

(१४) उच्चस्तरीय अनुगमन समितिः विभिन्न अध्ययन संस्थान, क्याम्पस/महाविद्यालय वा प्रस्तावित विश्वविद्यालयहरुको नीति निर्देशन, गुणस्तर नियन्त्रण, स्वीकृति, अनुगमन र सुपरीवेक्षणका लागि उच्चस्तरीय अनुगमन समितिलाई प्रतिनिधित्वपूर्ण, प्रभावकारी, स्वायत्त तथा सक्रिय बनाइनु पर्छ।

(१५) लगानी नीतिः प्राविधिक र व्यावसायमूलक उच्चशिक्षालाई र प्राविधिक प्रशिक्षणलाई उच्च प्राथमिकता दिनु पर्दछ। प्राविधिक शिक्षा ज्यादै खर्चिलो भएको हुनाले केबल सरकारी लगानीमा मात्र राष्ट्र र समाजको मागको आपूर्ति गर्न सम्भव हुँदैन। अतः गैरसरकारी क्षेत्रलाई प्रोत्साहन दिंदै आवश्यक क्षेत्रमा मात्र सरकारले दायित्व वहन गर्ने नीति अँगाल्नु पर्छ।

(१६) प्राविधिक विश्वविद्यालयको भावी दिशाः राष्ट्रको दुरततर विकासका निम्ति प्राविधिक शिक्षामा विशेष जोड दिनु पर्दछ। हाल जनशक्तिको आवश्यकताको सही प्रक्षेपण नभएता पनि यिनको विस्तार र विकासको प्रशस्त संभावना छ। अझ पनि चिकित्सक, इन्जिनियर र कृषि तथा वनविशेषज्ञको आपूर्ति भइसकेको छैन।

(१७) नयाँ प्राविधिक महाविद्यालयको विस्तार गर्दा क्षेत्रीय सन्तुलनका लागि नक्साङ्कन र लगानी नीति स्पष्ट हुनु पर्दछ। उच्च गुणस्तर, चुस्त र दक्ष व्यवस्थापन र यथासम्भव गैरसरकारी क्षेत्रबाट स्रोत साधनको परिचालन गर्न सकेमा मात्र यस क्षेत्रको विकास र विस्तार गर्न सकिन्छ। प्राविधिक उच्चशिक्षा ज्यादै खर्चिलो हुनाले नयाँ शिक्षण संस्थाहरुको स्थापनामा गैरसरकारी क्षेत्रलाई प्रोत्साहन दिई अगाडि ल्याउनु पर्दछ। लगानीको दायित्व अत्यधिक लिनु पर्ने

क्षेत्रमा मात्र राज्यले दायित्व बहन गर्नु पर्दछ। यसका निम्ति क्षेत्रीय सन्तुलन कायम गर्न विभिन्न अञ्चलमा वितरित हुने गरी संभाव्यताको अध्ययनका आधारमा योजनाबद्ध ढंगले उच्च प्राविधिक शिक्षण संस्था खोलिनु पर्छ। यसका लागि निजी क्षेत्रलाई समेत हिस्सेदारीका लागि प्रोत्साहित गर्नु पर्छ।

**चिकित्सा**

(१) उद्देश्यः

(क) राष्ट्रिय विकासका लागि चाहिने स्वास्थ्य जनशक्ति उपलब्ध गराउनु,
(ख) लगनशील, सामाजिक उत्तरदायित्वप्रति समर्पित स्वास्थ्य प्राविधिज्ञ तयार गर्नु,
(ग) स्वास्थ्य विकासका एकीकृत नमूनाहरुको विकास गरी नेपाली जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउनु।

(२) विश्वविद्यालयको स्थापनाः त्रिभुवन विश्वविद्यालयको चिकित्सा शास्त्र अध्ययन संस्थानलाई शैक्षिक, प्राज्ञिक, प्रशासनिक र वित्तीय स्वायत्तता दिई शाही बडापत्र प्रदान गर्नु पर्छ। स्वास्थ्य शिक्षामा विश्वविद्यालयको स्थापना गर्न आवश्यक पूर्वतयारीमा लाग्नु पर्छ।

(३) प्रसार कार्यक्रमः उच्च शिशु मृत्युदर, न्यून औसत आयु, उच्च मातृ मृत्युदर, सामान्य औषधि उपचार नपाएर जीवन गुमाउनु परेको अवस्थामा नेपालको वर्तमान स्वास्थ्य स्थितिको दुःखद यथार्थलाई ध्यानमा राखी विभिन्न एकीकृत ढाँचाका कार्यक्रमहरुलाई स्थानीय स्तरमा पुऱ्याउन अभिप्रेरित गर्नु पर्छ। पूर्वघोषित लक्ष्य प्राप्तिका लागि उपयुक्त हुने राय विभिन्न समयमा भएका गोष्ठी, सभा, सम्मेलनबाट प्राप्त भएका छन्।

(४) स्वास्थ्य शिक्षा क्षेत्रः चिकित्सा महाविद्यालयहरु क्रमशः क्षेत्रीय र अञ्चलस्तरमा स्थापना गरी यिनीहरुलाई त्यस क्षेत्र र अञ्चलको जनस्वास्थ्यको सुधार गर्ने अभिभारा प्रदान गर्नु पर्छ। यसका लागि सरकारले सम्बद्ध जिल्लाका अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको प्रयोग गर्ने अनुमति दिने व्यवस्था हुनु पर्छ। हाल रहेको शिक्षण अस्पतालको प्रावधान बाहेक प्रत्येक चिकित्सा महाविद्यालयलाई एउटा स्वास्थ्य शिक्षा क्षेत्रको जिम्मादिनु पर्छ। यस व्यवस्थाले शिक्षाको सान्दर्भिकता बढाई शिक्षण संस्थाहरुलाई एवं शिक्षालाई बढी जनउत्तरदायी बनाउँछ।

(५) समुदायमुखी शिक्षा प्रणालीः चिकित्साकर्मीहरुको शिक्षालाई समुदायको आवश्यकता प्रति उन्मूख हुनका लागि समुदायमा आधारित शिक्षा प्रणालीका माध्यमबाट प्रशस्त समयसम्म समुदायमै तालिम हुने व्यवस्था सबै चिकित्सा महाविद्यालयहरुले गर्नु पर्छ। यसका लागि एक वर्षे आंशिक अभ्यास मध्ये छ

महिना जिल्ला अस्पतालमा अनिवार्य रुपले विताउनु पर्ने तथा माथिल्लो तहको अध्ययन गर्नु अगाडि कम्तिमा पनि दुई वर्ष प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अथवा अञ्चल अस्पतालमा अनिवार्य रुपमा काम गरेको हुनुपर्ने व्यवस्था हुनुका साथै सक्षमताको वृद्धि भएको पनि हुनु पर्छ।

(६) क्षेत्रीय छात्रवृत्तिः प्रत्येक अध्ययन संस्थान, महाविद्यालयले ग्रामीण क्षेत्रका विद्यार्थी, भौगोलिक दृष्टिकोणले पिछडिएका क्षेत्रका विद्यार्थी, महिला विद्यार्थी तथा पिछडिएका र विपन्न वर्गका विद्यार्थीका लागि केही स्थान यिनै समूहका बीच प्रतिस्पर्धा हुने गरी तोक्नु पर्छ। सरकारलाई स्वदेशी लगानीबाट स्थापित महाविद्यालयबाट प्राप्त हुने १०% तथा विदेशी लगानीबाट स्थापित महाविद्यालयबाट प्राप्त हुने २०% स्थानको वितरण गर्ने नीति अवलम्बन गर्न पे्ररित गर्नु पर्छ।

(७) चिकित्सा सहायक कार्यक्रमः चिकित्सा महाविद्यालय कार्यक्रम संचालन गर्ने संस्थाहरुले एम. बी. बी. एस. मात्र नभई यसकै अनुपातमा पछि आफूलाई आवश्यक पर्ने नर्सिङ्ग र प्यारामेडिकल कार्यक्रमहरु समेत व्यवस्थित ढंगले संचालन गर्नु पर्ने नीति अवलम्बन गर्नु पर्छ।

(८) चिकित्सा शिक्षा एकाई र तालिमः सबै महाविद्यालय शिक्षक तालिम तथा चिकित्सा शिक्षा एकाइको व्यवस्था मिलाउनु पर्छ। सन् १९९३ मा भएको चिकित्सा शिक्षाको विश्व शिखर सम्मेलनको सिफारिस कार्यान्वयनको सिलसिलामा चिकित्सा महाविद्यालयहरुमा काम गर्ने शिक्षकहरु मध्ये ८०–९० प्रतिशत पूर्णकालिक हुनु पर्छ।

(९) छात्रवृत्तिमा करारनामाः सार्वजनिक क्षेत्रका अथवा निजी महाविद्यालयहरुमा छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरुले अध्ययन समाप्त गरेपछि सरकारले तोकेको ठाउँमा काम गर्ने व्यवस्था मिलाउने करारनामा गर्नु पर्छ।

(१०) दन्त चिकित्सा शिक्षाः दन्त स्वास्थ्य जनशक्तिको विकास गर्न सार्वजनिक एवं निजी दुबै क्षेत्रका प्रयासबाट आगामी वर्षमा प्रत्येक विकास क्षेत्रमा एक एक वटा दन्त चिकित्सा महाविद्यालयको स्थापना गर्ने नीति अवलम्बन गर्नु पर्छ।

(११) नर्सिङ्ग शिक्षाः चिकित्सा सेवा र नर्सिङ्ग सेवा एक अर्काका पूरक भएकाले र चिकित्सक एवं नर्सहरु आजीवन संगसंगै काम गर्ने हुनाले सहकर्मी धर्मपालन गर्न अध्ययनकालदेखि नै सहपाठीका रुपमा यी दुबै स्वास्थ्यकर्मीको तालिम भिन्नाभिन्नै कार्यक्रम भए पनि एउटै छहारीमुनि गर्ने नीति अवलम्बन गर्नु पर्छ। तसर्थ प्रत्येक चिकित्सा महाविद्यालय अन्तर्गत नर्सिङ्ग विद्यालय र सम्बद्ध पेसाका प्यारामेडिकल विद्यालय निश्चित अनुपातमा (१:४:६) संचालन गर्ने नीति अवलम्बन गर्नु पर्छ।

(१२) आयुर्वेद शिक्षाः आयुर्वेद चिकित्साका लागि आवश्यक योग्य, दक्ष र कर्तव्यनिष्ठ विभिन्न स्तरका जनशक्ति उत्पादन गर्न त्रिभुवन विश्वविद्यालयमा तत्कालै र संस्कृत विश्वविद्यालयमा पूर्वाधार तयार गरी आयुर्वेद अध्ययन संस्थानको स्थापना गर्नुका साथै क्षेत्रीय आधारमा अन्य क्याम्पसहरुको स्थापना गर्ने नीति अवलम्बन गर्नु पर्छ। साथै प्राकृतिक चिकित्सा तथा योगाभ्यासको पनि समुचित विकास गर्ने तर्फ यी अध्ययन संस्थानहरु लक्षित हुनु पर्छ।

(१३) स्नातकोत्तर चिकित्सा शिक्षाः बहुविश्वविद्यालय र यस अन्तर्गत विकसित हुँदै गएका महाविद्यालयहरुमा संचालित विभिन्न कार्यक्रमहरुको पठन पाठन, अध्ययन, अनुसन्धान र गुणस्तरमा वृद्धि गर्न तथा सक्षमता बढाउन उच्चस्तरीय विकासका लागि आफ्नै देशमा विभिन्न विशिष्टीकरणका विषयहरुमा स्नातकोत्तर चिकित्सासँग सम्बद्ध संस्थाहरुको संयुक्त प्रयासमा एकीकृत स्नातकोत्तर चिकित्सा शिक्षा कार्यक्रम संचालन गर्नु पर्छ।

(१४) मेडिकल काउन्सिलः नेपाल मेडिकल काउन्सिल चिकित्सा क्षेत्रको गुणस्तर नियन्त्रण गर्ने निकाय भएको हुँदा यसलाई प्रविधिमुखी, प्रतिनिधित्वपूर्ण, निस्पक्ष र स्वतन्त्र बनाउनु पर्छ। यसका निम्ति हालको संरचनामा आवश्यक हेरफेर गर्नु पर्छ।

**इन्जिनियरिङ्ग**

(१) उद्देश्यः

(क) राष्ट्रलाई अपेक्षित संख्यामा चाहिने इन्जिनियरिङ्ग जनशक्ति उत्पादन गर्नु,

(ख) राष्ट्रिय आवश्यकता अनुरुप इन्जिनियरिङ्ग प्राविधिज्ञ तयार गर्नु,

(ग) राष्ट्रमा इन्जिनियरिङ्ग शिक्षालाई गतिशिलता प्रदान गर्नु,

(घ) इन्जिनियरिङ्ग अध्ययन संस्थानको मानवीय संसाधन र भौतिक सुविधाको अधिकतम उपयोग गरी जनशक्ति उत्पादन, प्रविधि विकास, प्राविधिक सेवा जस्ता विभिन्न माध्यमद्वारा राष्ट्रिय प्राविधिक क्षमता विकास गर्न मद्दत पुऱ्याउनु,

(ङ) नेपालका लागि सुहाउँदो सिंचाई तथा कृषिजन्य उद्योगको प्रविधि, कृषि औजार तथा संयन्त्र विकास गरी नेपालको कृषिलाई समृद्ध बनाई राष्ट्रको गार्हस्थ्य उत्पादन बढाउनु,

(च) जलस्रोतलाई सिंचाईका माध्यमबाट कृषि उत्पादन बढाउन तथा शक्तिको माध्यमबाट औद्योगिक उत्पादन बढाउन सहयोग पुऱ्याउनु,

(छ) मुलुकका लागि सुहाउँदो प्रविधि विकास गरी तथा उपयुक्त प्रविधि स्थानान्तरण गरी राष्ट्रको औद्योगिकीकरणका लागि पूर्वाधार तयार गर्न ठोस योगदान पुऱ्याउनु,

(ज) राष्ट्रमा रहेको ठूलो जलस्रोत भण्डारको विकासगर्नु,

(झ) विकट पहाडी गाउँहरुलाई सुहाउँदा लघु जलशक्ति जस्ता प्रविधिहरु विकास गरी ग्रामीण विकासलाई तीब्र गति प्रदान गर्नु,

(ञ) गलैंचा, तयारी पोसाक जस्ता निर्यातमुखी उद्योगलाई अनुसन्धान तथा विकासको माध्यमबाट अन्तर्राष्ट्रिय जगतमा बढी प्रतिस्पर्धात्मक तुल्याउनु,

(ट) मुलुकमा छरिएर रहेका वास्तुकला, वास्तुशास्त्र जस्ता परम्परागत प्रविधिको विकास गर्नु,

(ठ) विकासको पूर्वाधार र बजार तथा उद्योगका लागि आवश्यक अन्य इन्जिनियरिङ्ग प्राविधिज्ञ तयार गर्नु।

(२) विश्वविद्यालयको स्थापनाः त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ्ग अध्ययन संस्थानलाई प्राज्ञिक, प्रशासनिक र वित्तीय स्वायत्तता दिई शाही बडापत्र प्रदान गर्नु पर्छ। इन्जिनियरिङ्ग शिक्षामा विश्वविद्यालयको स्थापना गर्न आवश्यक पूर्वाधारको पूर्व तयारी गर्नु पर्छ।

(३) नयाँ शैक्षिक संस्थाको स्थापनाः सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रमा सन् २०१० सम्ममा सरकारी वा निजी स्तरमा इन्जिनियरिङ्ग उच्चशिक्षा प्रदान गर्न एक एक महाविद्यालय स्थापना गर्नु पर्छ। त्यसै गरी प्रत्येक अञ्चलमा मध्यमस्तरीय इन्जिनियरिङ्ग जनशक्ति र प्रत्येक जिल्लामा सीप विकास केन्द्रहरु स्थापना गर्ने नीति अवलम्बन गर्नु पर्छ।

(४) प्रवीणता प्रमाणपत्र तहको विस्थापनः इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गत संचालित प्रवीणता प्रमाणपत्र (डिप्लोमा) तहका क्याम्पसहरुको नियमित विद्यार्थी भर्ना हालको संख्याबाट घटाउँदै लगी र क्रमिक रुपमा ती क्याम्पसहरुलाई स्नातक शिक्षाको क्याम्पसका रुपमा विकास गर्दै लैजानु पर्छ।

(५) प्राविधिक शिक्षामा स्वदेशी प्रविधिः प्राविधिक शिक्षामा स्वदेशी वास्तुशास्त्र, स्थापत्यशास्त्र, मूर्तिकला, काष्ठकला आदि बारे अध्ययन अनुसन्धान र तिनको पठन पाठन गराइने व्यवस्था हुनु पर्छ। यस किसिमका प्रविधिलाई आधुनिक प्रविधिका सापेक्षतामा अलग्गै विधाका रुपमा विकसित गर्न विशेष प्रोत्साहन दिनु पर्छ।

**कृषि तथा वनः**

(१) उद्देश्यः कृषि तथा वन शिक्षाको उद्देश्यनिम्नानुसार हुनुपर्छः–

शिक्षा मन्त्रालय

(क) राष्ट्रिय खाद्यान्नको उत्पादन गरी नेपालीहरुको जीवनस्तरमा सुधार ल्याउन, उपयुक्त आयमूलक र दिगो वृद्धि गर्नका लागि कृषि शिक्षा, कृषि अनुसन्धान र कृषि सेवाको एकीकृत नमूनाको विकास गर्ने,

(ख) वन, जल र कृषि विकासका बीच पारस्परिक आत्मनिर्भरताको प्राकृतिक सम्बन्धको संरक्षण, प्रबर्द्धन र विकास तर्फ लक्षित भई हरित क्रान्ति तथा श्वेत क्रान्ति ल्याउने,

(ग) हाल तीब्र गतिमा भइरहेको भू–क्षय, जैविक विविधता र वातावरण विनाशलाई रोकी मुलुकलाई मरुभूमीकरणबाट बचाउने तथा सुक्दै गएको जल र ह्रास हुँदै गएको जैविक सम्पदाको संरक्षण तथा सदुपयोग गर्ने दिशातिर अभिमूख हुने,

(घ) कृषि र वन विकासलाई एकीकृत रुपमा संचालन गरी राष्ट्रलाई भौगोलिक विनाश र आर्थिक विपन्नताको मुक्तिको मार्ग प्रशस्त गर्ने,

(ङ) कृषिमा आत्मनिर्भर हुने राष्ट्रिय आकांक्षाको पूर्ति गर्ने दिशातर्फ अभिमूख भई कृषि सेवा र अनुसन्धानलाई एकीकृत रुपमा संचालन गर्ने।

(२) कृषि तथा वन विश्वविद्यालयको स्थापनाः कृषिप्रधान देशको कृषि तथा वन सम्बन्धी अध्ययन अनुसन्धान, शैक्षिक जनशक्ति उत्पादन, परामर्श सेवा, विकासका विविध कार्यक्रम आदिमा संलग्नता बढाई देशमा हरित तथा श्वेत क्रान्ति ल्याउने जिम्मेवारीका साथै हालको कृषि तथा पशु विज्ञान संस्थान र वन विज्ञान अध्ययन संस्थानलाई कृषि तथा वन विश्वविद्यालयका रुपमा विकसित गर्नु पर्छ। आवश्यक भौतिक तथा प्राज्ञिक पूर्वाधार तयार भइसकेको हुँदा चितवन जिल्लाको रामपुरमा उक्त प्रस्तावित विश्वविद्यालयको स्थापना गर्नु उपयुक्त हुन्छ।

(३) प्राक्रुपीय ढाँचा र पर्यावरणीय भू–क्षेत्रः नेपालको क्षेत्रीय तथा पर्यावरणीय विविधता राष्ट्रको अपार निधि भएकाले यसको संरक्षण तथा सम्बर्द्धन गरिनु पर्छ। यसका निम्ति प्राक्रुपीय (प्रोटोटाइप) ढाँचा अनुसार क्षेत्रीय र पर्यावरणीय भू–क्षेत्र (ग्रिड) को स्थापना हुनु पर्छ।

(४) पर्यावरणीय निकुन्ज र पर्यटन प्रवर्द्धनः नेपालको प्राकृतिक स्रोत मध्ये करिब ९० प्रतिशत इन्धन र ५० प्रतिशत पशु आहार प्रदान गर्ने महत्वपूर्ण प्राकृतिक स्रोत वनको एकीकृत नमूनाका आधारमा विकास गर्नुका साथै वन्यजन्तु र पर्यावरणीय निकुन्जको स्थापना गरी पर्यटन प्रबर्द्धन गर्ने दिशातर्फ प्रस्तावित विश्वविद्यालयका गतिविधिहरु अभिमुख हुनुपर्छ।

(५) दीर्घकालिन योजना र क्षेत्रगत आवश्यकताका कार्यक्रमः कृषि र वन शिक्षा दीर्घकालिन कृषि नीतिमा आधारित हुनु पर्छ र देशको प्राकृतिक स्रोत र साधनको उपयोग गर्दै उपयुक्त प्रविधिको विकास र अन्तर्राष्ट्रिय स्तरको शिक्षा

प्रदान गर्ने यसको लक्ष्य हुनु पर्छ। देशका हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रका समस्या र आवश्यकतासँग आवद्ध भई शैक्षिक कार्यक्रमहरु संचालन गर्नुका साथै खाद्यमा आत्मनिर्भर पारी राष्ट्रिय अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने दिशातर्फ कृषि तथा वन शिक्षा अभिमुख हुनु पर्छ।

(६) रोजगारीमूलक कार्यक्रमः कृषि र वन शिक्षामा रोजगारीका सम्भाव्यताको अध्ययन गरी सोही अनुरुपको जनशक्ति तयार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्छ। यस क्रममा जनस्तरमा कृषि प्रसार तथा प्रविधि हस्तान्तरणमा कार्यरत कृषि कार्यकर्ता जेटी, जेटिए, स्थानीय निकायका पदाधिकारीहरु, समाजसेवी, गैरसरकारी संघ संस्थाका कार्यकर्ताहरु, जिल्लास्तरका कृषि, वन तथा वातावरण सम्बन्धी प्राविधिक तथा विशेषज्ञहरुलाई कृषि विकासका नयाँ नयाँ प्रविधिहरु, प्रयोगहरु र प्रविधि हस्तान्तरण गरी रोजगारीमूलक कार्यक्रमको संचालन गर्नु पर्छ।

(७) परामर्श सेवाः कृषि, वन, सिंचाई र वातावरण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण जस्ता परामर्श सेवाका लागि सरकारले सम्बन्धित शिक्षण संस्थालाई प्राथमिकता दिनु पर्छ। कृषि, वन, सिंचाई र वातावरण सम्बन्धी परामर्श सेवाबाट पनि आर्थिक स्रोत जुटाउन सकिन्छ।

(८) आधारभूत आवश्यकता तर्फ कृषि शिक्षाः सान्दर्भिक कृषि प्रविधिको विकास, आम कृषकहरु बीच प्रविधि हस्तान्तरण, कृषि सेवा र प्राविधिक जनशक्ति उत्पादनलाई एकीकृत र समन्वयात्मक रुपमा विकास गर्न कृषि शिक्षालाई ग्रामीण जनताका आधारभूत आवश्यकताको परिपूर्ति गर्ने तर्फ अभिमुख गराउनु पर्छ।

(९) महाविद्यालयहरुको स्थापनाः सुदूर पश्चिमाञ्चलको टिकापुरमा पाँच वर्षभित्र कृषि तथा वन शिक्षा महाविद्यालयको स्थापनाका लागि पूर्व तयारी प्रारम्भ गर्नु पर्छ। यस्तै देशका अन्य उपयुक्त क्षेत्रमा पनि यस्ता महाविद्यालयहरु स्थापना गर्दै लैजाने नीति हुनु पर्छ।

(१०) भूमि अनुदानः भारत, फिलिपिन्स जस्ता कतिपय देशहरुले प्रभावकारी रुपमा एकीकृत नमूनाका भूमि अनुदान कार्यक्रम संचालन गरी कृषिको विकासमा ठूलो टेवा प्रदान गरेका छन्। हाम्रो जस्तो कृषि प्रधान देशमा पनि यस किसिमको कार्यक्रम निकै फलदायक हुने हुँदा कृषि तथा वन शिक्षाले पनि अनुदानका रुपमा भूमि लिई प्याकेजका रुपमा नमूना कार्यक्रम संचालन गर्ने तर्फ अग्रसर हुनु पर्छ।

(११) विशेषज्ञ र किसानबीच अन्तक्रियाः कृषि तथा वन क्षेत्रमा कार्यरत शैक्षिक संस्थाका विशेषज्ञहरु र किसानबीच प्रत्यक्ष रुपमा दोहोरो संचार तथा अन्तरक्रियाका संभावनालाई संस्थागत रुपमा विकसित गर्ने गरी किसानका

तत्कालिन र दीर्घकालिन आवश्यकता पहिचान गरी एकातर्फ अनुसन्धान तथा प्रविधि परिमार्जनका लागि कार्यसूची तय गर्नु पर्नेछ भने अर्कोतर्फ पाठ्यक्रमलाई परिमार्जन गर्दै लगी सान्दर्भिक कृषि जनशक्तिको उत्पादन गर्नेछ। यस्ता जनशक्तिले ग्रामीण परिवेशमा प्रभावकारी रुपमा काम गर्न सक्नेछन्।

**खाद्यप्रविधिः**

(१) अध्ययन संस्थानको स्थापनाः देशको माग र श्रमबजार अनुसार दक्ष जनशक्ति उत्पादन गर्न, खाद्य प्रविधिद्वारा खाद्य वस्तुहरुको उत्पादन र बजार बढाउनका लागि यसको महत्व र भूमिकालाई दृष्टिगत गरी केन्द्रीय प्रविधि क्याम्पस धरानलाई शैक्षिक, भौतिक र वित्तीय स्वायत्तता दिई खाद्य प्रविधि अध्ययन संस्थानमा परिणत गर्नु पर्छ।

(२) प्रस्तावित अध्ययन संस्थानको भूमिकाः यो अध्ययन संस्थान हाल अध्ययन अध्यापन गरिरहेका विषयका अतिरिक्त देशमा उत्पादित खाद्य वस्तुहरु चिया, कफी, अलैंची र सुन्तला आदि फलफूल तथा दुग्ध उत्पादित वस्तुहरुमा सागसब्जी र मासुजन्य वस्तुहरु तथा घिउ तेल आदि प्रविधि विकास गर्ने मुख्य केन्द्र बन्नु पर्छ। साथै यसले कृषि तथा वन पैदावारका सम्पूर्ण वस्तुलाई उच्च बाली प्रविधि लगायत औद्योगिक पैदावारका तयारी वस्तुहरु उत्पादन गर्न सक्ने तथा आजको औद्योगिकरणलाई चाहिने जनशक्ति उत्पादन गर्नु पर्छ। यसका साथै यस अध्ययन संस्थान अन्तर्गत खाद्य प्रविधि, दुग्ध प्रविधि, बायोप्रविधि, रसायन प्रविधि, चिनी प्रविधि, मासु प्रविधि, फलफूल सब्जी प्रविधि, घीउ तेल प्रविधि, अलकोहल प्रविधि, खाद्य प्रशोधन तथा संरक्षण प्रविधि, खाद्य रसायन, मानव पोषण, (बायोकेमिष्ट्री, औद्योगिक सुक्ष्म जीवविज्ञान, आद्योगिक रसायन, औद्योगिक वातावरण, पुरातन प्रविधि, चिया तथा मसला प्रविधि आदि विषयहरु रहनु पर्छ।

यस अध्ययन संस्थानले निम्नलिखित कार्य गर्नु पर्छः–

- खाद्य चिया, अलैंची, स्याउ, दुग्ध प्रशोधन, मासु, फलफूल इत्यादि तयार गर्ने,
- खाद्य वस्तुहरुलाई गुणस्तरयुक्त बनाउन सहयोग गर्ने,
- खाद्य वस्तुहरुको प्रशोधन तथा संरक्षण प्रविधि बारे अध्ययन अनुसन्धान गर्ने, गराउने,
- हाम्रो पूरानो प्रविधिद्वारा संचालन गरिएका खाद्य वस्तुहरुको अध्ययन अनुसन्धान गरी युग सुहाँउदो औद्योगिकीकरण गर्न सघाउने,
- दुग्ध प्रशोधन र यसबाट बन्ने चिज तथा अन्य वस्तुहरुको उत्पादन, वितरण गर्ने प्रविधिको विकास गर्ने,

- बायोकेमिकल उद्योगहरुको स्थापना गराउने र प्रविधिको ज्ञान दिलाउने,
- रसायन प्रविधिको अध्ययन अनुसन्धान गराउने,
- औद्योगिक वातावरणको अध्ययन अनुसन्धान गराई वातावरणको सुरक्षा गर्ने,
- नयाँनयाँ प्रविधि आयात गर्ने र हस्तान्तरण गर्ने बारे अध्ययन गरी सुहाउँदो प्रविधिमात्र भित्र्याउने र त्यसको स्थायित्व र व्यावहारिक पक्षको समेत अध्ययन अनुसन्धान गर्ने, गराउने,
- विकसित मुलुकहरुका विश्वविद्यालयहरुसँग अध्ययन अनुसन्धानमा सहयोग आदान प्रदान गर्ने,
- अनुसन्धानको थालनी गर्ने, भौतिक सुविधाको व्यवस्था गर्ने,
- खाद्य उद्योगहरुका समस्या समाधान गर्ने खालका अनुसन्धानात्मक योजनाहरु बनाउने।

**विज्ञान**

(१) राष्ट्रिय प्राथमिकताः आधारभूत विज्ञानलाई राष्ट्रका लागि उपयोगी बनाउने क्षेत्रहरुको पहिचान हुनु पर्छ र राष्ट्रिय आवश्यकतालाई ध्यानमा राखी विज्ञान शिक्षालाई उच्चतम प्राथमिकतामा राखेर यसको विकासमा दीर्घकालिन योजना बनाई सो अनुरुप आवश्यक कार्य गर्नु पर्छ।

(२) शैक्षिक भौतिक पूर्वाधारको विकासः विज्ञान शिक्षाका लागि आवश्यक जनशक्तिको र भौतिक पूर्वाधारको विकासका लागि राष्ट्रिय स्तरमा योजनाबद्ध ढंगले प्रयास गर्नु पर्छ। यस क्रममा स्वदेश र विदेशमा समेत अध्ययन अनुसन्धानका लागि प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्नु पर्छ। उच्चस्तरीय जनशक्तिको उत्पादनका लागि विश्वविद्यालय र यसका क्याम्पसका कार्यक्रमलाई सक्षम गराउँदै लैजानु पर्छ।

(३) समन्वयः देशमा विद्यमान सबै विज्ञान तथा प्रविधिसँग सम्बन्धित सरकारी, गैरसरकारी र निजी निकायका बीच आपसमा समन्वय गरी कार्यक्रमको पुनरावृत्ति हुन नदिन, अध्ययन अनुसन्धानका अनुभवलाई एक आपसमा आदान प्रदान गर्न र विज्ञान शिक्षाका गतिविधिहरुलाई स्तरीय बनाउन सम्बद्ध मन्त्रालयमा समन्वय गर्ने निकायको व्यवस्था हुनु पर्छ।

(४) प्रज्ञाप्रतिष्ठानको सुदृढीकरणः नेपालको छुट्टै पहिचान हुने खालका वैज्ञानिक अध्ययन अनुसन्धानलाई एकीकृत, बहुआयामिक तथा बहुउद्देश्यीय रुपमा संचालन गर्न राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई सुदृढीकरण गर्नु पर्छ।

(५) सूचना प्रणालीको विकासः विज्ञान तथा प्रविधि, प्राकृतिक सम्पदा, जनशक्ति सम्बन्धी सूचनाको संकलन, विश्लेषण तथा प्रवाहका लागि केन्द्रीय तहमा सूचना तथा तथ्याङ्क अभिलेख केन्द्रको स्थापना हुनु पर्छ।

(६) विज्ञान क्याम्पसको विस्तारः विज्ञान क्षेत्रमा उच्च शिक्षाका लागि दुर्गम तथा पिछडिएका जिल्लाहरुमा क्याम्पसहरु खोल्नु पर्छ र विद्यमान क्याम्पसहरुलाई आवश्यकता हेरी भौतिक सुविधा तथा शैक्षिक जनशक्ति उपलब्ध गराउनु पर्छ।

(७) विज्ञानको पाठ्यक्रमः प्राथमिकदेखि उच्चमाध्यमिक शिक्षासम्म विज्ञान र गणित विषयलाई विशेष प्राथमिकताका साथ पठन पाठन गर्ने व्यवस्था हुनु पर्छ र उच्च शिक्षामा पनि विज्ञानका विभिन्न विषयको पठन पाठनमा अधिकाधिक विद्यार्थीहरुलाई आकर्षित गर्ने नीति रहनु पर्छ।

शिक्षा मन्त्रालय

# संस्कृत शिक्षा

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) संस्कृत शिक्षाको अध्ययन अनुसन्धानः संस्कृत शिक्षाको विस्तार एवं प्रबर्द्धन गर्नका लागि प्राचीन भाषाका हस्तलिखित ग्रन्थहरुको सम्पादन, पाठालोचन र प्रकाशन, नेपालमा प्रयुक्त लिपिहरुको उत्पत्ति र विकासको अध्ययन, संस्कृतमा निहित प्राविधिक ज्ञान र सीपको अध्ययन, प्राचीन युरोपेली भाषा संस्कृत भाषा र संस्कृतिको तुलनात्मक अध्ययन, आधुनिक र प्राचीन भारतीय आर्यभाषा एवं भोट बर्मेली भाषामा संस्कृतका प्रभावको अध्ययन, समाजशास्त्र, अर्थशास्त्र? राजनीतिशास्त्र, पुरातत्व आदिसँग सम्बद्ध प्राचीन शास्त्रहरुको अध्ययन, नेपाली, मैथिली, भोजपुरी आदिको व्यूत्पत्तिमूलक कोश, प्राविधिक शब्दकोश, संस्कृत, पालि, शास्त्रीय नेवारी र तिब्बती ग्रन्थहरुको अनुवाद आदि क्षेत्रमा अध्ययन अनुसन्धान केन्द्रीत हुनु पर्छ।

(२) महेन्द्र संस्कृत विश्वविद्यालयः नेपालको विद्यालयदेखि उच्चशिक्षाका विभिन्न तहसम्मको संस्कृत शिक्षाको शैक्षिक प्राज्ञिक नेतृत्व दिन महेन्द्र संस्कृत विश्वविद्यालयले प्रमुख भूमिका निर्वाह गर्नु पर्छ। यो विश्वविद्यालय नेपालको प्राचीन ज्ञान, विज्ञान, प्रविधि र ललितकलाका साथै प्राचीन भाषा संस्कृत, पालि, प्राकृत, शास्त्रीय नेवार भाषा र तिब्बती भाषा र अन्य भाषाहरु, समाज, संस्कृति, धर्म, दर्शन जस्ता विषयमा अध्ययन अध्यापन र अनुसन्धानको प्रमुख केन्द्रका रुपमा विकसित हुनु पर्छ। प्राचीन ज्ञानभण्डारलाई वर्तमान सन्दर्भमा उपयोग गर्न गम्भीर अध्ययन अनुसन्धानमा संलग्न हुनु पर्छ।

(३) अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रको स्थापनाः प्राचीन ज्ञान, विज्ञान र प्रविधि एवं धर्म तथा संस्कृतिको अनुसन्धानका निम्ति अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान केन्द्रको स्थापना गर्नु पर्छ। यसलाई उपयुक्त प्राज्ञिक र भौतिक पूर्वाधारको निर्माण गरी राष्ट्रिय अन्तर्राष्ट्रिय विद्वानहरुका निम्ति आकर्षणको स्थलका रुपमा विकसित गर्नु पर्छ।

(४) प्राज्ञिक पूर्वाधार निर्माणः प्राज्ञिक पूर्वाधार खडा गर्नका निम्ति नेपाली विद्वानहरुलाई भारत लगायत संस्कृतको अध्ययन अनुसन्धान हुने विकसित मुलुकहरुमा उच्चस्तरीय अध्ययनका लागि पठाउने व्यवस्था हुनु पर्छ।

(५) अनुवाद प्रतिष्ठानको स्थापनाः संस्कृत पालि, नेवारी आदि भाषाका वाङ्मयमा रहेका धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्वका ग्रन्थहरुका साथै राजनीति, दर्शन, अर्थशास्त्र आदि पूर्वीय सम्पदालाई अनुवाद गरी राष्ट्र भाषाका माध्यमबाट जनसमक्ष ल्याउनु पर्छ। यसको प्रयोजनका निम्ति महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत अनुवाद प्रतिष्ठानको स्थापना गर्नु पर्छ।

(६) प्राचीन भाषाहरुको अध्ययनः संस्कृत उच्चशिक्षामा अंग्रेजीका साथै प्राचीन युरोपेली, शास्त्रीय नेवारी, प्राचीन तिब्बती भाषाको पनि पठन पाठन गराउने प्रावधान हुनु पर्छ।

(७) विशिष्टाचार्य कार्यक्रमः संस्कृतको गहन, उच्चस्तरीय र विशिष्ट अध्ययनका लागि आचार्यपछि एक वर्षे विशिष्टाचार्य गराउने कार्यक्रममा जोड दिनु पर्छ।

(८) आधुनिक विषयहरुको समावेशः संस्कृतमा निहित गहन चिन्तनलाई आधुनिक सन्दर्भ र दृष्टिकोणबाट बुझ्न यससँग सम्बद्ध विविध क्षेत्रका ज्ञान विज्ञान र चिन्तनसँग सम्बन्धित आधुनिक विषयहरुको पठन पाठनलाई समेत अझ प्रभावकारी बनाउनु पर्छ।

(९) तुलनात्मक अध्ययनः संस्कृतसँग सम्बन्धित विभिन्न विषयलाई अन्य देशको प्राचीन ज्ञानभण्डार, धर्म, संस्कृति र सभ्यताको तुलनात्मक अध्ययन गराउने व्यवस्था हुनु पर्छ।

(१०) आयुर्वेद चिकित्सा प्रतिष्ठानः २०४९ को शिक्षा आयोगको प्रतिवेदनमा समेत उल्लिखित आयुर्वेद शिक्षाको विकासका लागि प्राज्ञिक र भौतिक पूर्वाधारको तयारीका साथ अस्पताल, भैषज्योद्यान आदिको ठोस कार्यक्रम समेत कार्यान्वयन गराई यथाशीघ्र आयुर्वेद चिकित्सा प्रतिष्ठानको स्थापना गर्नु पर्छ। साथै यसमा प्राकृतिक चिकित्सा र योगशिक्षा समेत समावेश हुनु पर्छ।

(११) विशेष समुदायका लागि आकर्षणः संस्कृत शिक्षामा सबै जात, जाति र समुदायलाई आकर्षण गर्ने कार्यक्रम संचालन गर्नु पर्छ। यसमा खास गरी जनजाति, महिला र दलित समुदायलाई विशेष छात्रवृत्ति र सुविधाको व्यवस्था हुनु पर्छ।

(१२) पाठ्यक्रमः

(क) संस्कृत शिक्षालाई तीन धारामा बाँड्नु पर्छः पहिलो साधारण धारा, दोस्रो विशिष्ट शास्त्रीय धारा र तेस्रो प्राविधिक (व्यवहारिक) धारा। साधारण धारा अन्तर्गत संस्कृतका विभिन्न विषयको सामान्य ज्ञान, प्राविधिक धारा अन्तर्गत आर्युवेद, कर्मकाण्ड, योग, प्राकृतिक चिकित्सा जस्ता विषयहरु र विशिष्ट शास्त्रीय धारा अन्तर्गत वेद, साहित्य, पुराण, इतिहास, न्याय आदि विषय रहनेछन्।

(ख) उच्चशिक्षामा संस्कृत मूलक शास्त्रीय विषयहरुमा विशेष जोड दिई अन्य आधुनिक विषयहरुलाई यसकै सहयोगी वा पूरकका रुपमा मानी पठन पाठन गर्ने व्यवस्था हुनु पर्छ।

(ग) आयुर्वेद तथा ज्योतिष विषयको पूर्वाधारका निम्ति आधारभूत विज्ञान शिक्षा अनिवार्य हुने हुँदा यसमा शरीरविज्ञान, भौतिक विज्ञान तथा खगोलशास्त्र जस्ता विषयहरुको पनि समावेश गर्नु पर्छ।

(घ) जनआकर्षण अभिवृद्धिका लागि संस्कृतसँग सम्बद्ध वास्तुकला, मूर्तिकला, संगीत, नृत्य, नाट्य, प्राकृतिक चिकित्सा, पुरातत्व जस्ता प्राविधिक विषयहरुको पठन पाठन संचालन गर्नु पर्छ।

(१३) विशिष्ट जनशक्तिको उत्पादनः संस्कृत शिक्षालाई जीवनपयोगी बनाउन र त्यस अनुसारको संस्कृतविद् जनशक्ति (तन्त्रविद्, प्राचीन वास्तुविद्, लिपिविद् आदि) उत्पादन गर्न विषयगत विशिष्टताका क्षेत्रहरु पहिल्याई सोही अनुसारको पठन पाठन तथा अध्ययन अनुसन्धानमा जोड दिनु पर्छ।

(१४) संस्कृत माध्यमिक विद्यालयः

(क) संस्कृत उच्चमाध्यमिक शिक्षामा लाग्ने व्यवभार तथा छात्रवृत्ति, छात्रावासको व्यवस्थाका लागि लाग्ने सबै खर्च सरकारद्वारा प्रदान गर्नु पर्दछ।

(ख) माध्यमिक तहको स्वास्थ्य शिक्षामा आर्युवेद स्वास्थ्य शिक्षालाई ऐच्छिक विषयका रुपमा १०० पूर्णाङ्कको पाठ्यक्रम राख्नु पर्छ।

(ग) संस्कृत माध्यमिक विद्यालय तथा गुठीका रुपमा संचालित आश्रम तथा गुरुकुल विद्यालय जस्ता शैक्षिक संस्थालाई नियमित शैक्षिक प्रणाली अन्तर्गत ल्याउनु पर्छ।

(घ) जनसहभागिता परिचालन गरी संस्कृत विद्यालयहरु स्थापना गर्न प्रोत्साहन गर्नु पर्छ। सरकारले भौतिक तथा शैक्षिक पूर्वाधार खडा गर्न आवश्यक सहयोग गर्नु पर्छ।

(१५) उच्चमाध्यमिक कार्यक्रमः हाल संस्कृत विश्वविद्यालयले चलाउँदै गरेको उत्तरमध्यमा शिक्षालाई त्यसबाट +२ कार्यक्रमका रुपमा उच्चमाध्यमिक शिक्षा परिषद् अन्तर्गत संचालन गर्न उपयुक्त पूर्वाधार पूरा नभएसम्म विश्वविद्यालयले यस कार्यक्रमलाई निरन्तरता दिनु पर्छ। यसो गर्दा लामो समयसम्म अपरिमार्जित पाठ्यक्रमको पठन पाठन गर्नु उपयुक्त नहुने हुँदा सो तहको पाठ्यक्रमलाई परिमार्जित गरी लागू गर्नु पर्छ।

(१६) तहगत समन्वयः संस्कृतको माध्यमिक शिक्षा, उच्चमाध्यमिक शिक्षा र उच्चशिक्षाको पाठ्यक्रममा समन्वय ल्याउन महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत आवश्यक व्यवस्था गर्नु पर्छ।

(१७) संस्कृत प्रवर्द्धन कोषः संस्कृत प्रवर्द्धन कोष खडा गरी उक्त कोषबाट आवश्यकता अनुसार संस्कृत माध्यमिक विद्यालयको स्तर वृद्धिका निम्ति सहयोग गर्नु पर्छ।

(१८) अन्तर्राष्ट्रिय स्रोत परिचालनः कतिपय आवश्यक भएका र सम्पन्न गर्न सकिने कार्यक्रमहरु पनि स्रोतको अभावमा संचालन गर्न नसकिएकाले सहयोगी मुलुकहरुसँग र दातृसंस्थाहरुसँग संस्कृत शिक्षा सम्बन्धी उपयुक्त कार्यक्रमहरुलाई पनि समावेश गरी आर्थिक स्रोत जुटाउनु पर्छ। वार्षिक बजेटमा पनि उपयोगी कार्यक्रमहरुका लागि आवश्यक बजेटमा वृद्धि गर्नु पर्छ।

(१९) सेवा आयोगको व्यवस्थाः महेन्द्र संस्कृत विश्वविद्यालयमा कार्यरत शिक्षकहरुको स्थायित्व र पदोन्नतिका निम्ति विश्वविद्यालय सेवा आयोगको व्यवस्था हुनु पर्छ।

(२०) कर्मकाण्ड प्रशिक्षण प्रतिष्ठानः महेन्द्र संस्कृत विश्वविद्यालयमा कर्मकाण्ड प्रशिक्षण प्रतिष्ठान स्थापना गरी नियमित रुपमा प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्नु पर्छ।

(२१) भाषा प्रशिक्षण कार्यक्रमः संस्कृत सिक्न चाहने स्वदेशी तथा विदेशीहरुका निम्ति अल्पावधिक भाषा शिक्षण कार्यक्रम तयार गरी पठन पाठन गर्नु पर्छ।

(२२) मन्त्रालयमा शाखाको व्यवस्थाः राष्ट्रिय स्तरमा संस्कृत शिक्षा सम्बन्धी नीति, कार्यक्रम, व्यवस्थापन, अनुगमन, निरीक्षण, मूल्यांकन, प्रोत्साहन पुरस्कार आदिको समन्वयका लागि शिक्षा मन्त्रालय अन्तर्गत एउटा छुट्टै शाखा रहनु पर्छ।

(२३) दाताहरुबाट प्राप्त सम्पदाको सदुपयोगः धर्म, संस्कृति र संस्कृत शिक्षाको संरक्षण र सम्बर्द्धन तथा रक्षाका लागि दाताहरुबाट प्राप्त दान, दातव्य र गुठी आदि चल अचल सम्पत्तिको खोजी गरी अद्यावधिक लगत तयार गर्नु पर्छ र उक्त सम्पत्ति दुरुपयोग हुनबाट जोगाई दाताको इच्छानुसारका कार्यहरुमा खर्च गर्ने व्यवस्था हुनु पर्छ। यसरी विविध शैक्षिक संस्थासँग सम्बद्ध आन्तरिक स्रोत तथा साधनको परिचालन गरी संस्कृत शिक्षाको अध्ययन अनुसन्धान तथा उन्नयनमा उपयोग गर्नु पर्छ।

## सम्बन्धन प्राप्त क्याम्पस

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) वर्गीकरणः सम्बन्धन प्राप्त क्याम्पसहरुलाई लगानी, शुल्क, समुदायको संलग्नता, संचालन व्यवस्था, हिस्सेदारी आदिका आधारमा पब्लिक र निजी गरी दुई तहमा वर्गीकरण गरिनु पर्छ। यसका लागि ऐन नियममा समेत संशोधन गरिनु पर्छ।

(२) सम्बन्धनः विश्वविद्यालयहरुले सामान्य संभाव्यताका आधारमा मात्र अब खुल्ने क्याम्पसहरुलाई सम्बन्धन नदिई भौतिक, आर्थिक तथा शैक्षिक पूर्वाधारको उपलब्धताका आधारमा अस्थायी सम्बन्धन दिनु पर्छ र निर्धारित शर्त एवं पूर्वाधारहरु पूरा गरी सक्षमता र सफलतासाथ संचालन भइरहेका पब्लिक क्याम्पसहरुलाई पाँच वर्ष अवधि पूरा गरेपछि स्थायी सम्बन्धन दिइनु पर्छ। नयाँ पब्लिक क्याम्पसहरुलाई सम्बन्धन दिंदा स्थानीय स्तरमा शिक्षकको उपलब्धतालाई मात्र आधार नमानी स्थानीय आवश्यकता, भौगोलिक अवस्थिति र नजिकको सोही तहको शैक्षिक संस्थाको प्रकृति र विषय आदिलाई समेत ध्यान दिनु पर्छ। अन्य विश्वविद्यालय अन्तर्गत सम्बन्धन लिई संचालन भइरहेका प्राज्ञिक भौतिक पूर्वाधार र सुविधाका दृष्टिले सक्षम क्याम्पसहरुलाई क्षेत्रगत आधारमा पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालयले आंगिक क्याम्पसका रुपमा ग्रहण गर्न सक्ने व्यवस्था हुनु पर्छ। यस क्रममा विश्वविद्यालयहरुका ऐन कानूनमा आवश्यक संशोधन हुनु पर्छ।

(३) स्वायत्तताः निर्धारित मापदण्ड अनुरुप संचालित पब्लिक क्याम्पसहरुलाई आफूले चाहेको विश्वविद्यालय अन्तर्गत सम्बन्धन लिने, लिएको सम्बन्धन परिवर्तन गर्ने वा आंगिक क्याम्पसका रुपमा परिणत हुन पाउने स्वायत्तता दिइनु पर्दछ। यस्ता क्याम्पसहरुलाई आफ्नो शैक्षिक प्राज्ञिक उन्नयनका गतिविधि विस्तार गर्न स्वात्तयता दिइनु पर्छ।

(४) कार्यक्रम विस्तारः पब्लिक क्याम्पसहरुले कुनै कार्यक्रम थप गर्न चाहेमा सोही अनुरुपको भौतिक, शैक्षिक पूर्वाधार र जनशक्तिको वस्तुगत अध्ययन गरी विषयक्षेत्र र खपत बजार समेतका आधारमा कार्यक्रम विस्तार गर्न अनुमति दिनु पर्छ। स्नातक तह संचालन गरिरहेको कुनै क्याम्पसले स्नातकोत्तर तहको कार्यक्रम संचालन गर्न चाहेमा शैक्षिक प्रगति, पठन पाठनको गुणस्तर, भौतिक

तथा शैक्षिक पूर्वाधारहरु र योग्य तथा अनुभवी शिक्षकहरुको उपलब्धतालाई विशेष ध्यान दिई अनुमति दिनु पर्छ।

(५) प्रमाणपत्र तहको विस्थापनः

(क) प्रवीणता प्रमाणपत्र तहको कार्यक्रम संचालन गरिरहेका पब्लिक क्याम्पसहरुलाई सो कार्यक्रमका सट्टा उच्चमाध्यमिक तहको कार्यक्रम संचालन गर्न प्रोत्साहित गर्नु पर्छ र यसो गर्दा सो तह संचालन गरे बापत विश्वविद्यालय अनुदान आयोगबाट पाई आएको अनुदान सहयोगको रकम नघटाई उच्चमाध्यमिक शिक्षा परिषद्बाट उपलब्ध गराउने व्यवस्था हुनु पर्छ।

(ख) प्रवीणता प्रमाणपत्र तह मात्र संचालन गरिरहेका तथा निर्धारित न्यूनतम शर्त पूरा गर्ने पब्लिक क्याम्पसहरुलाई शैक्षिक संस्थाका रुपमा मानी उच्चमाध्यमिक तहको कार्यक्रम संचालन गर्ने अनुमति दिनु पर्छ।

(६) अनुदान सहयोगः

(क) सम्पन्न र विपन्न क्याम्पसहरुको वस्तुस्थितिको अध्ययन तथा कार्यसम्पादनका आधारमा विश्वविद्यालय अनुदान आयोगबाट सामुदायिक (पब्लिक) क्याम्पसहरुलाई मात्र अनुदान सहयोग उपलब्ध गराइनु पर्छ। यस क्रममा विश्वविद्यालयका आंगिक क्याम्पस नभएका जिल्लाका दुर्गम तथा ग्रामीण क्षेत्रमा संचालित पब्लिक क्याम्पसहरुलाई अनुदानमा विशेष प्राथमिकता दिनु पर्छ।

(ख) आर्थिक अनुदान दिंदा क्याम्पसमा संचालित संकायहरु, कार्यक्रमहरु, विद्यार्थी संख्या, सक्षमता वृद्धि, गुणस्तर, भौतिक पूर्वाधार विकास योजना आदिका आधारमा अनुदान वितरण गरिनुपर्छ। १०+२ को कार्यक्रम संचालन गरेका क्याम्पसलाई उच्चमाध्यमिक विद्यालयमा दिइने अनुदान र सहयोग सरह नै अनुदान दिनु पर्छ।

(ग) उच्चशिक्षाको विकासमा गरिएको लगानीलाई दृष्टिगत गर्दा जनस्तरमा संचालित क्याम्पसहरुका लागि हाल दिइएको अनुदान कम भएकाले यसमा वृद्धि गरी आनुपातिक र न्यायोचित आधारमा नियमित अनुदान सहयोग दिने व्यवस्था हुनु पर्छ।

(७) ऋण सहयोगः जनस्तरमा संचालित क्याम्पसको स्रोत परिचालनका लागि सम्बन्धित निकायबाट आवश्यक अनुदान र कम व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था हुनु पर्छ।

(८) भौतिक पूर्वाधार विकासः पब्लिक क्याम्पसहरुको स्थायित्वका लागि स्थानीय निकाय (गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिका) हरुले

सक्रियतासाथ सार्वजनिक जग्गा, भौतिक सुविधा तथा अन्य सहयोग जुटाउन मद्दत गर्नु पर्छ। साथै दाताहरुलाई जग्गा, आर्थिक सहयोग, भवननिर्माण आदि उपलब्ध गराउन समेत प्रोत्साहित गर्नु पर्छ। जग्गा तथा अन्य भौतिक एवं शैक्षिक सामग्रीको खरिद गर्दा लाग्ने सरकारी दस्तुर वा कर मिनाहा गरिनु पर्छ।

(९) समांश कोषः प्राथमिकता क्रममा परेका पब्लिक क्याम्पसको भौतिक पूर्वाधार विकासमा कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय भवन, खेलमैदान आदिका व्यवस्थाका लागि क्याम्पसले जति रकम जुटाएको छ त्यति रकम समांश कोष (म्याचिङ फन्ड) का रुपमा सरकारबाट उपलब्ध गराउने व्यवस्था हुनु पर्छ।

(१०) निःशुल्क छात्रवृत्तिः साधारण उच्चशिक्षाका सम्बन्धन प्राप्त पब्लिक क्याम्पसले कम्तिमा १० प्रतिशत गरिब, जेहेन्दार, विशेष लक्षित समूह तथा महिला विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्छ। उक्त छात्रवृत्ति उपलब्ध गराउनका लागि अक्षयकोष खडा गर्नु पर्छ र सो अक्षयकोषमा अनुदान आयोगबाट समांशको आधारमा थप आर्थिक अनुदान दिने व्यवस्था गर्नु पर्छ। तर विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी निजी वा ट्रस्टका रुपमा संचालित क्याम्पसहरुले १० प्रतिशत विशेष लक्षित समूह तथा महिला विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति दिने व्यवस्था गर्नु पर्छ। साथै यस्ता क्याम्पसहरुलाई सरकारबाट कुनै पनि किसिमको अनुदान दिइनु हुँदैन।

(११) शिक्षक कर्मचारी व्यवस्थाः

(क) पब्लिक क्याम्पसहरुले आफ्ना शिक्षक तथा कर्मचारीको योग्यता अनुसार सेवा शर्त तथा सुविधाको प्रत्याभूति दिनु पर्छ।

(ख) शिक्षक एवं कर्मचारीको सम्बन्धित विषयमा दक्षता अभिवृद्धि गर्नका लागि वृत्तिविकास र प्राज्ञिक उन्नयनका अवसरहरुमा संलग्न निश्चित आधारमा आर्थिक सहयोग र सुविधा उपलब्ध गराउनु पर्छ।

(ग) पब्लिक क्याम्पसमा काम गर्ने न्यूनतम योग्यता पुगेका शिक्षक तथा कर्मचारीको अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था विश्वविद्यालयद्वारा निर्धारित आधारमा रही सम्बन्धित क्याम्पसले गर्नु पर्छ। शिक्षक तथा कर्मचारीको पदोन्नतिका लागि क्याम्पसले माग गरे अनुसार विश्वविद्यालय सेवा आयोगले विज्ञापन गरी पदपूर्ति गर्ने व्यवस्था हुनु पर्छ।

(१२) वृत्तिविकास तथा शिक्षक कर्मचारी कल्याण कोषः पब्लिक क्याम्पसलाई शिक्षाको गुणस्तर विकास गर्नका लागि वृत्तिविकास तथा शिक्षक कर्मचारी कल्याण कोष खडा गर्न प्रोत्साहित गर्नु पर्छ। सो कोष मार्फत शिक्षक कर्मचारीको प्राज्ञिक उन्नयनका साथै उनीहरुको निवृत्तिभरण, उपदान आदिको



शिक्षा मन्त्रालय

व्यवस्था गर्नु पर्छ। यसका लागि पब्लिक क्याम्पसहरुले जे जति रकम कोषमा उपलब्ध गराउँछन् सोही अनुपातमा सरकारबाट उक्त कोषमा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था हुनु पर्छ। सम्बन्धन प्राप्त निजी क्याम्पसहरुले शिक्षक कर्मचारीहरुको वृत्तिविकास, निवृत्तिभरण, उपदान आदिका निम्ति आफ्नै स्रोतबाट कोष खडा गरी आवश्यक व्यवस्था गर्नु पर्छ।

(१३) संस्थागत प्रतिनिधित्वः पब्लिक क्याम्पसहरुलाई आंगिक बनाउने वा सम्बन्धन दिने विश्वविद्यालय, सरकार तथा सम्बन्धित निकायले निर्णायक तहमा प्रतिनिधित्व गराउने व्यवस्था हुनु पर्छ।

(१४) निरीक्षण तथा अनुगमनः पब्लिक क्याम्पसहरुको शैक्षिक प्राज्ञिक गतिविधि तथा व्यवस्थापन, स्रोत परिचालन तथा अन्य विविध पक्षको नियमित निरीक्षण र अनुगमन सम्बन्धित निकायबाट गर्ने व्यवस्था हुनु पर्छ।

(१५) प्रभावकारी व्यवस्थापनः जनस्तरमा संचालित निजी तथा पब्लिक क्याम्पसहरुले अनिवार्य रुपमा सम्बन्धन दिने विश्वविद्यालयका नियम विनियम अन्तर्गत रही क्याम्पस नियमावली बनाई सोका आधारमा क्याम्पस संचालन गर्नु पर्ने। यस्ता क्याम्पसहरु स्वायत्तता संरक्षण हुने गरी प्रभावकारी व्यवस्थापन समितिको व्यवस्था गरी संचालन गर्नु पर्छ। साथै क्याम्पसको आय व्ययको लेखा परीक्षण सम्बन्धित निकायमा पेश गर्नु पर्छ।

(१६) प्रोत्साहनः पब्लिक क्याम्पसको स्थापना, संरक्षण र सम्बर्द्धनमा योगदान पुर्‍याउने संस्था वा व्यक्तिलाई सम्मान र कदर गरिनु पर्छ। साथै कार्यसम्पादनमा उत्कृष्टता तथा गुणस्तरका आधारमा यस्ता क्याम्पसलाई राष्ट्रले पुरस्कृत गर्नु पर्छ।

# विशेष शिक्षा

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) नीतिः नेपालको संविधान, २०४७ मा अभिव्यक्त गरिएको प्रतिबद्धता “सबैको लागि शिक्षा” को नीति र मानवीय दृष्टिकोणलाई समेत ख्यालमा राखी विशेष शिक्षालाई राष्ट्रले प्राथमिकता दिनु पर्छ। यस्तो शिक्षामा गरिने आर्थिक तथा प्राविधिक लगानीले अपाङ्गहरुको सामाजिक एकीकरण तथा व्यक्तित्व विकासमा योगदान पुऱ्याई उत्पादनशील नागरिक बन्न सक्षम तुल्याउँछ।

(२) संगठनको ढाँचाः विशेष शिक्षालाई व्यापक र सर्वसुलभ बनाउनका लागि आवश्यक कानूनी प्रक्रिया पूरा गरी विशेष शिक्षा परिषद्को सचिवालयको स्थापना गर्नु पर्छ र आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, विशेष शिक्षा एकाइले सो परिषद्को निर्देशनमा कार्यक्रम संचालन गर्नु पर्छ। साथै उक्त परिषद् अन्तर्गत एक उच्चस्तरीय प्राविधिक समितिको गठन गर्नु पर्छ। सो समिति मार्फत गैरसरकारी संस्थाहरुसँग समन्वय गरी यसको कार्यान्वयनमा प्रभावकारीता ल्याउनु पर्छ।

(३) अपांगता सर्वेक्षणः अपांगता सम्बन्धी तथ्यांकहरुमा एकरुपता नभएको आधिकारिक तथ्यांकको अभाव भएको हुँदा राष्ट्रिय जनगणना गर्दा अपांगता सम्बन्धी सर्वेक्षण पनि गराउनु पर्छ।

(४) विद्यालय स्थापनाः देशमा ५% रहेका विशेष अपांग विद्यार्थीहरुका निम्ति हालका विद्यालयहरु अपर्याप्त भएकाले थप एकीकृत विद्यालयहरुको विस्तार गर्नु पर्छ। चर्को खालका अपांगता भएका विद्यार्थीहरुका लागि विशेष आवासीय विद्यालयहरुको स्थापना गर्नु पर्छ।

(५) शिक्षकको व्यवस्थाः विशेष शिक्षाका शिक्षकहरुको नियुक्ति, सेवा शर्त (तलब, उपदान र निवृत्तिभरण) वृत्ति विकास तथा सुविधाहरु किटान गर्नु पर्छ। यस क्रममा सामान्य शिक्षकहरुलाई दिइने सुविधा भन्दा विशेष शिक्षासँग सम्बन्धित शिक्षक तथा कर्मचारीहरुलाई दिइने तलब तथा सुविधा बढी हुनु पर्छ।

(६) विद्यालय व्यवस्थापन समितिः विशेष शिक्षासँग सम्बन्धित विद्यालयहरुको व्यवस्थापन समिति गठन गरी उक्त समितिलाई विद्यालयको विकासमा सक्रिय गराउनु पर्छ।

(७) शिक्षक विद्यार्थी अनुपातः विशेष शिक्षाको प्रकृति र विद्यार्थीको स्थितिलाई हेरी अन्य विद्यालयको शिक्षक विद्यार्थीको अनुपात भन्दा भिन्न अनुपात कायम गर्नु पर्छ।

(८) पहुँचः

(क) राष्ट्रिय स्तरमा अपांगहरुको तथ्यांक संकलन गरी अपांगताको किसिम तथा मात्राका आधारमा सामान्य विद्यालय/स्रोतकक्षा/विशेष विद्यालय शिक्षाको व्यवस्था गर्नु पर्छ।

(ख) अपांगहरुका लागि उच्चमाध्यमिक स्तरसम्म सम्पूर्णतया निःशुल्क शिक्षा प्रदान गर्नुका साथै निःशुल्क रुपमा अपांगता अनुकुलका पाठ्यपुस्तकहरु उपलब्ध गराउनु पर्छ।

(ग) उच्च अध्ययन गर्ने बौद्धिक क्षमता तथा इच्छा भएका अपांग विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरी शिक्षाको अवसर प्रदान गर्नु पर्छ।

(घ) २१ वर्ष पुगिसकेका तर शिक्षाको अवसर नपाएका वा बीचैमा छाडेका अपांग विद्यार्थीहरुलाई उत्पादनशील नागरिक बनाउनका लागि अनौपचारिक शिक्षा तथा प्राविधिक एवं व्यावसायिक तालिमको व्यवस्था गर्नु पर्छ।

(ङ) बहुअपांगता भएका विद्यार्थीहरुको पनि आवश्यक पूर्वाधार जुटाई कार्यक्रम थालनी गर्नु पर्छ।

(च) अपांग विद्यार्थीहरुलाई विद्यालय मार्फत मात्र शिक्षा सेवा दिएर पुग्दैन। अपांग विद्यार्थी तथा परिवार सल्लाह सेवा साथै सामुदायिक पुनर्स्थापन सेवा कार्यक्रमको पनि उत्तिकै आवश्यकता छ। सम्बन्धित शिक्षक, समाजसेवी, संघ संस्थाहरुको माध्यमबाट यस्तो सेवा उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिनुपर्छ।

(९) गुणस्तरः

(क) विशेष शिक्षामा जनशक्तिको विकास गर्ने कार्यक्रमलाई अघि बढाउनु पर्छ। साथै दक्षता भएका व्यक्तिहरुलाई नै विशेष शिक्षा सम्बन्धी स्थायी र महत्वपूर्ण पदहरुमा नियुक्त गर्नु पर्छ।

(ख) शिक्षकहरुका कार्यको निरन्तर अनुगमन तथा मूल्यांकन हुनु आवश्यक छ। उनीहरुको कार्यका आधारमा दण्ड र पुरस्कारको व्यवस्था गर्नु पर्छ।

(ग) विशेष शिक्षाका शिक्षकहरुको प्रशिक्षणका लागि तयार गरिएको पाठ्यक्रममा सामयिक परिमार्जन गरी त्यसलाई अनुकुल बनाउनु पर्छ।

(घ) पठनपाठनका लागि आवश्यक शैक्षिक सामग्री, उपकरण, प्राविधिक सेवा आदि उपलब्ध गराउने व्यवस्था हुनु पर्छ।

(१०) पाठ्यक्रम तथा सन्दर्भसामग्रीः अपांगताको किसिम अनुसार राष्ट्रिय पाठ्यक्रममा अनुकुल गरेर सहायक सामग्रीहरुको व्यवस्था गर्नु पर्छ र परीक्षा दिंदा पनि स्क्राइबको सेवा केही समय थप दिने जस्ता सुविधा उपलब्ध गराउनु पर्छ। सन्दर्भ ग्रन्थहरु, पत्रपत्रिका तथा अन्य साधनयुक्त विशेष शिक्षा सम्बन्धी पुस्तकालयको व्यवस्था गर्नु पर्छ।

(११) प्रशिक्षणः विशेष शिक्षा एकाइले संचालन गरेका तालिमहरुको प्रभावकारिताको अध्ययन गराउनु पर्छ र सबै प्रकारका तालिम कार्यक्रममा समसामयिक सुधार गर्नु पर्छ। संस्थागत रुपले जनशक्ति विकास गर्न शिक्षाशास्त्र संकायको विशेष शिक्षा विभागलाई साधन स्रोत सम्पन्न बनाई दीर्घावधिक तालिम दिने जिम्मेवारी दिनु पर्छ। शैक्षिक जनशक्ति विकास केन्द्रले विशेष शिक्षाका लागि अल्पावधिक, दीर्घावधिक तथा पुनर्ताजगीकरण तालिमको व्यवस्था गर्नु पर्छ।

(१२) अनुगमनः विद्यालयहरुको नियमित रुपमा अनुगमन र सुपरीवेक्षण हुने व्यवस्था गर्नु पर्छ।

(१३) आर्थिक अनुदान सहयोगः विशेष विद्यालयहरुका कार्यक्रमको माग र सम्भाव्यता हेरी विद्यालय संचालन गर्न आवश्यक हुने रकम सरकारले उपलब्ध गराउँदै जानु पर्छ। साथै सामाजिक संघ संस्थाद्वारा व्ययभार समेत वहन गरी संचालन गरिएका विद्यालयहरुलाई समेत आवश्यक सहयोग उपलब्ध गराउनु पर्छ। विशेष शिक्षा विद्यालयहरुका लागि प्रक्रियागत रुपमा अनुदानका सट्टा नियमित बजेट रकम विद्यालय व्यवस्थापन समिति मार्फत उपलब्ध गराउनु पर्छ।

(१४) जनचेतना अभियानः अपांगता सम्बन्धी जनचेतना कार्यक्रमलाई विस्तृत रुपमा अभियानको रुपमा चलाउनु पर्छ।

(१५) एकीकृत कार्यक्रमः सबैका लागि विद्यालय कार्यक्रम शुरु गर्नुभन्दा पहिले सामान्य विद्यालयहरुको भौतिक अवस्था, शिक्षक तालिम, शैक्षिक सामग्री, उपकरण तथा शिक्षक विद्यार्थी अनुपात जस्ता समस्याहरुमा सुधार ल्याएपछि अपांग विद्यार्थीहरुलाई सामान्य विद्यालयमा एकीकृत रुपमा सम्मिलित गराउनु पर्छ।

(१६) सरसल्लाह केन्द्रः अपांगहरुको निम्ति शिक्षा तथा पुर्नस्थापना सम्बन्धी सरसल्लाह केन्द्र स्थापना गर्नु पर्छ।

# अनौपचारिक शिक्षा

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) संगठनात्मक सुधारः

(क) राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्लाई नीति निर्धारक संस्थाको भूमिका दिइनु पर्छ र परिषद्को गठन प्रधानमन्त्रीको संयोजकत्वमा परिषद् गठन गरिनु पर्छ। यसमा अनौपचारिक शिक्षाका विशेषज्ञहरु, देशका प्रमुख राजनीतिक दलहरुको प्रतिनिधिहरु र गैरसरकारी संस्था (राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय) हरुको प्रतिनिधित्व गराइनु पर्छ र प्रतिनिधित्व पाउनका लागि खुला आधारहरु सिर्जना गरिनु पर्छ।

(ख) शिक्षा मन्त्रालय अन्तर्गत अनौपचारिक शिक्षाको काम गरिरहेको परिषद्, अनौपचारिक शिक्षा शाखा र अनौपचारिक शिक्षा एकाइलाई पुनर्गठन गरी राष्ट्रिय दायित्व लिन सक्ने अनौपचारिक शिक्षा विकास केन्द्रको स्थापना गर्नु पर्छ। यस केन्द्रबाट अनौपचारिक शिक्षा परिषद्को नीति अनुरुपका कार्यक्रम तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन एवं निरीक्षण गर्ने कार्यहरु गरिनु पर्छ।

(ग) निरन्तर शिक्षाका लागि प्रत्येक गाउँ विकास समितिमा भएका १/१ विद्यालयलाई आवश्यक सुविधा सहितको जिम्मेवारी दिइनु पर्छ। यसका लागि शिक्षा मन्त्रालयको महिला शिक्षा शाखाबाट संचालित अगुवा केन्द्र कार्यक्रमको अनुभवलाई उपयोग गरिनु पर्छ।

(घ) विभिन्न राजनीतिक दलका कार्यकर्ताहरुलाई मौखिक साक्षरता कार्यक्रमका सीपहरु सिकाई जनसशक्तिकरण अभियान संचालन गरिनु पर्छ।

(ङ) जिल्ला शिक्षा कार्यालयमा अनिवार्य रुपले एकजना अनौपचारिक शिक्षा कार्यक्रम हेर्ने अधिकृत राखिनु पर्छ।

(च) हाल संचालित अनौपचारिक शिक्षा कार्यक्रमहरु स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुबाट मात्र संचालन भई आएको परिपे्र73यमा समुदायमूलक अनौपचारिक शिक्षा कार्यक्रम थप गरिनु पर्छ।

(छ) अनौपचारिक बालशिक्षा कक्षा उत्तीर्ण गरी औपचारिक शिक्षामा प्रवेश चाहने विद्यार्थीहरुको पढाई लेखाई सजिलो बनाउनका लागि सेतु कक्षाको प्रबन्ध

गरिनु पर्छ। यस्ता कक्षाहरु सम्बन्धित विद्यालय वा अनौपचारिक शिक्षा केन्द्रको विस्तार कार्यका रुपमा संचालन गरिनु पर्छ।

(ज) इच्छुक विद्यालय, क्याम्पस वा गाउँ विकास समिति जस्ता संस्थाहरु पहिल्याई यिनीहरुको अनौपचारिक शिक्षाको प्रयोग थलोको रुपमा गाउँ वा बस्ती छनौट गर्ने र त्यहाँ अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने प्रबन्ध गरिनु पर्छ। यस्तो कार्य गर्ने संस्थाहरुलाई आवश्यक सरसल्लाह र सहयोग दिइनु पर्छ।

(झ) अनौपचारिक शिक्षाको विधि तथ्यांक भएको सन्दर्भलाई दृष्टिगत गरी गाउँ विकास समिति र नगरपालिका स्तरमा तथ्यांक अभिलेख खडा गरिनु पर्छ।

(२) प्राथमिकता क्षेत्र निर्धारणः

(क) हालसम्म अनौपचारिक शिक्षा सरकारको प्राथमिकता क्षेत्रमा नपरेको सन्दर्भमा यसलाई प्राथमिकता क्षेत्रमा पारी सरकारी, गैरसरकारी, सामुदायिक, सामूहिक, व्यक्तिगत, राजनीतिक दल र शिक्षालयहरुको स्रोतको परिचालन गर्ने नीति लिइनु पर्छ। यसरी परिचालित शक्तिहरुबीच नीतिगत एवं कार्यगत एकता कायम गरिनु पर्छ। यसरी समन्वय गर्दा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको भूमिका तय गरिनु पर्छ।

(ख) अहिले भइरहेको जिल्ला अनौपचारिक शिक्षा समन्वय समितिलाई अझ प्रभावकारी बनाइनु पर्छ।

(ग) शिक्षामा पहुँच नपाएका दलित एवं जनजातिहरुका लागि विशेष क्षेत्र पहिचान गरी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनु पर्छ। यस्ता क्षेत्रमा अल्पावधिको प्राथमिक शिक्षा कार्यक्रम संचालन गरिनु पर्छ।

(३) प्राविधिक पक्षमा सुधारः

(क) अभियान तथा कार्यक्रमका रुपमा संचालन गरिंदै आएका अनौपचारिक शिक्षामा मौखिक साक्षरता कक्षा थप गरी जनसशक्तिकरण अभियान संचालन गरिनु पर्छ। यसका लागि ग्रामीण युवा, राजनीतिक कार्यकर्ता र शिक्षक आदिलाई तयारी तालिम दिइनु पर्छ।

(ख) मौखिक साक्षरता (छलफल, भाषण र अन्य संचारका माध्यमबाट दिइने शिक्षा) कार्यक्रमबाट अभिप्रेरित भएका व्यक्तिहरुलाई विस्तारित तर छोटो अवधिको लिखित साक्षरता कक्षा संचालन गरिनु पर्छ।

(ग) लिखित साक्षरता कक्षाबाट उत्तीर्ण भएका सम्पूर्ण व्यक्तिहरुलाई साक्षरोत्तर तथा निरन्तर शिक्षाको प्रबन्ध गरिनु पर्छ। यसका लागि करार साक्षरता, पत्राचार साक्षरोत्तर कार्यक्रम जस्ता अवधारणाहरुको परीक्षण र प्रयोग गरिनु पर्छ।

(घ) साक्षरोत्तर र निरन्तर शिक्षाका लागि उत्पादन गरिने सामग्रीहरु क्रयशक्ति भएका व्यक्ति वा संस्थाले सजिलै पाउन सकुन् भन्ने उद्देश्यले विभिन्न संस्थाहरुलाई यस कार्यमा लाग्न प्रोत्साहित गरिनु पर्छ।

(ङ) साक्षरता कार्यक्रममा सिकेको सीप दीगो राख्न स–साना ग्रामीण पुस्तकालयहरुको विकास गर्ने अभियानमा जोड दिनु पर्छ।

(च) साक्षरोत्तर एवं निरन्तर शिक्षा लिन चाहने तर विद्यालयमा भर्ना हुन नसक्ने अनौपचारिक बाल शिक्षा कार्यक्रमबाट प्रशिक्षित व्यक्तिहरुका लागि औपचारिक शिक्षाका पुस्तकहरु उपलब्ध गराई पढ्न प्रोत्साहित गर्नु पर्छ।

(छ) प्राथमिक विद्यालयका स्रोत केन्द्रहरुलाई अनौपचारिक शिक्षाको पनि स्रोत केन्द्र बनाइनु पर्छ।

(ज) साक्षरता कार्यक्रमको सामूहिक सुपरीवेक्षण तथा अनुगमन कार्यक्रम संचालन गरिनु पर्छ। यस्तो कार्य अन्तरसंस्था सुपरीवेक्षण र समसामयिक छलफल तथा आत्ममूल्यांकनबाट गरिनु पर्छ।

(झ) साक्षरता सीपका प्रदर्शन एवं मूल्यांकन गर्ने उद्देश्यले स्थानीय मेला, पर्व, हाटबजारमा साक्षरता संप्राप्ति कुना कार्यक्रम संचालन गरिनु पर्छ।

(ञ) अनौपचारिक शिक्षा कार्यक्रमको समसामयिक मूल्यांकन गर्न सहभागितात्मक विधिमा आधारित सहयोगी कार्यकर्ता र गा.वि.स. मिली गर्ने अनुसन्धान विधिको पहिचान गरी क्रमशः लागू गरिनु पर्छ।

(४) साक्षरता अभियानः अहिलेको साक्षरता कार्यक्रमले प्रति वर्ष ज्यादै कम प्रतिशतलाई मात्र साक्षर बनाउन सकेकाले राजनीतिक दल, स्थानीय राजनीतिक एकाई व्यक्ति, समूह, समुदाय, शिक्षालय जस्ता स्रोतहरुलाई परिचालन गरी आगामी पाँच वर्षभित्र ७० प्रतिशत नेपालीहरुलाई साक्षर बनाइनु पर्छ।

(५) आर्थिक प्रबन्धः अनौपचारिक शिक्षाको दिगो स्वरुप कायम गर्न प्रत्येक गाउँ विकास समितिमा अनौपचारिक शिक्षा कोष खडा गर्नु पर्छ। यस्तो कोष स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दान दातव्यबाट संकलन गरिनु पर्छ। कोषको संचालन, संरक्षण र सम्बर्द्धनका लागि गर्न तत्स्थानका गाउँ विकास समिति नगरपालिका, जिल्ला र केन्द्रीय अनौपचारिक समितिले छुट्टै समिति गठन गर्नु पर्छ। सरकारले पनि अनौपचारिक शिक्षामा गर्ने खर्चको रकममा वृद्धि गर्नु पर्छ।

(६) अनौपचारिक शिक्षाको फराकिलो दृष्टिकोणः

(क) साक्षरता र साक्षरोत्तर शिक्षामा मात्र सीमित भएको अहिलेको अनौपचारिक शिक्षाको दायरा फराकिलो गरी अनौपचारिक प्राथमिक शिक्षा र अनौपचारिक माध्यमिक शिक्षा कार्यक्रमहरु प्रयोगात्मक रुपमा संचालन गरिनु पर्छ।

(ख) साक्षरता तहदेखि उच्चशिक्षासम्मका लागि अनौपचारिक माध्यमबाट शिक्षा दिलाउन खुला विश्वविद्यालय संचालन गरिनु पर्छ।

शिक्षा मन्त्रालय

# महिला शिक्षा

## विषय प्रवेश

देशको आधा जनसङ्ख्या ओगटेको महिला समूहमा ७० प्रतिशत निरक्षर छन् ।प्राथमिक विद्यालय जाने उमेरका ६० प्रतिशत केटीहरु विद्यालय आएकै छैनन् ।माध्यमिक, उच्चमाध्यमिक तहमा पुग्दासम्म धेरै केटीहरुले विद्यालय छोडिसकेका हुन्छन् ।विश्वविद्यालयीय शिक्षा पाउने महिलाहरुको सङ्ख्या त नगन्यनै छ । छोरीलाई "अरुको नासो" भनेर बेवास्ता गर्ने, चाँडै बिहे गरिदिने र विद्यालयमा आइहालेपनि अनेकन् विकृत संस्कारका सबै कारणले गर्दा शैक्षिक दृष्टिकोणले महिलाहरु पछाडि परेका छन् र यसबाट राष्ट्रिय विकासका अनुभव र कतिपय अध्ययन-अनुसन्धानबाट महिलाहरुलाई सशक्तीकरण गर्ने शिक्षा दिक्षाका लागि सुदृढ र ठोस नीति विशेष कार्यक्रमको आवश्यकता परेको छ ।महिलाहरुको शिक्षामा अवसरको स्थिति प्राथमिक देखि उच्चशिक्षासम्म चिन्ताजनक रहेको छ। यसबाट राष्ट्रिय विकासका सबै पक्षलाई कमजोर तुल्याएको छ ।यद्यपि महिलाहरुको शैक्षिक अवसरमा केही प्रगति नभएको होइन तर समान अवसर प्रदान गरी महिला सशक्तीकरण गर्न सुदृढ र ठोस नीति तथा कार्यक्रमको खाँचो छ ।

## वर्तमान स्थिति

२०५३को तथ्याङ्क अनुसार ३९.९% बालिकाहरूले विद्यालयमा प्रवेश पाएका छन् जसमा प्राथमिक तहमा ४०.६%, निम्नमाध्यमिक तहमा ३८%, र माध्यमिक तहमा ३६.१% रहेको छ ।त्यस्तै विद्यालय शिक्षणमा संलग्न महिलाहरुको संख्या १८.१% रहेको छ जसमा प्राथमिक तहमा २०.६%, निम्नमाध्यमिक तहमा १२.८% र माध्यमिक तहमा १०.३% मात्र शिक्षिकाहरू रहेको कुरा तथ्याङ्कले देखाएको छ ।

## प्रमुख समस्या तथा मुद्दाहरु

(१) नकारात्मक सोचाइः छोरीलाई पराई घरको सम्पति मान्ने हाम्रो सामाजिक र परम्परा र दृष्टिकोणले पनि यिनीहरुको पढाइ-लेखाइमा नकारात्मक असर गरेको पाइन्छ ।हाम्रो समाजका शिक्षितहरुमा पनि छोरा भएमा सम्पन्न विद्यालयमा पढाउने, घरखेत बेचेर पढाउने र छोरी भएका साक्षर भएपछि उच्चस्तरको अध्ययन गराउनतिर त्यति उत्साहित नहुने प्रवृत्तिले घर गरेको पाइन्छ भने अशिक्षित समाजमा त यस्तो भेदभावको समस्या झन चर्को रुपमा देखापर्छ ।महिलाहरूलाई सामाजिक हेपाइका आँखाबाट हेर्ने बानी छँदैछ ।घरमा पनि पुरुषले गर्ने काम र महिलाले गर्ने कामको विभेद दर्साउने परम्परागत मान्यताहरु पाठ्यपुस्तकमा यत्रतत्र भेटिन्छन्। यसतर्फ त्यति ध्यान गएको देखिदैन ।



शिक्षा मन्त्रालय

(२) व्यापक निरक्षरता र लैङ्गिक गरिबीः नेपालका धेरै महिलाहरु निरक्षर हुनुको कारण उनीहरुमा रहेको विकराल गरिबी पनि हो र उनीहरुमा गरिबी फस्टाउनुको मुख्य कारण लैङ्गिक असमानता हो। उक्त दुबै कारणले महिलाहरू समाजमा पछाडि परेको देखिन्छ ।शिक्षित भए पनि महिलाहरु लैङ्गिक विभेदले विपन्न हुनसक्छन् र सम्पन्न घरमा भए पनि लैङ्गिक भेदभावले गर्दा पिछडिएका हुन सक्छन् ।

(३) गाउँगाउँमा अगुवा एवम् प्रेरक महिलाको कमीः यद्यपि सहरी क्षेत्रमा केही शिक्षित महिलाहरु लैङ्गिक सचेतनाप्रति अभिप्रेरित छन् र आफ्नो वर्गमा देखापरेको भेदभाव र थिचोमिचोमा आवाज उठाउन थालेका छन् तथापि ग्रामीण क्षेत्रका र विपन्न वर्गका महिलाहरुमा उक्त किसिमको चेतनाको ज्यादै कमी छ र पुरुषहरुबाट असमान व्यवहार र थिचोमिचोलाई सम्झन बुझ्न र विद्रोह गर्न सक्ने अवस्थामा हुँदैनन् ।तसर्थ शिक्षा र चेतनाको अभावमा विशेष गरी ग्रामीण क्षेत्रमा महिला जागरणमा टेवा पुर्‍याउने, अगुवा र प्रेरकको भूमिका निर्वाह गर्ने महिलाहरुको प्रायः अभाव छ ।

(४) अव्यवहारिक पढाइः महिलाहरूको वास्तविक स्थितिलाई सुधार्ने खालको शिक्षा प्रणाली छैन ।यो किताबी ज्ञानसँग बढी सम्बन्धीत छ र व्यावहारिक सीप सिकाउने र महिलाहरुको समस्याको समाधान गर्ने दिशाप्रति कमै लक्षित छ ।यसले गर्दा पनि कतिपय शिक्षित भएका महिलाहरुमा पनि स्वावलम्बी, आत्मनिर्भर र उँचो आत्मबल भएका हुन सकेका छैनन् ।

**सुझावहरुः**

(१) प्राथमिकता दिने नीतिको निरन्तरताः

(क) प्रत्येक पूर्वप्राथमिक, प्राथमिक र माध्यमिक विद्यालयमा अनिवार्य रुपले महिला शिक्षक राख्नु पर्छ। उच्चमाध्यमिक र उच्चशिक्षामा समेत महिला शिक्षकलाई प्राथमिकता दिने सरकारको नीतिलाई प्रभावकारी रुपमा लागू गरिनु पर्छ।

(ख) शिक्षण संस्थाका निकायहरुमा महिलाहरुको पहुँच बढाउनु पर्दछ। महिलाहरुलाई सरकारी तथा गैरसरकारी क्षेत्रका साथै शिक्षा क्षेत्रको जिम्मेवारीपूर्ण उच्च पदहरुमा नियुक्तिका लागि प्राथमिकता दिइनु पर्छ। महिला शिक्षकहरुलाई प्रधानाध्यापक, जिल्ला शिक्षा अधिकारी, निर्देशक आदि योग्यता अनुसार गरिनु पर्छ।

(ग) महिला शिक्षकहरुलाई घरपायक हुने गरी नियुक्ति वा सरुवा गरिनु पर्छ।

(२) व्यापक प्रचार प्रसारः

(क) जनसंचार एवं सरकारी संचार संचारका माध्यमहरुमा महिला शिक्षा तथा सशक्तिकरणका गतिविधिहरुसँग सम्बन्धित सामग्रीहरुको व्यापक र प्रभावकारी रुपमा प्रचार प्रसार गरिनु पर्छ।

(ख) विशेषतः ग्रामीण क्षेत्रका अशिक्षित अभिभावकहरुलाई महिला शिक्षाको महत्वबारे शिक्षित सुसूचित गर्ने कार्यक्रमको विस्तार गरिनु पर्छ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरु महिलाहरुका निम्ति सुहाउँदिला बनाई यस्ता शिक्षालय वा केन्द्रहरुमा महिलाहरुको भर्ना सुनिश्चित हुनु पर्दछ।

(३) महिलाहरुको अनौपचारिक शिक्षाः

(क) साक्षरता अभियानलाई विशेषतः महिला समूहमा केन्द्रित गरी संचालन गरिनु पर्छ।

(ख) मौखिक साक्षरता कार्यक्रमको माध्यमबाट गाउँ वस्तिमा पे्ररणादायी र क्रियाशील महिला नेतृत्वको सिर्जना गर्नमा जोड दिइनु पर्छ।

(४) पाठ्यसामग्रीमा परिमार्जनः लैंगिक सचेतनाका दृष्टिले हालका पाठ्यपुस्तकहरुको परिमार्जन गरिनु पर्छ र महिलाहरुको जीवनसापेक्ष जीवनोपयोगी थप सामग्रीहरु तत्स्थानमै उत्पादन एवं वितरण गर्ने प्रबन्ध मिलाउनु पर्छ।

(५) विशेष तालिमको व्यवस्थाः शिक्षक तालिम पाठ्यक्रममा छात्रा भर्ना बढाउने र भर्ना भएका छात्राहरुलाई विद्यालय छोड्नबाट थामिराख्ने उपायहरुलाई समावेश गरिनु पर्छ। शिक्षक, कर्मचारी, एवं विद्यार्थीहरुलाई लैंगिक सचेतना सम्बन्धी परिचयात्मक तालिम दिइनु पर्छ।

(६) सुविधाः भौगोलिक दूरी र रहनसहनको कठिनाईलाई दृष्टिगत गरी ठाउँ ठाउँमा महिला छात्रावासको प्रबन्ध गरिनु पर्छ। साथै विद्यालयहरुमा महिला शौचालयको प्रबन्ध गरिनु पर्छ। महिला तथा सामाजिक, स्वास्थ्य, श्रम र अन्य मन्त्रालयबाट अन्य सुविधा जुटाईदिनु पर्दछ। महिला अभिभावकका निम्ति उपयुक्त सीप तालिम कार्यक्रम पुऱ्याउनु पर्छ।

(७) विशेष शिक्षालयको व्यवस्थाः कम्तिमा प्राथमिक तहदेखि माध्यमिक तहसम्मका लागि संलिशष्ट पाठ्यक्रम बनाई अल्पावधिक विद्यालयहरु खोलिनु पर्छ। सम्भव भएका माध्यमिक, उच्चमाध्यमिक र विश्वविद्यालयीय संस्थाबाट खुला शिक्षा पद्धतिद्वारा निरन्तर शिक्षाको प्रबन्ध गरिनु पर्छ।

(८) आर्थिक प्रबन्धः छात्राहरुको शिक्षामा निरन्तरता दिन प्रत्येक गाउँ विकास समिति र नगरपालिकामा छात्रा शिक्षा कोष खडा गरी छात्राहरुको हितमा

त्यस्ता कोषहरुको संचालन गरिनु पर्छ। महिलाहरुलाई क्रियाशील बनाई समूह बचत कार्यक्रमको परिचालन गरी आयआर्जक कार्यहरु गराईनु पर्छ।

(९) छात्रवृत्तिः पूर्वप्राथमिकदेखि उच्चशिक्षासम्म महिलाहरुलाई छात्रवृत्ति तथा अन्य सुविधा प्रदान गर्ने नीतिको कार्यान्वयन हुनु पर्दछ। उच्च शिक्षामा जेहेन्दार महिलाहरुलाई छात्रवृत्तिको व्यवस्था हुनु पर्दछ।

(१०) विशेष अनुसन्धानः महिलासँग सम्बद्ध विषय र समस्या क्षेत्रमा अनुसन्धान कार्य गरी उनीहरुको उत्थानमा देखा परेका शैक्षिक भौतिक समस्याहरुको समाधानका निम्ति प्रयासरत रहनु पर्छ। सुविधाहरुमा सुधार गर्ने र अनुसन्धानकर्ताका प्रशिक्षणमा महिला समस्याहरुको र काम कर्तव्य पनि समावेश गर्नु पर्छ।

शिक्षा मन्त्रालय

# शिक्षामा पहुँच

**विषय प्रवेश**

शिक्षा विकासका लागि विगतमा धेरै प्रयासहरु गरिएका छन् ।परिणामस्वरुप ग्रामीण क्षेत्रका प्रत्येक गाउँ विकास समितिमा सरदर ५ वटा प्राथमिक विद्यालयहरु भइसकेका छन् ।शहरी क्षेत्रमा वडापिच्छे विद्यालयहरु खुलिसकेका छन् ।कतिपय प्राथमिक विद्यालयहरुमा अनिवार्य रुपले महिला शिक्षक भर्ना गरिसकिएको छ ।हालसम्म पनि प्राथमिक विद्यालय उमेरका ४० प्रतिशत,मादयमिक विद्यालय उमेरका ७० प्रतिशत र उच्चमाध्यमिक विद्यालय उमेरका ९८ प्रतिशत बालबालिकाहरु शैक्षिक संस्थाभित्र समेटिएका छैनन् ।त्यस्ता बालबालिकाहरुमध्ये अधिकांश त विशेष जातिका पर्छन् ।अभिभावकको आर्थिक विपन्नता, शैक्षिक, सांस्कृतिक संपदाको अभाव भौगोलिक दूरी, सामाजिक रुढिवादिता, छुवाछुत बार्ने मानसिकता, विद्यालयका अलचिला शैक्षिक गतिविधि, जीवन सापेक्ष नभएका पाठ्यसामग्रीहरु र अप्रयोगात्मक शिक्षण-विधिले गर्दा केटाकेटी विद्यालयमा प्रवेश पाएका छैनन् ।प्रवेश पाएकाहरुले पनि पढाइलाई निरन्तरता दिएका छैनन् ।उल्लिखित परिस्थितिमा रहेका समूहलाई विशेष समूह भन्न सकिन्छ । तिनलाई शिक्षामा पहुँच बढाउन राष्ट्रले निकै ठूलो चुनौतीको सामना गर्नुपर्ने हुन्छ ।यस परिवेशमा मुख्यतः तीनवटा चुनौतीहरु देखिन्छन् :

- कसरी केटाकेटीहरुलाई विद्यालयमा भित्र्याउने वा विद्यालयलाई उनीहरुको घरदैलोसम्म पुर्‍याउने,
- कसरी विद्यालयको परिसरमा प्रवेश पाएकाहरुलाई थामिराख्ने,
- कसरी विद्यालय छाड्नेहरुको शिक्षालाई निरन्तरता दिने ।

उल्लिखत तीनवटै चुनौतीहरुको सामना गर्न राष्ट्रिय शिक्षा आयोग २०४९ ले विभिन्न कदमहरु सुझाएको थियो।विपन्न अवस्थामा रहेका व्यक्तिहरुलाई शिक्षामा प्रवेश दिन विगतका शिक्षा योजनाहरुले छात्रवृत्ति दिने, निशुल्क छात्रावासको प्रवन्ध गर्ने, शुल्क मिनाहा गर्ने जस्ता कुराहरुको सिफारिस गरेका थिए। २०४९ सालको राष्ट्रिय शिक्षा आयोगले पनि त्यही कुराको निरन्तरता दिएको पाइन्छ ।आयोगले दिएका सुझावहरूमध्ये कतिपय सुझावहरु कार्यान्वयन गरिए । कतिपय कार्यान्वयनको क्रममा छन् र  कतिचाहिँ कार्यान्वयन हुन सकेका छैनन् ।यस परिप्रेक्षमा आगामी दिनहरुका लागि निम्नलिखित ६ वटा बाटाहरु देखिन्छन् :

- विशेष समूहका लागि अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्ने,
- माध्यमिक, उच्चमाध्यमिक तथा विश्वविद्यालयीय शिक्षामा निरन्तर शिक्षाका लागि खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने,
- अल्पावधि प्राथमिक तथा माध्यमिक विद्यालयहरु खोल्ने,

- प्रत्येक गाउँ विकास समिति र नगरपालिकामा विशेष समूहका लागि शिक्षाकोष स्थापना गर्ने,
- शिक्षक,निरीक्षक एवम् जिल्ला शिक्षा अधिकारीका लागि हुने औपचारिक तथा अनौपचारिक प्रकृतिका तालिमहरुमा विशेष समूहसँग सम्बन्धित शैक्षिक तथा अन्य समस्याहरुको विश्लेषण गर्ने र समयानुकूल समाधान निकाल्ने,
- शिक्षामा प्रवेश नपाएका विशेष समूहका केटाकेटीहरुलाई विद्यालयमा अतिरिक्त अभ्यास कक्षाको प्रबन्ध गर्ने।

विशेष समूहभित्र विभिन्न वर्गका बालबालिकाहरु पर्छन् ।यसअन्तर्गत सामाजिक-सांस्कृतिक, आर्थिक, शैक्षिक, भौगोलिक आदि दृष्टिले शिक्षामा प्रवेशबाट बञ्चित वर्गहरु पर्दछन् ।यीमध्ये यहाँ दलित, पिछडिएको समुदाय र विपन्न वर्ग र विशेष भाषिक समूह गरी चार परिवेशका विशेष समूहहरुको उल्लेख गरिएको छ ।

दलित समुदाय सम्बन्धी परिवेश

देशका चालिस लाखभन्दा बढी संख्यामा रहेको दलित समुदायको शैक्षिक स्थितिका बारेमा निकै कम अध्ययन-अनुसन्धानहरु भएका छन् ।हालसम्म उपलब्ध अध्ययनअनुसार दलित समुदायमध्ये १० प्रतिशत मात्र साक्षर छन् ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) शैक्षिक सांस्कृतिक सम्पदाको अभावः दलिहरुमा पढ्नु पर्छ भन्ने भावना पूर्णरुपमा जागिसकेको छैन ।विपन्न आर्थिक स्थितिमा बाँचेका दलितहरुमा आमसञ्चारका माध्यमहरुले पनि खासै प्रभाव पार्न सकेको छैन।

(२) जातीय छुवाछुतको समस्याः बल्लतल्ल विद्यालयमा वा अनौपचारिक शिक्षाको कक्षामा ल्याए पनि जातीय छुवाछुतको कारणले आफ्नै साथी एवम् शिक्षकहरुबाट शिक्षार्थीहरु अपहेलित हुनु परेकाले पनि उनीहरुमा बीचैमा पढाइ छोड्ने प्रवृत्ति बढेको देखिन्छ ।

(३) व्यापक निरक्षरता र गरिबीः दलितहरुमा कहालीलाग्दो गरिबीका कारणले पढ्ने पढाउने वातावरणको सृजना भएको छैन। यसैले दलित समुदायमा निरक्षरता व्याप्त छ ।

(४) अगुवा एवम् प्रेरक दलितको अभावः दलितका बस्तीबस्तीमा प्रेरक एवम् अगुवा दलितहरु छैनन् । परिणामतः उनीहरुमा पढ्ने-पढाउने हौसला जगाउने वातावरण बनिसकेको छैन ।

(५) दलित सीपको अवहेलनाः परम्परागत सीपका धनी दलितहरुलाई सामाजिक सम्मान छैन ।व्यावहारिक रुपमा उनीहरुको सीप प्रयोग गरे पनि सिपालु दलितलाई आदर नगर्ने हाम्रो संस्कार छ ।

**सुझावहरुः**

(१) शैक्षिक वातावरणको निर्माणः

(क) सरकारी संचारका माध्यमहरुबाट जातिय छुवाछुत उन्मूलन गर्ने सन्देशहरु प्रसारित गराउनु पर्छ। ती प्रसारित सन्देश अनुसार काम भए नभएको कुरा अनुगमन गराउने व्यवस्था हुनु पर्छ।

(ख) प्रत्येक विद्यालयले दलित सचेतीकरण कार्यक्रम संचालन गर्नु पर्छ। यस्ता कार्यक्रममा दलित समुदायमा शैक्षिक सांस्कृतिक सम्पदाको निर्माण गर्ने, गैरदलित समुदायमा छुवाछुत विरुद्ध अभियान चलाउने र दलित शिक्षाका लागि तत्स्थानमा उपयुक्त हुने कार्यक्रम संचालन गर्ने परिपाटी बसाउनु पर्छ।

(ग) विद्यालयमा दलित शिक्षक भर्ना गर्न प्राथमिकता दिइनु पर्छ। त्यसमा पनि दलित महिलालाई अवसर दिइनु पर्छ।

(२) पाठ्यपुस्तकहरुको परिमार्जनः

(क) पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा दलितहरुलाई सकारात्मक रुपले प्रस्तुत गर्ने, इतिहासमा अमूल्य योगदान दिने दलितहरु बारे चर्चा गर्ने, छुवाछुत, ऊँचनीच तथा छोइछिटोको भावना लिनु र सो अनुसारको व्यवहार प्रदर्शन गर्नु कानूनी अपराध भएकोले दण्डनीय हुन्छ भन्ने अभिप्रायका सूचनाहरु विभिन्न तहका पाठ्यपुस्तकमा समावेश गरिनु पर्छ।

(ख) दलित समुदाय भएका परिवेशमा रहने शिक्षक एवं स्थानीय शिक्षित व्यक्तिहरुबाट दलित सम्बन्धी पाठ्यसामग्रीहरु बनाई कक्षामा तिनको पठन पाठन गरिनु पर्छ।

(ग) सघनित पाठ्यांशहरु बनाई अल्पावधिक कक्षाहरु संचालन गरिनु पर्छ।

(३) परिवर्तनका लागि तयारी तालिमः अहिलेको प्रजातान्त्रिक मानवतावादी समाजमा पनि विद्यमान छुवाछुत जस्तो कुप्रथा हटाउनका लागि विद्यालय स्तरीय कार्यक्रम बनाई शिक्षक, विद्यालय र संचालक समिति र जनप्रतिनिधिहरुलाई अभियानका रुपमा तयारी तालिम दिइनु पर्छ। तयारी तालिमको क्रममा बहस, शिविर, साहित्यिक प्रतियोगिता र प्रचार प्रसार आदि गतिविधिहरु व्यापक रुपमा गरिनु पर्छ। यस बाहेक विभिन्न स्थानबाट दिइने शैक्षिक तालिमहरुमा अनिवार्य रुपले छुवाछुत हटाउने खालका विषयवस्तु समावेश गरिनु पर्छ।

(४) शिक्षालयमा विशेष प्रबन्धः

(क) दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक उच्चशिक्षाको अवसर प्रदान गर्न कोटा निर्धारित गरी न्यूनतम आधार पूरा गरेका दलित विद्यार्थीसँग मात्रै प्रतिस्पर्धा गराउने नीति अवलम्बन गरिनु पर्छ।

(ख) दलित केटाकेटीलाई प्रोत्साहन गर्न विद्यालय तहको शिक्षामा कुनै पनि शुल्क नलिने र निःशुल्क पुस्तक उपलब्ध गराउने नीति लिइनु पर्छ।

(ग) विद्यालय स्तरमा दलित विद्यार्थीहरुलाई दिइने छात्रवृत्तिका लागि जिल्लास्तरीय छात्रवृत्ति कोषको स्थापना गरिनु पर्छ र सो मार्फत जिल्लाका दलित विद्यार्थीहरुलाई उपलब्ध गराउने व्यवस्था हुनु पर्छ।

(घ) निजी तथा आवासीय विद्यालयमा दलित छात्रछात्राहरुलाई केही स्थान उपलब्ध गराउनु पर्छ।

(ङ) उच्च शिक्षाको तहमा पनि जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था हुनु पर्दछ।

(५) विशेष आर्थिक व्यवस्थाः

(क) विश्वविद्यालय तथा तिनका आंगिक एवं सम्बन्धन प्राप्त सबै क्याम्पसहरुमा दलित शिक्षा कोषको स्थापना गरी क्याम्पस तथा विश्वविद्यालय तहमा संचालन गरिनु पर्छ।

(ख) सिक्दै, कमाउँदै गर्ने नीतिको अवलम्बन गर्न विद्यालयमै दलित समुदाय बचत कार्यक्रम चलाउनु पर्छ।

(६) दलित सीपको संरक्षण र सम्बर्द्धनः

(क) प्रत्येक जिल्लामा दलित व्यवसाय तालिम केन्द्रको स्थापना गरिनु पर्छ। यस्ता केन्द्रहरुमा दलित तथा गैरदलित विद्यार्थीहरुलाई अल्पावधिक सीप विकास तालिम दिइनु पर्छ।

(ख) दलित सीपको सम्बर्द्धन गर्न केन्द्रमा दलित सीप विकास प्रतिष्ठान गठन गरिनु पर्छ।

**पिछडिएको समुदाय सम्बन्धी परिवेश**

नेपालमा शैक्षिक अवसर र सांस्कृतिक सम्पन्नताको अभावमा पिछडिएका धैरै जातिहरु छन् ।यिनीहरुको शैक्षिक तथा सांस्कृतिक अवस्थाबारे व्यापक अध्ययन भएको छैन।जनगणना २०४८ को विश्लेषण गर्दा केही जाति वा समुदायको साक्षरता दर ज्यादै न्यून छ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) शैक्षिक सांस्कृतिक सम्पदाको अभावः परम्परादेखि पिछडिएका समुदायहरुमा अझ पछाडिने क्रम जारी छ ।उनीहरुमा पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने मानसिकता बनिसकेको छैन। शिक्षाबाट आफ्नो जीवन आचार व्यवहार, रहन-

सहन, आमोद-प्रमोदको स्तरलाई उठाउने चेतनाकव उनीहरुमा नितान्त अभाव देखिएकाले यो समुदायको जीवनशैली उकास्न ठूलो चुनौतीको सामना गर्नु पर्ने देखिन्छ ।

(२) व्याप्त निरक्षरता र मरणान्त गरिबीः पिछडिएकै कारणले गर्दा यस्ता समुदायमा गरिबी एवम् निरक्षरता व्याप्त छ ।नेपालमा निरक्षरता र गरिबीबीच टड्कारो सम्बन्ध रहेको कुरालाई युनेस्को तथा एशियाली विकास बैंङ्कका प्रतिवेदनहरुले पनि औंल्याएका छन् ।

(३) परम्परागत शिक्षालयको एकलकाटे स्वरुपः पढ्न आउनेलाई पढाउने, नपढे टाउको नदुखाउने वा केवल पढ पढ मात्रै भन्ने, आफू नपढाउने नेपाली शिक्षालयको परम्परागत स्वरुप हो ।शैक्षिक सांस्कृतिक सम्पदाको दृष्टिले कमजोर समुदायमा पनि यही नीतिअनुसरण गर्दा विद्यालयहरु एकलकाँटे भएका छन् र विद्यालयबाट यस्ता समुदायले अपेक्षा गरेको लाभ लिन सकेका छैनन् ।

**सुझावहरुः**

(१) विशेष शैक्षिक प्रबन्धः

(क) पिछडिएको समुदायमा शिक्षाको ज्योति पुऱ्याउन सम्बन्धित समुदायलाई संलग्न गराई अल्पावधिक विद्यालयहरु संचालन गर्नु पर्छ।

(ख) भौगोलिक दूरी भएर कम विद्यार्थी हुने ठाउँहरुमा बहुकक्षा शिक्षण पद्धतिको उपयोग गरिनु पर्छ।

(ग) निजी तथा आवासीय विद्यालयहरुमा पिछडिएका समुदायका बालबालिकाहरुलाई केही स्थान उपलब्ध गराइनु पर्छ।

(घ) सम्बन्धित जाति वा समुदायको बसोबास भएका ठाउँका विद्यालयमा सकभर त्यही जाति वा समुदायका शिक्षकको नियुक्तिमा प्राथमिकता दिनु पर्छ।

(२) व्यापक प्रचार प्रसारः

(क) पिछडिएका समुदायमा भएको प्राविधिक सीपलाई सम्बर्द्धन गर्ने जिल्ला जिल्लामा प्रविधि विकास केन्द्रहरु खोलिनु पर्छ। यस्ता केन्द्रहरुमा अल्पावधिको सिप सिकाउने, बजारमुखी सीपहरुको प्रबर्द्धन गर्ने र अध्ययनरत विद्यार्थीहरुलाई आय आर्जन कार्यमा संलग्न गराइनु पर्छ।

(ख) क्षेत्रीय प्रसारण कार्यक्रम अन्तर्गत रेडियो, टेलिभिजन तथा जनसंचारका माध्यमहरुबाट शिक्षाको महत्वबारे व्यापक प्रचार प्रसार गरिनु पर्छ।



शिक्षा मन्त्रालय

(३) आर्थिक प्रबन्धः पिछडिएका समुदायका केटाकेटीहरुलाई विद्यालयमा ल्याउन, टिकाउन र निरन्तर शिक्षा प्रदान गर्न छात्रवृत्ति दिने प्रबन्ध गरिनु पर्छ। हालसम्म उच्चशिक्षामा प्रवेश गर्न नसकेका जातिका विद्यार्थीहरुलाई आवश्यक शैक्षिक सहयोग प्रदान गर्न पिछडिएको समुदाय सेवा कोष खडा गरिनु पर्छ। यस्तो कोष सम्बन्धित समुदायका व्यक्तिहरुकै संलग्नतामा संचालन गरिनु पर्छ।

**विपन्न वर्ग सम्बन्धी परिवेश**

मानव विकासका सूचकहरुका आधारमा हेर्दा नेपाललाई निर्धनतम राष्ट्र मानिन्छ। प्रतिव्यक्ति वार्षिक आय१५० डलर मात्र भएको हाम्रो देशमा राष्ट्रिय योजना आयोगका अनुसार ४५% भन्दा बढी प्रतिशत जनताहरु निरपेक्ष गरिबीको रेखामुनि बाँचेका छन् ।यसरी विपन्नताभित्र जेनतेन जीविका धान्ने व्यक्तिहरुको संख्या प्रतिवर्ष बढीरहेको छ ।संयुक्त राष्ट्रसंघ विकास परियोजना र विश्व बैंकको तथ्याङ्कले ७० प्रतिशत व्यक्तिहरु निरपेक्ष गरिबीको रेखामुनि बाँचेको दाबी गरेको छ ।अर्कोतिर धनी र गरिबको आर्थिक खाडल अझ बढ्दै गएको अनुमान छ ।यस परिवेशमा हेर्दा विपन्नताले सबै समुदायका व्यक्तिहरुलाई प्रभावित पारेको छ ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) कहालीलाग्दो गरिबीः विहान के खाऊँ, वेलुका के खाऊँ भन्ने समस्याग्रस्त भएको वर्गलाई शिक्षा प्राथमिकताभित्रको विषय बन्दैन ।हात-मुख जोर्नै धौ धौमै उनीहरुका दिनहरु वितिरहेका हुन्छन् ।उनीहरुका सन्तानहरु पनि यसै समस्याबाट आक्रान्त हुनाले बालश्रमिक हुन बाध्य हुन्छन् । उनीहरु आकल झुकलमै विद्यालयमा भर्ना भइहाले पनि पेटमा चारो नहुनाले पढ्ने रहर पनि हुँदैन र पढ्न अभिप्रेरित गर्ने संस्कार एवम् वातावरण पनि उनीहरुमा प्राप्त हुँदैन ।यसरी कहाली लाग्दो गरिबीका कारणबाट आमाबाबुहरु छोराछोरीलाई पढाउन नचाहने वर्गका रुपमा प्रस्तुत भएका हुन्छन् ।उनीहरुका मानवीय इच्छा -आकाङ्क्षा गरिबीभित्र मरिसकेका हुन्छन् ।विपन्न वर्गमा निरक्षरता व्याप्त छ। पेटमा चारो छैन । पढ्ने रहर पनि छैन । पढ्न अभिप्रेरित गर्ने संस्कार एवम् वातावरण पनि छैन ।

(२) अव्यावहारिक पढाइः विपन्न व्यक्तिहरुको समस्या समाधानका लागि विद्यालयीय शिक्षा व्यावहारिक हुन सकेको छैन ।उनीहरुका समस्याप्रति लक्षित गरिएका पाठ्य विषयहरुको छनोट गरी सोहीअनुसारका पाठ्यसामग्रीहरुको उपयोगतर्फ कमै ध्यान गएको छ ।

**सुझावहरुः**

(३) विशेष आर्थिक प्रबन्धः

(क) प्रत्येक विद्यालयमा विपन्न विद्यार्थीका लागि पेवा बचत कार्यक्रमको थालनी गरिनु पर्छ। यसका लागि विद्यार्थी एवं उनीहरुका अभिभावकहरुलाई अभिमुखीकरण तालिम दिइनु पर्छ।

(ख) स–साना समूह गठन गरी उनीहरुलाई आय आर्जनको तालिम दिइनु पर्छ। तालिम पश्चात् ती विद्यार्थीहरुलाई उद्यमका कार्यकलापमा लगाउनु पर्छ।

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति तथा संस्थाहरुलाई अनुरोध गरेर सके विद्यालय पिच्छे र नसके गाउँ विकास समिति पिच्छे प्रायोजकहरु जुटाई तिनीहरुलाई साक्षर बनाउने तथा आय आर्जन काममा संलग्न गराउने कार्यक्रमको थालनी गरिनु पर्छ।

(घ) किताब किन्न नसक्ने विद्यार्थीहरुलाई सहयोग पुऱ्याउन प्रत्येक शिक्षालयमा किताब बैंक स्थापना गरिनु पर्छ।

(ङ) छात्रवृत्ति दिने, शुल्क मिनाहा गर्ने, निःशुल्क छात्रावासको प्रबन्ध गर्ने कार्यक्रमको विस्तार गरिनु पर्छ।

(४) विशेष शैक्षिक व्यवस्थाः

(क) विपन्न बालबालिकाहरुका लागि परिवेश र उपयुक्तता हेरी अल्पकालिन विद्यालयहरुको कार्यक्रम बनाई संचालन गरिनु पर्छ।

(ख) निरन्तर शिक्षा दिनका लागि खुला शिक्षा कार्यक्रम लागू गरी परियोजना विधिद्वारा शिक्षण गरिनु पर्छ।

(ग) लक्षित समूहलाई ध्यानमा राखी साक्षरता कार्यक्रम संचालन गरिनु पर्छ।

**भाषिक समुदाय सम्बन्धी परिवेश**

बहुभाषिक देश नेपालमा नेपालीबाहेक विभिन्न भाषा बोल्नेहरुको बसोबास रहेको छ । कतिपय शिक्षार्थीहरु छरछिमेक वा पारिवारिक वातावरणले नेपाली बुझ्न र बोल्न जान्ने हुन्छन् तर कतिपय भाषिक समुदायका क्षेत्रमा आफ्नो मातृभाषाबाहेक अर्को बुझ्न र बोल्न नसक्नेहरु पनि भेटिन्छन् ।त्यस्ता शिक्षार्थीहरुलाई नेपाली भाषाको मौखिक माध्यमद्वारा सिकाइएका कुराहरु बुझ्न कठिनाइ हुन्छ भने सोही भाषामा तयार पारिएका पाठ्यसामग्रीहरु पढेर बुझ्न अझ कठिन हुन्छ ।उक्त स्थितिको भाषिक पछौटेपनबाट शिक्षार्थीहरुको सिकाइशिक्षण प्रभावित भएमा अपेक्षित उद्देश्य प्राप्त गर्न निश्चय नै गाह्रो पर्छ ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) विद्यालय छोडेर जाने प्रवृत्तिः कतिपय स्थानीय समुदायका मातृभाषी शिक्षार्थीहरु कक्षामा प्रयोग गरिएको भाषा नबुझेर आफ्नो पढाइलाई निरन्तरता दिनबाट बञ्चित हुन्छन् । साना शिक्षार्थीहरु आफ्नो घरको भाषाभन्दा फरक

भाषा कक्षामा प्रयोग गरिनाले कक्षाका शैक्षिक गतिविधितर्फ आकर्षित हुन सक्दैनन् ।

(२) समायोजनमा कठिनाइः कक्षाका शैक्षिक गतिविधिका साथै विद्यालयीय गतिविधिमा भाषामा प्रभावशाली रुपमा प्रयोग हुने मातृभाषा निकै भिन्न भएको स्थितिमा आफ्ना दौतरीहरुसँग घुलमिल हुन र विद्यालयको वातावरणमा आफ्नै घरपरिवेशअनुरुप महसुस गर्न नसक्दा समाजीकरणमा बाधा पुग्न जान्छ ।यसको फलस्वरुप यस्ता शिक्षार्थीहरु पढाइमा पनि पछाडि पर्छन् ।यसरी कक्षामा समायोजनको समस्याले शिक्षालाई बीचमै कक्षा छोडि फेरि विद्यालय नफर्कन बाध्य हुन्छन् ।

(३) पाठ्यसामग्रीको अभावः विभिन्न मातृभाषामा लेखिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको अभावले पनि मातृभाषी शिक्षार्थीहरुलाई आफ्नो भाषामा पढ्ने अवसर प्राप्त भएको छैन । नेपालमा धेरैजसो भाषाहरुको आफ्नो लेख्य परम्परा विकास भइसकेको छैन । ती मौखिक परम्परामा मात्र सीमित छन् ।सम्बन्धित भाषाको अध्ययन, वर्णमालाको निर्धारण, लिपिको छनोट आदि विभिन्न कार्यहरु यसमा सम्पन्न गर्नु आवश्यक हुन्छ । मातृभाषमा पाठ्यसामग्री तयार गर्नका लागि त्यस भाषामा विज्ञहरुको समेत आवश्यकता पर्ने हुन्छ । तसर्थ सबैजसो भाषामा पाठ्यसामग्रीहरुको विकास गर्ने कुरा त्यति सजिलो छैन ।

(४) मातृभाषमा शिक्षाका लागि प्रशिक्षणको अभावः प्रारम्भिक शिक्षामा विभिन्न मातृभाषी पृष्ठभूमिका शिक्षार्थीहरुको शिक्षामा देखापरेका समस्याहरुको ठोस अध्ययन-पर्यवेक्षण भएको छैन।विभिन्न भाषिक क्षेत्रमा अनुभव गरिएका यस किसिमका शैक्षणिक समस्यालाई दृष्टिगत गरी शिक्षार्थीहरुका लागि उपयोगी हुने गरी शिक्षण परिपाटी विकास गर्न र यसबाट उत्पन्न स्थानीय समस्याहरु समाधान गर्न मातृभाषामा शिक्षक तथा सहयोगी कार्यकर्ताहरुका लागि प्रशिक्षणको व्यवस्था आजसम्म हुन सकेको छैन ।

**सुझावहरुः**

(१) मौखिक माध्यमका रुपमा मातृभाषाः मातृभाषाका पाठ्यपुस्तकहरु उपलब्ध नहुँदा प्रारम्भिक कक्षाहरुमा नेपाली भाषाका पाठ्यपुस्तकका विषयवस्तुलाई मातृभाषाको मौखिक माध्यमबाट सिकाउने बुझाउने गर्नु पर्छ। कक्षाका गतिविधिहरुलाई उनीहरुको बुझाईको स्तर अनुसार नेपाली भाषामा लेखिएका पाठ्यसामग्रीहरुलाई सम्बन्धित मातृभाषामा अनुवाद गरी सिकाउनु उपयुक्त हुन्छ।

(२) विद्यालयका परिवेशमा मातृभाषाः प्रारम्भमा शिक्षार्थीहरुसँग कक्षाका शैक्षिक गतिविधिका साथै विद्यालयीय परिवेशका गतिविधिहरुको माध्यम पनि आवश्यकताअनुसार उनीहरुकै मातृभाषालाई बनाइनु पर्छ।

(३) द्विभाषिक शिक्षाः दुई भिन्न भिन्न भाषाको पृष्ठभूमि भएका शिक्षार्थीहरु भएमा उनीहरुलाई दुवै भाषाका माध्यमबाट पठनपाठन गराउने व्यवस्था हुनु पर्छ। विशेष गरेर नेपाली मातृभाषी र अन्य मातृभाषी शिक्षार्थीहरु एउटै कक्षामा भएका स्थितिमा यस्तो विधिलाई प्रयोग गर्न सजिलो हुन्छ। नेपाली भाषामा भएका पाठ्यसामग्रीलाई दुवै भाषाका माध्यमद्वारा सिकाउँदा उनीहरुलाई आफ्नो भाषाबाट राष्ट्रभाषातिर संक्रमित हुँदै सिक्ने अवसर प्राप्त हुन्छ। माथिल्ला कक्षाहरुमा शिक्षार्थीहरुलाई नेपालीका माध्यमबाट हुने सिकाइ शिक्षणमा सुगमता हुने र कठिनाइ कम हुने हुन्छ।

(४) पाठ्यसामग्रीको निर्माणः मातृभाषी शिक्षार्थीहरुको माग र आवश्यकता अनुरुप विभिन्न मातृभाषामा पाठ्यसामग्री तयार गर्दै जानु पर्छ। यसका लागि लेख्यपरम्परा नभएका भाषाहरुमा समेत आवश्यक अध्ययन र पूर्वतयारीका साथ गरी तिनमा पाठ्यसामग्रीको निर्माण गर्ने प्रयास हुनु पर्छ।

(५) मातृभाषाको प्रशिक्षणः विभिन्न मातृभाषी पृष्ठभूमिका शिक्षार्थीहरुको समस्याहरुको अध्ययन र उनीहरुलाई उपयोगी हुने परिपाटीको पहिचान गरी विभिन्न मातृभाषामा अध्ययन–अध्यापन गर्ने शिक्षक तथा सहयोगी कार्यकर्ताका लागि प्रशिक्षण गर्नु पर्छ।

शिक्षा मन्त्रालय

# शिक्षक शिक्षा

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) नीतिगत प्रतिबद्धताः शिक्षक शिक्षा तथा प्रशिक्षण सम्बन्धी राष्ट्रिय नीति तय गरिनुका साथै विद्यालयको शिक्षक सेवामा प्रशिक्षणलाई अनिवार्य गराउने राष्ट्रिय प्रतिबद्धता हुनु पर्छ।

(२) संस्थागत विकासः शिक्षक शिक्षा तथा प्रशिक्षणका गतिविधिहरुमा संलग्न संस्था तथा प्रशिक्षण केन्द्रहरुको संस्थागत विकास तथा सुदृढीकरणलाई प्राथमिकता दिनु पर्छ।

(३) निजी क्षेत्रको सहभागितामा अभिवृद्धिः विद्यालयहरुमा तालिम प्राप्त शिक्षकहरुको बढ्दो मागलाई पूर्ति गर्न र यसमा विविधिकरण गर्न निजी क्षेत्रका संस्थाहरुलाई निर्धारित मापदण्ड र पूर्वशर्तभित्र रही शिक्षक प्रशिक्षणका गतिविधि संचालन गर्न आकर्षित गर्नु पर्छ।

(४) सामुदायिक तथा निजी विद्यालयका प्रशिक्षित जनशक्तिः सामुदायिक तथा निजी विद्यालयका शैक्षिक गतिविधिलाई गुणस्तरीय र प्रभावकारी बनाउन अधिकतम संख्यामा प्रशिक्षित शिक्षकहरु राख्नु पर्ने प्रावधानको कार्यान्वयन गराउनमा जोड दिनु पर्छ।

(५) शिक्षाशास्त्रको प्राविधिक स्वरुपः शिक्षाशास्त्रको प्राविधिक स्वरुपलाई मान्यता दिई त्रिभुवन विश्वविद्यालय अन्तर्गतको शिक्षाशास्त्र संकायलाई सोही अनुरुप प्राज्ञिक भौतिक दृष्टिले सक्षम बनाउनु पर्छ। साथै हाल केन्द्रीय स्तरमा रहेका विषयगत शिक्षासँग सम्बन्धित विभागहरुलाई स्वायत्त रुपमा विकास गर्नु पर्छ।

(६) प्रशिक्षितहरुका लागि सुविधाः तालिमप्रति शिक्षकहरुलाई आकर्षित गर्नका निम्ति तालिम प्राप्त शिक्षकहरुलाई तालिम अप्राप्त शिक्षकहरु भन्दा तलब सुविधामा अझ बढी वृद्धि गर्नु पर्छ।

(७) आवश्यकतामुखी कार्यक्रमः विभिन्न तहका शैक्षिक कार्यक्रमहरुको आवश्यकता, विषयगत विविधता तथा मागलाई दृष्टिगत गरी शिक्षक शिक्षा तथा प्रशिक्षणका कार्यक्रमहरुमा विविधिकरण ल्याउनुका साथै यिनको सुदृढीकरण गर्नु पर्छ। यसका लागि उपभोक्ता वर्गको अपेक्षा अनुसार स्थलगत रुपमा

आवश्यकताको अध्ययन अनुसन्धानका आधारमा विभिन्न तह र प्रकृतिको कार्यक्रम तर्जुमा र सोही अनुसारको पाठ्यक्रम निर्माण गरी संचालन गर्नु पर्छ।

(८) पूर्वप्राथमिक शिक्षक प्रशिक्षणः देशमा पूर्वप्राथमिक विद्यालयहरुको विस्तार बढ्दै गएको सन्दर्भमा पूर्वबाल्यावस्थाको अध्ययन अनुसन्धान गर्ने कार्यक्रमको थालनी गर्नुका साथै पूर्वप्राथमिक विद्यालयहरुमा पढाउने शिक्षकहरुका लागि तत्काल उपयुक्त प्रशिक्षणको व्यवस्था गरिनु पर्छ।

(९) सेवाकालिन र पूर्वसेवाकालिन कार्यक्रमः शिक्षण अनुभव नभएका पूर्व सेवाकालिनहरु र शिक्षणको अनुभव गरिसकेका सेवाकालिनहरुका लागि बेग्लाबेग्लै प्रशिक्षण कार्यक्रम संचालन गर्नु पर्छ।

(१०) शिक्षक तालिममा व्यापकताः देशमा बहुसंख्यक शिक्षकहरु तालिम अप्राप्त भएकाले विभिन्न तह र प्रकृतिका प्रशिक्षण कार्यक्रमहरु संचालन गर्न एक वा दुई संस्थाको संलग्नता मात्र पर्याप्त नहुने हुँदा यसका लागि सरकारी, गैरसरकारी विभिन्न संस्थाहरुलाई सहभागी गराई यसमा व्यापकता ल्याइनु पर्छ।

(११) निरीक्षण अनुगमनः देशमा संचालित शिक्षक शिक्षा तथा प्रशिक्षण सम्बन्धी विभिन्न कार्यक्रम र तिनको कार्यान्वयनमा प्रभावकारिताको निरीक्षण, अनुगमन तथा समन्वय गर्ने केन्द्रीय संयन्त्रको व्यवस्था हुनु पर्छ।

(१२) प्रयोगात्मक पक्षमा विशेष जोडः शिक्षक शिक्षा तथा प्रशिक्षणलाई व्यावहारिक र प्रयोगात्मक बनाउन सम्बन्धित कार्यक्रमका पाठ्यक्रमहरुको अद्यावधिक सुधार गर्दै जानु पर्छ र यस्ता पाठ्यक्रममा प्रयोगात्मक पक्ष र नियमिततालाई बढी जोड दिइनु पर्छ।

(१३) प्रशिक्षकहरुको सक्षमतामा वृद्धिः शिक्षक शिक्षा तथा प्रशिक्षणमा संलग्न हुने शिक्षकहरुलाई नवीतनम पद्धति, विषयवस्तु, मूल्यांकन प्रक्रिया आदिबारे समय समयमा अभिमुखिकरण, अन्तरक्रिया, गोष्ठी, कार्यशाला आदिका अवसरहरु उपलब्ध गराउनु पर्छ।

(१४) प्राज्ञिक उन्नयनको कार्यक्रमः विभिन्न सामान्य वा विषयगत शैक्षणिक समस्याहरुबारे विभागीय अध्ययन अनुसन्धानका गतिविधिहरुलाई प्राथमिकताका साथ संचालन गर्नु पर्छ र ती अध्ययन अनुसन्धानलाई प्रशिक्षणका कार्यक्रमको सामयिक सुधारका लागि उपयोग गर्ने वातावरणको सृजना गर्नु पर्छ।

(१५) शिक्षक शिक्षा र प्रशिक्षणमा फरकः शिक्षक शिक्षाका कार्यक्रमहरु दीर्घावधिक र सैद्धान्तिक प्रकृतिका समेत हुने हुँदा प्रशिक्षित जनशक्तिको उत्पादनमा यस्ता कार्यक्रममा मात्र निर्भर हुन सकिंदैन। तसर्थ अल्पावधिक प्रशिक्षणका कार्यक्रमहरु विभिन्न चरणमा व्यापक रुपमा संचालन गर्नु पर्छ। यस्ता

कार्यक्रमहरु बढी प्रयोगमूलक हुनु आवश्यक छ। शिक्षक शिक्षा र प्रशिक्षण दुई भिन्नाभिन्नै प्रकृतिका कार्यक्रम भएता पनि यी आपसमा पूरकका रुपमा रहेकाले एक अर्काको अनुभवबाट लाभान्वित हुने वातावरणको सृजना हुनु पर्छ।

(१६) दूरशिक्षाको व्यवस्थाः शिक्षक प्रशिक्षणका कार्यक्रमहरुलाई व्यापकता दिन तत्स्थानीय आवश्यकता अनुसार दूरशिक्षाका कार्यक्रमहरु संचालन गर्नु पर्छ।

(१७) शैक्षिक प्रविधिः प्रशिक्षण कार्यक्रमहरुलाई प्रभावकारी बनाउन परम्परागत प्रविधिमा मात्र निर्भर नरही आधुनिक तथा नवीनतम शैक्षिक प्रविधिहरुको प्रयोगमा जोड दिनु पर्छ।

शिक्षा मन्त्रालय

# पाठ्यक्रम तथा पाठ्यपुस्तक

**विषय प्रवेश**

**वर्तमान स्थिति**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) पाठ्यक्रम परिमार्जनः शिक्षार्थीहरुको आवश्यकता र क्षमताको अध्ययन, विश्लेषण र अनुभवका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्ने परिपाटी बसाल्नु पर्छ। यस किसिमको परिमार्जन सम्बन्धित विषयहरुको ज्ञानको विस्तार तथा आधुनिकीकरणलाई ख्याल राखी ५/५ वर्षमा गरिनु उपयुक्त हुन्छ।

(२) पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको उत्पादनमा व्यापकता विविधताः विद्यालयका विभिन्न तहमा निर्धारित पाठ्यपुस्तकका अतिरिक्त तहअनुकुल अन्य पाठ्यसामग्रीहरुको उत्पादनमा व्यापकता र विविधता ल्याइनु पर्छ। सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुको मौलिक चिन्तन तथा सृजनशीलताको अभिवृद्धिका लागि यस्ता पाठ्यसामग्रीहरुको समेत प्रयोग गर्नु पर्छ।

(३) प्रतिस्पर्धाका आधारमा पाठ्यपुस्तक लेखन तथा प्रकाशनः विद्यार्थीहरुको स्वाध्ययन तथा पठनबानीको विकासका लागि पनि पाठ्यक्रम अनुरुपका पाठ्यपुस्तकहरुलाई प्रतिस्पर्धाका आधारमा लेख्ने लेखाउने तथा प्रकाशन गराउनेतर्फ विशेष जोड दिनु आवश्यक छ। यसो भएमा स्तरीय पाठ्यपुस्तकहरु उपलब्ध हुने बढी संभावना हुन्छ।

(४) छनौट र स्तरणमा विशेष जोडः विद्यालय तहका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरुको उत्पादन गर्दा विषयवस्तुको छनौट र स्तरणलाई विशेष ध्यान दिनु पर्छ। त्यसका लागि बालबालिकाहरुको मानसिक, सामाजिक र संवेगात्मक विकासका साथै स्तरअनुरुपको संज्ञानात्मक क्षमता तथा शब्दभण्डारको समेत ख्याल गरिनु पर्छ।

(५) स्वदेशी परिवेशका पाठ्यपुस्तकहरुको लेखनः नेपालको संस्कृति, वस्तुस्थिति र मौलिकतालाई ध्यानमा राख्नुका साथै आफ्नो परिवेशका जीवनोपयोगी पक्षहरुलाई जोड दिने खालका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरु उत्पादन गरिनु पर्छ।

(६) पाठ्यक्रम र परीक्षामा सामञ्जस्यः पाठ्यक्रम निर्माण र परीक्षाका गतिविधिहरु एउटै निकायबाट संचालन गरिने प्रबन्ध मिलाईनु पर्छ। यसो गरिएमा पाठ्यक्रमका उद्देश्यहरु हासिल भए नभएको निर्क्यौलका साथै तिनका

उपलब्धिको सही आकलन हुन सक्छ र त्यसको पृष्ठपोषण पाठ्यक्रम निर्माताले प्राप्त गर्ने हुँदा पाठ्यक्रम र परीक्षा प्रणालीको सुधारमा पनि यसले एकअर्कालाई ठूलो प्रभाव पार्न सक्नेछ।

(७) पाठयक्रममा तहगत संगतिः विद्यालयका विभिन्न तहका पाठ्यक्रमको निर्माणमा सामञ्जस्य र संगतिको निकै कमी पाइन्छ। त्यस्तै विद्यालय र विश्वविद्यालयका विभिन्न तहका पाठ्यक्रमका बीचको अन्तराल र असंगतिलाई हटाउन तल्ला र माथिल्ला तहका विद्यार्थीहरुको क्षमताको वस्तुगत अध्ययनलाई आधार बनाइनु पर्छ।

(८) पाठ्यभारमा सन्तुलनः विभिन्न तहका पाठ्यक्रममा राखिने साधारण, मूल र ऐच्छिक विषयको औचित्यलाई सान्दर्भिकता र उपयुक्तताका आधारमा परख गरी सोही अनुरुप विषयहरु निर्धारित गर्नुका साथै तिनको पाठ्यभारमा पनि सन्तुलन ल्याउनमा ध्यान दिनु पर्छ।

(९) पाठ्यक्रमको सर्वसुलभताको अभावः विद्यालय तथा विश्वविद्यालयको पठन पाठनलाई पाठ्यपुस्तककेन्द्री बनाउनुको सट्टा पाठ्यक्रमकेन्द्री बनाउने प्रयास गर्नु पर्छ। यसका लागि शिक्षक प्रशिक्षण कार्यक्रममा पाठ्यक्रमको अध्ययन गराउने व्यवस्था हुनु पर्छ।

(१०) पाठ्यपुस्तक वितरणः

(क) विद्यालयमा हालको पाठ्यपुस्तक वितरण नीतिलाई पुनरावलोकन गरी कक्षा प्रारम्भ हुनु अगावै सम्बन्धित ठाउँमा पुग्ने सुगम व्यवस्था गरिनु पर्छ।

(ख) एउटाले उपयोग गरेको पाठ्यपुस्तकलाई अर्काले पुनः प्रयोग गर्ने व्यवस्था हुनुपर्छ।

(ग) निजीस्तरबाट पनि पाठ्यपुस्तक मुद्रण कार्य हुनका साथै पुस्तक वितरणको परिपाटीलाई एकाधिकारमा नछोडी प्रतिस्पर्धाका आधारमा पुस्तक वितरकहरुलाई पनि दिइनु पर्छ।

(११) सहायक सामग्रीः पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाई/पाठ्यक्रम विकास केन्द्रले शिक्षण सामग्रीहरु जस्तै श्रव्य दृश्य क्यासेटहरु, नक्सा, चार्ट, तस्वीर आदि तयार गरी लागत मूल्यका आधारमा उपलब्ध गराउनु पर्दछ।

(१२) पाठ्यक्रम विकास केन्द्रको भूमिकाः

(क) पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण, परिमार्जन र पाठ्यपुस्तक लेखाउने कार्यका साथै बजारमा उपलब्ध हुने स्तरीय पुस्तकहरुको छनौट गरी तिनलाई थप सामग्रीको उपयोग गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनु पर्छ।

(ख) यस केन्द्रले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण एवं परिमार्जनका लागि आवश्यक अध्ययन अनुसन्धान समेत गर्नु गराउनु पर्छ।

(ग) यो केन्द्र पाठ्यक्रम सम्बन्धी गोष्ठी, अभिमुखीकरण, कार्यशाला समेत संचालन गर्नमा संलग्न हुनु पर्छ।

(घ) यस केन्द्रले शिक्षकका लागि पाठ्यक्रम पाठ्यपुस्तक सम्बन्धी निर्देशिका तयार गर्ने कार्य पनि गर्नु पर्छ।

शिक्षा मन्त्रालय

# परीक्षा र मूल्यांकन

## विषय प्रवेश

शिक्षामा गुणात्मकताको कसीको मापनका रुपमा परीक्षा र मूल्याङ्कनलाई लिने गरिन्छ।परीक्षा र मूल्याङ्कनको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ।मूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा धेरै जसो शैक्षणिक निर्णयहरु लिने गरिन्छन्।मूल्याङ्कन माध्यमबाट नै धेरैजसो शैक्षिक क्रियाकलापहरुका सबल तथा निर्बल पक्षहरुको पहिचान गरी सोहीअनुरुप उपचारात्मक कदल चाल्न मद्दत मिल्छ।

## वर्तमान स्थिति

केही वर्षयता नेपालका विद्यालय तथा विश्वविद्यालयहरुमा मूल्याङ्कन र परीक्षालाई पर्यायबाची शब्दका रुपमा प्रयोग गर्ने गरेको पाइन्छ।साधारणतया परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरुमध्येको एउटा साधन मात्र हो तर मूल्याङ्कनका अन्य साधनहरुको प्रयोग हाम्रो शैक्षिक प्रणालीमा कमै भएको पाइन्छ।हाम्रो प्रचलित शिक्षण प्रक्रिया परीक्षामुखी छ।विद्यालयहरु तर्फ त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाद्वारा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने परिपाटी छ भने सिमेस्टर प्रणाली लागू नभएका विश्वविद्यालयअन्तर्गतका विभागहरुमा वार्षिक प्रणाली भएकाले तीन चार घण्टाको जाँचका आधारमा विद्यार्थीले वर्षभरि आर्जेको ज्ञानको मूल्याङ्कन गरिन्छ।यसबाट खासगरी प्रवेशिका, उच्चमाध्यमिक र त्रिभुवन विश्वविद्यालयका विभिन्न तहहरुमा विद्यार्थीको न्यून उत्तीर्ण प्रतिशतले राष्ट्रको ठूलो लगानी खेर गइरहेको छ। प्रवेशिका परीक्षामा अत्यधिक विद्यार्थीहरुको असफलताले माध्यमिक शिक्षामा ठूलो क्षति भएको देखिएको छ।यस परीक्षाले विद्यार्थीहरुमा घोक्ने प्रवृत्तीलाई प्रोत्साहित गरेको पाइन्छ।

परीक्षा र मूल्याङ्कनबारे राष्ट्रिय  शिक्षा आयोग २०४९ले दिएका सुझावहरुमध्ये केही प्रमुख सुझावहरु यस प्रकार छन्

- कुनै पनि स्तरको मूल्याङ्कन(अथवा परीक्षा) पद्धतिले शिक्षकले के र कसरी पढाउँछन् विद्यार्थीहरुको पठनपाठनसम्बन्धी क्रियाकलाप के कस्तो छ? गुणस्तरको आधारमा विद्यार्थीहरुको छनोट गर्ने काम कितको वस्तुगत रुपमा भएको छ आदि कुराहरुलाई दर्साउने हुँदा सोहीअनुरुप यसमा ध्यान पुर्‍याउनु पर्दछ।अतः मूल्याङ्कन(परीक्षा)लाई पठनपाठनका साथै वर्षभरि नै चलिरहने एउटा नियमित सकारात्म शैक्षिक क्रियाकलापको रुपमा लिइनु पर्छ।यसका लागि मासिक, द्वैमासिक वा त्रैमासिक परीक्षा लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ।
- हालको परीक्षा नियन्त्रण कार्यालय वर्तमानमा बढ्दो आवश्यकताको तुलनामा स्रोत र जनशक्तिको दृष्टिबाट साह्रै कमजोर अवस्थामा छ। यसलाई एउटा दरिलो स्वायत्त संस्थाका रुपमा संचालन र विकास गरिनु पर्दछ।यसले परीक्षा

सञ्चालनमा सुधार गर्ने कार्य गर्नुपर्छ र परीक्षा सुधार गर्ने प्रक्रियामा नमूना प्रश्नहरुको बैंङ्क खडा गर्ने, अनुसन्धान गर्ने, स्तरयुक्त प्रश्नहरु बनाउने जस्ता विकासमूखी काम पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रबाट गराइनु पर्दछ।

- परीक्षा र मूल्याङ्कन दक्ष व्यक्तिले मात्र स्तरयुक्त ढंगले सक्ने विषय भएकाले त्यसको व्यवस्थापन र सञ्चालन पनि सोहीअनुरुपका विषय विशेषज्ञहरुबाट नै हुनु पर्दछ।यसकारण यस क्षेत्रमा जनशक्तिको विकास गर्नु र तिनैबाट परीक्षालाई स्तरयुक्त बनाउने कार्य गराउनु आवश्यक छ।
- उच्चशिक्षामा प्रवेशका लागि स्तरयुक्त प्रश्नपत्रको निर्माण, परीक्षण र सञ्चालनतर्फ ठोस कदम चालिनु पर्छ।
- आगामी वर्षहरुमा सिमेस्टर प्रणालीलाई पुनः कार्यान्वयन गर्नेबारे सम्बन्धित विषयका दक्षहरुले चिन्तन मनन गरी एउटा कार्यक्रम बनाई लागू गर्नेतर्फ विचार गर्नुपर्छ।

उक्त आयोगले परीक्षा र मूल्याङ्कनका सन्दर्भमा दिएका सुझावहरुमध्ये केही सुझावहरु कार्यान्वयन भएका छन्।परीक्षालाई नियमित पठनपाठनका लागि सधैँभरि चलिरहने शैक्षिक कार्यकलापका रुपमा लिन सकिएको देखिँदैन। विश्वविद्यालयहरुको स्नातक तहमा भर्ना हुने विद्यार्थीहरुका लागि प्रवेश परीक्षाको थालनी गरिएको छ।क्याम्पसहरुमा खासगरी साधारण श क्षा दिने विषयहरुमा आन्तरिक मूल्याङ्कनको व्यवस्था गर्ने थालनी नगरिए पनि विद्यालयहरुमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाद्वारा विद्यार्थीहरुको मूल्याङ्कन गरिने कार्य जारी छ।सरकारको परीक्षा नियन्त्रण कार्यालयलाई सुधार गर्ने प्रक्रिया प्रभावकारी भएको छैन।यसलाई पाठ्यक्रम विकास केन्द्रसँग सामञ्जस्य राखी नमूना प्रश्न निर्माण गर्ने, स्तरयुक्त प्रश्न बनाउने आदि कार्यमा कुनै प्रगति भएको छैद्व।विशेषतः प्रवेशिका परीक्षामा विशेषज्ञहरुद्वारा प्रश्ननिर्माण प्रक्रियामा विशेषज्ञहरुलाई संलग्न गराउने तर्फ कमै ध्यान दिएको देखिन्छ।संलग्न हुने व्यक्तिहरुलाई छोटो अवधिकै भए पनि तालिम दिने व्यवस्था शुरु गरेको छ। उच्चमाध्यमिक शिक्षा परिषदले कक्षा ११ र १२ का परीक्षाहरु केन्द्रबाटै संचालन गर्ने कार्य सुरु गरी सकेको छ।

**प्रमुख समस्या तथा मुद्दाहरु**

(१) समन्वयको अभावः पाठ्यक्रममा राखिएका उद्देश्यहरुको पूर्ति भए-नभएको काम परीक्षा र मूल्याङ्कनबाट हेरिने भए तापनि पाठ्यक्रमको निर्माण परीक्षा सञ्चालन भिन्नाभिन्नै निकायबाट हुने गरेको छ।तसर्थ विद्यार्थीहरुबाट हासिल हुनु पर्ने उद्देश्य र यसको प्रतिफलको लेखाजोखा गर्ने संस्थाहरुका बीच समन्वय नहुनाले ठूलो समस्या खडा भएको छ।

(२) वार्षिक परीक्षामा निर्भरताः परीक्षाबाहेक मूल्याङ्कनका अन्य साधनहरुको प्रयोग ज्यादै कम मात्रामा भएको देखिन्छ।विद्यालयहरुमा वार्षिक परीक्षाबाहेक मूल्याङ्कनका अन्य प्रक्रियाहरु पनि अपनाए तापनि खास गरी त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयमा वार्षिक परीक्षालाई नै मूल्याङ्कनको मुख्य आधार मानिएको छ।

(३) प्रश्नपत्र र परीक्षणमा नगण्य सुधारः प्रश्नपत्र निर्माण कार्यमा स्तरीयताको कमी एकातिर छ भने अर्कातिर प्राश्निक, परीक्षक र संपरीक्षकहरुलाई समयसापेक्ष तालिमको अवसर नभएकाले परीक्षाका गतिविधिमा एकरुपता र विश्वसनीयता आउन सकेको छैन।

(४) शैक्षिक कार्यपात्रोअनुरुप पठनपाठनको अभावः त्रिभुवन विश्वविद्यालयमा शैक्षिक कार्यपात्रोको निर्माण र सोअनुसारको पठनपाठन तथा परीक्षा व्यवस्था लागू हुन सकेको छैन। निर्धारित अवधिभित्र पठनपाठन पूरा नहुँदा, समयमा परीक्षा सञ्चालन र त्यसको नतिजा प्रकाशित नहुँदा विद्यार्थीहरुको शैक्षिक सत्रमा आधारत परिरहेको छ।

(५) केन्द्रीकृत परीक्षा प्रणालीः परीक्षा सञ्चालन कार्य नितान्त केन्द्रीकृत रहेको छ। यद्यपि त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थानहरुले परीक्षाहरु आफैँ सञ्चालन गर्न थालेका छन् तापनि धेरैजसो संकायका परीक्षाहरु एउटै कार्यालयबाट सञ्चालित हुन्छन्।फेरि नियमितका साथै प्राइभेट परीक्षार्थीहरुको पनि ठूलो संख्यालाई परीक्षामा सम्मिलित गराउनु पर्दा प्रश्नपत्र-निर्माण, परीक्षण र संपरीक्षणमा सुधार तथा प्रभावकारी परीक्षा व्यवस्थापनतर्फ खासै ध्यान गएको पाइँदैन।

(६) परीक्षण निकायको सक्षमतामा कमीः परीक्षा नियन्त्रण कार्यालयहरु आधुनिक प्रविधि र सक्षमताबाट सम्पन्न छैनन्। परम्पारित परिपाटीबाटै परीक्षाहरु सञ्चालित भइरहेका छन्।एकातिर परीक्षा सञ्चालनमा ठूलो धनरासी खर्च भइरहेको छ भने अर्कोतिर परीक्षाको स्तरीयता र यसको नतिजा प्रकाशनमा हुने ढिलाई ठूलो समस्याका रुपमा खडा भएको छ।साथै परीक्षामा संलग्न जनशक्ति विकासका लागि कुनै ठोस कार्यक्रम तयार गरिएको पाइँदैन। परीक्षा केन्द्रहरु विभिन्न ठाउँ र परिवेशमा राखिने भएकाले जाँचहरु विश्वसनीय ढंगमा सञ्चालित भएका छैनन्। परीक्षासम्बन्धी अध्ययन अनुसन्धान गर्ने एकाइहरुको व्यवस्था छैन।

**सुझावहरुः**

(१) परीक्षा संचालन र पाठ्यक्रम निर्माणमा तालमेलः पाठ्यक्रम र परीक्षा एक अर्काका पूरक हुनुका साथै यिनीहरुका बीचमा अन्योन्याश्रित सम्बन्ध समेत रहने हुनाले यिनको संचालन गर्ने एउटै निकाय हुनु पर्दछ।

(२) परीक्षामा विकेन्द्रीकरणः परीक्षाको कामलाई छिटो छरितो तथा मितव्ययी तुल्याउनका लागि माध्यमिक परीक्षाको संचालन र उत्तरपुस्तिकाको परीक्षण कार्यको जिम्मा क्षेत्रीय शिक्षा निर्देशनालयलाई दिइनु पर्दछ। उच्चमाध्यमिक विद्यालयमा कक्षा ११ को परीक्षण क्रमशः विद्यालयबाटै गर्ने र कक्षा १२ को परीक्षा मात्र उच्चमाध्यमिक शिक्षा परिषद्बाट लिने व्यवस्था गरिनु पर्छ। यसरी नै त्रिभुवन विश्वविद्यालयले क्षेत्रीय आधारमा परीक्षा संचालन तथा उत्तरपुस्तिका परीक्षण गर्नु पर्छ।

(३) विशेष तालिमः परीक्षामा हुने कमी कमजोरी हटाई परीक्षालाई स्तरीय तथा भरपर्दो तुल्याउन परीक्षा संचालन कार्यमा संलग्न हुने शिक्षकहरु जस्तैः प्रश्नपत्र निर्माता, परीक्षक, संपरीक्षक आदिलाई प्रश्नपत्र निर्माण परीक्षण, संपरीक्षण आदि कार्यमा सुधार ल्याउन प्रशिक्षण, कार्यशाला तथा विशेष तालिमको व्यवस्था गर्नु पर्छ।

(४) परीक्षा नियन्त्रण कार्यालयको सुदृढीकरणः परीक्षामा स्तरीयता ल्याउन तथा समयमै नतिजा प्रकाशित गर्नका लागि परीक्षा नियन्त्रण कार्यालयहरु आधुनिक प्रविधि र सक्षमताबाट सम्पन्न बनाउनु पर्छ। यस्ता निकायहरुले परीक्षामा संलग्न जनशक्ति विकासका लागि विशेष ध्यान दिनु पर्छ।

(५) अनुगमन गर्ने एकाईको स्थापनाः भौतिक तथा अन्य सुविधाहरुको लेखाजोखा गरिकन मात्र परीक्षा संचालन गर्ने केन्द्रहरुको स्वीकृति दिनु पर्छ। परीक्षा संचालन कार्यमा एकरुपता आए नआएको र परीक्षा मर्यादित रुपमा भए नभएको विषयमा निरन्तर अनुगमन गर्नु पर्छ। परीक्षा सम्बन्धी कार्यमा आवश्यक सुधार ल्याउनका लागि परीक्षा नियन्त्रण कार्यालयहरुमा अनुसन्धान एकाईहरु स्थापित गरिनु पर्दछ।

(६) अन्य माध्यमको उपयोगः परीक्षा र मूल्यांकनका माध्यमहरु विश्वसनीय तथा वैध हुनु पर्दछ। यसो गर्नका लागि आन्तरिक मूल्यांकन, अवलोकन, घटना अध्ययन आदि विभिन्न माध्यमहरुको उपयोग गर्नु पर्छ। यस कार्यमा संलग्न व्यक्तिहरु कक्षा शिक्षण गर्ने व्यक्तिहरु हुनु पर्दछ।

(७) सिमेस्टर परीक्षा प्रणालीः २०४९ को आयोगले सुझाव अनुसार वार्षिक परीक्षाका सट्टा सिमेस्टर परीक्षा प्रणालीको लागू गर्दै जानु पर्छ।

(८) अक्षरमापक प्रणालीः विश्वका धेरै देशहरुमा प्रचलित परीक्षामा स्तरीयता ल्याउन परीक्षणमा अंक दिने परिपाटीका सट्टा अक्षरका आधारमा श्रेणीकरण गर्ने अक्षरमापक प्रणाली लागू गर्नु पर्छ।

(९) कार्यपात्रोको निर्माणः परीक्षा नियन्त्रण कार्यालयहरुले परीक्षा संचालन गर्ने तथा नतिजा प्रकाशन गर्ने निश्चित कार्य तालिका बनाउनु पर्छ र सो अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्छ।

(१०) प्रश्नपत्र छपाईः हाल परीक्षामा भएको अत्याधिक खर्चलाई कटौती गर्न प्रश्नपत्र स्वदेशमै छाप्ने व्यवस्था गर्नु पर्छ।

(११) विश्वसनीयताको निर्वाहः प्रवेशिका परीक्षाले आफ्नो स्तरीयता गुमाउन थालेको जनगुनासोलाई हृदयङ्गम गरी यसलाई स्तरीय र निष्पक्ष बनाउन सम्बन्धित निकायले प्रभावकारी कदम चाल्नु पर्छ।

शिक्षा मन्त्रालय

# शिक्षामा लगानी

**विषय प्रवेश**

**प्रमुख समस्या तथा मुद्दाहरु**

**सुझावहरुः**

(१) नवौ योजनाको अवधिभित्र बजेट विनियोजनः शिक्षामा हुने लगानी देशविकासका लागि गरिने दीर्घकालिन लगानी हुने हुँदा नवौं योजनाको अवधिभित्र कुल सरकारी बजेटको १७ प्रतिशत शिक्षा क्षेत्रलाई विनियोजित हुनु पर्छ। दक्षिण एशियाली देशहरुको शिक्षामा औसत लगानी र देशको आवश्यकतालाई दृष्टिगत गरी नेपालले पनि कुल गार्हस्थ उत्पादनको ३.४ प्रतिशत नवौं योजनाको अवधिभित्र शिक्षा क्षेत्रमा लगानी गर्नु पर्छ।

(२) लगानीमा प्राथमिकताक्रमः शिक्षामा सरकारी लगानीको प्राथमिकता मार्गदर्शनका रुपमा निम्नानुसार हुनुपर्छः–

| | |
|---|---|
| आधारभूत तथा प्राथमिक शिक्षाका लागि | ५५% |
| पूर्वप्राथमिक | १.% |
| विशेष शिक्षा | ०.५% |
| अनौपचारिक शिक्षा | २.५% |
| माध्यमिक शिक्षा (६–१२ कक्षा) | २९% |
| माध्यमिक (६–१०) | २१% |
| उच्चमाध्यमिक (११–१२) | ४% |
| प्राविधिक तथा व्यावसायिक | ४% |
| उच्चशिक्षा | १६% |
| अन्य (प्रशासनिक आदि) | ३% |
| जम्माः | १००% |

(३) आन्तरिक विनियोजनको आधारः शिक्षा क्षेत्रलाई उपलब्ध साधानहरुबाट तलब भत्ताका लागि ७०% र पहुँच गुणस्तरका लागि ३०% बाँडफाँड गर्नु पर्छ।

(४) स्थानीय निकायको दायित्वः जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति जस्ता स्थानीय तहका निकायहरुले आफ्नो कुल बजेटको कम्तिमा १० प्रतिशत शिक्षा क्षेत्रको भौतिक विकास तथा गुणस्तर विकासका लागि विनियोजित गर्नु पर्छ।

(५) शैक्षिक संस्थाको वर्गीकरणः शैक्षिक क्षमता, शैक्षिक उपलब्धि, भौतिक सुविधा, आर्थिक सक्षमता, अतिरिक्त क्रियाकलाप र भौगोलिक अवस्थितिजस्ता मापदण्डहरुका आधारमा माध्यमिक विद्यालय (६–१२ कक्षा) र उच्चशिक्षाका

संस्थाहरुलाई सार्वजनिक, सामुदायिक तथा निजी गरी तीन तहमा वर्गीकरण गर्नु पर्छ।

(६) सार्वजनिक शैक्षिक संस्थामा लगानीः सार्वजनिक शैक्षिक संस्थालाई हाल दिइए जस्तै आवश्यकतानुसार अनुदान दिनु पर्छ, तर यिनीहरुलाई सामुदायिक वर्गमा जानका लागि प्रोत्साहित गर्नु पर्छ। यस्ता संस्थाहरुले साधारणतया निःशुल्क वा तोकिएको शुल्क लिई शिक्षा प्रदान गर्नु पर्छ।

(७) सामुदायिक शैक्षिक संस्थामा लगानीः सार्वजनिक विद्यालयबाट सामुदायिक विद्यालयमा परिणत भएका संस्थाले कक्षागत शुल्क आफै निर्धारण गर्न सक्ने, तर २५% यस्ता संस्थाले गरीब, दलित, पिछडिएका, जेहेन्दार, महिला विद्यार्थीलाई वर्गीकृत रुपमा शुल्क माफ गर्नु पर्ने व्यवस्था हुनु पर्छ। यस्ता संस्थाहरुले ७५% विद्यार्थीबाट लागत हिस्सेदारीका आधारमा पूर्ण शुल्क उठाउन पाउने व्यवस्था हुनु पर्छ। बचत भएको रकम संस्थाको अक्षय कोषमा जम्मा  गर्ने र सोबाट आर्जित व्याज मात्र संस्थाको हितका लागि खर्च गर्न सक्ने व्यवस्था हुनु पर्छ। प्रत्येक वर्ष राम्रा शैक्षिक नतिजा ल्याउने माथिल्ला १० प्रतिशत संस्थाहरुलाई अक्षय कोषमा बचत गरेको रकम बराबर (बढीमा रु. ५०,०००।–) एकपटक पाएपछि नदोहोरिने गरी समांश कोष प्रदान गर्ने व्यवस्था हुनु पर्छ। सरकारले यस्ता संस्थाहरुलाई आर्थिक दृष्टिकोणबाट आत्मनिर्भरता तिर लम्कन प्रोत्साहन गर्ने र सबै प्रकारले सक्षम संस्थालाई अनुदान नदिने तर छात्रवृत्तिका लागि रकम प्रदान गर्ने तथा कम सक्षम भएका संस्थालाई सालबसाली एकमुष्ट अनुदान दिने गर्नु पर्छ।

(८) निजी शैक्षिक संस्थामा लगानीः निजी वर्गका शैक्षिक संस्थाहरुलाई सरकारी अनुदान दिइने छैन, तर सरकारले शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यसामग्री र अन्य सहयोग उपलब्ध गराउनु पर्छ। मुनाफा कमाउने उद्देश्यले खोलिने निजी शैक्षिक संस्थाहरुलाई स्वीकृति प्रदान गर्नु हुँदैन र भएका यस्ता संस्थाहरुलाई क्रमशः ट्रस्टमा लैजानुका साथै सामुदायिक वर्गमा जान प्रोत्साहन गर्नु पर्छ।

(९) विशेष शिक्षामा लगानीः विशेष शिक्षालाई गैरसरकारी संस्था तथा समुदाय समेतको संलग्नतामा विस्तार गरी सरकारले थप आर्थिक साधनहरु उपलब्ध गराउनु पर्छ। यो शिक्षा सबै तहमा निःशुल्क हुनु पर्छ र सरकारले आवश्यकता अनुसार शिक्षक दरबन्दी दिने व्यवस्था गर्नु पर्छ।

(१०) रकमको प्रभावकारी सदुपयोगः शिक्षा क्षेत्रमा उपलब्ध आर्थिक साधनहरुको प्रभावकारी उपयोग बढाउनका लागि खर्च नियन्त्रण र खर्च घटाउने जागरुकताको विकास गर्नु पर्छ। खास गरी शिक्षाका सबै तहमा आन्तरिक क्षमता बढाउनका लागि ठोस कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन, प्रशासनिक खर्चमा कटौती, "कागजी भर्ना" का सट्टा "प्रभावकारी भर्ना" का आधारमा शिक्षक



शिक्षा मन्त्रालय

दरबन्दी स्वीकृति, छात्रवृत्तिका लागि प्राप्त रकमको प्रभावकारी सदुपयोगतर्फ ध्यान दिनु पर्छ।

(११) सहयोग परिचालनः शिक्षा क्षेत्रमा भौतिक विकास र गुणस्तर वृद्धि गर्ने कार्यक्रममूलक विदेशी सहयोगको परिचालन गर्नु पर्छ।

(१२) पूर्वप्राथमिक तहः स्थानीय निकाय, अभिभावक, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरुलाई संलग्न गराई चरणबद्ध रुपमा देशभर लागू गर्नु पर्छ। शिक्षा मन्त्रालयले शिक्षक तालिम, पाठ्यसामग्री, पाठ्यक्रम निर्माण आदिको आर्थिक भार वहन गर्नु पर्छ। नगर क्षेत्र र सक्षम गाउँ विकास समिति बाहेकका पूर्वप्राथमिक विद्यालयहरुमा सरकारले आर्थिक अनुदान उपलब्ध गराउनु पर्छ।

(१३) अनौपचारिक शिक्षाः अनौपचारिक शिक्षालाई अभियानका रुपमा गैरसरकारी संस्था, समुदाय र विद्यालयको संलग्नतामा साधनको प्रभावकारी उपयोग हुने दृष्टिकोणले संचालन गर्नु पर्छ। देशभरबाट नवौं योजनाको अवधिभित्र निरक्षता उन्मूलन गर्ने गरी ठोस कार्यक्रम संचालन गर्नु पर्छ र यसका लागि थप आर्थिक साधनहरु उपलब्ध गराउनु पर्छ।

(१४) प्राथमिक तहः सरकारले प्राथमिक शिक्षालाई लगानीका लागि सर्वोपरी प्राथमिकता प्रदान गरेको हालको व्यवस्थालाई निरन्तरता प्रदान गर्नु पर्छ। दुर्गम र कम विद्यार्थी भएका संस्थाहरुमा १ देखि ३ कक्षासम्म बहुवर्ग शिक्षणपद्धति लागू गर्नु पर्छ। निःशुल्क पाठ्यपुस्तकको वितरणलाई व्यावहारिक बनाउनुका साथै तिनलाई स्रोत केन्द्रमार्फत वितरण गर्नु पर्छ। पाठ्यपुस्तकको वितरणमा साझा प्रकाशनको एकलौटी अधिकारलाई अन्त गरी प्रकाशन तथा वितरणमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नु पर्छ।

महिला तथा पिछडिएका वर्गका विद्यार्थीहरुका लागि हालको व्यवस्थामा सुधार गरी छात्रवृत्ति प्रतिमहिना रु. ५०।– प्रदान गर्नुका साथै छात्रवृत्ति पाउने विद्यार्थीहरुको कोटा जिल्लाको कुल विद्यार्थी संख्याको ५ प्रतिशत निर्धारण हुनु पर्छ र सो कोटा आवश्यकता अनुसार विद्यालयहरुलाई बाँड्नु पर्छ।

(१५) माध्यमिक तह (६–१२ कक्षा)ट्: माध्यमिक तहमा शिक्षा पाउनु पर्ने उमेरका विद्यार्थीहरुको संख्या बढाउनका लागि थप आर्थिक स्रोतको व्यवस्था गर्नु पर्छ। सार्वजनिक तथा सामुदायिक माध्यमिक विद्यालयका ११ र १२ कक्षाका लागि सरकारले दक्षता र आवश्यकताका आधारमा आर्थिक साधनको व्यवस्था गर्नु पर्छ। माध्यमिक विद्यालयहरुमा आवश्यकतानुसार विद्यालयहरुलाई कोटा वितरण गर्नु पर्छ। महिला तथा पिछडिएका वर्गका विद्यार्थीहरुका लागि प्रतिमहिना छात्रवृत्ति रु. ५०।– प्रदान गर्नु पर्छ। छात्रवृत्तिको कोटा जिल्लाको जम्मा विद्यार्थीको ५ प्रतिशत हुनु पर्छ। माध्यमिक विद्यालयहरुको भौतिक विकासका लागि स्थानीय स्रोतको परिचालन, विद्यालयको बचतको प्रयोग तथा

विदेशी सहयोगको परिचालनका साथै सरकारले पनि निश्चित आधारहरु तोकेर पटके आर्थिक सहयोग उपलब्ध गराउनु पर्छ। निजी क्षेत्रका विद्यालयहरुले आफ्नो बजेटको १ प्रतिशत रकम छुट्याई "छात्रवृत्ति कोष" स्थापित गर्ने र यसबाट महिला, गरीब, पिछडिएका तथा दुर्गम क्षेत्रका विद्यार्थीहरुका लागि विनियोजन गर्ने व्यवस्था हुनु पर्छ। यस कोषको व्यवस्थापन शिक्षा मन्त्रालय तथा निजी क्षेत्रका विद्यालयहरुको संघ संस्थाहरुले संयुक्त रुपमा गर्नु पर्छ। प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रतिविद्यार्थी लागत घटाई २० प्रतिशत खर्च उठाउनका लागि ठोस कार्यक्रमहरु लागू गर्नुपर्छ। यस्तो शिक्षालाई बजारको आवश्यकतासँग आबद्ध गरी प्रदान गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नु पर्छ। शहरी क्षेत्रमा बढी शुल्क उठाई दुर्गम क्षेत्रमा कम शुल्क लिएर न्यूनतापूरण गर्ने व्यवस्था हुनु पर्छ।

प्रत्येक विकास क्षेत्रमा एउटा बहुप्राविधिक विद्यालय र प्रत्येक जिल्लामा दुईवटा सीप प्रदान गर्ने व्यावसायिक विद्यालयको विस्तार गर्नु पर्छ। समुदाय तथा निजी क्षेत्रलाई यस्ता विद्यालय खोल्न प्रोत्साहनका साथै आवश्यकता अनुसार समांश कोष तयार गर्नु पर्छ। प्रत्येक विकास क्षेत्रमा एउटा अग्रणी माध्यमिक विद्यालय खोल्नु पर्छ।

(१६) उच्च शिक्षा तहः लगानीका आधारमा विश्वविद्यालयहरुलाई निम्नानुसार वर्गीकरण गर्नु पर्छः–

(क) मुख्यतः सरकारी अनुदानबाट संचालित विश्वविद्यालय, जस्तैः– त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय। यस्ता विश्वविद्यालयलाई कुल बजेटको ७०% वा सोभन्दा बढी सरकारी अनुदान प्रदान गर्नु पर्छ।

(ख) समुदायद्वारा संचालित विश्वविद्यालय, जस्तैः पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय। यस्ता विश्वविद्यालयहरुलाई वार्षिक अनुदान दिने व्यवस्था हुनु पर्छ।

(ग) सामुदायिक विश्वविद्यालयलाई पटके आर्थिक अनुदान सहयोग दिनु पर्छ।

(घ) सरकारी निकाय अन्तर्गत सञ्चालित विश्वविद्यालय वा सो सरहका शैक्षिक संस्था, जस्तैः वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रस्तावित कृषि तथा वन विश्वविद्यालय।

(१७) अनुदान सहयोगः विश्वविद्यालयहरुले तत्कालै प्रवीणता प्रमाणपत्र तहको प्राज्ञिक विस्थापन गरी क्रमशः भौतिक विस्थापन समेत गर्दै जानु पर्छ। विश्वविद्यालयहरुलाई अनुदान आयोगले निश्चित अवधिभित्र प्रमाणपत्र तहको विस्थापन पूरा भएपछि सोका लागि अनुदान दिन बन्द गर्नु पर्छ। आयोगले विश्वविद्यालयहरुलाई एकमुष्ट वार्षिक अनुदान दिनु पर्छ। समुदायद्वारा सञ्चालित विश्वविद्यालयलाई भौतिक विकास तथा कार्यक्रम विकासका लागि

पटके अनुदान दिनु पर्छ। सञ्चालनका लागि तोकिएको रकम सालबसाली एकमुष्ट दिन पनि सकिन्छ। निजी विश्वविद्यालयलाई सञ्चालनका लागि अनुदान दिइने छैन। नयाँ कार्यक्रमका लागि आवश्यकता र औचित्य हेरी पटके अनुदान भने दिन सकिनेछ। मुखयतः सरकारी अनुदान सहयोगबाट सञ्चालित विश्वविद्यालयहरुका हकमा सरकारको नीतिअनुसार आर्थिक सहयोग प्रदान गर्नु पर्छ। संस्कृत वाङ्गमयको संरक्षण एवं विकास गर्नका लागि महेन्द्र संस्कृत विश्वविद्यालयलाई आवश्यक आर्थिक सहयोग उपलब्ध गराउनु पर्छ। यस विश्वविद्यालयलाई अनुसन्धान र शिक्षणका लागि विशिष्ट केन्द्रका रुपमा विकास गर्नु पर्छ र सोका निम्ति आर्थिक स्रोत उपलब्ध गराउनु पर्छ। सामुदायिक क्याम्पसहरुको अक्षय कोष खडा गरी अनुदान दिने व्यवस्था गर्नु पर्छ। सामुदायिक क्याम्पसहरुको भौतिक विकास तथा वृत्तिविकास, शिक्षक–कर्मचारी कल्याणका लागि स्थापित कोषमा सरकारबाट समांश कोषको अवधारणा अनुसार सहयोग गर्नु पर्छ।

(१८) क्याम्पसहरुलाई बजेट विनियोजनः विश्वविद्यालयहरुले पनि आफ्ना क्याम्पसहरुलाई सालबसाली एकमुष्ट अनुदान दिने व्यवस्था गर्नु पर्छ। यस्ता क्याम्पसहरुले आफैं शुल्क निर्धारण गर्नु पर्छ।

(१९) शुल्क निर्धारणः उच्च शिक्षामा साधारण खर्चको ३० प्रतिशत खर्च उठाउने सिद्धान्तलाई दृष्टिगत गरी शुल्क निर्धारण गर्नु पर्छ, तर गरिव तथा जेहेन्दार, पिछडिएका वर्ग तथा महिला विद्यार्थीहरुका लागि वर्गीकृत शुल्क, छात्रवृत्ति र ऋणको व्यवस्था गर्नु पर्छ। प्राविधिक संस्थानहरुले क्षमता भएका विद्यार्थीहरुबाट ५५% सिटहरुका लागि खर्चको अनुपातमा शुल्क लिन सक्ने व्यवस्था हुनु पर्छ।

(२०) थप प्रोत्साहनः उच्च शिक्षामा आन्तरिक दक्षता बढाउनका लागि ठोस कार्यक्रमहरुको तर्जुमा गर्नु पर्छ। यस क्रममा राम्रो नतिजा ल्याउने संस्थाहरुलाई कार्यक्षमता अनुसार थप प्रोत्साहन प्रदान गर्नु पर्छ।

(२१) विशेष व्यवस्थाः तोकिएको क्षेत्र र विषयमा प्राविधिक शिक्षण संस्थाहरु खोल्नका लागि प्रोत्साहन गर्नु पर्छ। यसका लागि प्राज्ञिक तथा भौतिक पूर्वाधारको विकासका लागि समांश अनुदान दिने व्यवस्था हुनु पर्छ। विद्यार्थीहरुलाई योग्यताक्रमका आधारमा भर्ना गर्नु पर्छ, राजनैतिक दबाबका कारण विद्यार्थीहरु भर्ना गरिनु हुँदैन। विश्वविद्यालयहरुले शैक्षिक कार्यपात्रोलाई तदारुकताका साथ कार्यान्वयन गर्नु पर्छ। परीक्षाले गर्दा कक्षाहरु बन्द गर्ने स्थितिलाई अन्त्य गर्नु पर्छ।

(२२) कक्षा विद्यार्थी अनुपातः एउटा सत्रको एउटा कक्षामा ५० जनाभन्दा बढी विद्यार्थी भर्ना गरिनु हुँदैन।

(२३) चन्दादातालाई आयकर माफीः उच्च शिक्षामा जनसहभागिता परिचालन गर्नका लागि स्वीकृति प्राप्त शैक्षिक संस्थाहरुलाई चन्दा दिने संस्था वा व्यक्तिलाई पूरै चन्दा रकममा लाग्ने आयकर माफी गर्नु पर्छ। साथै चन्दादाताको उचित रुपमा सम्मान गर्ने परिपाटीको विकास हुनु पर्छ।

(२४) शिक्षक–कर्मचारी अनुपातः कर्मचारीको अनुपात शिक्षणमा ६० र प्रशासनमा ४० हुनु पर्छ। हाल कतिपय उच्चशिक्षण संस्थामा शिक्षक र कर्मचारीको अनुपातमा देखापरेको ठूलो अन्तराललाई घटाउनु पर्छ र प्रशासनिक खर्चमा कटौती गरी प्राज्ञिक उन्नयनमा लगाउनु पर्छ।

शिक्षा मन्त्रालय